स्वावलम्बन विकास केन्द्र

३०

वर्ष

विशेषाङ्क

स्वावलम्बन विकास केन्द्रको ३० वर्ष

स्वावलम्बन विकास केन्द्रका

संस्थापकहरू

डा. राम प्रकाश यादव

श्री शंकर मान श्रेष्ठ

स्व. नन्द राम वैद्य

श्री गणेश राम श्रेष्ठ

श्री लुमिन कुमार श्रेष्ठ

डा. दीपक बज्राचार्य

डा. सुमित्रा मानन्धर गुरुङ्ग

श्री रमेश गोंगल

श्री किरण मान सिंह

प्राक्कथन

स्थानीय समुदायहरु संग भएको सीप, साधन र स्रोत परिचालन गरी विपन्न समुदायलाई स्वावलम्बी र आत्मनिर्भर वनाएर विकास गर्न सम्भव छ भन्ने सोचका साथ २०४८ साल साउन २८ गते स्वावलम्बन विकास केन्द्र दर्ता गरेका थियौँ । यो अवधारणा अनुसार समुदायमा प्रवेश गर्दा गरीवको लागी वित्तीय पहुँच पुर्‍याउनु पर्ने आवश्यकता बोध भै मुलुकको अति दुर्गम जिल्ला जुम्ला र कालिकोटबाट स्वावलम्बन सामुदायिक विकास आयोजना शुरु गरिएको र त्यसताका त्यहाँका स्थानीय समुदायलाई तरकारी खेती, स्वास्थ्य, सरसफाईका साथै बचत गर्ने बारे चेतना जगाउने कार्यको थालनी भयो । यसै क्रममा २०४९ सालमा पूर्वी तराईको तीन जिल्ला सिरहा, सप्तरी र उदयपुरको एक-एक वटा गाउँमा स्वावलम्बन बैंकिङ्ग कार्यक्रमको शुरुवात गरेको थियो । गरीव र विपन्न महिलाहरुमा वित्तीय पहुच पुऱ्याउने लक्षका साथ परीक्षणको रुपमा शुरु गरिएको यो कार्यक्रमको सफलता पछि स्वावलम्बन बैंकिङ्ग कार्यक्रम अन्य जिल्लामा पनि विस्तार भयो । यसरी आज भन्दा तीन दशक पहिला नौ जनाको सामुहिक सोचबाट सृजित सानो आकार, प्रकार र सीमित क्षेत्रमा प्रारम्भ भएको यो संस्थाको गतिविधिको पहुँच यस तीन दशकको समयान्तरालमा देश भरी ब्याप्त भएको छ ।

यही क्रममा केन्द्रले वि.सं. २०५१ सालमा शुरु गरेको स्वावलम्बन लघुवित्त कार्यक्रम वि.सं. २०५८ मा ८ जिल्लाका ३५ हजार भन्दा बढी सदस्य र २९ हजार ऋणी सदस्यहरु सहित स्वावलम्बन लघुवित्त विकास बैंक (हाल स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिं) मा रुपान्तरण भयो । यसको करीब एक दशक पछि थप १४ जिल्लाका ५८ हजार ४ सय ४१ सदस्य सहित जिन्सी, नगद तथा मानव स्रोत स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडलाई हस्तान्तरण गरेको थियो । स्वावलम्बन विकास केन्द्र विपन्न बर्ग माँझ लघुवित्त सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गर्ने पहिलो संस्था हो ।

लघुवित्त कार्यक्रम स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडलाई हस्तान्तरण गरे पछि केन्द्रले हाल लघुवित्त कार्यक्रम संचालन गर्ने 'घ' वर्गका लघुवित्त संस्था र सहकारी संस्थाहरुका पदाधिकारी, कर्मचारीहरु र ग्राहक सदस्यहरुको दक्षता र सीप अभिबृद्धि गर्न तालिम, छलफल, सभा, सम्मेलन एवं स्वदेश तथा विदेशमा रहेका लघुवित्त संस्थाहरुको अध्ययन, अवलोकन भ्रमण कार्यक्रमको संयोजन तथा आयोजना गर्ने तर्फ केन्द्रित गरेको छ । यस्तै लघुवित्त सेवाग्राही सदस्यहरुको चेतना, क्षमता तथा वित्तीय साक्षरता विकास गर्नको लागि राष्ट्रिय तथा क्षेत्रिय स्तरमा सभा, सम्मेलनको पनि आयोजना गर्ने गरेको छ । 'स्वच्छ लघुवित्त हाम्रो अभियान' भन्ने मूल नाराका साथ अगाडी वढेको स्वावलम्बन विकास केन्द्रले लघुवित्त कार्यक्रम सञ्चालन गरी रहेका संस्थाहरुलाई सदस्यता प्रदान गरी आफ्नो सञ्जालको दायरा पनि बढाई रहेको छ । हाल केन्द्रका संस्थापक सदस्य सहित १२ जना व्यक्तिगत सदस्य तथा देश भरी गरी ४५ वटा संस्थागत सदस्यहरु छन् ।

केन्द्रले पछिल्लो समय विश्वकै ठुला समस्याहरु बढदो गरिबी, वेरोजगारी र कार्बन उत्सर्जनको समस्या हल गर्न तर्फ आफ्ना सदस्य संस्थाहरु संगको सहकार्यमा शुन्य गरिबी, शुन्य बेरोजगारी र शुन्य कार्बन उत्सर्जनको अभियान शुरु गरेको छ । यसको लागि ११औँ सामाजिक व्यवसाय दिवसको अवसरमा नेपाल फोरमको आयोजना गरेर आगामी दुई बर्ष भित्र कार्यान्वयन गर्ने गरी १४ बुँदे कार्य योजना तयार गरेको छ ।

स्वावलम्बन विकास केन्द्रले आफ्नो कार्यक्रमलाई अझ जनमुखी बनाउने क्रममा सदस्य संस्थाहरु मार्फत लघुवित्त सेवाग्राही सदस्यका छोरा-छोरीहरु तथा विदेशबाट फर्केका युवा-युवतीहरुलाई स्वदेशमा नै स्वरोजगारी दिने, स्वउद्यमी वन्ने अवसर तथा पूँजी उपलब्ध गराउने कार्यको थालनी गर्न लघुवित्त तथा सहकारी संस्थाहरुलाई सजग र सक्षम तुल्याई अग्रसर गराउने कार्य पनि गरेको छ । केन्द्रले आफ्ना सदस्य संस्थाहरु मार्फत स्थानीय श्रोत र साधनको जगेर्ना गरी वातावरणीय सन्तुलन कायम गर्ने तथा जीवनस्तर माथि उकास्ने अभिप्रायले वातावरणमैत्री स्वावलम्बी गाउँ विकास अभियान पनि शुरु गरेको छ । यस्तै लघुउद्यमशीलता विकासमा उत्कृष्ट योगदान गर्ने संस्था र लघुवित्त सेवा प्राप्त गरी उद्यम/व्यवसाय गर्ने सदस्यहरुलाई प्रोत्साहित गर्ने कार्यमा संलग्न भै आएको छ । आउँदा दिनमा गरीबी निवारण तथा सबैलाई स्वदेशमै रोजगारीको अवसर सृजना गर्नको लागि सदस्य संस्थाहरु सित समन्वय गरी निरन्तर अगाडी वढ्न केन्द्र कटिबद्ध छ ।

शंकर मान श्रेष्ठ
अध्यक्ष

विषय-सूची

क्र.सं.	विषय	पृष्ठ
१.	स्वावलम्बन विकास केन्द्रवारे लघुवित्त तथा सहकारी क्षेत्रका ...	१
२.	कोरोना पछिको पुननिर्माण कार्यक्रम ... - **प्रो. मोहम्मद युनूस**	९
३.	स्वावलम्बन विकास केन्द्रको ३० बर्षे यात्रा अनुभूती - **शंकर मान श्रेष्ठ**	१२
४.	लघुवित्त संचालनमा भएका कमी र सुधारका उपाय - **मणिकुमार अर्ज्याल**	२१
५.	तीस बर्ष अघि समुदायमा प्रवेश गर्दाको अनुभूति - **रामकुमार श्रेष्ठ**	२४
६.	वातावरणमैत्री गाँउको विकास ग्रामीण प्रबिधि केन्द्र - **डा. पुरुषोत्तम श्रेष्ठ**	३०
७.	लघुवित्तमा अढाई दशक - **रामचन्द्र जोशी**	३६
८.	लघुवित्त मार्फत युवा उद्यमशीलता अभिबृद्धि - **गोकुल प्याकुरेल**	३८
९.	लघुवित्तको हिजो, आज र भोली : एक अभ्यासीको अनुभव - **उदय राज खतिवडा**	४२
१०.	नेपालमा लघुवित्त स्थापना र यसको विकास र विस्तारमा ... - **राजेन्द्र धिताल**	४७
११.	लघुवित्त संस्था र आन्तरिक लेखापरीक्षण - **कृष्ण प्रसाद न्यौपाने**	५०
१२.	वित्तीय पहुँच अभिवृद्धिमा स्वावलम्बन बैंकिङ्ग ... - **राजन प्रसाद भट्टराई**	५५
१३.	Prioritizing Mental Well-being in the Dire Time ... - **Dipendra Joshi**	६१
१४.	स्वावलम्बन विकास केन्द्र कोट्याउँदा - **भैरव रिसाल**	६२
१५.	हार्दिक नमन एवं बधाई - **शंकर नाथ कपाली**	६४
१६.	जीवन बदल्ने लघुवित्त सदस्यहरू	६५
१७.	उत्कृष्ट लघुउद्यमी सदस्य पुरस्कार २०७६ का विजेताहरु	८०

स्वावलम्बन विकास केन्द्रवारे

लघुवित्त तथा सहकारी क्षेत्रका प्रबुद्ध व्यक्तिहरूको अभिमत

महेन्द्र कुमार गिरी
प्रमुख कार्यकारी अधिकृत
सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.



स्वावलम्बन विकास केन्द्र पहिला एउटा वित्तीय मध्यस्थता गर्ने गैरसरकारी वित्तीय संस्था (FINGO) थियो। पछि यसलाई हामीले लघुवित्तको एउटा राष्ट्रिय सञ्जालको रुपमा विकास गर्ने योजना वनायौँ। यसो गर्नमा आदरणीय शंकर मान श्रेष्ठ, जीवन विकास लघुवित्तका अध्यक्ष श्री योगेन्द्र मण्डल र मेरो आफ्नो पनि महत्वपूर्ण भूमिका छ। फिलिपिन्सको लघुवित्त सम्मेलनका वेला यो अवधारणा सोचेका हौँ। अहिले स्वावलम्बन विकास केन्द्रले लघुवित्त तथा सहकारी संस्थाहरुको लागि अनुसन्धान देखि लिएर क्षमता अभिबृद्धि गर्ने, मार्ग निर्देश गर्ने जे जे काम गरी रहेको छ यसबाट हामी सबैलाई फाइदा पुगी रहेको छ। साथै लघुवित्त क्षेत्रमा जे जे नयाँ कुराहरु र अभ्यासहरु आउने गरेका छन् तीनलाई हामी लघुवित्तकर्मीहरु सम्म पुर्याउने काम गरेको छ।

भविष्यमा केन्द्रले अहिले गरी रहेको कामलाई अझ प्रभावकारी वनाउनु पर्ने छ। आफ्नो तालिम केन्द्रलाई निकै दक्ष स्रोत व्यक्तिहरु राखेर मुलुक भरी पूर्व देखि पश्चिम सम्म तालिम दिने हिसावले आफ्नो स्रोत र जनशक्ति वढाउनु पर्ने छ। तालिम, अध्ययन भ्रमण र अध्ययन अनुसन्धान कार्यहरु अझ प्रभावकारी वनाउनु पर्नेछ। हाल गरिदै आएका राष्ट्रिय स्तरका सभा, सम्मेलनहरुलाई निरन्तरता दिनु पर्ने छ। साथै आफ्नो दिगोपनको लागि आफ्नै केहि आय श्रोत वढाउने काम पनि गर्नु पर्ने छ।

स्वावलम्बन विकास केन्द्र ३० बर्ष पुगेको अवसरमा यस संस्थाको सम्पूर्ण परिवारलाई शुभकामना दिन चाहन्छु। आगामी दिनमा यसले अझ प्रगति गर्दै जाओस। नेपालको लघुवित्त र सहकारीलाई अगाडी वढाउनको लागि महत्वपूर्ण भुमिका खेलोस र निर्विकल्प एउटा राष्ट्रिय संञ्जालको रुपमा स्थापित होस मेरो शुभकामना।

डा. सुमित्रा मानन्धर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत
महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लि.

स्वावलम्बन विकास केन्द्र स्थापना हुँदा भर्खरै विद्यावारिधि पढाई सकेर आएकोले मलाई वोर्डमा वसेर धेरै सिक्ने अवसर मिल्यो। स्वावलम्बन विकास केन्द्र स्थापना भएको ३० बर्ष भएछ। ३० बर्ष यो संस्था संगै हिड्न पाएकोमा खुशी लागेको छ। नेपालमा गैह्र सरकारी संस्थाले के काम गर्छ भन्ने थाहा नभएको त्यो वेला शंकर मान दाईको पहलमा स्वावलम्बन विकास केन्द्रको स्थापना भएको थियो। उहाँले नै केन्द्रलाई धेरै समय दिएर गैर सरकारी संस्थाको कस्तो भूमिका हुन्छ ? कुन ठाउँमा जाने ? कसरी काम गर्ने ? भन्ने अवधारणा पनि प्रष्ट गर्नु भएको थियो। स्वावलम्बन विकास केन्द्रबाट सिकेर विकटमा जानु पर्छ भन्ने हिसावले हामीले पनि महिला सहयात्रा शुरु गरेका थियौँ। उ वेला शंकर मान दाईहरुले विकटको समुदाय भित्र भित्र सम्म पुगेर यो काम गर्नु भएको थियो। स्वावलम्बन विकास केन्द्रले शुरुमा गैरसरकारी क्षेत्रको नेतृत्व गर्‍यो, पछि बचत तथा ऋणको आवश्यकता अनुसार लघुवित्तको स्थापना र विकास गर्न भूमिका खेल्यो। धेरैले जस्तै उ वेला यो सिकाईबाट लाभ लिने म पनि थिए र त्यही सिकाईले महिला सहयात्राको स्थापना गर्न सक्यौँ।

स्वावलम्बन विकास केन्द्रमा शुरु देखि बसेकोले मैले सम्झनु पर्ने उतार चढावहरु धेरै छन्। एक पटक नेपालमा च्याउ जस्तै गैरसरकारी संस्था खुल्ने लहड थियो। ४०औँ हजार गैह्र सरकारी संस्था दर्ता भएका थिए। जस मध्ये कसैको नेतृत्व राम्रो नहुने, कसैको लक्ष उद्देश्य नमिल्ने, कसैको पैसा नहुने र कसैको जनशक्ति नहुने जस्ता कारणले धेरै दिगो हुन सकेनन्। यो विचमा खुलेका अन्य संस्थाहरु फर्केर हेर्दा प्राय सबै जसो वन्द भई सके भने थोरै संस्था मात्र वाँचेका छन्। ती थोरै मध्येको

एक स्वावलम्बन विकास केन्द्र पनि हो । म यो स्वावलम्बन विकास केन्द्रमा ३० बर्ष भयो । स्वावलम्बन विकास केन्द्रले मुख्य गरी विगत देखिनै असल नेतृत्व पायो । नेतृत्व संग राम्रो योजना र रणनीति थियो, सुशासन थियो, संस्थागत संस्कार, दिगोपना, व्यवस्थापन, अभिलेखीकरण जस्ता कुराहरु अनुकरणीय रहे र यसैको परिणाम संस्था सफल हुन पुग्यो । यी कुराहरुको अवलम्बन निरन्तर होस् ।

श्री मणी कुमार अर्ज्याल

अध्यक्ष

नेपाल ग्रामीण विकास समाज केन्द्र



स्वावलम्बन विकास केन्द्रले देश बिदेशमा जुन अध्ययन अवलोकन भ्रमण गराउदै आएको छ, स्वदेशमै पनि जुन सभा सम्मेलन तथा गोष्ठिहरु आयोजना गर्दै आएको छ, लघुवित्तहरुलाई जसरी गुणस्तरीय खालको तालिम दिदै आएको छ, यस्ता कार्यक्रमहरुले आगामी दिनमा पनि निरन्तरता पाओस । यसले अझ राम्रो परिणाम दिन सकोस । यो देशमा लघुवित्तको एक प्रेरणाको स्रोत वन्न सकोस मेरो शुभकामना । साथै स्वावलम्बन विकास केन्द्रले अहिले निकै प्रभावकारी कार्यक्रमहरु गरेको छ । आउँदो दिनमा लघुवित्त सञ्चालन गर्ने संस्थाहरुलाई कसरी अघि वढाउने, थप जिम्मेवार कसरी वनाउने भन्ने विषयमा सोच्नु जरुरी छ । साथै अरु संस्थाहरुलाई पनि सही मार्ग निर्देश सहित अघि वढ्नु पर्ने छ । यसको अपेक्षा केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठज्यूवाट गरेका छौँ । स्वालम्बन विकास केन्द्रले लघुवित्त क्षेत्रले गरेका धेरै काम वा योगदानहरुको वारे अरुलाई देखाउने किसिमले काम गर्ने नेतृत्वदायी भूमिका खेल्नु पर्नेछ । साथै लघुवित्तमा अध्ययन, अनुसन्धान तथा प्रचार प्रसारको दायरा वढाउनु पर्ने देखिन्छ । लघुवित्तहरुले धेरै कुरा गरेका छन् । ती असल काम सर्बसाधारण सामु पुग्न सकेको अवस्था छैन् । त्यसको प्रचार प्रसारमा जोड दिनु पर्‍यो । लघुवित्तको विषयमा हाल सम्मको अभिलेखीकरण हुनु पर्ने जरुरी छ । यो स्वावलम्बन विकास केन्द्रले मात्रै गर्न सक्छ । हामी गैरसरकारी क्षेत्रबाट आएकाहरु वित्तीय ज्ञान सहित आएका छौँ तर नयाँ आउने संस्थाहरु धेरैले बाटो विराएको जस्तो लागेको छ । यस्ता धेरै वित्तीय संस्थाहरुलाई केन्द्रको छाता मुनि ल्याएर लघुवित्त सिकाउँदै यसको मर्म र भावना अनुरुप प्रेरित गर्दै अघि वढाउन सके लघुवित्तको मर्म जोगाई राख्न टेवा पुग्छ । केन्द्रमा मात्र नभएर प्रदेश स्तरमा पनि अहिले स्रोत व्यक्तिहरुको उपलब्धता गराउनु पर्ने अवस्था छ । यस्ता तमाम कामहरुमा केन्द्रलाई सफलताका साथ अघि वढ्न सफलता मिलोस, शुभकामना ।

श्री राम कुमार श्रेष्ठ

अध्यक्ष

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.

स्वावलम्बन विकास केन्द्रको ३०औँ वार्षिकोत्सवमा सहभागी भएर आफ्ना मनका कुरा राख्ने अवसर पाएकोमा निकै खुशी लागेको छ । धेरै बर्ष पहिले मानुषीले एउटा तालिम कार्यक्रम गरेको थियो । त्यसमा मैले पनि भाग लिएको थिए । म बंगलादेशवाट त्यहाँको मैदानी क्षेत्रमा लघुवित्त सञ्चालन गरेको देखेर, पढेर आएको थिए । नेपालमा त्यो कसरी लागु गर्ने भन्ने खुल्दुली लागेको थियो । कार्यक्रमका अतिथि पूर्व गर्भनर गणेश बहादुर थापालाई मैले हामीले ग्रामीण मोडेलको लघुवित्त कार्यक्रम बंगलादेशबाट सिकेर आयौँ यहाँ पहाडी जिल्लामा कसरी लागु गर्ने होला भनेर जिज्ञासा राखेको थिएँ । उहाँले जवाफ दिनु भयो कि स्वावलम्बन विकास केन्द्रबाट शंकर मान श्रेष्ठले कर्णालीमा गरी रहनु भएको छ भन्ने जवाफ दिनु भयो । यो सुन्दा निकै गौरव लागेको थियो । साथै पछि स्वावलम्बन विकास केन्द्रबाट कालिकोट, जुम्ला, सल्यान, ओखलढुंगा जिल्लाको विकट क्षेत्रमा काम गर्ने अवसर जुर्‍यो । Saplaneer Japan संगको सहकार्यमा सल्यान जिल्लामा सञ्चालित कार्यक्रम बारे अनुभव आदान प्रदान गर्न जापान पुग्दा त्यहाँको विद्यार्थीहरुले अचम्म मानेका थिए । आफ्नो अनुभव जापान सम्म पुगेर वाँडेको सम्झँदा अझै पनि गौरवको महशुस हुन्छ ।

हामीले धेरै दुख गरेर गरिबी निवारणमा धेरै काम गरेका छौँ तर अझै पनि धेरै गर्नु पर्ने छ । तीन जीरोको अवधारणा (शुन्य गरिबी, शुन्य वेरोजगारी र शुन्य कार्बन उत्सर्जन) व्यवहारमा लागु गर्नु पर्ने अवस्था छ । यसमा लघुवित्त संस्थालाई सही वाटो देखाउने कामको अगुवाई स्वावलम्बन विकास केन्द्रले गरोस । अध्यक्ष शंकर मान श्रेष्ठज्यू को जुन सहयोग, साथ र नेतृत्व छ त्यो सधै भै रहोस । केन्द्रले विगतमा ग्रामीण मोडेलको लघुवित्त सेवा नेपालको हिमाल, पहाड तथा अन्य ग्रामीण क्षेत्रको कुनाकाप्चा सम्म कसरी पुर्‍याउने भन्ने विषयमा सफलताका साथ काम गरेर देखाएको छ । आगामी दिनमा पनि केन्द्रले पक्कै सफलता पाउने छ । स्वावलम्बन विकास केन्द्रको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना दिन्छु ।

श्री सुधिर कुमार श्रेष्ठ
प्रवन्ध सञ्चालक
नेरुडे लघुवित्त वित्तीय संस्था लि.



स्वावलम्बन विकास केन्द्रले हामीलाई लघुवित्त क्षेत्रमा निकै सहयोग गरेको छ। यसको लागि हामी आभारी छौँ। यसको लागि शंकर मान सर लगायत केन्द्रका अन्य टीमलाई धन्यवाद दिन चाहन्छु। लघुवित्तको विकास र प्रवर्द्धनमा स्वावलम्बन विकास केन्द्रले ठूलो योगदान दिएको छ। अहिले युवावर्ग विदेश पलायन भै रहेको ठूलो समस्या छ। यसलाई सम्वोधन गर्न केन्द्रले हाम्रो युवाहरुलाई विदेश जान नदिन साथै उनीहरुलाई सिपालु र क्षमतावान वनाउन तालिम केन्द्र शुरु गरेर अघि वढाऔँ। युवाहरुलाई स्वदेशमै स्वउद्यमी वनाऔ र यसकोलागि केन्द्रले अग्रणी भूमिका खेलोस अनि सफलता प्राप्त गरोस भन्ने शुभेच्छाको साथै तीसौँ बार्षिकोत्सवको अवसरमा शुभकामना दिन चाहन्छु।

श्री डम्बर वहादुर शाह
महाप्रवन्धक
किसान वहुउद्देश्यीय सहकारी संस्था लि.

सर्बप्रथम स्वावलम्बन विकास केन्द्रको ३०औँ स्थापना दिवसको सबैमा शुभकामना। स्वावलम्बन विकास केन्द्रको स्थापना गर्न जसले शुरुका असहज दिनमा संघर्ष गर्नु भयो उहाँहरुलाई पनि सम्मान गर्न चाहन्छु। लघुवित्तको उत्थान र विकासको लागि विगत देखि नै केन्द्रले महत्वपूर्ण काम गरेको छ। कोरोना कालले गर्दा पहिला जस्तो काम गर्न नसके पनि विगत ५, ६ बर्षको अन्तरालमा हाम्रो अध्यक्षज्यूको पहलमा सरकार वा अरु निकाय तथा संस्थाहरु कसैले नसकेको काम स्वावलम्बन विकास केन्द्रले गरेको छ। लघुवित्त सदस्य सम्मेलनहरु जस्तो सफल र बृहत कार्यक्रम पनि सम्पन्न भएको छ। यस्तो कार्य अरु कसैले गर्न सम्भव थिएन। त्यसैले लघुवित्तको विकास र उत्थानको लागि स्वावलम्बन विकास केन्द्र जस्तो संस्थाको भूमिका एकदमै जरुरी छ र यस्तो संस्थाको अझै आवश्यकता र महत्व छ। आगामी दिनमा यो भूमिकालाई निरन्तर कसरी अगाडी वढाएर लैजाने भन्ने कुरा पनि महत्वपूर्ण छ। लघुवित्तमा एउटा अग्रणी संस्थाको रुपमा अघि वढाउनको लागि सबैको सहयोग र सहकार्यको अपेक्षा पनि गरेका छौँ। लघुवित्तको क्षेत्रिय सम्मेलन लगायत अरु धेरै कामहरु गर्न वाँकी छन्। आशा गरौँ महामारी चाँडै अन्त्य होस र हामीले

श्री पद्मासना शाक्य
अध्यक्ष
मानुषी लघुवित्त वित्तीय संस्था लि.

अरु लघुवित्त सम्मेलन र अन्य कार्यक्रमहरु आयोजना गर्न सकौँ।

स्वावलम्बन विकास केन्द्रले धेरै कामहरु गरी रहेको छ। हामीले स्वावलम्बन विकास केन्द्रबाट धेरै सिकेका छौँ। केन्द्रबाट सिकेरै हामीले आफुलाई कसरी आत्मनिर्भर वन्ने भन्ने सिकेका छौँ। त्यही कुरा हामीले लागु पनि गरी रहेका छौँ। कार्यक्रमलाई अलि चुनौति भनेको विकटताको कारण हामीलाई केही समस्या र थप खर्चिलो हुन गएको छ। त्यसमा कसरी प्रभावकारी रुपमा काम गर्न सकिन्छ केन्द्रले यसमा भूमिका खेल्नु पर्‍यो। अहिले कोभिडको कारण र पछि वाढी पहिरोले समस्या निम्त्याएको छ। सिन्धुपाल्चोमा त तहस नहसनै पारेको छ। त्यहाँ काम गर्ने लघुवित्त संस्थाहरु कसरी पुर्नस्थापना गर्ने र त्यस्तो ठाउँमा शुरु गरेका कार्यक्रम कसरी फेरी उठाउने यस विषयमा पनि स्वावलम्बन विकास केन्द्रले केही गर्नु पर्ने अवस्था छ। विकटमा पुग्दा यातायतको कठिनाइ र वढी खर्चिलो हुँदा सबै संस्थाको आर्थिक भार वढेको छ। यसमा केन्द्रले भूमिका खेल्नु जरुरी छ।

श्री राजेन्द्र बहादुर प्रधान
अध्यक्ष
सल्भ नेपाल

स्वावलम्बन विकास केन्द्रले ऐतिहासिक क्षण पूरा गरेको यो अवसर हामी सबैको लागि गर्वको विषय हो। यस वेला रणनीतिक रुपमा छलफल गर्न जुन कुरा राख्नु भएको छ यसको निकै ठुलो महत्व र रणनीतिक रुपमा अघि वढ्नु पर्ने वेला आएको छ। केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ विकासको उत्कट चाहना राख्ने व्यक्ति हुनु हुन्छ। गरीवको जीवनमा परिवर्तन होस भन्ने उहाँको समर्पण रहेकोले आगामी दिनमा केन्द्र सामाजिक उद्यमशीलतामा अघि वढाउन रणनीतिक रुपमा ठोस काम हुनु पर्ने मैले देखेको छु। अव सामाजिक व्यवसाय दिवसको कार्ययोजना अनुसार अगाडी वढ्न सके गरीबको जीवनमा ठूलो परिवर्तन आउन सक्छ। यसले सबै लघुवित्तकर्मीहरुलाई मार्ग दर्शन गर्न सक्ने छ र साँचो अर्थमा गरीबको जीवनस्तर माथि उकास्न सकिन्छ र राष्ट्रलाई साँचो अर्थमा योगदान पुग्छ। स्वावलम्बन विकास केन्द्रलाई मेरो शुभकामना।

श्री उदयराज खतिवडा

प्रमुख कार्यकारी अधिकृत
स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.

स्वावलम्बन लघुवित्त वित्तीय संस्थाको तर्फबाट मातृ संस्था स्वावलम्बन विकास केन्द्रको ३०औँ वार्षिकोत्सवको अवसरमा केन्द्रका संस्थापकज्यूहरु लगायत अध्यक्षज्यूलाई स-सम्मान सँम्झदै सम्पूर्ण परिवारलाई हार्दिक वधाई ज्ञापन गर्न चाहन्छु । नेपालमा गैर सरकारी संस्थाहरु राष्ट्रका गहना हुन र स्वावलम्बन विकास केन्द्र पनि गहनाकै रुपमा रहेको छ भन्न चाहन्छु । राष्ट्रको लागि वित्तीय क्षेत्रको एउटा अभिन्न अंगका रुपमा काम गर्दै आएको छ । कुनै पनि संस्था जन्मेर लामो समय पुरा गर्नु ठूलो कुरा हो । केन्द्रले आज ठूलो उपलब्धि हासिल गरेको छ त्यसकोलागि पनि वधाई तथा शुभकामना । स्वावलम्बन विकास केन्द्र आफैमा एउटा लघुवित्तकर्मी उत्पादन गर्ने संस्था (क्लअगदबतभच० हो । यसले अरु संस्थालाई पनि फलाउने, फुलाउने र बचाउने काम गरेको छ । लघुवित्त वचाउनमा केन्द्रको ठुलो योगदान छ । वाटो विराएका र विराउन खोजेका लघुवित्त संस्थाहरुलाई सही वाटोमा हिडाउने काम गरेको छ । तालिमको माध्यमबाट दक्ष जनशक्ति उत्पादन गरेर ठूलो योगदान गरेको छ । कतिपय संस्थाहरुले आफ्ना कर्मचारीहरुलाई तालिम दिने र दक्ष वनाउने क्रममा स्वावलम्बन विकास केन्द्रको जुन दक्षता वा सहयोग प्राप्त गरेका छन् त्यो शुल्कमा तुलना गर्न सकिदैन । सबै लघुवित्तहरुलाई सधै भरी आज ३०औँ बर्ष भयो शतक सम्म पनि सफलताको साथ अघि वढोस् , मेरो शुभकामना छ ।

श्री धर्मराज पाण्डे

पूर्व अध्यक्ष
नेपाल बैकर्स एशोशीएसन

कृषि विकास बैंकमा हुँदा शंकर मान श्रेष्ठ सर हाम्रो अग्रज हाकिम पनि हुनुभयो र उहाँ अगाडी र पछि हामी पनि सेवा निबृत भयौँ । शुरुमा शंकर मान श्रेष्ठ सरले जुम्लावाट स्वावलम्बन विकास केन्द्र शुरु गर्नु भयो । हामी कृषि विकास बैंकमा हुदाँहुदै स्वावलम्बन विकास केन्द्रबारे जानकारी आएको थियो । म पनि अवकाश पछि लघुवित्त तिर लागेँ । ग्रामीण विकास बैंकको प्रमुख कार्यकारी अधिकृत भएर काम गरेँ । लघुवित्तको अगुवा संस्था भएकोले पछि स्वावलम्बन विकास केन्द्रको टिमसंग वाक्लो सम्पर्क, भेटघाट र सहकार्य हुन थाल्यो ।

पहिला जुम्लाबाट समाजिक विकास, वित्तीय साक्षरताको काम शुरु गरे संगै केन्द्रले पछि लघुवित्त वित्तीय कारोवारको काम गरेको हो । अहिले स्वावलम्बन विकास केन्द्र व्यापक रुपमा नेपाल र नेपालीको गरिबी निवारणमा राम्रो देशप्रेमी संस्थाको रुपमा अगाडी आएको छ । मुख्य गरी सानोसानो वित्तीय स्रोत गाउँगाउँ सम्म पुर्‍याएर गरीवको जीवनस्तर माथि उठाउने र समाजिक कार्यक्रमहरु गरेर उनीहरुको चेतनास्तर माथि उठाउन पनि सहयोग गरेको छ । गरीवहरु पनि ऋण लगानी गर्न योग्य हुन्छन र उनीहरु पनि आफुलाई सुधार्न र आफ्नै क्षमतामा माथि आउन सक्छन त्यसकोलागि उनीहरुलाई सघाउनु पर्छ भन्ने पवित्र उद्देश्य रहेकोले स्वावलम्बन विकास केन्द्रको गतिविधि राम्रो संग अगाडी वढेको जस्तो लाग्छ ।

अहिले केन्द्रले देश विदेशका संस्थाहरु संग समन्वय र छलफल गरी दक्षिण एशियाका अनुभवहरु आदान प्रदान गर्ने गरेको छ । नेपाल लगायत विश्वमा नै लघुवित्त कार्यक्रम राम्रो वनोस, गरीवमैत्री कार्यक्रम, सामाजिक उत्थानका कार्यक्रम राम्रा वनुन् भन्ने हिसावले अगाडी वढी रहेको छ । यो एउटा कोसे ढुंगा हो । यसलाई अझ निरन्तरता दिनु जरुरी छ ।

श्री विष्णु प्रसाद पाठक

अध्यक्ष
फोकस वचत तथा ऋण सहकारी संस्था लि.

स्वालम्बन विकास केन्द्रले फिंगोको रुपमा जुन वेला देखि लघुवित्त कार्यक्रम शुरु गर्‍यो त्यो वेला देखिनै चिनजान हो । म पनि लघुवित्त क्षेत्रमा रुचि भएको र त्यहा पनि कृषि विकास बैंकबाट आउनु भएको अगुवाहरु हुनुहुन्थ्यो । त्यसरी मेरो चिनजान हुन पुगेको हो ।

त्यो वेला स्वावलम्बन विकास केन्द्रको पूर्वमा कार्यक्रम थियो । त्यो कार्यक्रम फिल्डमा गएर हेरे पछि मलाई पनि धेरै मन परेको थियो । म उ वेला डिप्रोक्स बैंक मा थिए र हामीले पनि लघुवित्त कार्यक्रम शुरु गरेका थियौँ । पछि हामीले त्यहाँबाट साथिहरुलाई अनुरोध गरेर ल्याएर तालिमको आयोजना गरेका थियौँ । शुरुमा केन्द्रसंग यस्तो सम्वन्ध रह्यो भने पछि विभिन्न तालिमहरुमा म पनि प्रत्यक्ष अप्रत्यक्ष रुपले निरन्तर सहभागी भएँ । विभिन्न समयमा शंकर मान सर, राम कुमार सर लगायत केन्द्रका अन्य सरहरु संग वसेर लघुवित्त वारे धेरै छलफलहरु पनि गर्‍यौँ ।

स्वावलम्बन विकास केन्द्रको कार्यक्रम अरुको भन्दा फरक के छ भने केन्द्रले आफुले उद्यमशीलता, क्षमता, सीप, सामाजिक उत्तरदायित्व, वित्तीय साक्षरता लगायतका कार्यक्रम गर्थ्यो । लघुवित्त कार्यक्रम पनि उहाँहरुले नै शुरु गरेको थियो । पछि बैंक स्थापना भयो र स्वावलम्बन लघुवित्त वित्तीय संस्थाले वित्तीय कारोवार र स्वावलम्बन विकास केन्द्रले सीप तथा क्षमता

विकासको काम गर्न थाल्यो । अहिले आएर स्वावलम्बन विकास केन्द्रले लघुवित्तको क्षमता विकासमा प्रभावकारी रुपमा काम गरेको छ । लघुवित्त क्षेत्रका जल्दा वल्दा विषयमा महत्वपूर्ण काम गरेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञ तथा ज्ञानहरु ल्याएर अनुभवको आदान प्रदान गर्ने कार्यक्रमहरु पनि गरी रहेको छ । समग्र लघुवित्तको विकासमा केन्द्रको भूमिका निकै प्रभावकारी देखिन्छ ।

लघुवित्तको अग्रणी संस्था भनेको स्वावलम्बन विकास केन्द्र र निर्धन नै हो । उहाँहरुले नै शुरुवात गरेको हो । त्यस पछि डिप्रोक्स, छिमेक लगायत अन्य संस्थाहरु आएका हुन । पछि सञ्चालनमा आएका धेरै जसो संस्थाहरुले स्वावलम्बन विकास केन्द्रवाट सिकेका छन् । नेपालको लघुवित्त क्षेत्रमा स्वावलम्बन र निर्धनरको प्रमुख भूमिका देखिन्छ । यसले लघुवित्त विकासमा पहिले देखिनै र अहिले झन् महत्वपूर्ण भूमिका खेलेको म पाउँछु । अहिले केन्द्रले विभिन्न सेमिनार, गोष्ठी, सम्मेलन तथा वेविनारहरु गरेर लघुवित्त क्षेत्रका विषयगत समस्याहरुबारे राम्रो काम गरेको छ ।

अव स्वावलम्बन विकास केन्द्र जस्ता लघुवित्तका अग्रणी संस्थाहरुले नीतिगत तहमा पनि काम गर्नु पर्ने जरुरी छ । अहिले नेपालमा नीतिगत रुपमा वाध्यकारी नवनाए सम्म तपाइँले फ्रड गर्नु हुदैन, दोहोरोपना गर्नु हुदैन, नाफामुखी भएर विपन्नवर्गलाई छोड्नु हुदैन, कमजोर व्यवस्थापन हुनु हुदैन भनेर मात्र हुने वाला छैन् । मेरो के सुझाव छ भने अहिले लघुवित्तमा देखा परेका समस्याहरुको नीतिगतरुपमा हल खोज्न स्वावलम्बन विकास केन्द्रले लघुवित्तका नेतृत्वदायी संस्थाहरु संग सहकार्य गरी काम गर्नु जरुरी छ । क्षमता विकासमा पनि केन्द्रले अझ प्रभावकारी रुपमा काम गर्नु पर्ने अवस्था छ ।

श्री आसमनी चौधरी

अध्यक्ष,
ग्रामीण महिला उत्थान केन्द्र

स्वावलम्बन विकास केन्द्र संग शुरुमा शंकर मान सर मार्फत उहाँ आरएमडीसीमा हुँदा सम्पर्क भएको हो । त्यस पछि उहाँ स्वावलम्बन विकास केन्द्रमा अध्यक्ष भएर आई सके पछि ग्रामीण महिला उत्थान केन्द्रले पनि दुबै थरी महिला सशक्तिकरण र गरिबी निवारमा वित्तीय मध्यस्थताको काम गर्‍यो । त्यस पछि हामी केन्द्रसंग आवद्ध भएका हौँ ।

वास्तवमा यो स्वावलम्बन विकास केन्दको एउटा राम्रो पक्ष भनेको राष्ट्रिय स्तरको छाता संस्थाको रुपमा काम गर्‍यो । सञ्जालको रुपमा एउटा लीडरको काम गर्‍यो । अर्को भनेको लघुवित्तमा गरिवी निवारणमा महिलहरुलाई सशक्त गर्न, क्षमता वढाउन, कर्मचारीलाई मात्र नभएर व्यवस्थापन र सञ्चालकहरुको समेत क्षमता अभिबृद्धि गर्न विभिन्न माध्यमवाट भूमिका खेल्यो । त्यो असाध्यै राम्रो छ । अर्को महिलाहरुको जीवनस्तर उकास्ने र सशक्तिकरणमा जुन पहिलो र दोस्रो लघुवित्त सम्मेलनहरु आयोजना गर्‍यो त्यो असाध्यै राम्रो भयो । ग्रामीण भेगमा काम गर्ने महिला सबैलाई चुनौति, संघर्ष र अनुभवहरु आदान प्रदान गर्ने अवसर प्राप्त भयो । यसले ती महिलाहरुलाई धेरै राम्रो भयो । साथै केन्द्रले भन्ने र भनेको कुरा कार्यान्वयन गर्ने कुरा पनि निकै महत्वपूर्ण र राम्रो छ । जस्तै दोस्रो लघुवित्त सदस्य सम्मेलनको वेला उत्कृष्ट लघुउद्यमी महिला पुरस्कारको घोषणा गर्‍यो र त्यो कार्यान्वयन गर्‍यो ।

लघुविलाई सही वाटोमा लैजानको लागि यसको जुन अभियन्ताहरु हुनुहुन्छ, शंकर मान श्रेष्ठ सरको नेतृत्व र त्यहाँको टीमको जुन सक्रियता विगत देखिनै रह्यो त्यो स्राहानीय छ । अहिले अन्तर्राष्ट्रिय अध्ययन भ्रमण, वेविनारको आयोजना, अहिले विश्व मंच संग जोडेर र प्रोफेसर मोहम्मद युनूससंग जोडेर हामीलाई पनि तीन शून्यको कुराहरु, तीन शून्य क्लवको अवधारणाहरु ल्याएर सामाजिक उद्यमशीलतावारे अग्रसर गराउन खेलेको भूमिका पनि निकै महत्वपूर्ण छ । साथै महामारीको वेला विभिन्न विषयमा वेविनारको आयोजना गरी गरेका काम हरु असाध्यै राम्रा छन् ।

केन्द्रले दिने तालिमहरु निकै प्रभावकारी छन र यसलाई निरन्तरता दिनु पर्ने देखिन्छ । साथै अहिले केन्द्रले डकुमेन्टेशन तथा प्रचार प्रसारमा जुन अंग्रेजी भाषामा नेपाउकभ र पछिल्लो समय नेपाली भाषामा स्वावलबन सम्वाद अखवारहरु प्रकाशन गरेको छ यसको काम निरन्तर होस् ।

श्री सुरज आचार्य

प्रवन्ध सञ्चालक
वातावरण वहुउद्देश्यीस सहकारी संस्था लि.



हामीले २०६२, ६३ देखि लघुवित्त सञ्चालन गर्दा आरएमडीसीले त्यो क्षेत्रको वारेमा सहजीकरण र पूँजी व्यवस्था गर्दा हाम्रो गुरुको रुपमा शंकर मान सरको जुन प्रशिक्षण थियो त्यसले हामीलाई प्रभावित गर्‍यो । पछि शंकर मान सर स्वावलम्बन विकास केन्द्रमा अध्यक्ष भएर आउँदा हामी त्यहाँ जोडिएका हौँ ।

स्वावलम्बन विकास केन्द्रले लघुवित्त सम्मन्धी, रोजगारी सिर्जना सम्वन्धी र गरिबी निवारणमा जुन काम गरेको छ यसले गरीब तथा विपन्न बर्गका महिलाहरु र देशकै लागि निकै ठुलो काम गरेको छ । ग्रामीण क्षेत्र र समुदायमा राम्रो सेवा पुगेको छ । संस्थाको पनि मान वढेको छ । अहिले लघुवित्त संस्था र अन्य कर्मचारीको मान मर्यादा पनि वढेको छ । अहिले लघुवित्त तथा लघुउद्यमको विकासमा स्वालम्वन विकास क्षेत्रको कारण ज्ञान सीप र धारणाको विकास भएर निकै राम्रो परिणम पनि आएको छ ।

लघुवित्त सेवालाई थप मजवुत वनाउनको लागि ग्रामीण समुदायमा पूँजी कम हुन्छ । अव लघुवित्त फैलाउनको लागि र सेवालाई अझ जनताको झुपडी सम्म पुर्‍यानको लागि उनीहरुलाई पूँजीमा सहजीकरण गर्नु जरुरी छ । त्यसैले स्वावलम्बन विकास केन्द्रले एउटा थोक कर्जा प्रदायक संस्थाको रुपमा पनि काम गर्ने र पूँजीमा सहजीकरण गर्न सक्यो भने निकै राम्रो हुने थियो । त्यसो भए पूँजी पनि हुने र ज्ञान सीप पनि हुने देखिन्छ । अर्को भनेको केन्द्रले आफ्ना शाखा विस्तार गरेर स्थानीय रुपमा सेवा प्रदान गर्‍यो भने लघुवित्त क्षेत्र थप प्रभावकारी रुपमा अगाडी वढाउन र जानेर वा नजानेर हुने साना तिना समस्याको समाधान बेलैमा गर्न सकिन्थ्यो भन्ने कुरा मैले खड्केको देखेको छुँ । यसमा केन्द्रले पहल गरोस् भन्ने चाहना छ ।

श्री संजय मण्डल

प्रमुख कार्यकारी अधिकृत
जीवन विकास लघुवित्त वित्तीय संस्था लि.

स्वावलम्बन विकास केन्द्रको ३०औँ बार्षिकोत्सवको स्वावलम्बन विकास केन्द्रको सम्पूर्ण परिवारलाई यो सुखद समयमा वधाई तथा शुभकामना व्यक्त गर्दछु । स्वावलम्बन विकास केन्द्र हामी जस्ता लघुवित्तको अभ्यास गर्ने सिकारुहरुको लागि सिक्ने थलो हो । म आफैले पनि यहाँबाट धेरै सिकेको छु । विगतमा आफ्नै देशको भूगोल तथा समाज वुझ्न नपाएको अवसरमा केन्द्रले आयोजना गरेका अध्ययन भ्रमणले धेरै ज्ञान दियो । साथै विदेश भ्रमणहरुले पनि हामीलाई अघि वढ्न निकै ठूलो सहयोग गर्‍यो । अहिलेको समयमा जुन कार्यदिशाका साथ केन्द्र अघि वढेको छ त्यो महत्वपूर्ण छ । खास गरी सामाजिक व्यवसायको रुपमा लघुवित्त क्षेत्रलाई अघि वढाउनु पर्ने जुन कार्यदिशा छ त्यो निकै महत्वपूर्ण छ । पछिल्लो पटक केन्द्रले सामाजिक व्यवसाय दिवसको आयोजना गरी सामाजिक व्यवसाय विकास र प्रवर्द्धन गर्ने प्रयास पनि गरेको छ । यसलाई लागु गर्न सके वास्तविक रुपमा असल भावनाको साथ लघुवित्त गर्ने संस्था वा लघुवित्तकर्मीहरुको लागि सुखद परिणाम ल्याउन सक्छ । एघारौँ सामाजिक व्यवसाय दिवसको कार्ययोजना कार्यान्वयनको चरणमा छ । धेरै लघुवित्त संस्थाका साथिहरुले सो कार्ययोजना कार्यान्वयन गर्ने चाहाना राखेका छन् । तर केहि कुराहरुमा स्पस्टता छैन । जस्तै ३ जीरो क्लव कसरी गठन गर्ने र अन्तर्राष्ट्रिय सञ्जाल संग जोडिने भन्ने जिज्ञासा आउने गरेका छन् । साथै सदस्यका छोराछोरीहरुलाई उद्यमी वनाउनु पर्ने वेला आएको छ । यस्ता थुप्रै काममा अव हामीले ढिलो गर्नु हुदैन र यसमा केन्द्रले रणनीतिक रुपमा सहजीकरण गर्नु पर्ने एवं अध्ययन अनुसन्धानहरु पनि गर्नु पर्ने हुन्छ । एघारौँ सामाजिक व्यवसाय दिवस नेपाल फोरमले तय गरेको चौध वटै योजनाहरु कार्यान्वयनको नेतृत्व गरी लघुवित्तको छवि सुधार गर्नु पर्ने अवस्था छ । मुख्य कुरा हामी लघुवित्तहरुले सामाजिक पाटोमा योगदान गर्न सकेनौँ, गरीब सम्म पुग्न सकेनौँ, नाफामुखी भयौँ भन्ने जस्ता आरोपहरु खेप्दै आएका छौँ । अव त्यो दाग मेटाउने बेला आएको छ । यसकोलागि तीन जीरोको अवधारणा अनुसार सामाजिक व्यवसाय विकास र प्रवर्द्धन गरी अघि वढ्नका लागि केन्द्रले लघुवित्त क्षेत्रको छाता संस्थाको रुपमा सहकार्य (पार्टनरिङ) गरोस । कार्यान्वयनकोलागि केन्द्रले पैसा नै दिनु पर्छ भन्ने छैन् । स्थानीय स्तरका अन्य सरोकारवालासंग मिलेर पनि समन्वयात्मक भूमिका पनि खेल्न सक्छ । मेरो शुभकामना ।

श्री बलराम गजुरेल

नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.

स्वावलम्बन विकास केन्द्रको ३० बर्ष पुरा गरेकोमा केन्द्र परिवारलाई वधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु । लघुवित्त क्षेत्रमा व्यवहारिक ज्ञान प्रदान गर्ने स्वावलम्बन विकास केन्द्र र केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठज्यूलाई पनि वधाई दिन चाहन्छु । केन्द्रले वितेको ३० बर्ष सिक्दै सिकाउदै अब्बल ज्ञान वाँडने काम गरेको छ । मलाई खड्केको एउटै कुरा छ हामी तथ्यांकको आधारमा पछि परेका छौँ । लघुवित्तको योगदानबारे केन्द्रले पनि विवरण राखोस र सबै सामु पुर्‍याउने काम गरोस ।

हामी सहकारीको माध्यमबाट केन्द्रसंग जोडिएका हौँ र शंकर मान सर लगायत केन्द्रको टीम धेरै पटक हाम्रो कार्यालयमै आएर लघुवित्त सिकाएर, तालिम दिएर अघि वढाउनु भएको हो । केन्द्रबाट धेरै पटक धेरै कुरा सिकेका छौँ । आगामी दिनमा पनि सहयोग पाई रहने अपेक्षा सहित फेरि पनि शुभकामना ।

श्री टस बहादुर श्रेष्ठ

अध्यक्ष
कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

तीसौँ बर्ष मात्र होइन स्वावलम्बन विकास केन्द्र हजारौँ बर्ष अगाडी वढी रहोस । हामी जस्तो संस्थाको क्षमता विकास गर्ने कुरामा यो संस्थाको सहयोग सधै प्राप्त भै रहोस । तीसौँ बर्ष पुरा गरेको अवसरमा सीएसडीलाई मुरीमुरी शुभकामना व्यक्त गर्न चाहन्छु ।

श्री भुपाल बस्नेत
सचिव
कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

पछिल्लो समय लघुवित्तमा संचालक वा शेयर धनी केन्द्रित कार्यक्रमहरु हावी भएको छ। त्यसको सट्टा लघुवित्तमा सदस्य केन्द्रित कार्यक्रमहरुलाई जोड दिने खालका उपायहरु सुझाउनु पर्ने अवस्था छ। स्वावलम्बन विकास केन्द्रले संस्थालाई दिगो वनाउने काम गरी रहेको छ। अव सदस्यहरुलाई दिगो वनाउने खालको कार्यक्रमहरु विशेष रुपमा आइ दिए हुन्थ्यो भन्ने मेरो चाहना छ। यो जुन ३० बर्ष पुगेको सीएसडी छ यसले परिवर्तनका अझ प्रभावकारी कार्यक्रम ल्याओस, देश विदेशबाट प्राप्त ज्ञानहरु नेपालको लघुवित्तमा लागु गर्न सकोस र यसको माध्यमबाट मुलुकमा ठुलो परिवर्तनको साथै घर घरमा व्यवसाय संचालन होस र समुदायको आर्थिक समृद्धिको वाटोमा स्वावलम्बन विकास केन्द्र अगाडी वढ्न सकोस मेरो शुभकामना।

श्री शरण कुमार पराजुली
अध्यक्ष
नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.

हाम्रा कर्मचारीको ज्ञान, सीप र दक्षता वढाउन स्वावलम्बन विकास केन्द्रले ठूलो भूमिका निर्वाह गरेको छ। यसको लागि नवोदय परिवारको तर्फबाट आभार व्यक्त गर्दछु। साथै सहकारीको उत्थानको लागि केन्द्रले जुन योगदान गरेको छ, त्यसको सम्मान गर्दै यस ३० बर्ष पुरा गरेको शु अवसरमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

श्री दिपकनिधि तिवारी
छिमेक लघुवित्त वित्तीय संस्था लि.

स्वावलम्बन विकास केन्द्रले ३० बर्ष पुरा गरेको अवसरमा धेरै धेरै आभार व्यक्त गर्दछु र आगामी दिनमा अझ उन्नति गर्दै जाओस भन्ने शुभकामना व्यक्त गर्दछु। मैले नेपालको लघुवित्तमा काम गरेको २७ बर्ष भयो। शुरु देखि म छिमेक लघुवित्तमा छुँ। आफुले जाने सम्म नेपालमा लघुवित्तको जग वसाल्ने कामको शुरुवात नै स्वावलम्बन विकास केन्द्रले गरेको हो। म आफैले पनि कहिल्यै न विर्सने गरी स्वावलम्बन विकास केन्द्रको कार्यक्रमबाट सिकेको हो। शुरुमा हामीलाई अन द जव टेर्निङको रुपमा फिल्डमा गरेका कार्यक्रम हेर्न पठाइन्थ्यो। जसवाट लघुवित्तको वारेमा विस्तृत जानकारी हुन्थ्यो। फिल्डमा असल तरिकाले लघुवित्तको मर्म अनुसार काम भएको हुन्थ्यो। साथै केन्द्रबाट अरु पनि धेरै तालिमहरु लिएको छु। उ वेला स्वावलम्बन विकास केन्द्रको तालिम दिने तरिका उत्कृष्ट थियो। स्रोत व्यक्ति उत्कृष्ट हुन्थे। अहिले सम्म पनि त्यो कुरा विर्सन सकेको छैन्। केन्द्रको तालिममा चाहिने र राम्रा कुरा मात्रै सिक्न पाइन्छ, त्यसैले अझै पनि केन्द्रको सबै तालिमहरु सके सम्म नछुटाई सहभागी हुन्छु। एउटा मात्र संस्था हो स्वावलम्बन विकास केन्द्र जसबाट यति धेरै संस्थाहरुले लघुवित्त सिकेका छन्। लघुवित्तको मर्म कस्तो हुने र लघुवित्त कसरी गर्ने भन्ने कुरा दक्ष स्रोत व्यक्तिहरु ल्याएर तालिम दिने काम गरेको थियो। अरु पनि धेरै साथिहरु छन् केन्द्रको तालिम पाएका। अहिले सम्म पनि तालिमको प्रभाव अनुसार उनीहरुको काम निकै राम्रो छ। स्वावलम्बन विकास केन्द्रमा सिकेर नै अरु संस्थाहरुले तालिम समेत चलाउने गरेका छन्। केन्द्रले आगामी दिनमा पनि तालिमको गुणस्तर र नाम निरन्तर कायम राख्न सकोस मेरो, शुभकामना।

श्री राजन भट्टराई
विभागीय उप-प्रमुख
स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड

म यो संस्थाले जन्माएको कर्मचारी हो। काठमाडौं घुम्न आएको वेला स्वावलम्बन विकास केन्द्रमा जागिर शुरु भयो। त्यो बेला कुनै नचिनेको मानिसलाई जागिर पाइदो रहेछ भनेर अचम्म लागेको थियो। विक्रम संम्वत २०५३ सालमा जागीरको शुरुवात वर्दीवासबाट भयो। गरीबहरु भएको ठाउँमा जानु पर्छ भन्ने थियो। हामी विकट र विपन्न समुदाय माँझ पुगेर सहभागितामूलक ग्रामीण लेखाजोखा गर्दै हिड्यौं। स्थानीय निकायहरुले समेत हामी संग सहभागितामूलक ग्रामीण लेखाजोखाबाट प्राप्त सुचनाहरु माग्न आउँथे। एक पटक गौशाला र निगोल गाविसले म संग सहभागितामूलक ग्रामीण लेखाजोखाको तथ्यांक मागेको छ। यस्तै गरीबहरुलाई दुई रुपैयाँ बचत गराउन सिकाउने स्वावलम्बन विकास केन्द्र हो। घरवाट वाहिर निस्कनु हुन्न भन्ने मान्यता रहेको समाजमा महिलाहरुलाई समूहमा आवद्ध गरेर बचत गराउन सिकाएको हो। स्वावलम्बन विकास केन्द्रको काम शुरु भएपछि तराईका जिल्लामा महिलाहरुको नागरिकताको समस्या थियो।

छोरा पाए नागरिकता र विहे दर्ता गराई दिने नत्र न वन्ने अवस्था थियो । हाम्रो ऋण दिन नागरिकता हेर्ने चलन त थिएन तर यो समस्या समाधान गर्न हामीले नागरिकता र विहे दर्ता गर्नु पर्छ भन्यौं । नागरिकता र विवाह दर्ता नभई ऋण नदिने भन्ने रणनीति पछि विस्तारै पुरुषहरुले महिलाहरुको नागरिकता वनाई दिन थाले । यसले महिला सशक्तिकरणमा ठूलो परिवर्तन आयो । केन्द्र घरको अवधारणा अर्को महत्वपूर्ण र प्रभावकारी कार्यक्रम थियो । यसले छलफलको वातावरण सिर्जना गरेर महिलाहरु अघि वढ्ने अवसर मिल्यो । त्यस्तै केन्द्रमा सिकाईएको अनुशासनको कारण समाजमा धेरै किसिमका विकृति र विसंगतिहरु कम भएर गए । सरसफाईको मामिलामा पनि समुदायहरु फेरिए । स्वावलम्बन विकास केन्द्रले बचत र ऋणको काम मात्र होइन की त्यो वेलाको समाज परिवर्तनमा पनि योगदान गरेको थियो । त्यस्तै लघुवित्तको मर्म र भावना अनुरुप अघि वढाउन केही सिमित संस्थाहरु वाहेक केन्द्रले नै तालिम र ज्ञान दिएको छ । हामी आफै पनि धेरैवटा संस्थामा गएर ऋण र बचत के हो भन्ने सिकाउने देखि केन्द्रहरुको गठन सम्म गरी दिएका छौं ।

समग्रमा स्वावलम्वन विकास केन्द्र लगायत अन्य क्षेत्रका लघुवित्तकर्मीहरुले यस्तो कामहरु गर्न धेरै दुख र संघर्ष गरेर लघुवित्तलाई यहाँ सम्म ल्याएको छ । अहिले लघुवित्तको योगदान नै नभए जस्तो व्यवहार गरिन्छ । त्यसैले विगतका यस्ता धेरै संघर्षबारे अभिलेख राख्नु पर्ने आवश्यक छ । यो काम स्वावलम्बन विकास केन्द्रले मात्रै गर्न सक्छ । फेरी पनि केन्द्रले ३० बर्ष पुरा गरेको अवसरमा मातृ संस्थालाई शुभकामना ।

श्री गोकुल प्याकुरेल
कार्यकारी निर्देशक
मेड-इन नेपाल

स्वावलम्बन विकास केन्द्रले लघुवित्त क्षेत्रको सफल मार्ग निर्देश गरेको छ । यसैको फलस्वरुप ३० बर्षको यात्रा पूरा गर्न सफल भएको छ र यस शुभ-अवसरमा धन्यवाद दिन चाहन्छु । केन्द्रले पछिल्लो समय कोरोना महामारीको असर पुनर्स्थापनामा धेरै काम गर्दै आएको छ । यो धेरै संस्थाको लागि पुनर्जीवन दिने काम जस्तै भएको छ । सामाजिक उद्यमशीलता प्रवर्द्धनमा कसरी अघि वढ्ने । यसवारे वारम्वार कुरा र छलफल भएको छ । केन्द्रले यसमा नेतृत्व लिएको कारण उद्यमशीलता विकासमा वल पुगेको छ । साथै अव सामाजिक उद्यमशीलतामा पनि केन्द्रको पहल प्रभावकारी हुनेछ । यसको लागि लगानी गर्ने पूँजी संगै व्यवसाय कला, व्यावसायिक योजनाहरु र अन्य थूप्रै सिक्ने कुरा वारे छलफल हुनु जरुरी छ । आउँदा दिनमा लघुवित्तमा सामाजिक उद्यमशीलतालाई अझ प्रभावकारी रुपमा अघि वढाउनु जरुरी छ र यसले सामाजिक उद्यमशीलतालाई प्रवर्द्धन गरेर समाज बलियो वनाउन सघाउछ । यसमा केन्द्रलाई सफलता मिलोस, मेरो शुभकामना ।

श्री दिनेश बहादुर निरौला
निर्देशक
सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

स्वावलम्बन विकास केन्द्र र सहारा नेपाल साकोसको सम्बन्ध धेरै लामो समय देखिको छ । स्वावलम्बन विकास केन्द्रका अध्यक्ष आदरणीय शंकर मान श्रेष्ठको सल्लाह सुझाव र मार्ग दर्शन त स्थापना काल देखिनै छ । लघुवित्तकर्मीहरुले हरेक समय सदुपयोग गर्नु पर्छ र तालिमको आयोजना गर्दा पनि प्रभावकारी हुनु पर्छ केवल तालिमको लागि तालिम हुनु हुदैन भन्ने धारणा रहेको पाइन्छ । यसले हामीलाई सधै भरी उर्जा दिने गर्छ ।

सहारालाई यो अवस्थासम्म ल्याई पुर्‍याउनको लागि स्वावलम्बन विकास केन्द्रको खास गरेर शंकर मान सरको ठूलो योगदान छ । यो अवधिमा हामीलाई पथ प्रदर्शकको रुपमा काम गरेको हामीलाई महशुस भएको छ । लघुवित्त क्षेत्र लक्ष्यहीन नहोस भनेर सचेत गराई रहनु भएको छ भने अहिले स्वावलम्बन विकास केन्द्रको अध्यक्षको हैसियतले पनि नियमित रुपमा हामीलाई सिकाई रहनु भएको छ । लघुवित्तको मर्म अनुसार अघि वढ्यो की वढेन, सदस्यको जीवनस्तर माथि उठ्यो की उठेन भन्ने जस्ता कुराहरु हेर्ने हुँदा अझै पनि स्वावलम्बन विकास केन्द्र हाम्रो लागि पथ प्रदर्शक हो । अहिले पनि स्वावलम्बन विकास केन्द्रबाट आएका तालिमका फर्म्याटहरु हेर्दा आफु मात्र होइन सबैलाई धेरै ज्ञान हुने गर्छ । अव स्वावलम्बन विकास केन्द्रबाट आफ्नो संस्था मात्र होइन सम्पूर्ण लघुवित्त क्षेत्रलाई नै माया गर्ने लघुवित्त हाक्ने मान्छेको जन्महोस थप बर्षौं बर्ष सफलताको शुभकामना ।

❖❖❖

कोरोना पछिको पुननिर्माण कार्यक्रम

फेरी पछाडि फर्कने होइन



प्रो. मोहम्मद युनूस

कोरोना महामारीको कारण विश्वभर गम्भीर त्रास सृजना भएको छ। अकल्पनीय क्षति भएको छ। सकारात्मक भएर सोचौँ निराशा तिर मात्र नफर्कौं। क्षतीका वावजुद कोरोनाले अवसरहरु पनि ल्याएको छ।

अहिले पूरै विश्वले एउटा बृहत प्रश्नलाई सम्वोधन गर्नु आबश्यक छ। अर्थतन्त्रलाई कसरी चलायमान बनाउने भन्ने होइन। यसको उत्तर हामी लाई थाहा छ। पुनर्उत्थान प्रक्रिया कसरी अगाडी बढाउने भन्ने जानकारी हामीलाई छ।

अहिलेको विश्वमा हामीले सम्वोधन गर्नु पर्ने अहंम सवाल भनेको के हामी विश्वलाई कोरोना अघिकै अवस्थामा फर्काउदै छौँ ? वा हामी विश्वलाई पुनंर्सरचना गर्दैछौँ ? निर्णय गर्ने वेला आएको छ। निर्णय हामीले नै गर्ने हो।

हामी सवैले महशुस गरेर आएको हो कोरोना महामारी अघिको विश्व उपयुक्त थिएन, ठिक बाटोमा हिडेको थिएन। कोरोना भाइरस सवैलाई थर्कमान वनाउने समाचार नबनुन्जेल विश्वलाई पर्ने भयावह स्थितिलाई लिएर हामी चिच्याइ रहेका थियौँ। जलवायु प्रदुषण वाट आइ पर्ने दुर्घटना वा बिपतीका कारणले सिंगो पृथ्वी नै मानव अस्तित्वका लागि अनुकूल नरहने हो भनेर हामी दिन गन्ति गरेर बसेका थियौँ। मानवीय स्वार्थतपूर्ण क्रियाकलापवाट व्यापक रुपमा फैलिएको बेरोजगारी एउटा कठिन चुनौति वन्दै थियो। केही ब्यक्ति वा ठाउँमा धन सम्पतिको केन्द्रिकरण हुँदै जानुका कारण हामी विस्फोटक अवस्था तिर पुग्दै थियो। हामी एक अर्कालाई सम्झना दिलाई रहेका छौ कि यो २००० को दशक नै सुधारको अन्तिम अवसर हुनेछ। यो दशक पछि हाम्रा सवै प्रयासहरुले पृथ्वीलाई जोगाउन खोजे पनि न्यून परिणाम मात्र दिनेछन्।

के हामी अझै पहिलेकै अवस्थामा फर्कने त? निर्णय हामी आफैँले गर्नु छ ।

कोरोना महामारीले पुरै विश्वको सन्दर्भ तथा गणितलाई अप्रत्याशित रुपमा परिवर्तन गरेको छ। यस अघि अस्तित्वमा नरहेका प्रबल सम्भावनाहरु उजागर गरेको छ। हामी अकस्मात एउटा नयाँ चरणमा पुगेका छौँ। एउटा अविश्वसनीय स्वतन्त्रताका साथ हामी आफूले चाहेको गन्तव्य पहिल्याउन अवस्थामा छौ।

आर्थिक कृयाकलाप पुनर्संचालन गर्नु अघि हामीले कस्तो आर्थिक प्रणाली वनाउन चाहेका हौँ भन्ने बिषयमा एकमत हुनु जरुरी छ। सबै भन्दा पहिले हामीले अर्थ व्यवस्थालाई एउटा साधनको रुपमा बुझ्नु पर्छ। यसले हामीलाई हाम्रो लक्ष्यमा पुग्न सहजीकरण गर्छ। अर्थ व्यवस्था कुनै अलौकिक शक्तिले हामीलाई सजाय दिन थापेको पासो जस्तो हुनु भएन। यो हामी आफैले बनाएको औजार हो। यसमा हामी सजग हौँ। हामी सबैले खुशिको उच्चतम अनुभुति हुने तहसम्म नपुगुन्जेल यसलाई पुनः पुनः पुनर्सरचना गरिरहनु अनिवार्य हुन्छ।

हामीले जान खोजेको गन्तव्यतर्फ अहिलेको अर्थ व्यवस्थाले लान खोजी रहेको छैन भन्ने कुरा कुनै पनि समयमा महशुस भयो भने हामीले बुझ्नु पर्छ की हामीले प्रयोग गरि रहेको हार्डवेयर (सामान वा औजार) अथवा सफ्टवेयर (कार्यक्रम वा प्रणाली) मा समस्या छ र तुरुन्त समाधान खोज्नु पर्छ। हामीले हाम्रो सफ्टवेर वा हार्डवेयरले काम गर्न दिएन भन्ने दोष दिएर पंछिन मिल्दैन। यस्तो गर्नु अक्षम्य भुल हुन जान्छ।

यदि हामीले कार्वन उत्सर्जन शुन्य गर्न खोजेको हो भने यसकालागी उपयुक्त र सही हार्डवेयर र सफ्टवेर बनाउनु पर्ने हुन्छ। यदि हामीले शुन्य बेरोजगारी युक्त विश्व निर्माण गर्न खोजेको हो भने

पनि हामीले यी दुबैलाई सही तरिकाले प्रतिपादन गर्नु पर्छ । यदि हामी अहिले जस्तो सिमित ठाउँमा वा सिमित व्यक्तिमा अधिक धन थुप्रिने व्यवस्था चाहदैनौँ भने सही मार्ग अपनाउनु पर्छ । यो सबै उपयुक्त हार्डवेयर तथा सफ्टवेयर बनाउनुमा निर्भर रहन्छ । उपयुक्त हार्डवेयर तथा सफ्टवेयर बनाउने सामर्थ्य हामीमा छ । जब मानिसले केही गर्न चाहन्छ त्यो गरेरै छाड्छ । मानिसको लागि असम्भव भन्ने केहि छैन ।

यो ज्यादै खुशिको कुरा हो कि कोरोना संकटले हामीलाई नयाँ शुरुवात गर्ने असिमित अवसर प्रदान गरेको छ । यति बेला हामी अर्थ व्यवस्थाको हार्डवेयर र सफ्टवेयरहरु पुरै नयाँ तरिकाले तयार गर्न सक्छौँ ।

कोरोना पछिको पुर्नसंरचना योजनाः सामाजिक तथा वातावरणीय चेतनामा आधारित हुनु पर्छ ।

उर्पयुक्त सन्दर्भमा अहिलेको अवस्थामा एउटा सर्वसम्मत विश्व घोषणा हुनु पर्छ : "हामी पुनः पहिलेकै अवस्थामा फर्कन चाहदैनौ । हामी पुनर्रुत्थानको नाममा पुरानै खाल्डोमा जाकिन चाहान्नौँ ।"

हामीले यसलाई अब 'पुनरुत्थान कार्यक्रम' भन्नू उपयुक्त हुँदैन । हाम्रो उदेश्य स्पष्ट बनाउन हामीले यसलाई पुनर्निर्माण कार्यक्रम भन्न सक्छौँ । यसलाई सम्भव बनाउनका लागि व्यवसायिक क्षेत्रलाई मुख्य भूमिका निर्वाह गर्न दिनु र्पछ । कोरोना पछिको पुनर्निर्माण कार्यक्रमले सामाजिक तथा वातावरणीय चेतना वृद्धिको मुद्धालाई केन्द्र विन्दु वनाउनु पर्छ । यसलाई हरेक नीति निर्माण तहले ध्यान दिनु पर्छ ।

हाम्रो कार्यक्रमलाई हामी पुर्नउत्थान होइन पुनर्निर्माण कार्यक्रम भन्छौ । यसलाई सार्थक बनाउन व्यवसाय वा उधोगहरुलाई मुख्य भूमिका निर्वाह गराइनेछ । पूरानो प्रणाली भन्दा यसमा के फरक हुन्छ भन्ने कुनैपनि निर्णय गर्दा सामाजिक तथा वातावरणीय पक्षलाई केन्द्र विन्दुमा राखी गर्नेछ ।

यसका लागि कुनै पनि देशको सरकारले यकीन गर्नु पर्छ कि व्यवसाय क्षेत्रमा लगानी गर्दा उच्चतम वातावरणीय तथा सामाजिक हितको संरक्षण नहुदा सम्म कति पनि सुविधा वा रकम कसैलाई दिइने छैन । साथै पुनर्निर्माण सम्बन्धी सबै कार्यहरु सामाजिक, आर्थिक तथा वातावरणीय चेत सहितको अर्थतन्त्र निर्माण उन्मुख हुनु र्पछ ताकि सबै समाज, मुलुक एवं विश्वले नै रुपान्तरणको महशुष गरोस् ।

समय अहिले हो ।

हाम्रो पुनर्निमार्णको काम सामाजिक भावले प्रेरित योजना सहित प्रारम्भ हुनु पर्छ । योजनाहरु तर्जुमा गर्ने काम अहिलेकै चरम संकटको घडीमा शुरु हुनु पर्छ । संकट टरे पछि योजना तर्जुमा गर्दा हडवढाहटमा पुरानै तौर तरिका र विचार अनुसारनै हुन जान्छ । पुरानै अनुभव, विचार तथा नजिरहरुको चाङ लाग्न थाल्छ । नवीन विचार तथा प्रयासहरुलाई अप्रमाणीत नीति भन्दै पाखा लाउने काम हुन जान्छ । जुन वेला हामीले ओलम्पिक गेम सामाजिक व्यवसाय हुनु पर्छ भन्ने प्रस्ताव गऱ्यौँ विपक्षीहरुले यस्तै तर्क गरे । तर अहिले २०२४ को पेरिस ओलम्पिक उत्साहजनक रुपमा सामाजिक व्यवसायको रुपमा डिजाइन गरिदै छ । त्यसैले हामीले हतारमा काम शुरु गर्नु भन्दा अगाडी नै तयार हुनु पर्छ र त्यो समय अहिले हो ।

सामाजिक व्यवसाय

पुनर्निर्माणको योजनामा मैले नयाँ स्वरुपको व्यवसाय - सामाजिक व्यवसाय वा उधोग बनाउन प्रस्ताव गरेको छु । यो पूर्णतः समुदाय वा समाजको समस्या समाधान उन्मुख उधोग वा व्यवसाय हुन्छ । यसमा लगानीकर्ताले सुरुमा आफुले लगानी गरेको पुजी सुरक्षण गर्ने बाहेक थप व्यक्तिगत फाइदा अथवा मुनाफा लिदैन । लगानीकर्ताको आफ्नो लगानी उठेपछि बचेको मुनाफा व्यवसाय बृद्धि तथा विकासमा लगाइन्छ ।

सरकारहरुसँग नयाँ तरिकाले सामाजिक उत्तरदायित्व वहन गर्ने उधोगलाई प्राथमिकता, बढावा तथा प्रवर्द्धन गर्ने थुप्रै अवसरहरु हुनेछन् । साथै आवश्यकता परेका बेलामा एकै पटक, एउटै आकारमा, जहाँसुकै पनि सामाजिक व्यवसाय वा उधोग प्रवर्द्धन गर्न सकिन्छ भन्ने अपेक्षा पनि गर्नु हुँदैन । सामाजिक व्यवसाय संचालनमा आउन केही समय लाग्ने ठाउँहरुमा सरकारले विपन्न तथा बेरोजगारको भलाईका लागि हाल संचालन भै रहेको कल्याणकारी कार्यक्रम, लघुवित्त कार्यक्रम, स्वास्थ्य सेवा, अत्यावश्यक सेवा क्षेत्रको पुनरुत्थान तथा अन्य व्यापार व्यवसाय क्षेत्रलाई सघाउने योजनाहरु ल्याउनु आवश्यक हुन्छ ।

सामाजिक व्यवसाय शुरुवात गर्नका लागि सरकारले केन्द्र देखि स्थानीय स्तरसम्म सामाजिक व्यवसाय पूँजीकोष स्थापना गर्न सक्छ । यसका लागि निजी क्षेत्र, प्रतिष्ठानहरु, वित्तीय संस्थाहरु, लगानीकोष लगायत सबैलाई सामाजिक विकासका लागि उत्प्रेरित गर्न सक्छ । सामाजिक उधोग पूँजीकोष बनाउन परम्परागत कम्पनीहरु आफैले सामाजिक व्यवसाय शुरु गर्न अथवा साझेदार बन्न उत्साहित गर्नु पर्छ । व्यापारी तथा व्यवसायीहरुलाई पनि या त आफै सामाजिक व्यवसाय स्थापना गर्न वा अरु सामाजिक व्यवसायी सँग साझेदारीमा सामाजिक उधोग सिर्जना गर्न प्रोत्साहन गर्नु पर्छ ।

पुर्ननिर्माण कार्यक्रम अन्तरगत सामाजिक उधोग प्रर्वद्धन गर्न सरकार आफैँले पनि लगानी गर्न सक्छ अथवा व्यवसायीक कम्पनीहरुलाई किनेर अथवा उनिहरु सँग सहकार्य गरेर सामाजिक व्यवसायमा परिणत गर्न सक्छ । केन्द्रीय बैंकले पनि यस्तो व्यवसायलाई अरु वित्तीय संस्था सरह शेयर बजारमा सूचिकृत गरी पूँजी प्राप्त गर्न अनुमति दिन सक्छ ।

पुनर्निर्माणको बेला धेरै अवसरहरु सृजना हुन्छन । यस्तो अवसरको सदुपयोग गर्न सरकारले सामाजिक व्यवसाय स्थापनामा धेरै भन्दा धेरै लगानीकर्ताहरुलाई समेट्नु पर्छ ।

को हुन् सामाजिक व्यवसायका लगानीकर्ताहरु ? उनीहरुलाई कहाँ खोज्ने ?

लगानीकर्ताहरु जतातते छन् । हामी उनीहरुलाई देख्न सक्दैनौँ किन भन्ने हाम्रो वर्तमान अर्थ व्यवस्थाको पाठ्यपुस्तकहरुले उनिहरुको अस्तित्वलाई चिन्दैन । त्यसैले हामी पनि उनिहरुलाई

देख्न सक्दैनौँ । हालैमात्र अर्थशास्त्रको केही नयाँ पाठ्यक्रममा सामाजिक व्यवसाय, सामाजिक उद्यमशिलता, प्रभावमुखी लगानी, गैर नाफा मुलक संस्था जस्ता विषयहरु सहायक मुद्दाको रुपमा समावेश हुन थालेको छ ।

जबसम्म अर्थशास्त्रलाई एउटा मुनाफा वृद्धि गर्ने विज्ञानका रुपमा मात्र हेरिन्छ तबसम्म सामाजिक व्यवसाय र वातावरणीय पक्षहरुलाई ध्यान दिने पुनर्निर्माण कार्यक्रमहरु अगाडी बढन सम्भव देखिदैन । अवको रणनीति अर्थतन्त्रमा वृद्धिका साथै त्यसमा सामाजिक व्यवसायको अनुपातलाई बढाउन ध्यान दिने हुनुपर्छ ।

अर्थतन्त्रमा सामाजिक व्यवसायको सफलता देखिन अर्थतन्त्रमा यस्तो व्यवसाय वा उधोगहरुको अनुपात वृद्धि हुनुपर्छ । साथै एउटै उद्यमीले नाफा सहितको र नाफा रहित सामाजिक उधोगहरु संग संगै संचालन गर्नेको संख्या तिब्रगतिमा बढाउनु पर्छ । यसो भएमा समाजिक तथा वातावरणीय चेतनायुक्त अर्थ व्यवस्था शुरुवात भएको मान्न सकिन्छ ।

यस ऐतिहासिक अवसरबाट फाइदा उठाउन विश्वका विभिन्न देशका सरकारहरुले अहिलेको विश्वको आवश्यक्तालाई ध्यान राखी व्यवसायी र लगानीकर्ताहरुलाई उच्च स्थान दिई पुननिर्माण कार्यक्रममा अग्रसर हुने आव्हान गरेमा सामाजिक व्यवसाय संचालकहरु र यसमा लगानी गर्नेहरु उत्साहर्पुवक लाइन लागेर अगाडी आउने छन । यस्तो सामाजिक उधमीहरुको समुदायमा साना मसिना उधमी तथा लगानीकर्ता मात्र हुने छैन । ठूलठूला वहु-राष्ट्रिय कम्पनीहरु, ठूलठूला सामाजिक कोषहरु, संस्थागत निकायहरु, ट्रष्टहरु, फाउनदेशनहरु ठूलठूला अन्तराष्ट्रिय र राष्ट्रिय सामाजिक व्यवसाय संचालन गरी अनुभव र नामै कमाएका संस्थाहरु र प्रतिभावान कार्यकारी प्रमुखहरु समेत समावेश हुने छ र एउटा नयाँ प्रणालीको निर्माण हुनेछ ।

जब सामाजिक उद्यमशीलताको अवधारणाले सरकारहरुको ध्यान तान्न थाल्ने छ धेरै व्यक्तिगत फाइदा र नाफा मात्र हेर्ने दिगज व्यवसायीहरु पनि विस्तारै आफ्नो प्रतिभा सहित सक्षम र सफल सामाजिक उद्यमी बन्ने तिर लाग्न लालायित हुने छन् र जलवायु परिवर्तन, बेरोजगारी तथा पुँजीको केन्द्रिकरणको कारण उत्पन्न आर्थिक मन्दी तथा सामाजिक द्वन्द निवारणमा महत्त्वपूर्ण भूमिका खेल्न अगाडी आउने छन् ।

मानिस जन्मले नै उद्यमी हुन, अरुको कामदार होइनन् ।

पुनर्निर्माण कार्यक्रमको माध्यमबाट सरकार र नागरिक बिच कामको परम्परागत विभाजन तोड्नु आवश्यक छ । नागरिकको दायित्व उसको परिवारको हेरविचार गर्ने र कर तिर्ने हो र सरकारको दायित्व जलवायु परिवर्तन, रोजगारी, स्वास्थ्य, शिक्षा, खानेपानी लगायत साझा समस्याहरुको समाधान गर्ने कार्यहरु गर्नु हो भन्ने मान्यता रहि आएको छ । पुनर्निर्माण कार्यक्रमले राज्य र नागरिक बिचको यस्तो विभाजन रेखालाई तोड्न जरुरी छ र सबै नागरिकलाई अगाडी आएर आफ्नो प्रतिभा तथा क्षमता अनुसार सामाजिक उद्यमशीलता सिर्जना गरेर समस्या समाधानकर्ता भएर काम गर्न प्रोत्साहित गर्नु पर्छ । बढी भन्दा बढी संख्यामा त्यस्तो व्यवसायी बढाउन र व्यापक वनाउन सकेमा यस्तो व्यक्तिहरुको सानो प्रयासहरुले पनि समष्ठिगतमा एउटा वृहत राष्ट्रिय अभियानको रुप लिन्छ ।

सामाजिक उद्यमीहरुबाट तत्कालै सम्वोधन गर्न सकिने एउटा समस्या भनेको अर्थतन्त्र धरासय भएको कारणबाट सिर्जना भएको बेरोजगारी हो । सामाजिक उद्यमका लागनीकर्ताहरुले यस क्षेत्रमा लगानी गरेर बेरोजगारलाई उधमीमा रुपान्तरण गर्न सक्छन । मानिसहरु जन्मलेनै उधमी हुन काम खोजेर हिंडने कामदार होइने भन्ने देखाउन सक्छन् । सामाजिक उद्यमहरुले सरकारी प्रणालीसँग सहकार्य गरी स्वस्थ र सक्षम स्वास्थ्य प्रणाली निर्माणमा पनि संलग्न हुन सक्छ ।

सामाजिक व्यवसायको लगानीकर्ता एउटा व्यक्ति नै हुनु पर्छ भन्ने जरुरी छैन । लगानी कोष, फाउन्डेशन, ट्रष्ट, सामाजिक उद्यमशीलता व्यवस्थापन कम्पनी जस्ता संघसंस्थाहरुले पनि लगानी गर्न सक्छन । नाफा उन्मुख कंपनीका धनीहरु संग कसरी रामो सम्बन्ध कायम गर्ने र सहजीकरण गरी संग संगै काम गर्ने भन्ने तरीकाहरु सामाजिक व्यवसाय सम्बन्धित संघ संस्थाहरुलाई राम्ररी थाहा छ । सरकारहरु लगायत सबै जनमानस अहिले कोरोनाबाट भएको क्षती र विपतिबाट कसरी उन्मुक्ति पाउने भन्ने सोच र सन्तापमा सबै डुबेको छन् । नयाँ ढंगले काम गर्ने बेला यही हो । यसका लागि सरकारहरुबाट पुर्ननिर्माणमा सहभागी हुन नयाँ सामाजिक व्यवसाय र उधोगहरु सुरुवात गर्न सबै व्यवसायी, लगानीकर्तालाई एउटा आव्हान गर्नु पर्छ । उनीहरुलाई प्राथमिकता दिने छ भन्ने नीतिगत घोषणा गर्नुपर्छ । यस्तो घोषणाले ठूलो मान्यता राख्छ । अनुमानै नगरेको संख्यामा नयाँ नयाँ कार्यहरु, व्यवसायहरुको उदय हुन थाल्छ । के महिला के पुरुष, के युवा के प्रौढ सबैले यस नयाँ पुननिर्माण कार्यक्रमा उत्साहित भएर सहभागी हुनेछन् । नेतृत्वको लागि यो एउटा परिक्षण पनि हो, अवसर पनि हो ।

हामी संग सुरक्षित हुने ठाउँ हुने छैन

यदि हामीले कोरोनापछि सामाजिक तथा वातावरण सचेत कार्यक्रमहरु ल्याउन सकेनौ भने कोरोनाको भन्दा धेरै गुणा ठुलो बिपत हाम्रो अगाडी आउने छ । हामी कोरोनाबाट आफ्नो घर बचाउन सकौला तर अैले विश्वलाईनै पिरोलिएको जल्दाबल्दा सवालहरुलाई सम्वोधन गर्न सकेनौ भने आक्रान्त मानवजगत र रिसाएको प्रकृतिबाट बच्न संसारभर कुनै ठाउँ हुने छैन ।

(लेखक सन् २००६ का नोवेल शान्ति पुरस्कार विजेता हुनुहुन्छ ।)

❖❖❖

स्वावलम्बन विकास केन्द्रको ३० बर्षे यात्रा अनुभूती

शंकर मान श्रेष्ठ

स्वावलम्बन विकास केन्द्र स्थापनाको पृष्ठभूमि

मलाई स्वावलम्बन विकास केन्द्र जस्तो एउटा संस्थाको आवश्यकताको महशुस २०४५ सालतिर कृषि विकास बैंकमा काम गर्दा देखिनै भएको हो । उ वेला कृषि विकास बैंकले नेपालमा कृषि क्षेत्रको विकासमा ठूलो योगदान गरेको थियो । विकास बैंकको हिसावले त्यहाँको काम गर्ने चालचलन, गतिविधि, तौर तरिका अझ गरीव र विपन्न समुदायमा पुगेर काम गर्ने शैलिले नेपालका गरीव किसानलाई निकै ठुलो राहत दिएको थियो । कृषि विकास बैंकले गरीवको लागि भनेर साना किसान विकास कार्यक्रम पनि संचालन गरेको थियो । त्यसले अत्यन्त दीनहीनहरुको दैलोमा गएर काम गर्थ्यो । यो कार्यक्रमले शुरुको दिनमा निकै राम्रो काम गर्‍यो । यो निकै सफल र लोकपृय कार्यक्रम वन्यो । त्यसमा काम गर्ने कर्मचारी पनि उत्साहित थिए । विस्तारै यसमा राजनीतीकरण हुन थाल्यो र नेताको भनसुनमा कर्मचारी खटनपटन हुन थाले । संस्थामा राजनीतिज्ञका आफ्ना मान्छे भर्तिहुन थाले । नेताहरुले गाउँ गाउँ पुगेर साना किसान कार्यक्रमका आयोजना पारि दिने आश्वासन वाँडन थाले र कर्मचारीलाई सोही अनुरुप दवाव दिने प्रचलन वढ्यो । यसको परिणाम कृषि विकास बैंकको साना किसान कार्यक्रममा विकृति र विसंगति आउन थाले । नेताहरुको मान्छेहरुले साना किसान कार्यक्रमको नाममा ऋण लिन थाले । ऋण लिएको पैसा पनि मिनाह गर्छ कि भन्ने आशमा ऋण नतिर्दा ऋणको भाखा नाघ्न थाल्यो । एकताका भाखा नाघेको ऋण करिब ५० देखि ६० प्रतिशत सम्म पुग्यो ।

म कृषि विकास बैंकमा कृषि कर्जा तालिम केन्द्रको निर्देशक हुदाँ बंगलादेश भ्रमणमा जाँदा आफ्नै पहलमा त्यहाँको ग्रामीण बैंकको अध्ययन गरेँ । प्रो. मोहम्मद युनूस संग पहिला देखि चिनजान पनि थियो । विभिन्न अन्तर्राष्टिय फोरमहरुमा संगसंगै सहभागी पनि भएको थिए । त्यहाँ प्रो. मोहम्मद युनूसलाई भेटे । उहाँको संस्था ग्रामीण बैंकको तौरतरिका अध्ययन गरेँ । ग्रामीण बैंकको सफलताको प्रमुख आधार तालिम प्राप्त जनशक्ति हो भन्ने कुरामा म विश्वस्त भए । त्यहाँ सैद्धान्तिक र व्यवहारिक तालिम दिई सके पछि मात्र कर्मचारीको नियुक्ति हुने गर्थ्यो नेपाल फर्के पछि मैलै कृषि विकास बैंकमा साना किसान कार्यक्रमको लागि पनि दक्ष जनशक्ति उत्पादन गर्न छ महिनाको तालिम दिनु पर्छ भनेर प्रस्ताव राखेँ । शुरुमा कृषि विकास बैंकमा दक्ष जनशक्ति छदैछ र तालिम चाहिदैन भन्ने आवाज उठ्यो । पछि तीन महिने तालिम चलाउन व्यवस्थापन सहमत भयो । त्यो तालिम प्राप्त गरेका जनशक्तिले प्रभावकारी काम गरे । समय वित्दै जाँदा राजनीतिक उद्देश्यले जतातते साना किसान आयोजना खोल्न थाले । विना तालिमनै आयोजना प्रमुख खटनपटन गर्न थाले । आयोजना प्रमुख खटाउने देखि विदेश भ्रमण पठाउने काम राजनीतिक जोडवलमा हुन थाल्यो । राजनीतिक खटन पटन वढि हुन थाले पछि त्यो प्रणालि पनि भताभुङ्ग भयो ।

कृषि विकास बैंकमा मैले अधिकांश समय फिल्डमा काम गरेर विभिन्न समुदायमा पुग्ने र समाजलाई भित्रै देखि बुझ्ने अवसर पाए । जुन क्षेत्र र समुदायमा पुग्थेँ त्यहाको आर्थिक, सामाजिक, सास्कृतिक अवस्थाको साथै समुदायमा विद्यमान शोषण तथा विभेदको अवस्था र कारणहरु पनि बुझ्ने कोशिस गरेँ । यहि क्रममा मैलै नेपालको प्रमुख समस्या भनेको गरिबि हो र धनीले गरीब माथि रजगज र शोषण गरेको देखेको थिँए । मैले मानिसहरु गरीब हुनुको कारणहरु पनि देखेको थिँए । साथै गरीबहरु इमान्दार छन भन्ने कुरा पनि बुझ्ने मौका पाएको थिए । गरीबहरुको कसरी शोषण हुने रहेछ भन्ने अनुभुति गर्ने मौका पाँए । गरीबहरुको ठूलो समस्या भनेको पैसामा पहुँच नहुनु हो भन्ने मेरो निश्कर्ष

थियो । ठिक तरिकावाट ठिक समयमा उनीहरुको हातमा पैसा पर्न सके उनीहरुले आफ्नो विकास आफै गर्न सक्छन भन्ने कुरा २०२३ सालमा वर्दियामा थारुहरु संग सहकारी मार्फत कर्जा कार्यक्रम सञ्चालन गर्दा सिकाई भएको थियो । त्यहाँका गरीब थारुहरुले पैसा नहुदा आफ्नो उत्पादन चाँडै र सस्तोमा साहुमहाजनलाई बेच्नु पर्दा उनीहरु ठगिएका थिए र पुस्तौँदेखि गरिबीको चक्रमा फसेका थिए । उनीहरुको उपज सहकारीमार्फत वेचविखन गर्ने प्रक्रिया शुरु गरे पछि राहत पाएका थिए । विक्रि हुने उपजको अनुमान गरी सहकारी मार्फत पेश्की ऋण दिए पछि उनीहरुको गर्जो टर्‍यो । र साहु संग चर्को व्याजको ऋण लिनु परेन । यसैले नेपालको विकास हामी आफैबाट सम्भव छ र यसको लागि हामीसंग उपलब्ध श्रोत र साधनहरुको उचित उपयोग गर्न सक्नु पर्छ भन्ने निष्कर्षमा पुगेको थिँए ।

स्थानीय समुदायहरु संग भएको सीप, साधन स्रोत परिचालन गर्न सके गरीबहरुलाई स्वावलम्बी र आत्मनिर्भर वनाएर विकास गर्न सम्भव छ भन्ने सोचका साथ २०४८ साल साउन २८ मा म लगायत ९ जना साथीहरु मिलेर स्वावलम्बन विकास केन्द्र दर्ता गरेका थियौँ । त्यसै मितिलाई नै केन्द्रको जन्मदिवसको रुपमा मनाउदै आएका छौँ ।

यस पुनीत कार्यमा मलाई मेरा मित्रहरु गणेश राम श्रेष्ठ र लुमिन कुमार श्रेष्ठले हौसला वढाइ दिनु भएको थियो । म लगायत डा. राम प्रकाश यादव, स्व. नन्दराम बैद्य, गणेश राम श्रेष्ठ, लुमिन कुमार श्रेष्ठ, डा. दीपक बज्राचार्य, डा. सुमित्रा मानन्धर गुरुङ, रमेश गोंगल, किरन मान सिंहको सहभागितामा संस्था स्थापना भयो । मैले कृषि विकास बैंक वाट राजिनामा दिई कार्यकारी प्रमुखको जिम्मेवारी लिएको थिँए । मेरो सहयोगीको रुपमा सर्व प्रथम स्व. केशर वहादुर श्रेष्ठ र त्यसपछि मुकुन्दवहादुर विष्टले पनि कृषि विकास बैंकवाट राजिनामा गरेर मलाइ साथ दिनु भयो । उहाँहरु दुबैले निर्देशकका रुपमा कार्यारम्भ गरे भने एक बर्ष पछि राम कुमार श्रेष्ठले पनि कृषि विकास बैंकबाट राजिनामा दिई संस्थामा उप-निर्देशकको रुपमा काम थाल्नु भयो र संस्था क्रमशः अगाडि वढ्यो । संस्थाको यात्रा अगाडि वढाउनमा टिमको ठुलो भूमिका थियो । कसैमा पनि पैसाको मोह थिएन । मिसन सफल वनाउन मै दत्तचित्तले लागेका थिए ।

स्वावलम्बन यात्राको प्रारम्भ

स्थापना कालमा हाम्रो उद्देश्य भनेको गरीब तथा विपन्न वर्गका मानिसमा चेतना जगाएर संगठित वनाउने र उनीहरु आफैसंग भएको स्रोत र साधनको परिचालन गरी जीवनस्तर माथि उकास्ने थियो । यो कामको शुरुवात गर्न हामीले नेपालको सबैभन्दा पिछडीएको, विकट र विपन्न समुदायको वसोवास रहेको कर्णालीको जुम्ला जिल्लालाई रोजेका थियौँ । जव हामीले परियोजना निर्माण गर्‍यौँ त्यही वेला जुम्लामा क्यानडीएनहरुको पनि एउटा सानो कार्यक्रम रहेको थियो । स्थानीयले मुसाले निकै दुख दिएको गुनासो गरे पछि उनीहरु त्यहाँ मुसा मारेर वसेका थिए । उनीहरुले बचत र ऋणको कार्यक्रम गर्ने सोच पनि वनाएका रहेछन् । तर त्यसको लागि उनीहरुसंग आवश्यक ज्ञान र दक्ष जनशक्ति थिएन । त्यसैले हामीसंग उनीहरुले सहकार्य गर्न प्रस्ताव गरे र हामीले पनि त्यसलाई स्वीकार्‍यौं । परियोजना शुरुवातमा हामीले सहभागिता मुलक ग्रामीण लेखाजोखा विधि अपनाएर स्थानीयका आवश्यकता र चाहाना संगै उनीहरुको क्षमता पहिचान गर्‍यौँ । सोही अनुसार त्यहाँको मुख्य समस्या सरसफाई, पोषण, खाने पानी तथा कृषि जन्य उत्पादनको कमी देखियो र त्यसैलाई आधारमानी काम शुरु भयो ।

त्यो वेला जुम्लाको समाज आर्थिक, सामाजिक रुपमा विपन्न र पिछडिएको थियो । सामाजिक कुरीतिहरु व्याप्त थिए । समुदायका मानिसमा स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रमा चेतनाको ठुलो अभाव थियो । त्यो वेला हामीले चेतना बृद्धि र सामाजिक परिचालनमा वढी ध्यान दिएका थियौँ । जुम्लामा त्यो बेला सवै भन्दा ठुलो समस्या स्वास्थ्यको थियो । गाउँमा शौचालय थिएनन् । सबै जसोले खुला ठाउँमा खास गरी हिडने वाटोमा दिशापिशाब गर्थे । हरेक बर्ष रोग तथा महामारीको जोखिम हुन्थ्यो । म आफैले त्यहाँ वस्दा एकै दिनमा हैजाको महामारीले २६ जना मानिसको ज्यान लिएको थाहा पाएको थिँए । हैजा लागेको मानिसलाई पानीसम्म खान नदिएर गाउँभन्दा टाढाको जंगलमा लगेर राख्ने चलन देखेँ । विरामीको खुट्टामा लामो धागोले वाँधेर टाढाबाट वेलावेला धागो तान्ने गरिन्थ्यो । धागो तान्दा प्रतिक्रिया दिए जीउदै छ भन्ने हुन्थ्यो भने प्रतिक्रिया आउन छाडेपछि मृत्यु भएको एकिन गरी लास तिला नदीमा फालिन्थ्यो । पछि हामीले शौचालय वनाउने लगायत अरु स्वास्थ्यका कार्यक्रम शुरु गर्‍यौँ ।

उ बेला जुम्लामा ९० प्रतिशत मानिस आँखा, दम तथा स्वास प्रश्वास जस्ता रोगवाट पिडीत थिए । त्यसको मुख्य कारण घर भित्रको धुवाँ थियो । जाडो ठाउँ भएकोले धेरैको झ्याल नभएको घर हुन्थे । घरको विचमा चुल्हो वनाएर खाना पकाउने र आगो ताप्ने गर्थे । हामीले धुवाँ रहित चुलो प्रदान गर्‍यौँ । यसमा क्यानडिएनहरुको सहयोग थियो । यसले स्वास्थ्यका साथै दाउराको कम प्रयोग हुन थाल्यो र वन संरक्षणमा पनि टेवा दियो । उ वेला कर्णालीमा महिला बच्चा जन्माउने मेसिन जस्तै थिए । गाउँमा भेटेका एक जना महिलाले मलाई म सुडेनी, यो बच्चा जन्माउने लाइसेन्स भन्दै भारतमा रेल चढ्दा दिने टिकट देखाएकी थिइन् । त्यहाँ एक जना अर्को महिलाले २४ वटा वच्चा जन्माएको

छलफलमा स्वावलम्बन समूह जुम्लाका महिलाहरू

सहभागितामूलक ग्रामीण लेखाजोखा गर्दै केन्द्रका कर्मचारी

र ३वटा मात्र बाँचेको कुरा सुनाएकी थिइन् । उ वेला त्यहाँको वाल मृत्युदर पनि अत्यन्तै उच्च थियो । त्यहाँ आफ्नो सम्पूर्ण जायजेथा सकेर, मोटो रकमको जारी तिरेर अरुको श्रीमती विहे गर्ने जस्ता सामाजिक कुसंस्कारहरु विद्यमान थिए । छाउपडि प्रथा त थियो नै । यस्तो अवस्थामा हामीले पैसा भन्दा पनि उनीहरुलाई चेतना दिनु पर्ने जरुरी ठान्यौं । त्यसैले स्वावलम्बन विकास केन्द्रले शुरुवातमा स्वास्थ्य तथा सरसफाईको कार्यक्रम थालेकु थियौं । प्रत्येक घरमा शौचालय वनाउन लगाएका थियौं । कुनै नगद सहयोग दिएको थिएन ।

कर्णालीमा ऊ बेला केही अन्न, आलु र सिमी जस्ता वाली मात्र फल्थ्यो । तरकारी लगाउँदैनथे । कुपोषणको समस्या निकै ठुलो थियो । बच्चाहरु अधिकांश कुपोषित थिए । बच्चाहरुलाई कसरी पोषण मिलाएर खुवाउने भन्ने ज्ञान पनि थिएन । त्यसो त जडीबुटीको निकै धनी कर्णाली क्षेत्रमा पोषिलो खाने कुरा पनि हुन्थ्यो । तर भएका साधन, स्रोतको सही पहिचान, परिचालन र उपभोग गर्ने ज्ञान थिएन । यातायातको समस्याले पनि धेरै साधन विनिमयमा समस्या थियो ।

हामी सँग पनि त्यो बेला धेरै स्रोत साधन थिएन । हामीले कृषि विकास बैंकको एक जना साथी जंगवहादुर खड्कालाई परियोजना व्यवस्थापकको रुपमा त्यहाँ पठाएका थियौं । उहाँको नेतृत्वमा १२-१४ जनाको टिमले करिब ४ वर्ष त्यहाँको परियोजना सफलता पूर्वक संचालन भयो । हामीले अरु टिम सहकर्मीमा धेरै जसो स्थानीय युवाहरु नै रोजेका थियौं । पछिल्लो दुई वर्ष कृषि विकास बैंक कै कीर्ति देवकोटाले परियोजना व्यवस्थापकको जिम्मेवारी समाल्नु भएको थियो । हामीले दुईवटा गाउँ विकास समितिबाट काम सुरु गरेका थियौं । पछि सबै गाउँमा विस्तार गर्यौं । हाम्रो कार्यशैलीबाट गाउँको मान्छे सन्तुष्ट हुनु जरुरी थियो । गाउँलेसँग भिजेर काम गर्ने भएकोले हामीले सफलता पायौं र त्यो भेगमा केन्द्रको राम्रै छवि बन्यो । पछि अरु गाउँ विकास समितिबाट पनि हामीलाई काम गरी दिन माग आउन थाल्यो र ती ठाउँमा पनि कार्यक्रम विस्तार गर्यौं । निकै कम खर्चमा परियोजना सञ्चालन गरेका थियौं । जुम्लाको वासिन्दाले स्वावलम्बनलाई अहिले सम्म पनि सम्झेको सुनिन्छ ।

हामीले कृषितर्फ गाँजर खेतीबाट सुरुवात गरेका थियौं । जुम्लाको कृषि फार्ममा वर्षौदेखि गाँजर फलेको थियो । तर गाँजर भनेको के हो भन्ने स्थानीय बासिन्दाहरुलाई थाहा थिएन । हामीले जुम्लाको कृषि फार्मबाटै गाँजरको विउँ लिएर स्थानीय जंगवीर नामका किसानलाई गाँजर रोप्न प्रोत्साहन गर्यौं । जंगवीरको ऊ बेला २८ रुपैयाँको कोदो फल्ने वारी थियो । हामीले २८ रुपैयाँ बराबरको गाँजर फलेन भने परियोजनाले व्यहोर्ने शर्तमा गाँजर रोप्न प्रोत्साहन गरेका थियौं । सुरुमा समुदायका मानिसले उनलाई जरा रोपेको भनेर गिज्याए । तर गाँजर फले पछि सबैलाई खानमा मिठो लाग्यो । हामीले त्यसको विउँ बनाएर काठमाडौंमा बेच्ने व्यवस्था गर्यौं । यसबाट जंगवीरले ३ हजार जती आम्दानी गरे । २८ रुपैया बराबरको कोदो फल्ने वारीमा ३ हजार आम्दानी हुँदा उनी निकै हर्षित भए । यसको प्रभावले दोस्रो पटक अरु १४जना किसान गाँजर खेती गर्न तयार भए । पछि त गाँजर बारीवाटै चोरी हुन थालेछ र किसानले तारबारको माग गरेका थिए । तेस्रो लटमा २८ जना र अनि एक सय जना भन्दा बढीले गाँजर खेती गरे । धेरैले रोपे पछि गाँजर चोरीको समस्या त्यसै समाधान भयो । त्यस्तै काउली, बन्दा धेरै जसो मानिसले देखेको थिएनन् । पछि हामीले त्यो उत्पादन पनि सुरु गर्यौं । ऊ बेला जुम्लामा यसले उनीहरुको आयआर्जनमा ठुलो सुधार हुनुको साथै पोषणमा ठुलो क्रान्ति ल्याएको थियो । हामीले जुम्ला जस्तो ठाउँमा सरकारी फार्मबाट प्रविधि किसानको खेतमा पुऱ्यादियौं । हाम्रो अभियानको उद्देश्य स्थानीयलाई मुख्यतया: स्वावलम्बी बनाउनु थियो । अरुसँग हात थाप्ने भन्दा पनि आफैसँग भएको स्रोत, साधानको प्रयोग गरी जीवनस्तर उकास्न सक्षम बनाउनु थियो ।

ऊ बेला हाम्रो कार्यक्षेत्र जुम्ला र केही समय पछि कालिकोट भौगोलिक रुपमा धेरै विकट थियो । आवतजावतमा कठिनाई थियो । सुर्खेतबाट ४, ५ दिन हिडनु पर्थ्यो । जुम्लाको जहाजको प्लाइट पाउन कठिन हुन्थ्यो । महिना दिन अघि देखि एयरपोर्टमा धर्ना बस्नु पर्थ्यो । त्यहा जाँदा आफ्नो खाने तथा बन्दोबस्तीका सामान आफैंले बोकेर लानु पर्ने अवस्था थियो । त्यो बेला कर्णालीमा सरकारी कार्यालय र अरु केही परियोजनाहरु पनि गएका थिए । कर्णाली विकास परियोजना (केवर्ड) लगायत धेरै

जुम्लामा किसानले उत्पादन गरेको गाजरको बिऊ

परियोजनाले स्थानीय मानिसको बानी बिगार्ने काम गरेका थिए । एउटा संस्थाले प्रौढ शिक्षा चलाएको थियो । त्यसको लागि मट्टितेल ढुवानीको टेण्डर गरे । स्थानीय स्तरमा एक लिटर ८, ९ रुपैयाँमा पाउथ्यो । तर टेण्डर गराए पछि मट्टितेलको भाउ ३५ रुपैयाँ पुग्यो । पछि जुम्लामा मट्टितेलको भाउ नै ३५ रुपैयाँ भयो र स्थानीयलाई मर्का पऱ्यो । गाउँ घुम्दै जाँदा मलाई एक जना स्थानीयले पुल देखाएका थिए । गाउँलेले बनाउदा ५, ७ हजारमा बनाउन सक्ने काठको पुल बनाउन परियोजनाले ९५ हजार रुपैयाँ खर्च गरेको रहेछ । गैरसरकारी र सरकारी परियोजनाहरुले स्थानीय समुदायमा यस्ता धेरै किसिमका नराम्रो संस्कार बसालेका थिए । स्थानीय धनीमानीलाई पोस्ने र गरीबलाई थप दुःख दिने काम भएको थियो । हामीले हाम्रो टिमलाई यसमा राम्रोसँग सिकाएर व्यवहार र आचरण सम्वन्धी कडा निर्देशनको साथ पठाएका थियौँ । त्यही अनुसारको टिम पनि बनाएका थियौँ ।

जुम्लामा हामीले १४, १५ वटा बचत समूहहरु पनि गठन गरेका थियौँ । समूहहरुले पैसा आफैँ जम्मा गरेर आफ्नै विचमा लागानी गर्थे । हरेक गाउँमा कम्तिमा एउटा बचत समूह बनाएर हप्ताको ३, ४ रुपैयाँ बचत गर्न सुरु गरेका थियौँ । सुरुमा बचत हुँदैन कि भन्ने लागेको थियो तर पछि बचत बढी र लगानी कम हुने समस्या भएको थियो । यहाँको सबैजसो युवाहरु हिउँदमा कम्तिमा ७ महिना कामको लागि बाहिर जाने प्रचलन थियो । विदेश जाने युवाहरुलाई त्यो बचत लगानी गऱ्यौँ । त्यो बेला स्थानीय साहुमहाजनले निकै चर्को व्याज लिने चलन थियो । उनीहरुलाई पनि सस्तोका पैसा चलाउन पाउँदा राहत भयो । धेरै जसो बचत समुह महिलाहरुको थियो । त्यहाँका महिलाहरु निकै काम गर्ने मेहनती तर पूरुषहरु धेरैजसो तास खेलेर वा अरु रमाइलो गरेर समय विताउथे । पछि आफ्नै गाउँमा बैंक जस्तो भए पछि व्यापार, व्यवसाय र स्थानीय उद्यममा पनि पुरुषको सहभागिता हुन थाल्यो । लगानीको क्षेत्र खोज्ने वातावरण पनि बन्यो । त्यहाको मानिसले आफुलाई आवश्यक उद्यमहरुको विकास र शुरुवात गरे । दैनिक आवश्यकताको सामानमा पनि पहुँच पुग्यौ र सहजता भयो । हाम्रो कार्यक्रमले महिला सशक्तीकरण, आत्मनिर्भरता लगायत धेरै कुरामा परिवर्तन ल्याएको थियो ।

त्यहाँ ऊ बेला हामीले सुरु गरेको बचत तथा ऋणको ढाँचा मात्र हो । बरु त्यो बेला शुरु गरेको चन्दननाथ सहकारी संस्थाले अहिले ग्रामीण मोडेलको लघुवित्त सञ्चालन गरी जिल्लाभरी लघुवित्त सेवा घर दैलोमा पुऱ्याएको छ ।

सामुदायिक स्वावलम्बन विकास परियोजना नाम दिएको हाम्रो परियोजना सफल देखे पछि क्यानडाबाट ठूलठूला मानिसहरु पनि हेर्न आए र प्रशंसा गरे । पछि उनीहरुले आफैले श्रृजना गरेको नयाँ परियोजनाको अवधारणा जस्तो देखाई समुदायमा आधारित विकास आयोजना नामाकरण गरी वैतडी र डडेल्धुरामा पनि विस्तार गरे । हामीबाट सिकेर पछि केही बुट्टा भरेर उनीहरुको क्यानडा सरकारलाई प्रतिवेदन दिदा सबै आफैले गरेको जस्तो गरी हाम्रो नामै उल्लेख नगरेको एउटा रिपोर्टमा मैले देखेको थिए । पछि मैले यो के पारा हो भनेर त्यहाँका राष्ट्रिय निर्देशकलाई हप्काएँ । उनले सरी भनेर टारे । विदेशीको ताल यस्तै रहेछ । जुम्लामा शुरु भएको एक बर्ष पछि नै हामीले SNV को कर्णाली स्थानीय विकास परियोजना (KLDP) संगको सहकार्यमा कालिकोटमा पनि जुम्ला मोडेलमै सामुदायिक विकास परियोजना शुरु गऱ्यौँ । त्यहाँ बाबुराम सिंह थापाको नेतृत्वमा ५-६ जनाको टिम पठाएका थियौँ । जुम्लामा व्यवहारिक तालिम प्राप्त गरे पछि उनीहरु त्यहाँ गएका थिए । त्यहाँ जुम्लामा भन्दा पनि छिटो परिणाम देखियो । हाम्रो कामको द्रुत गतिवाट आएको परिणममा SNVका मान्छेहरुले विश्वास गर्नै सकेनन् । उनीहरुलाई हामीले पेश गरेको प्रतिवेदन नक्कली भयो पनि लाग्यो । पछि त्यहाँ दिल्ली बाट आएको डच राजदुतको टोलिले भ्रमण गरे । सबै काम र परिणाम देखे पछि र स्थानीय जनतासँग कुराकानी गरे पछि राजदुत निकै प्रभावित भए र पछि हामीलाई प्रशंसा पत्र नै पठाएका थिए । त्यपछि KLDPको मानिहरुको स्वर फरक हुन थाल्यो । यसरी जुम्ला र कालिकोटमा स्वावलम्बन विकास केन्द्रले काम गरेर प्रशंसा बटुल्यो । हाम्रो साथीहरुले गाउँलेहरु सँग मिलेर घुलेर काम गरे । लोभ लालच र व्यक्तिगत फाईदा नहेरी दिन रात खटेर काम गर्दा गाउँलेको सोच र कार्यमा परिवर्तन ल्याउन सफल भए । गाउँलेहरु भन्थे स्वावलम्बनले वाहिरी भन्दा हाम्रो भित्री विकास गरिदियो । सोचमा परिवर्तन ल्याइ दियो ।

कालिकोट पछि हामीले दाङ र सल्यान जिल्लाको केहि गाउँ विकास समितिहरुमा वातावरण संरक्षणमा समुदायलाई परिचालन गर्ने काम पनि गरेका थियौँ । त्यहाँ IDRC क्यानडा संगको सहकार्यमा Environmental Awareness Action Research Project (EAARP) परियोजना संचालन गरेका थियौँ । यसले स्थानीय स्वावलम्बी महिला समूहको अगुवाईमा स्थानीय स्तरका वातावरणीय समस्याको पहिचान गरी समाधान गर्ने र वातावरण बचाउन तथा संरक्षणका कामहरु गर्न जनचेतना जगाउने काम गर्थ्यो ।

ऊ वेला गाउँमा गएर काम गर्ने दक्ष जनशक्तिको निकै ठुलो अभाव थियो । हामीले ऊ बेला देखि नै तालिमहरुको आयोजना पनि गर्थ्यौँ । विशेष गरी बचत तथा ऋणको परिचालन र व्यवस्थापन (Mobilization and Management of Saving and Credit), नेतृत्व विकास तथा व्यवस्थापन (Leadership Development and Management) सहभागितामूलक ग्रामीण लेखा जोखा (Participatory Rural Appraisal-PRA), सामाजिक संस्था र स्वावलम्बन प्रवर्द्धन (Self-help Promotion and Community Organization), अभिलेखीकरण तथा लेखा व्यवस्थापन (Records and Accounts Keeping) जस्ता विषयमा स्थानीय विभिन्न संघ संस्थाहरुलाई तालिम दिने काम गरिन्थ्यो । यस्ता तालिमहरुले विभिन्न क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्ने र गाउँमा लागु भएका परियोजनाको सुखद परिणाम दिन ठुलो सहयोग पुग्थ्यो ।

लघुवित्त कार्यक्रमको शुरुवात

तराईको अवस्था हेरी तराइका जिल्लाहरुमा बढी प्रभावकारी हुने र विपन्नमा छिटो र ठोस परिवर्तन ल्याउन सकिने देखे पछि

हामीले ग्रामीण ढाँचाको लघुवित्त कार्यक्रम शुरु गर्ने कुरा भयो । वित्तीय कार्यक्रमको लागि पैसा धेरै आवश्यक पर्ने भयो । त्यसको लागि आर्थिक स्रोतको कुरा गर्दा शुरुमा हामीलाई ग्रामीण ट्रष्ट बंगलादेशसँग ५० हजार डलर माग गर्‍यौं । ५० हजार डलर त्यो वेलाको विनिमय दरमा १५, १६ लाख रुपैयाँ हुन्थ्यो र हामीले त्यो रकम प्राप्त पनि गर्‍यौं । त्यो सहयोग लिनको लागि प्रबन्ध समितिमा छलफल भयो । त्यसमा एउटा प्रावधान संञ्चालकहरुले जमानी बस्नु पर्ने शर्त थियो । संस्थाले नतिरेमा सञ्चालकरुले व्यक्तिगत रुपमा बुझाउनु पर्छ भन्ने थियो । यसमा लिन सबै तयार भए तर जमानी बस्नु पर्ने कुरा आए पछि सबैले असहज महशुस गरे । ५० हजार डलर ठुलो हो सफल भएन भने हाम्रो घर खेत जान्छ भन्दै साथीहरुले लगभग नलिने मानसिकता बनाए । त्यसपछि मैले सम्झौंताको अर्को प्रावधान देखाए । त्यसमा मेहनत गर्दा गर्दै पनि सफल भएन भने त्यसलाई अपलेखन पनि गर्न सकिन्न छ भन्ने लेखिएको थियो । त्यो देखाए पछि मात्र उनीहरु लिन तयार भए । त्यसैले बचायो । अन्तत हामीले त्यो कर्जा लियौं र ग्रामीण ढाँचाको लघुवित्त शुरु गर्‍यौं ।

मैले कृषि विकास बैंक, विराटनगर क्षेत्रिय प्रमुख हुँदाको बखत सिरहा, सप्तरी र उदयपुरका गाउँ गाउँ घुमेर त्यहाँको अवस्था र गरिबी देखेको थिएँ । यो तीन वटा जिल्लामा गरिबी चरम अवस्थामा थियो । सडक र राजमार्ग बनेको कैयौं वर्ष भए पनि जनजीवनमा खासै सुधार भएको थिएन । त्यो पैसाबाट हामीले सबैभन्दा धेरै गरिबी कहाँ छ भनेर खोज्दै जाँदा सिरहा, सप्तरी र उदयपुरमा गरिबी धेरै छ भन्ने भएर प्रत्येक जिल्लाको एउटा गाउँ विकास समिति छानेर परीक्षणको रूपमा कार्यक्रम शुरु गर्‍यौं । पछि त्यहाँको सफलता पछि कार्यक्रम विस्तार गरेको हो । यहाँ हामीले ५० हजार डलर लिएर काम शुरु गर्‍यौं । एकजना परियोजना व्यवस्थापक भुपति सुवेदी सहित ४ जना कर्मचारी नियुक्त गर्‍यौं । केही समय स्थानीय समुदायको अवस्थासंग परिचित गराए पछि ३ जनालाई ग्रामीण बैक वंगलादेश पठाएर सैद्धान्तिक र व्यावहारिक तालिम दियौं । त्यहाँको तालिम पछि उनीहरूको कर्जा कारोबार बारे सीप र ज्ञानको मात्र आर्जन भएन सोचमै ठुलो परवर्तन भएको देखियो । यस्ता कार्यक्रम नगरी भएन हामी यसलाई जसरी पनि सफल बनाउछौं भन्ने अठोटका साथ टिमले काम गरे ।

अरु धेरैले ऊ बेला भन्ने गर्थे गरीबले ऋण तिर्दैनन् । गरीबहरू वित्तीय कारोबार गर्न योग्य हो त ? गरीबसँगको कारोबार सुरक्षित होला त ? गरीबले ऋण तिर्न सक्छ त ? भन्ने जस्ता प्रश्नहरु थिए । यसका बिच हामीले ३ हजार रुपैयाँको ऋण सिमा राखेर ऋण दिन शुरु गर्‍यौं । धेरै मानिसले यति सानो रकमले पनि के हुन्छ र भनेका थिए । तर धेरै सदस्यले त्यो ३ हजार रुपैया ऋण पनि लिएनन् । गरीबहरू इमान्दार हुन्छन । आफुलाई आवश्यक परेको जति मात्र ऋण लिने गर्थे । २०० सय देखि लिएर धेरैमा ३ हजारसम्म कर्जा लिन्थे । तर धेरैले एक हजार देखि १५ सय सम्म लिएका थिए । पुरै ३ हजार कसै कसैले मात्र लिन्थे । सिरहाको एक जनाले एक पटक २ सय रुपैयाँ मात्र ऋण माग गरे । पुर्ख्यौली पेशा हजाम व्यवसाय गर्ने उनको अंशवण्डाको क्रममा हजामको सामान, ऐना, कैची, तौलिया र छुरा सबै दाजुको भागमा पर्‍यो । पछि उनले ती सामान किन्न २ सय रुपैयाँ ऋण माग गरेका थिए । उनले ती चारवटा सामान किने र हाट बजारहरुमा गई कपाल काटन थालेर दिनको ५० रुपैयाँ कमाई गर्न थाले । त्यो वेला दिनमा ५० रुपैँया कमाउनु ठुलो कुरा थियो । उनले हप्ताको ३५० रुपैँया कमाउथे र किस्ता हप्तामा २० रुपैँया तिर्नु पर्थ्यो जुन कुनै अप्ठेरो थिएन । उनी अत्यन्त उत्साहित थिए । यसरी सापटी पाउन सकिएला भनेर उनले सोचेकै थिएनन् । सिरहाका ति मान्छेले पछि लहानमा राम्रै सैलुन खोले ।

ऊ बेला रिक्सा चालकको अवस्था पनि नाजुक थियो । साहुसँग धेरै रिक्सा हुन्थ्यो । सबै गरीबले रिक्सा भाडामा लिएर चलाउथे । दैनिक २५ रुपैँया साहुलाई बुझाउनु पर्थ्यो । उसलाई गुजारा चलाउन नै मुस्किल हुन्थ्यो । उनीहरू रिक्सा मालिक बन्न सक्ने अवस्था थिएन । ऊ बेला ५हजारमा रिक्सा आउथ्यो । लघुवित्तसँग जोडिए पछि रिक्सा चालक गरीबहरूले रु. ५००० ऋण लिएर सकेन्डहेन्ड रिक्सा किने र एक बर्षमा आफै रिक्सा मालिक भए । यसरी रिक्सा किने उनीहरूको कल्पना बाहिरको कुरा थियो । यसबाट उनीहरू अत्यन्त उतसाहित भए । दैनिक २५ रुपैँया साहुलाई तिर्न सक्नेलाई हप्तामा २ प्रतिशतको दरले १०० रुपैयाँ किस्ता तिर्न कठिन थिएन । एक बर्ष भन्दा छोटो समयमै उनीहरु रिक्साको मालिक भए र राम्रै कमाई गर्न थाले । कसैले त पछि आफैँले चार पाँचवटा रिक्सा किनेर रोजगारी समेत सिर्जना गरे । म अनुगमनमा जाँदा एउटा महिलाले भनेको सम्झन्छु । उनको परिवारले ३००० ऋण लिएर एक हजार रुपैयाँमा आइस बक्स किने र २ हजारमा एउटा साइकल किने छन् । श्रीमानले आइस फ्याक्ट्रीमा गएर आइसक्यूब उधारोमा ल्याउने र स्कुल स्कुलमा गएर बेच्ने गरेका रहेछन् । त्यसबाट दैनिक ३०० आम्दानी हुन थालेछ । आम्दानीको पैसा जम्मा गरेर धानको सिजनमा सस्तोमा धान किनेर राख्न थालेछन् । आइसक्रिमको व्यापार नहुने हिउँदमा धान कुटेर चामल बनाई बेच्ने व्यवसाय शुरु गरेछन् । यस्ता दृष्टान्तले ऊ बेला गरीबलाई धेरै पैसा चाहिँदैन र पैसाको पहुँच भएमा स्वरोजगार हुने रहेछन् भन्ने कुरा प्रष्ट गरेको थियो । कर्जाको पहुँच भए पछि त्यहाँका गरीबहरुले थरीथरीको व्यवसाय गरे । के व्यवसाय गर्ने भनेर उनीहरुलाई सिकाउनु परेन । उनीहरूलाई थाहा थियो । कसैले ठेलामा फलफुल बेचे, कसैले कर्जाको पैसाले पेश्कि दिएर आँपको बगैचाको बाली किनेर टिप्दै हाटबजारमा बेच्दै पैसा तिरे । कसैले पेश्की दिएर स्थानीय ठुलो किसानको माछा पोखरी किन्थे र माछा निकाल्दै बेच्थे । यसरी एउटै सिजनमा ४०-५० हजार कमाउँथे । यसरी आफ्नो सीप र क्षमता अनुसार थरी थरी काम गरी आर्थिक उपार्जन गरे । र आफ्नै खुट्टामा उभिए । कतिपयले त आफ्नै प्रगतिलाई चमत्कार भएको जस्तो ठानेका थिए । साथै गरीबले आवश्यकता भन्दा धेरै पैसा माग्दैन र उ इमान्दार हुन्छ भन्ने सावित भयो । आम बुझाइमा गरीबले पैसा तिर्दैनन् र तिर्न सक्दैनन् भन्ने थियो । भन्ने थियो तर त्यो पनि गलत सावित भयो । हाम्रो त्यो बेला शतप्रतिशत असुली हुन्थ्यो । करिब एक दशक पछि मात्र धेरै संस्था खोलेर होडवाजिमा ऋण दिने गर्दा कर्जा अनुशासन बिग्रेपछि मात्र लघुवित्तमा असुली दर बिग्रदै गएको हो ।

विशेष गरी तराईमा ऊ बेला गरीबहरूलाई धनी मानिसहरूले हेप्ने परम्परा थियो । उनीहरू धनीको सेवा गर्नको लागि जन्मेका हुन जस्तो सोच थियो । गरीब वर्गलाई धनी वर्गको दास जस्तो चाकडी गरेर पनि दुई छाक टार्न कठिन हुन्थ्यो । तर यो सानो लघुकर्जाले धेरै जसो मानिस स्वावलम्बी र आत्मनिर्भर बनायो । बालबालिकालाई पनि मिठो मसिनो खान लाउन दिएर पढाउन सक्ने भए । हुन पनि ऊ बेला हामीले एक सय रुपैयाँको नोट नदेखेको सयौँ महिलाहरु भेटेको थियौँ । पछि हाम्रो कार्यक्रमले ती गरीबहरुलाई आत्मनिर्भर बनाएर समाजमा आत्म सम्मानका साथ बाँच्न सिकायो । लघुवित्त भनेको विश्वासमा आधरित व्यवसाय हो । गरीबले विश्वासघात गर्दैन । जबसम्म उसले कर्जा तिर्छु भन्छ तबसम्म चिन्ता लिनु पर्दैन । वाध्यताले मात्र कहिलेकाही उनीहरू कर्जा नतिर्ने भएका हुन । परिस्थिति आफ्नो नियन्त्रण वाहिर गए मात्र त्यसो हुने हो । त्यस्तो अवस्थामा थप समय दिएर वा आवश्यक परे थप कर्जा दिएर उनीहरुलाई ऋण तिर्न सक्ने वनाउनु पर्छ । बंगलादेशको ग्रामीण बैंकमा यस्तो प्रणाली छ र यसवाट गरीबलाई राहत पुगेको छ । मुख्य कुरा के छ भने वास्तविक गरीब पहिचान गरी कर्जा दिए उनीहरूले दुरुपयोग गर्दैनन् । कर्जा नतिर्ने अवस्था आउँदैन ।

स्वावलम्बन विकास केन्द्रको कार्यनीति, कार्यशैली र संस्कार

आजभोलि लघुवित्त क्षेत्रमा कहिकतै ऋण न तिरेको कारण सदस्यको सामान र भाँडाकुडा कब्जा गर्ने जस्ता समाचार पनि आउने गरेका छन् । लघुवित्तकर्मीले बुझ्नु पर्ने कुरा लघुवित्त भनेको विलियम शेक्सपियरको नाटक (The Marchent of Venis) को पात्र साइलकको व्यापार जस्तो होइन । भेनिसको महाजन साइलकले कर्जा तिर्न नसके एक पाउण्ड मासु शरीरको जुनसुकै भागबाट पनि काट्न पाइने भन्ने शर्त राखेको थियो । पछि ऋण तिर्न नसक्दा उ मासु काट्न पनि तयार भएको थियो । यस्तो चर्को व्याज लिने हृदयहीन लगानीकर्तालाई साइलक भन्ने गरेको छ । यस्तो लघुवित्तमा हुनुहुदैन । गरीवहरूलको उद्यम विग्रियो भने साइलकले जस्तो व्यवहार गर्ने होइन उसलाई किस्ता तिर्न सक्ने गरी सक्षम वनाउने हो । ग्राहक सदस्यसंग सुमधुर सम्वन्ध हुनु पर्छ । उसलाई माया गर्नु पर्छ । काम नविग्रने गरी गाइड गर्नु पर्छ । ऋण दिनु र असुल गर्नु मात्र लघुवित्त होइन । एउटा मालिले गोडमेल, मलजल गरेर विरुवा हुर्काए जस्तै लघुवित्तकर्मीले गरीबलाई रेखदेख र माया गरेर हुर्काउनु पर्छ । कर्जा मात्र दिनुलाई लघुवित्त भन्दैन । त्यसमा माया, स्नेह, सहयोग, सदभाव र सहानुभूति पनि मिसिनु पर्छ ।

उ वेला तराई र अन्य ग्रामीण समुदायमा धेरै महिलाहरूको नागरिकता थिएन । विवाह दर्तासम्म थिएन । हामिले शुरुको अवस्थामा यस्तो प्रमाण हेरेनौँ । उ त्यहाँ वसेको छ, त्यो नै काफी हुन्थ्यो । हामीले उसको अवस्था हेर्यौँ, उसंग के सीप छ, उसले के गर्न सक्छ, कति ऋण चलाउन सक्छ जस्तो कुराहरु मात्र हेर्यौँ । लघुवित्तको प्रकृया जटिल हुनु हुदैन । एकदमै सरल हुनु पर्छ । दैलोमा पुगेर सेवा दिनु पर्छ हाकिमी चलाउनु हुदैन ।

शुरुमा नेपालमा ग्रामीण बैंकहरु २ वटा थिए । गैरसरकारी क्षेत्रमा स्वावलम्बन विकास केन्द्र संगै निर्धन संस्थाले पनि उ वेला लघुवित्त सेवा दिन्थ्यो । पछि छिमेक र डिप्रोक्स पनि आए । सबैले ग्रामीण ढाँचाको प्रणाली अनुशरण गरी लघुवित्त सञ्चालन गरेका थिए । यसमा पनि स्वावलम्बन विकास केन्द्रको कार्यशैली अरु लघुवित्त प्रदायक भन्दा केहि फरक थियो । हामीले अन्यन्त विपन्नलाई लक्षित गरेर कार्यक्रम शुरु गर्यौँ । धनिलाई कर्जा नदिने स्पष्ट निर्देशन थियो । शुरुका दिनमा कर्जाको आकार बृद्धि गर्न समेत आफ्नो क्षमता नहुदा धेरै कठिन भयो । अरु भन्दा हाम्रो फरक के थियो भने अरुले घरधुरी सर्वेक्षण गरेर कर्जा प्रवाह गर्थे तर हामीले शुरु देखिनै सहभागितामुलक ग्रामिण लेखाजोखा विधि अपनाएर स्थानीयकै सहभागितामा गरीब र तीनका आवश्यकताको पहिचान गरेर सदस्यता दिई ऋण दिने काम गर्यौँ । त्यसैले शुरुको करिब एक दशक हाम्रो असुली शतप्रतिशत थियो ।

उ वेला नेपालमा महिलाको अवस्था निकै नाजुक थियो । १०० रुपैयाँको नोट न देखेका पनि धेरै थिए । तराईमा महिला दिदीवहिनीहरू घरको चार किल्ला वाहिर जान पनि कठिन थियो । तराइमा हामी घरदैलो गर्न जाँदा लुकेर बस्ने अवस्था थियो । त्यस्ता महिलाहरुलाई लघुवित्तको सदस्य वनाएर समूहमा आवद्ध गर्दा निकै कठिनाई हुन्थ्यो । तर विस्तारै स्थिति राम्रो हुदै गयो । यस कार्यक्रमले महिला सशक्तीकरणमा ठूलो वल पुऱ्यायो ।

समूहमा इमान्दारिता एबं सहयोगी भावना जगाउने सन्देश दिइन्थ्यो र आचार संहिता पनि वोध गराइन्थ्यो । त्यसकालागि बैठक शुरु गर्नु अगाडि समूह गानको चलन शुरु गर्यौँ । यसले सदस्यले के गर्न हुन्छ, के गर्न हुदैन भन्ने ज्ञान पनि दिन्थ्यो । यो स्वावलम्बन गान स्वावलम्बन विकास केन्द्रको पहिचान वन्यो । पछि अरु धेरै संस्थाहरुले पनि यसको अनुशरण गरे । साथै स्वावलम्बनले सबै जना समान देखिने गरी एउटै लुगा लगाएर समूह वैठकमा आउने प्रणाली वसालेको थियो । यसले महिलाहरुको पहिचानको साथै एक अर्कामा सम्बन्ध प्रगाढ वनाउन र समानताको भावना पैदा गर्न पनि सहयोग पुर्याएको थियो । साथै यसले समाजमा को धनी को गरीब भन्ने जुन भिन्नता हुन्थ्यो त्यो मेटाएको थियो । स्वावलम्बन विकास केन्द्रले उ वेला सदस्यको बैठक वस्ने आफ्नै केन्द्र घर निर्माण गर्ने अभियान चलाएको थियो । स्थानीय महिलाहरुले आफ्नो सीप, स्रोत र साधनले भ्याए सम्म वैठक गर्ने राम्रा घर वनाउथे । कतै कतै त निकै राम्रो र ठुला केन्द्र घर वनेका थिए । त्यस्ता घरले उनीहरुलाइ पहिचान दिने, छलफलको वातावरण दिने, आत्मनिर्भरताको सन्देश दिने र अपनत्वको भावना वढाएको थियो । यस्ता कारणले महिलाहरुको चेतना वढाउन निकै ठुलो योगदान दिएको थियो । शुरु शुरुमा महिलाहरुलाई बैठकमा वोलाउँदा पुरुषहरुमा विभिन्न शंका उपशंकाहरु देखिएका थिए । पछि पुरुषहरु पनि बैठक हुने ठाउँमा महिलाहरुको गतिविधि चकित भएर हेरिरहेका हुन्थे । उनीहरू खुशि देखिन्थे । वच्चा भएका महिलाहरूका श्रीमानहरूले आफुले वालवच्चाहेरी श्रीमतीलाई बैठकमा पठाउँथे । निकै रमाइलो वातावरण थियो । परिवर्तनले काँचुलि फेर्ने थालेको थियो ।

आफ्नो नाम लेख्न नसके सम्म ऋण पाइदैनथ्यो । प्रत्येक महिलाले दिन एक घण्टाको हुने सात दिने तालिममा आफ्नो नाम लेख्न जान्ने हुन्थे । कम्तिमा हरेक लघुवित्त सदस्यलाई आफ्नो नाम आफै लेख्न सक्ने वनाइएको थियो । यसले निरक्षर महिला सदस्यहरुमा निकै ठुलो आत्मविश्वास सञ्चार भएको थियो । जसको कारणबाट ९५ प्रतिशत लघुवित्त सदस्यहरुले आफ्ना छोराछोरी विद्यालय पठाएको तथ्य पछि हामीले गरेको एउटा अध्ययनले देखाएको थियो । यो संगै उनीहरुले बचत गर्न पनि सिकेका थिए । जसले गर्दा सानो तिनो जरुरतको लागि पुरुष सदस्यमा निर्भरता कम हुदा आत्मविश्वास वढेर गौरवान्वित हुने गरेको थियो । यसको परिणाम आत्मनिर्भरता वढ्यो । अहिले पुरानो लघुवित्त संस्थाहरुमा ६० प्रतिशत वित्तीय स्रोत सदस्यको बचतवाट जुटेको पाइन्छ । यसको मतलव संस्थाहरु पनि ६० प्रतिशत आत्मनिर्भर भए । त्यति रकम वरावर अव उनीहरुले अरू वाहिरको स्रोत परिचालन गर्नु परेको छैन् ।

स्वावलम्बन विकास केन्द्रले पहिला आफैले लघुवित्त कार्यक्रम गर्‍यो । त्यो वेला देखिनै हाम्रो मान्यता भनेको लघुवित्तले थोरै मुनाफा गर्ने हो तर घाटाको व्यापार गर्ने होइन भन्ने हो । घाटा भए त्यो संस्था वन्द हुन्छ र दिगो हुदैन भन्ने हो । आत्मनिर्भर संस्थाले मात्र गरीवको उत्थान गर्न सक्छ । त्यसैले अनुपयोगी र उत्ताउलो खर्च नगर्ने र असल संस्कार निर्माण गर्ने हाम्रो कार्यनीति हो । संस्थाले गर्ने आम्दानीको केही भाग बचत गर्दै आईरहेका छौँ र त्यो वेला बचत गरेको पूँजीमा आर्जित व्याजले हामी अहिले पूर्ण आत्मनिर्भर हुन सकेका छौँ । कसैको सहयोग विना वाच्न सकेका छौँ । नाम अनुसार स्वावलम्बी हुन सकेका छौँ ।

आर्थिक स्रोत परिचालन

आर्थिक स्रोतको कुरा गर्दा हामीले जुम्लामा क्यानडिएनसंगको सहकार्यमा परियोजना शुरु गरेका हौँ । हामीले त्यसबाट आउने ओभरहेड र कर्मचारीको पारिश्रमिकमा ५ प्रतिशत काटेर पछिको लागि कोष खडा गर्‍यौँ । त्यसै गरी हामीले SNV को लागि कालिकोटको लागि परियोजना तयार गरे वापत आएको रकम त्यसवेलाका बरिष्ठतम कर्मचारीहरुलाई न्यूनतम तलब मात्र दिएर ३ लाख रुपैया वचाएका थियौँ । त्यसबाट पनि कोषमा रकम थपीयो । त्यसवेला देखिनै त्यस्तो कोषले ठुलो काम गर्थ्यो । एक पटक जुम्लामा हैजा फैलदा जुम्ला अस्पताल संग औषधि किन्ने पैसा थिएन । सरकारी पैसा निकासा गरेर जुम्ला पुगाउन निकै समय लाग्थ्यो । हामीले ३० हजार रुपैया सहयोग गर्‍यौँ र त्यसले अस्पताल र स्थानीय विरामीलाई ठूलो राहत पुर्‍यायो । अर्को पटक कालिकोटको फोई महादेवमा आगलागि भएर स्थानीय ४० घरधुरी भएको एउटा सिंगो गाउँ जलेर ध्वस्त भयो । त्यस वेला गाउँमा आगलागि हुँदा राहतको लागि त्यहाँ सरकार पुग्न सक्ने अवस्था थिएन । हामीले तत्काल प्रति परिवार १००० रुपैयाँ सहयोग गर्न सक्यौँ । दुखको बेला समय मै प्राप्त भएको त्यो रकमले स्थानीयलाई व्यग्लै राहत भयो ।

सिईसीआई क्यानडासंग कृषि विकास बैंकमा हुदा देखिनै मेरो राम्रो सम्वन्ध थियो । उनीहरू अनुसन्धान गर्थे र त्यसको लागि सघाउँथे पनि । नेपालमा विदेश आउँदा उ वेला कमाउने मौका आयो भन्ने मानसिकता थियो । दाताको पैसाको सदुपयोग निकै कम हुन्थ्यो । Saplneer Japanको नेपाल प्रमुख हाम्रो काम हेर्न जुम्ला गएर १० दिन वसे । हाम्रो काम हेरे पछि प्रभावित भएर उनीहरूले सोही किसिमको परियोजना सल्यान, दाङ्ग र ओखलढुंगामा पनि विस्तार गर्न सहयोग गर्‍यो । उनीहरुको कुनै खास स्वार्थ थिएन । नेपाललाई इमान्दारिपुर्वक सहयोग गरौँ भन्ने उद्देश्य थियो । पछि जापान जाँदा मैले थाहा पाए उनीहरुका व्यक्तिगत रुपमा स्वयम सेविहरूबाट चन्दा उठाएर कमजोर आर्थिक अवस्था भएको मुलुकमा काम गर्ने र स्वयंसेवक पढाई सिक्ने उद्देश्य रहेछ । धनी संस्था होइन । उनीहरुले कुनै कुरामा दवाव दिएका थिएनन् । नेपालमा केही योगदान गरौँ भन्ने धारणा पाए उनीहरुमा । उनीहरुले पनि हामीवाट धेरै सिके । उनीहरु आफै भन्थे । स्वावलम्बन हाम्रो गुरु हो ।

लघुवित्त कार्यक्रम सञ्चालन गर्न पनि शुरुको दिनमा आर्थिक स्रोत जुटाउन कठिन भयो । शुरुमा ग्रामीण ट्रस्टबाट लिएको ५० हजार डलर ऋण त २, ३ महिनामै सकियो । पछि हाम्रो सफलता देखेर उसले थप रु एक लाख डलर थप गर्‍यो । त्यसले पनि पुगेन र हामीले स्रोतको खोजि गर्न थाल्यौँ । फिल्डमा कर्जाको माग वढ्दै गयो । लगानी गर्ने रकमको अभाव हुन थाल्यो । उ वेला हामीले चुरे क्षेत्र संरक्षण परियोजनामा GIZ संग पनि सहकार्य भयो । तराइका मानिसले चुरे छिरेर काठ तथा दाउरा ल्याई विक्री गर्दा चुरे दोहन हुन पुगेको थियो । हामीले त्यो परियोजनामा वन स्रोतमा आश्रीतहरुलाई स्वउद्यमी वनाउन सके उनीहरु चुरेमा लाग्दैनन् र दोहन कम हुन्छ भन्ने अवधारणाबाट काम गर्‍यौँ । त्यो सफल भयो । चुरेमा आश्रीत मानिसहरु स-साना अरु व्यवसायमा लागेर स्वावलम्बी भएर काम गरे । यसले चुरे संरक्षणमा पनि ठुलो सहयोग पुर्‍यायो । परियोजनाले पछि एउटा गाउँ विकास समितिलाई आधारमानि ५ लाख रुपीयाको दरले पैसा दिने प्रस्ताव गरेका थिए । तर त्यो सित्तैमा आएको पैसाले ग्राहक सदस्यमा हाम्रो ऋणको पैसा पनि सित्तैमा आएको ठान्ने सम्भावना भएकोले हामीले लिएनौँ । त्यो वेलाको आर्थिक स्रोत भनेको वाणिज्य बैंकहरु नै थिए । शुरुमा हामीले ग्रीनलेज बैंक हालको स्टान्डर्ड चाटर्ड बैंकलाई प्रस्ताव राख्यौँ । तर त्यसले एक बर्ष सम्म झुल्याएर राखे पत्याएन । पछि हिमालय बैंकलाई प्रस्ताव गर्दा त्यो वेलाको कार्यकारी निर्देशक मेरो मित्र पृथ वहादुर पाण्डेले तत्कालै पत्याउनु भयो र हामीले ५० लाख ऋण लियौँ । त्यो ५० लाखले हामीलाई ठुलो त्राण मिल्यो ।

ऋण लिने सदस्यको क्षमता वढ्दै गए पछि आवश्यकता पनि वढ्दै जान्थ्यो । एउटा कर्जा चुक्ता भए पछि अर्को प्रवाह भएन भने त पहिलो कर्जा असुल गर्न पनि समस्या हुन्थ्यो । पछि हाम्रा आवश्यकता निरन्तर वढ्दै गए । म लहान पुगेको वेला फेरी पैसाको माग वढ्दै गएको देखेँ । लगानी गर्न पैसाको समस्या पर्‍यो । उतैबाट फोन गरेर पैसा माग्दा हिमालयन बैंकका प्रमुख पृथ वहादुर पाण्डेजीले हाम्रो खातामा २ करोड पठाउनु भयो ।

हाम्रो कारोवार वढ्दै गयो । अव एउटै बैंकमा निर्भर हुनु हुदैन भनेर अरु बैंकबाट पनि कर्जा माग्यौं । हाम्रो सफलता थाहा पाए पछि स्टान्डर्ड चार्टर वैंकका सशिन जोशीजी आफै आएर कर्जा लिन प्रस्ताव गर्नु भयो र हामीले त्यहाँबाट पनि कर्जा लियौं । अरु सबै ठाउँबाट मैले व्यक्तिगत जमानीमा पैसा ल्याएको थिए । तर नेपाल बैंकलाई १६ लाख माग्दा प्रवन्ध समिति सबैको जमानी माग्यो र त्यो लिन सकेनौं । व्यक्तिगत जमानी दिन प्रवन्ध समिति सदस्यहरु तयार भएनन् । जोखिम मोल्नु पर्ने ठाउँ रहेछ भन्ने लागेर प्रवन्ध समितिका केहीकोही साथिहरुले स्वावलम्बन विकास केन्द्रको बोर्डबाट राजीनामा दिनु भयो ।

अर्को एउटा घटना लघुवित्त शुरु गर्दा हामीले इजाजत लिएको थिएन । त्यही वेला सिरहाको लहानबाट एउटा पत्रिकाले स्वावलम्बन विकास केन्द्रले राम्रो काम गरेको समाचार प्रकाशन गर्‍यो । त्यो समाचार सुने पछि नेपाल राष्ट्र बैंकले स्वावलम्बन भन्ने संस्थाले इजाजत नलिई वित्तीय कारोवार गर्दो रहेछ भन्ने थाहा पाएर हल्लीखल्ली भयो । कारवाही गर्ने र त्यो भन्दा अघि फिल्ड अनुगमन गर्न एउटा टोलिनै पठाउने निणर्य समेत भएछ । ईश्वरको कृपा भनौं अनुगमन टोलिले उदयपुरको गाईघाट गएर निरीक्षण गर्‍यो । घरघर गएर ऋण लिनेसंग बुझ्‌यो । यसरी बुझ्‌दा ९० प्रतिशतले ऋण सदुपयोग गरी उत्कृष्ट काम गरेको र १० प्रतिशत राम्रो काम गरेको, शतप्रतिशत कर्जा तिर्ने गरेको निश्कर्ष सहितको प्रतिवेदन राष्ट्र बैंकमा पेश गर्‍यो । पछि हामीले त्यसैलाई आधार मानेर वित्तीय कारोवार गर्न इजाजत माग गर्‍यौं र स्वावलम्बन विकास केन्द्रले लघुवित्त सञ्चालन गर्ने नेपालको पहिलो गैर सरकारी संस्थाको रुपमा इजाजत पनि पायो । पछि कारोवार वढ्दै जाँदा स्रोत स्वरूप वाणज्य बैकवाट ऋण लिएका थियौं । वाणिज्य बैंकहरूले विना व्यक्तिगत जमानी ऋण दिदैनथे । पछिका केहि ऋणमा मेरा सहयोगी मित्रहरू मुकुन्द वहादुर विष्ट र स्व. केशर वहादुर श्रेष्ठले पनि मसंग जमानी दिनु भएको थियो । यसरी जोखिम उठाएर लघुवित्त शुरु गरियो । सफल पनि भयो ।

यसरी एक दुई जनाको जमानत दिएर मात्र लघुवित्त कार्यक्रम चल्न सक्ने अवस्था नहुदा त्यो वेलाको विकास बैंक ऐन अन्तरगत स्वावलम्बन विकास बैंक दर्ता गर्‍यौं र स्वावलम्बन बैकिङको सम्पूर्ण कार्यक्रम, सदस्य तथा अन्य सम्पति त्यही संस्थामा हस्तान्तरण गर्‍यौं । पहिलो पटक दाङ्ग र सल्यान जिल्लाको कार्यक्रम हस्तातरण हुन सकेन । नेपाल राष्ट्र बैंकले कार्यक्रम चलाएको सबै जिल्लाहरु एक आपसमा जोडिएको हुनु पर्ने शर्त राखेको हुँदा ति जिल्ला छुटेका थिए । त्यो वेला पहाडी जिल्लाहरुमा लघुवित्त कार्यक्रम थिएन । त्यसपछि पहाडमा पनि लघुवित्तको पहुच पुर्‍याउनु पर्छ भनेर हामिले दाङ्ग, सल्यान लगायत अन्य पहाडका जिल्लाहरू र काठमाडौं उपत्यकामा समेत लघुवित्त कार्यक्रम शुरु गर्‍यौं । पछि सबै ऐन खारेज गरी बैंक तथा वित्तीय संस्था ऐन ल्याए पछि दोस्रो पटक पनि लघुवित्त कार्यक्रम स्वावलम्बन लघुवित्त वित्तीय संस्थालाई नै हस्तान्तरण गर्‍यौं । जुन अहिले स्वावलम्बन लघुवित्त वित्तीय संस्था नामाकरण सहित '**घ**' वर्गको वित्तीय संस्थाको रूपमा परिणत भएर काम गर्दै आएको छ ।

केन्द्रको संरचना र भूमिकामा परिवर्तन

आफुले गरेका सबै लघुवित्त कार्यक्रम हस्तान्तरण गरी सकेपछि संस्थाले अव के गर्ने भन्ने प्रश्न उठेको थियो । सबै भन्दा पहिले संस्थागत संरचनामा परिवर्तन गरियो । सीमित संस्थापक सदस्यहरु र दुई चार जना व्यक्तिगत सदस्यहरू रहेको संस्थाको सदस्यता सबै लघुवित्त संस्थाहरू र सहरकारी संस्थाहरूको लागि खुल्ला गरियो । यसवाट संस्थागत सदस्यता बृद्धि भै संस्थाले एउटा छाता संस्थाको रुप धारण गर्‍यो । त्यस परिबेशमा संस्थाले लघुवित्त क्षेत्रमा देखिएको अभाव र कमी पुरा गर्ने अवधारणा अघि सार्‍यो । लघुवित्त संस्थाहरूको संख्यात्मक बृद्धि भए पछि लघुवित्तमा दक्ष जनशक्तिको निकै ठूलो अभाव थियो । केन्द्रले आफ्नो अनुभव र क्षमता अनुसार लघुवित्त क्षेत्र सक्षम र सशक्त वनाउन केन्द्रले दक्ष जनशक्ति निर्माणमा न्यूनतम शुल्क लिएर लघुवित्त संस्थाहरुका कर्मचारी, सञ्चालक र व्यवस्थापकहरु समेतलाई तालिम सञ्चालन गर्ने कार्यलाई प्राथमिकतामा राख्यौं । लघुवित्त संस्थाहरुको विचमा सौहाद्रता कायम गर्ने, अध्ययन अनुभवहरु साँटासाँट गर्ने, सबै लघुवित्त संस्थाहरुको भलो चिताउने एक स्वतन्त्र छाता संस्थाको आवश्यकता महशुस भएकोले त्यो भूमिका निभाउने योजना अनुसार केन्द्रलाई अघि वढाइयो । यसै गरी नेपालमा लघुवित्त क्षेत्रमा अनुसन्धान गर्ने संस्थाको कमी थियो । केन्द्रले यो अभाव पनि पुरा गर्ने लक्ष्य लियो । अन्तर्राष्ट्रिय संघसंस्थाहरु संग नेपालको लघुवित्त क्षेत्रलाई अद्यावधि गराउन र उपस्थिती देखाउन पनि आवश्यक थियो र यसमा काम गर्ने योजना पनि वनायौं । नेपाल भित्रै पनि लघुवित्तको सदस्यहरुको विचमा चिनारी वढाउन, अनुभवहरु आदान प्रदान गर्न र लघुवित्त क्षेत्रको उपलब्धि, समस्या र सम्भावना वोध गराउन लघुवित्त संस्थाहरुको पहिलो सम्मेलन आयोजना गर्‍यौं । दुई बर्ष पछि फेरी दोस्रो लघुवित्त सदस्य सम्मेलन पनि गर्‍यौं । हाम्रै लघुवित्त संस्थाको सदस्यबाट प्रबेश शुल्क लिएर विदेशी सहयोग विना हामीले आफ्नै क्षमतामा दुईवटा सदस्य सम्मेलन आयोजना गर्न सक्यौं । सम्मेलनमा उठेको शुल्कबाट वचेको रकम भविष्यमा गर्ने कार्यक्रमको लागि घुम्ति कोषको रुपमा सुरक्षित राखेका छौं ।

हाम्रो यात्रा अझै लामो छ, जीम्मेवारी पनि ठुलो छ । पछिल्लो समय गरिबी, वेरोजगारी र कार्बन उत्सर्जन जस्ता विश्वकै लागि ठुलो चुनौती वनेर आएको समस्यासंग लडनु पर्ने अवस्था छ । यसलाई पनि हामीले आफ्नो जीम्मेवारि ठानेका छौं र लघुवित्त क्षेत्रले यसमा अतुलनिय योगदान दिन सक्छ भन्ने धारणा हो ।

जुन दरबाट विश्वमा तापमान वढेको छ, कार्बन उत्पादन वढि रहेको छ, त्यसले अवको सय बर्षमा विश्वमा मानव अस्तित्व मेटाउने खतरा छ भन्ने तर्फ वातावरण विज्ञहरुले औल्याएका छन् । कार्बन उत्सर्जनको कारक अमेरिका, चीन, हिन्दुस्थान, जापान, जस्ता धनी र औद्योगीक मुलुकहरू हुन । तर यसको असर हामी जस्ता गरीब मुलुकमा वढी परको छ । हामी जस्ता मुलुकमा पनि इन्धनको प्रयोग लगायत गलत आनिवानिले कार्बन उत्सर्जन वढेको छ । साथै वनजंगल फडानी पनि वढेको छ । हामीले यस्ता कुरामा जनचेतना फैलाउनु पर्ने अवस्था छ ।

हामीले विनाश नगरौ स्वच्छ इन्धन र उर्जाको प्रयोग गर्ने तर्फ सदस्यहरूलाई चेतना फैलाउने उद्देश्यले वातावरणमैत्री स्वावलम्बी गाउँ निर्माणको अभियान अघि वढाउन खोजेको हो । एक त यसले त्यहाँको रैथाने सीप र संस्कृति जगेर्ना गर्न सघाउछ भने अर्को त्यहाँको प्राकृतिक स्रोत मासिन वाट जोगाउने छ । यसको फाइदा अन्ततः त्यहाँको समुदायलाई नै पुग्ने छ । यसै गरी स्वावलम्बन विकास केन्द्र आफ्ना सदस्य संस्थाहरुको सहयोगमा उद्यमशीलता प्रवर्धन गर्ने, लघुवित्त सदस्यका छोराछोरी र विदेशवाट फर्केका युवाहरुलाई स्वरोजगार र स्वावलम्बी वनाउने लगायत कामहरूको पनि पहल गर्दै आएको छ ।

पछिल्लो समय प्रो. मोहम्मद युनूसद्वारा स्थापित वंगलादेश स्थित युनूस सेन्टर संगको सहकार्यमा ११औँ सामाजिक व्यवसाय दिवसको अवसरमा नेपाल फोरुमको आयोजना गरेर शून्य वेराजगारी, शुन्य गरिबी र शुन्य कार्वन उत्सर्जनको लागि काम गर्नु पर्छ भनेर लघुवित्त संस्थाहरु, सहकारी संस्थाहरू, शैक्षिक संस्थाहरू र ग्रामीण प्रविधि संग सम्वन्धी संस्थाहरू संगको सहकार्यमा आगामी दुई बर्षको लागि कार्य योजना पनि वनाएका छौँ । उक्त कार्य योजनाले शून्य गरिबि, शून्य बेरोजगारी र शून्य कार्वन उत्सर्जनको अभियानमा बैकिङ तथा व्यावसायिक र शैक्षिक क्षेत्रहरूले गर्न सक्ने न्यूनतम कामहरुवाट शुरूवात गर्ने सहमति भएर कार्यान्वयन शुरु भैसकेको छ । यसले हामीलाई काम शुरु गर्ने र सन्देश प्रवाह गर्ने काम गर्ने छ । यो पटक कार्ययोजनामा न्यूनतम कार्यक्रमहरू मात्र राखेका छौँ । यसको सफलता पछि आगामी दिनमा थप लक्ष्यहरू निर्धारण गरेर निरन्तर अघि वढने छौँ ।

अव लघुवित्त तथा सहकारी संस्थाहरुले वातावरणमैत्री गाउँ निर्माण अभियान चलाउने छन्, आफ्नो गाँउको हाई स्कुलहरूसंग समन्वय गरेर विद्यार्थीहरूलाई स्थानिय रुपमा सम्भाव्य विभिन्न व्यवसायहरुको प्राविधिक र व्यवहारिक ज्ञान दिने काम गर्ने छन् र केही विद्यालयहरूमा उद्यमी विकास केन्द (Incubation Centre) पनि स्थानपना गर्ने छन् । त्यसैगरी रोजगारीको अभावले गर्दा धेरै युवा जनशक्ति खाडि मुलुक र मलेसिया जस्ता मुलुकहरूमा पलायन भएका छन् । उनीहरू कठिन र जोखिमपूर्ण काम गरेर आफ्नो परिवार पाल्ने अवस्थामा छन् । एकत अरुको देशमा गएर अरुको नोकर जस्तो भएर काम गर्ने, अर्को दोस्रो दर्जाको कामदारको व्यवहार सहनु पर्छ भने अर्को हाम्रो देशमा काम गर्ने युवाहरुको अभाव छ । युवाहरुको अभावमा खेतवारी वाँझै वसेर खाद्यान्न लगायत आयात वढेको छ र हामी प्रायः सबै वस्तुमा परनिर्भर भएका छौँ । ३५,४० बर्ष अघि नेपालमा ७ वटा धान चामल कम्पनिहरु खोलेर खाद्यान्न निर्यात गरिन्थ्यो । अहिले हामीले ११ खर्व व्यापार घाटा व्यहोर्नु परेको छ । नेपाल स्रोत र साधनमा अत्यन्त धनी देश हो तर गरीव देशको रूपमा परिचित छ । यसको मुख्य कारण हामीले हामीसंग भएको अथाह साधन र स्रोतको परिचालन र प्रयोग गर्न सकेका छैनौँ । हामी संग भएको त्यो स्रोत साधनको सदुपयोग तथा परिचालन गर्न हाम्रो जनशक्तिले मात्र सक्छ । तर हाम्रो जनशक्ति वाहिर छ । हामी जनशक्ति निर्यात गर्ने देश भएका छौँ । त्यसैले बिदेशिने जनशक्ति रोक्न नेपालमै रोजगारी सिर्जना गर्ने हाम्रो उद्देश्य हुनु पर्छ । त्यही अनुरुप हाम्रो कार्यनीति हुनु पर्छ ।

नेपालमा गरीब र धनी विचको खाडल ठुलो छ । यसमा हाम्रो सामाजिक र आर्थिक संरचनाको दोष छ । धनीलाई महत्व दिने गरीबलाई वेवास्ता गर्ने चलन छ । यसले गर्दा स्रोत र साधन धनी बर्गको हातमा जाने गरीब हेरेको हेरै हुने र निशहाय हुने अवस्था छ । कोरोना काल अघि विश्वमा डलर खर्बपतिको संख्या ७ सय थियो भने अहिले २७ सय पुगेको छ । यसको परिणाम हाम्रो सामाजिक र आर्थिक संरचना नै हो । अव हामीले धनीलाई होइनकी गरीवलाई धनी वनाउने खालका सामाजिक व्यवसायमा जोड दिनु पर्छ भन्ने नीतिगत व्यवस्था र संरचना निर्माण गर्नु पर्छ । उपयुक्त संस्कारको विकास गर्नु पर्छ । प्रो. मोहम्मद युनूसको धारणा अनुसार अघि वढ्नु जरुरी छ । यसको शुरुवात हामीले गाउँ गाउँबाटै गर्नु पर्छ । ग्रामीण अर्थव्यवस्था सुदृढ वनाउनु पर्छ ।

विगत दुई बर्ष देखि कोरोना महामारीको कारण हामीले धेरै काम गर्न सकेका छैनौँ । तर अव विस्तारै महामारी कम हुदै गएको छ । खोप लाउनेहरूको संख्या वढ्दो छ र आगामी चैत्रसम्म सरकारले सबैलाई खोप उपलब्ध गराउने लक्ष लिएको छ । हामी कोरोनाबाट मुक्त भएर पुरानै लयमा फर्कने छौँ । त्यो भए पछि हामी लघुवित्त क्षेत्रलाई स्वच्छ राख्ने, गरीबमैत्री वनाउने, यस क्षेत्रमा देखा परेका कमि कमजोरी सुधार गर्न लागि पर्ने छौँ । नीतिगत तह, नियामक निकाय तथा लघुवित्तकर्मीहरूलाई यस क्षेत्रका विकृतिवारे सचेत गराएर सही मार्गमा हिडाउन निरन्तर कोशिस गर्ने छौँ । कोरोना महामारकि अवस्था पनि हामीले अनलाईन माध्यमबाट हामी संग भएका लघुवित्त विज्ञहरुको ज्ञान तथा विचारहरु सञ्चार गरेर र विदेशी अनुभवहरु समेत समेटेर नेपालका लघुवित्तकर्मीहरुलाई सजग गराउने काम गरी रहेका छौँ । पछिलो समय यो तीन शून्यको अवधारणा अनुसार लघुवित्तको माध्यमबाट शून्य वेरोजगारी, शून्य गरिबी र शून्य कार्बन उत्सर्जनमा प्रभावकारी ढंगले काम गर्ने छौँ । यसको लागि भारत, श्रीलंका, बंगलादेश लागयत अन्य मुलुकको अनुभवहरु पनि नेपालका लघुवित्तकर्मी, नीति निर्माता र अन्य सरोकारवाला समक्ष पुर्‍याएर गरीब र विपन्न लघुवित्त सदस्यहरुको हितलाई सर्वोपरि राखेर अघि वढ्ने जीम्मेबार लघुवित्त क्षेत्र निर्माण गर्न सफल हुने छौँ भन्ने विश्वास लिएका छौँ ।

(लेखक स्वावलम्बन विकास केन्द्रका संस्थापक हुनुहुन्छ ।)

❖❖❖

लघुवित्त संचालनमा भएका

कमी र सुधारका उपाय

मणिकुमार अर्ज्याल

नेपालको आर्थिक विकासमा गरिवी मुख्य समस्याको विषयका रूपमा रहेको र यसको समाधनार्थ एउटा स्पष्ट मार्ग निर्देशन तथा दीर्घकालीन नीतिको खाँचो महसुस भई राष्ट्रिय लघुवित्त नीति, २०६४ अवलम्बन गरेको पाईन्छ। यस नीतिमा आवश्यक श्रोतको व्यवस्था एवं सं-साना बचतको परिचालन गर्ने, ग्रामीण क्षेत्रका जनताको आय र रोजगारीमा बृद्धि गर्न कर्जाको पहुँच पुऱ्याउने तथा विपन्न वर्गमा आत्मविश्वासको वातावरण सृजना गरी सशक्तीकरणको क्षेत्रमा समेत काम गर्ने उद्देश्य रहेको मेरो बुझाई छ। विपन्न वर्गमा कर्जा प्रवाह गर्ने काम नेपाल राष्ट्र बैंकको निर्देशनमा वाणिज्य बैंकहरूले २०३१ साल देखि **"साना क्षेत्र कर्जा कार्यक्रम"** नामबाट शुरू भएको पाइन्छ। पाचौं योजनाकाल (२०३२-०३७) देखि कृषि विकास बैंकले साना किसान विकास कार्यक्रमको माध्यमबाट संस्थागत रूपमा लघु कर्जा प्रबाहको थालनी भएको हो।

बंगलादेशमा संचालित लघुवित्तको ग्रामीण मोडेललाई अनुशरण गर्दै बि.स.२०४९ साल देखि सरकारले लघुवित्तको कार्यक्रम सञ्चालन गर्न नेपाल ग्रामीण विकास बैंक संचालनमा ल्याएको थियो। त्यसपछि गैह्रसरकारी संस्थाहरूले समेत लघुवित्त कार्यक्रमहरू लिएर आए जसमा हालको निर्धन उत्थान, छिमेक, स्वावलम्बन, डिप्रोक्स, नेरूडे लघुवित्त वित्तीय संस्था लगायतका रहेका थिए। २०७७पौष मसान्त सम्मको अबस्थालाई हेर्ने हो भने ७६ वटा लघुवित्त संस्थाहरू संचालनमा रहेका छन। जसमा४९ लाख २८ हजार ग्राहक सदस्यहरू आवद्ध भई २८ लाख ५५ हजारले कर्जा कारोवार गरी रहेका छन्। कारोबारका आधारमा बाणिज्य बैक तथा विकास बैंकपछि वित्तीय क्षेत्रमा लघुवित्त वित्तीय संस्था तेश्रो स्थानमा देखिन्छ। तर संख्यात्मक हिसाबले भने बाणिज्य बैंकहरू पछिको ठूलो शाखा संजाल लघुवित्त वित्तीय संस्थाकै रहेको पाइन्छ। लघुवित्त वित्तीय संस्थाहरूको लगानी योग्य पूँजी मध्ये बैंक तथा वित्तीय संस्थाहरूबाट लिइने सापटीको अनुपात सबैभन्दा बढी रहेको छ।

गरीब तथा विपन्न वर्गको सामाजिक तथा आर्थिक विकासमा काम गर्नु नै लघुवित्तको आधारभूत सिद्धान्त हो। लघुवित्तको अवधारणामा प्रतिदिन एक अमेरिकी डलर भन्दा कम आय हुने र प्रतिव्यक्ति ४,४०४ रूपैयासम्म वार्षिक आय भएका व्यक्ति वर्गलाई गरीब र बिपन्न भनिएको छ। सामाजिक, आर्थिक रूपले पछाडि परेका विपन्न वर्गका महिलाहरूलाई समूहमा आवद्ध गराई बिनाधितो समूह जमानीमा छिटो तथा छोटो समयमा आम्दानी हुने व्यवसाय संचालनका लागि स-सानो आकारको कर्जा प्रवाह गर्नु र सोही व्यवसायबाट गरेको आम्दानीले कर्जाको किस्ता तिरी केही रकम बचत समेत गर्न सक्ने बनाई उसको आर्थिक अवस्थामा सुधार ल्याई सामाजिक रूपमा स्थापित गराउन सक्ने बनाउनु लघुवित्तको प्रमुख ध्येय हो।

फरक-फरक जात/जाति, धर्म, संस्कृति, पेशा, वर्ण र राजनीतिक आस्था बोकेका महिलाहरूलाई एकै ठाउमा बसाली, अनुभव आदान प्रदान र समस्याको समाधानको बारेमा छलफल गर्ने साझा थलो भएकोले सामाजिक बिभेदमा कमि ल्याई नेतृत्व क्षमता र आत्म- बिश्वास समेत बृद्धि गराई महिला सशक्तीकरणका माध्यमबाट समुन्नत समाज निर्माणमा योगदान पुऱ्याउने गरी कार्य गर्नु लघुवित्तको मूल मर्म हो। लक्षित वर्गको राम्रो पहिचान र विश्लेषण गरी दोहोरोपना नहुने गरी प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह तथा ग्राहक सदस्यहरूको हरेक समस्यामा सहयोग पुऱ्याई आर्थिक तथा सामाजिक जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउन सक्नु लघुवित्तको सफलता हो।

नेपालमा लघुवित्त कार्यक्रमको शुरूवाती समयमा हामी लघुवित्तको मर्म अनुसार समूह जमानीमा बिनाधितो मात्र कर्जा लगानी गर्दथ्यौं । त्यस वखत मानिसहरू कर्जालिन समेत डराउथे कर्जा लिई हाले पनि ५०० रूपैयाकर्जा लिने गर्दथे । त्यस वखत मानिसहरूलाई कर्जा लिएर के काममा लगाउने, कर्जा तिर्न सकिएन भने समाजले नकरात्मक दृष्टिकोणले हेर्छ, इज्जत जान्छ भन्ने डर हुन्थ्यो । बैंकको ऋण लिएर तिरेन भने ७ पुस्तासम्म पनि छाड्दैन । सरकारी पैसा जसरी भएपनि असुल गर्छ भन्ने मनोभावना थियो । समूहमा प्रबेश गराउन, लघुवित्त कार्यक्रमको बारेमा बुझाउन हम्मे हम्मे पर्दथ्यो । लघुवित्तको शाखा कार्यालय खोले पछि आफुले लघुवित्त कार्यक्रम संचालन गर्ने क्षेत्रको सर्भे (पिआरए) गरिन्थ्यो । सर्भेको रिपोर्टका आधारमा लक्षितवर्ग तथा क्षेत्रको पहिचान गरिन्थ्यो र पहिचान गरिएको क्षेत्रमा Mass Motivation को कार्यक्रम संचालन गरिन्थ्यो । Mass Motivation बाट लघुवित्त कार्यक्रमप्रति अझ बढी चासो राख्ने महिलाहरूलाई फेरी छुट्टै एक दिन बोलाइन्थ्यो र त्यस भेलामा लघुवित्त कार्याक्रम साथै संस्थागत नीति नियमहरूको बारेमा अझ बढी प्रष्ट जानकारी गराइन्थ्यो र समूहमा आबद्ध हुनचाहने महिलाहरू आफ्नो अभिभावकसँग सल्लाह गरेर आउने प्रतिबद्धता जनाउदथे र नियमअनुसार ७ दिने अनिवार्य समूहप्रबेश पूर्व तालिम (सिजिटी) को लागि भेलाहुने दिन र समयको निधो लगाई निर्धारित मितिबाट CGT संचालन गरिन्थ्यो ।

७ दिनसम्म संचालन गर्ने तालिममा संस्थागत नीति नियमहरूका बिषयमा जानकारी गराइन्थ्यो । सदस्यहरू निरक्षर छन भने कम्तिमा उनीहरूको नाम अनिवार्य लेख्न सक्ने बनाइन्थ्यो । त्यस बिचको समयमा प्रत्येक सदस्यको घर-घरमा गई व्यक्तिगत विवरण भरी/भराई तयारी अबस्थामा राखिन्थ्यो र तालिम संचालन भएको ८ औं दिन कार्यालयको दोश्रो बरीयताका कर्मचारी (लेखापाल/लेखामा काम गर्ने) बाट ७ दिन सिकेका बुझेका संस्थागत नीति नियमको बारेमा प्रि-टेष्ट लिन्थे । प्रि-टेष्ट लिने कर्मचारीलाई सदस्यहरूले संस्थागत नीति नियमको बारेमा पूर्ण जानकारी नभएको महसुस भएमा पुनःतालिम संचालन गर्न फिल्ड कर्मचारीलाई अनुरोध गर्दथे । प्रश्नोत्तर बिधिबाट सदस्यहरूले संस्थागत नीति नियमको बारेमा जानकारी प्राप्त गरेको यकिन भए भोली पल्ट (नवौं दिन) कार्यालय प्रमुखले समूह मान्यता परीक्षा लिन्थे । सो दिन संस्थागत नीति नियम तथा ग्राहक सदस्यहरूको अनुशासन तथा समूह मिलेर बस्ने, सदस्यहरूको गान, १६ मंत्र लगायतका प्रकृयाहरू सबै कुरामा पोख्त भए पश्चात कार्यालय प्रमुखले ग्राहकको व्यक्तिगत विवरणको अध्ययन गरी समूह मान्यता परीक्षामा सफल भएको एकिन गरी सोही दिनबाट बचत गर्न लगाई विधिवत रूपमा लघुवित्त संस्थाको सदस्यता प्रदान गर्ने गरिन्थ्यो ।

यसरी सदस्यता प्रदान गर्दा लघुवित्तको मर्म अनुसार प्रत्येक समूहमा अनिवार्य ५ जना राख्ने र कम्तिमा २ देखि ८ वटा समूहसम्म राखी केन्द्र निर्माण गर्ने गर्नु पर्दछ । समूह निर्माण गर्दा समूहका ५ जना मध्येको अलि नेतृत्व क्षमता बढी भएको र तत्काल कर्जाको आवश्यकता नभएको सदस्यलाई समूह अध्यक्ष बनाउनु पर्छ । त्यसै गरी क्रमशः समूहको सचिव, मध्यम सदस्य र २ जनालाई साधारण सदस्यमा छनौट गराउनु पर्दछ र सोही अनुसार २+२+१ को सिद्धान्त अनुसार पहिला २ जना साधारण सदस्यलाई कर्जा वितरण गर्ने र त्यसको २ किस्ता पछि फेरि २ जना मध्यम सदस्य र सचिवलाई कर्जा प्रदान गर्ने फेरि त्यसको २ किस्ता पछि समूहको अध्यक्षलाई कर्जा प्रदानगर्ने गर्नु पर्दछ । यसरी २/२ किस्ताको फरकमा कर्जा लगानी गर्दा ग्राहक सदस्यहरूको कर्जा अनुशासनको विषयमा जानकारी उपलब्धहुने र सोही अनुसार समूह दबाबको श्रृजना गर्न सकिने हुन्छ । यसरी कर्जा लिएका सदस्यहरूले उद्देश्य अनुसार कर्जाको सदुपयोग गरे/गरेनन् भनी कर्जा लिएको ३० दिन भित्र पहिलो पटक र कर्जा चुक्ता हुनु पुर्व दोश्रो पटक गरी सदस्यहरूको स्थलगत रूपमा परियोजना निरीक्षण गर्नु पर्दछ । यसरी लघुवित्तको मर्म अनुसार प्रकृयागत रूपमा केन्द्र निर्माण, कर्जा लगानी तथा सदुपयोग गर्ने गर्नु पर्दछ । नेपालमा लघुवित्त कार्यक्रमको अभ्यासको क्रममा लघुवित्तको मर्म अनुसार कामगरेको कारण विगत बर्षहरूमा लघुवित्त कार्यक्रम समस्या रहित र लोकप्रिय थियो ।

अहिलेको अवस्थासम्म आइपुग्दा लघुवित्त क्षेत्र समस्या चुनौतीले ग्रस्त भईसकेको छ लघुवित्तको मर्म र उद्देश्य विपरीत व्यावसायिक तवरले सदस्यता प्रदान गरिएको, कर्जा लगानीमा प्रतिस्पर्धा गरेको पाईन्छ । हुन त समस्या बिनाको कुनै क्षेत्र नै हुदैन । जहाँ समस्याहरू हुन्छन् त्यहाँ समाधान पनि निश्चित रूपमा हुन्छ भन्ने मन्यता रहेको छ । विशेषतः लघुवित्त क्षेत्रका समस्या र चुनौतीको कुरा गर्ने हो भने समय, काल, परिस्थिति अनुसार फरक फरक हुदै आएको पाइन्छ । बद्लिदो परिवेश, विभिन्न समयमा हुने महामारिहरू, राजनैतीक परिवर्तन र राजनैतीक अस्थिरता आदिले पनि प्रभाव पारेको हुन्छ । आर्थिक, सामाजिक, राजनैतिक तथा भौगोलिक कारणबाट पनि लघुवित्तका समस्या चुनौतीहरूलाई वर्गिकरण गर्न सकिन्छ । कतिपय अवस्थामा लघुवित्तका समस्या र चुनौतीका कारण विद्यमान लघुवित्तहरू एकादुइ बाहेक सबैको अस्तित्व माथि नै प्रश्न आउने अवस्था नआउला भन्न सकिन्न । त्यसो हुदाँहुदै पनि समाजमा आज पनि ढुकुटी प्रथा, मिटर व्याजी प्रथा, हप्ते व्याजी कारोवारहरू रहेकै छन । यस्ता कारोवारहरूले प्रश्रय पाउँदा वित्तीय क्षेत्रमा समस्या बढदो क्रममा देखिन्छ ।

लघुवित्तबाट धेरै राम्राकामहरू पनि भएका छन । गरिबी न्यूनिकरणका लागि लघुवित्तले पुऱ्याएको सेवा सह्राहनीय रहेको छ । सीप र परिश्रम भएका तर पुँजी नभएकाहरूका लागि लघुवित्त वित्तीय संस्थाहरूबाट प्राप्तहुने सरल बैङ्गिग सुविधाले आयआर्जन बढाउन महत्वपूर्ण भूमिका खेलेको छ । निम्न वर्गप्रति लक्षित लघुवित्त संस्थाहरूको सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्यक्रम सञ्चालनकालागि विभिन्न सिद्धान्तहरूलाई अवलम्बन गर्ने गरिन्छ । संस्थाहरूले लघुवित्त कार्यक्रमको भावना र मर्म अनुरूप आफ्ना गतिविधिहरूलाई सरल, सहज, परिस्कृत र विविधीकरण गर्दै कार्यक्रमलाई सेवाग्राहीको अधिकतम उपभोगमा लागु गर्न विभिन्न सिद्धान्तहरूको प्रयोग गरिरहेको पाइन्छ ।

संस्थाहरूले कार्यक्रमलाई सेवाग्राहीमैत्री बनाउन कर्जा लगानी गर्नु पूर्वका शर्तहरूमा सहजता, लगानी तथा असुली प्रक्रियामा सहजीकरण-विविधीकरण, वित्तीय साक्षरता प्रदान गरी वित्तीय जनचेतना फैलाउने कार्यको विस्तार, कर्जा बचत कारोवारका अलावा अन्य बैङ्किग सुविधाहरू (विप्रेषण, सीपमुलक तालिम, व्यावसायिक दक्षता अभिवृद्धि गराउने तालिमहरू, अवलोकन भ्रमण, सफलता आर्जन गरेका सेवाग्राहीहरूलाई पुरस्कार तथा सम्मान आदिको माध्यमबाट लघुवित्त कार्यक्रमको आवश्यकता र औचित्यलाई प्रमाणित गरिरहेको छ ।

हाम्रो देश हाल विकासशील राष्ट्रमा स्तरोन्नति भएता पनि यहाँको आर्थिक तथा सामाजिक अवस्था अझै पनि औसत भन्दा माथि उठ्न सकेको छैन । यस्तो अवस्थामा बाणिज्य बैंकहरूले मात्र सबै वर्ग तथा क्षेत्रको पहुँचमा पुग्ने गरी बैङ्किग सेवाहरू प्रवाह गर्नसक्ने अवस्था रहँदैन । तसर्थ आर्थिक, सामाजिक र भौगोलिक रूपले समेत पछाडि परेका वर्ग, क्षेत्र र समुदायलाई समेटी बैङ्किग पहुँचमा आवद्ध गराएर आर्थिक रूपले सबल बनाउनकालागि लघुवित्त संस्थाहरूले लघुवित्तका सिद्धान्तहरूलाई परिस्कृत गर्दै लगिरहेको अवस्था छ । वर्तमान अवस्थामा परम्परागत मान्यता भन्दा भिन्न रहेर आर्थिक अनुशासनको आधारमा विना धितो र धितोमा कर्जा लिन सक्ने व्यवस्था, केन्द्र बैठक सञ्चालन र बैङ्किग कारोवारमा आधुनिकता, कर्जा अनुशासनका निमित्त कर्जा सूचना केन्द्रमा आवद्धता, समकक्षी संस्थाहरूसँग सम्भावित चुनौतिका सन्बन्धमा छलफल आदि समेत आम रूपमा लघुवित्त कार्यक्रम सञ्चालनमा अपनाइएका सिद्धान्तहरू हुन भन्न सकिन्छ ।

आर्थिक र सामाजिक रूपले पिछडिएको हाम्रो जस्तो देशमा सम्पूर्ण वर्ग, क्षेत्र र समुदायलाई बैङ्किग सुविधाले समेट्नकालागि लघुवित्त संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । ठुला वाणिज्य बैंकहरूमा निम्न स्तरका व्यक्तिहरूको पहुँच पुग्न सक्दैन । त्यस्ता निम्न स्तरका वर्ग, क्षेत्र र समुदायलाई बैंकिङ्ग प्रणालीमा आवद्ध गराइ कर्जा तथा बचतको माध्यमबाट उद्यमशील बनाउने र आयश्रोत बढाइ निम्न स्तरबाट माथि उकास्ने कार्य नै लघुवित्त संस्थाहरूको मूल कार्य हो ।

वित्तीय संस्थाहरूले यही कार्यलाई प्रभावकारी ढङ्गबाट पुरा गरिरहेको हुँदा बाह्य दृष्टिकोणमा समेत लघुवित्तको कारोबारलाई गरीब तथा असहायहरूको सहाराको रूपमा समेत लिने गर्दछन् । वर्तमान अवस्थामा एकै कार्यक्षेत्रमा लघुवित्त संस्थाहरूको बाक्लो उपस्थितिको कारणले उल्लिखित उद्देश्यहरू पूरा गर्ने गराउने सन्दर्भमा केही कमजोरीहरू देखिएको छ । त्यस्ता स्थानमा पाइएका केही कमीकमजोरीहरूलाई आधार मानेर लघुवित्त संस्थाहरूलाई हेर्ने दृष्टिकोणमा समेत केही त्रुटी भने रहेको देखिन्छ । बैंक तथा सेवाग्राहीको कारोबारको पारदर्शिता अपनाउने, नियमित शाख सुचना लिने दिने, अन्य संस्थाहरूबाट वित्तीय रेकर्डहरू आदानप्रदान गर्ने, नियामक निकायबाट प्राप्त निर्देशनलाई परिपालना गर्ने आदिकार्यहरू गरी लघुवित्त संस्थाहरूले कार्यसम्पादनलाई चुस्त र प्रभावकारी बनाउनलाई प्रयासहरू जारी राखिरहेको अवस्था छ । तर देशको आर्थिक अवस्था तथा आर्थिक वृद्धिदर, जनसंख्या तथा जनघनत्व आदि कारणहरूले हाल सञ्चालनमा रहेका लघुवित्त संस्थाहरूको संख्या बढी देखिएकोले कार्यक्षेत्रमा समेत प्रतिस्पर्धी संस्थाहरूको संख्या बढी देखिरहेको अवस्था छ ।

यस्तो अवस्थामा कर्जा लगानीकालागि सेवाग्राहीहरू र लगानीका क्षेत्रहरूको सीमितता प्रमुख समस्या रहेको हुँदा र संस्थाले आफ्ना लगानीकर्ताहरूलाई प्रतिफल दिनै पर्ने बाध्यता समेत भएको हुँदा कार्य क्षेत्रमा तुलनात्मक रूपमा ज्यादा प्रतिस्पर्धा देखिनु स्वाभाविक अवस्था नै हो । यही सेरोफेरोमा अन्य व्यक्तिहरूले लघुवित्त संस्थाहरूको कारोबारलाई अस्वस्थ प्रतिस्पर्धा गरी एकै व्यक्तिलाई बढी कर्जा प्रवाह गरेको, महङ्गो ब्याजदर लिएको, जथाभावी लगानी गरेको आदि आरोपहरू लाग्ने गरेको छ । तर वित्तीय संस्थाहरूले नियमनकारी निकायबाट प्राप्त निर्देशानुसार कार्य गर्ने गराउने भएकोले बाह्य दृष्टिकोणबाट हेरिने त्यस किसिमको नजरले खास अर्थ लाग्दैन । तथापि देशको आर्थिक अवस्था र जनसंख्याको आधारमा लघुवित्त संस्थाहरूको संख्या अधिक भएको तथ्यलाई भने स्वीकार गर्दै यसको विकल्पमा नियामक निकायबाट प्राप्त निर्देशनको पालना गर्दै अगाडि बढ्नुपर्ने आजको मुख्य आवश्यकता पनि हो ।

नेपालको सन्दर्भमा गरीब र विपन्नकालागि आवश्यक र उपयोगी हुँदाहुँदै पनि यो क्षेत्र आज समस्या विहीन भने बनेको छैन । हरेक कामका पछाडि समस्या र चुनौती नहुने कुरै भएन अझै नेपालमा अन्य क्षेत्रको तुलनामा लघुवित्त वित्तीय संस्थाहरू र त्यसमा आवद्धहरूका समस्यहरू अझै जटिल र मर्मस्पर्शी समेत रहेका छन् । यति भन्दै गर्दा आजपनि लघुवित्त वित्तीय संस्थाहरूको आवश्यकता र सान्दर्भिकता अझै पनि मरेको छैन ।

समय अनुसार प्रविधिको प्रयोग, कारोवारलाई डिजिटलाईजेशन, कर्जा सूचना केन्द्रमा सम्पुर्ण लघुवित्त संस्थालाई आवद्ध गराई बास्तविक रिपोर्ट हेर्न सकिने व्यवस्था, लघुवित्त सस्थाहरूको संख्यालाई कम गरी लघुवित्तको सिद्धान्त र मर्म अनुसार कारोवारहरू संचालन गर्न सके लघुवित्त कार्यक्रम दिगो र प्रभावकारी हुने कुरामा दुई मत रहदैन ।

❖❖❖

तीस बर्ष अघि

समुदायमा प्रवेश गर्दाको अनुभूति

✍ रामकुमार श्रेष्ठ

१ विषय प्रवेश

मेरो सानो उमेर बालकाल देखि नै अर्थात प्राथमिक पाठशाला (स्कूल)मा पढदा देखि नै समाजमा विद्यमान उपेक्षित, दलित, उत्पीडित बर्गका समुदायमा भेदभाव हुनुहुन्न र भेदभाव गरिनु हुन्न भन्ने अवधारणाले मेरो मनले काम गरेको थियो । यो नै मेरा जीवनको विश्व दृष्टिकोणको अवधारणा हो भन्ने लाग्यो र त्यसै अनुरूप समुदायमा काम गर्नु पर्छ भन्ने मेरो मनशाय विकास भएर आयो । त्यसलाई व्यवहारमा लागु गर्ने स्थल स्कूलको वातावरण रहयो् जहाँ छुवाछुतले व्याप्त समाजका दलित वर्गका साथीहरूसित संगै कक्षामा पढ्दा त्यस अवस्थाको जानकारी तथा अनुभव भयो । त्यस सोचलाई पहिले सहकारी, बैंक त्यसपछि कृषि विकास बैंक तथा त्यसबाट सञ्चालित साना किसान विकास आयोजना संचालन गर्दा व्यावहारिक रूपमा लागु गर्ने स्थल प्राप्त भयो र कार्यान्वयन गर्ने अवसर मिल्यो । स्वावलम्बन विकास केन्दमा प्रवेश गरे पछि समुदायमा काम गर्ने अभियन्ता हुने सोच झन व्यापक भयो ।

२ सोच र व्यवहार

नेपाली समाज खास गरी दूरदराज दुर्गम तथा उपेक्षित क्षेत्रका समुदायको अवस्था अत्यन्त दयनीय, निरीह, विपन्न र चेतनाको अभावबाट गुज्रेको थियो । साधन र श्रोतको अभाव थियो । त्यसलाई कसरी परिचालन गर्ने भन्ने बारेमा स्पष्ट धारणा सोच र व्यवहार थिएन । परम्परागत, धार्मिक, सांस्कृतिक, आर्थिक अन्धविश्वासले समुदाय ग्रस्त थियो । एक आपसमा ठूलो मान्छे र सानो मान्छे तथा ठूलो जात र सानो जात भनेर भेदभाव गरिएको अवस्था थियो । विपन्नता र उपेक्षित ताल समुदायका विभिन्न जाति र वर्गलाई गाँजेर राखेको थियो । उठनै नसकिने गरी त्यो समुदाय अशान्तिको भुमरीमा चकराई रहेको थियो ।

३ खुल्ला आकाश र धरती

खुल्ला आकाश मुनि र समतल धरतीमा निवास गर्ने समुदायको गए गुज्रेको अवस्थालाई परिवर्तन गर्नु सामाजिक, राजनीतीक तथा आर्थिक रूपान्तरण गर्नु तत्कालीन आवश्यकता थियो । यसै अवस्थाको अध्ययन, विश्लेषण र संस्लेषण गरेर सामाजिक रूपान्तरणको लागि दूरदृष्टिको आवश्यकता थियो । त्यही दूरदृष्टिबाट रूपान्तरणको अभियानको खाँचो महसुस भयो । त्यसै अनुरूप अति बिपन्न र उपेक्षित दुर्गम स्थानको सुधार र विकासको लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिए । त्यसै अनुसार समाज समुदायको उत्थान गर्नको लागि समुदायमा जानु, समुदायको यर्थाथ अवस्थाको अध्ययन गर्नु, जनताको बारेमा जनताबाट सिक्नु र तिनीहरू सित मिलेर सहभागितामूलक तरिकाले स्थानीय स्तरमा लक्ष्य र उद्देश्य निर्धारण गर्नु तथा त्यस अनुरूप कार्यक्रम त्यस क्षेत्रमा लागु गर्नु समुदायमा जानुको लक्ष्य र उद्देश्य (ध्येय) थियो ।

खुल्ला आकाश र समतल धरतीमा बास गरेका समुदायको विकास तथा परिवर्तनको लागि प्रत्येक क्षेत्रमा अभियानकर्ता (क्याट्लिस्ट) को आवश्यकता थियो । समुदायमा जानुको लक्ष्य र उद्देश्य थियो ।

- समुदायलाई सचेतना दिनु, शिक्षा बाँड्नु र जागरण ल्याउनु । (चेतना)
- समुदायको मानिसहरूलाई समूहमा संगठित पार्नु । (संगठन)
- पारदर्शितापूर्ण सशक्तिकरण गर्नु । (सशक्तिकरण)

त्यसको लागि कार्य प्रणालिको विकास गर्नु, प्रत्येक पाइलामा पारदर्शिता अपनाउनु र काममा प्रतिबद्धता जाहेर गर्नु आवश्यक थियो । त्यसैलाई पूरा गर्न तत्कालीन हाम्रा लक्ष्य र उद्देश्यहरू निर्धारण गरिएका थिए ।

४. समस्या र चुनौती

त्यसबेला समुदायमा काम गर्न जाँदा र सफलता प्राप्त गर्न हाम्रा अगाडि प्रशस्त समस्या र चुनौतिका पहाडहरू ठडिएका छन् भनेर हाम्रा अध्ययनबाट पत्ता लाग्यो । अशिक्षा, अन्धविश्वास गएगुज्रेका जीवन शैली, गलत संस्कार र संस्कृति जतिसुकै पसिना चुहाए पनि वर्षभरी खान, लाउन, स्वस्थ रहन नसक्ने अवस्था अर्थात उचित गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाको अभावको अवस्था नै त्यसबेलामा देखा परेका चुनौतिका पहाडहरू थिए ।

५. बच्चाको सिकाइ र सामुदायिक वातावरण

एउटा भनाई छ - विश्वव्यापी रूपमा सोच स्थानिय रूपमा काम गर (Think Globally, Work Locally) यसको अर्थ हो व्यापक रूपमा सोचेर स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा लक्षित यात्रामा पाइला चाल्नु । कार्यक्षेत्रमा खटिने सहजकर्ता (क्याट्लिस्ट) आफ्नो सोच अनुसार समुदायमा काम गर्ने प्रकृया अनुसार "स्थानिय समुदायको बारेमा जानकारी लिनु अर्थात जनताबाट सिक्नु, जनतासित सरसल्लाह गर्नु, सहमतिमा पुग्नु र काम थाल्नु" भन्ने प्रकृया अनुसार चुनौतिको सामना गर्न सकियो ।

सुरूमा स्वावलम्बन विकास केन्द्रबाट दुर्गम जिल्ला जुम्लाको दुई गाँउमा संस्थाको कार्यकर्ता पुग्यो । त्यस मध्ये एक समुदायका मानिसहरूले उसलाई यी पुर्वीय/गोर्खे सरकारी कर्मचारीले हामीलाई छकाउन, ठग्न, ढाट्न, लुट्न भनेर आएका हुन् र यिनको संगत गर्नु हुदैन भनेर कसैले उसलाई वास्ता गरेन । सहयोग गर्ने कुरा पनि भएन ।

त्यस गाउँमा गएका सहजकर्ताले कतैबाट कसैको सहयोग पाएन । केही कुरा गर्न खोज्दा पनि कोही कसैले वास्ता गरेनन् । उ हैरान भयो मनमनमा र असाध्यै दुखी भयो तर निराश भएन । गाउँमा यसो बसेको बेलामा माथितिर हेऱ्यो । उसले त्यहाँ स्कूल देख्यो र त्यहाँ गयो । गुरूले बच्चाहरूलाई पढाई रहेका थिए उसले स्कूलमा चूपचाप बसेर पढाइको अवलोकन गरी रह्यो । कक्षाकोठा बाहिर नौलो अपरिचित व्यक्ति देखेर शिक्षक पढाई सकेर बाहिर निस्किए । माष्टरसित उसको परिचय तथा कुराकानी भयो । सहजकर्ताले आफ्नो परिचय र आफ्नो कामको उद्देश्यको बारेमा सम्पूर्ण विवरण बतायो । स्वावलम्बन सामुदायिक विकास कार्यक्रमका बारेमा सर्वप्रथम उसले माष्टरलाई प्रशिक्षित पाऱ्यो ।

सहजकर्ताले स्कूलको प्रधानाध्यापकसगँ आफ्नो लक्ष्य उद्देश्य स्पष्ट पारे पछि उसले पनि स्कूलमा विद्यार्थीहरूलाई पढाउन थाल्यो । पढाइको सिलसिलामा उसले त्यहाँ खानेपानीको कुवाको सरसफाई, बाटोघाटोको सरसफाई, वृक्षरोपण कार्यक्रम, धुवारहित चुलो सुलभ, शौचालयको परिचय, उन्नत जातका कृषि, तरकारी, खेतीपाती आदिको बारेमा सम्झाउने बुझाउने र व्यवहारमा समेत लागु गरे । स्वास्थ्य सरसफाई, उन्नत बीउबिजनको प्रयोग, वृक्षारोपण कार्यक्रम आदिले बच्चाहरू बिचमा त्यस विषयमा प्रचार भयो । विद्यार्थी/बच्चाहरूले स्कूलमा भए गरेका कार्यहरूको बारेमा घरमा गएर आफ्नो आमा बुबालाई सुनाए अनि गाउँलेहरूले आपसमा सल्लाह गरे र भने - "यो हाम्रो गाउमा कस्तो मानिस आएको रहेछ ? पहिले त हामीले उसलाई वास्ता गरेनौ । त्यस्तो राम्रो काम गर्न पो आएको रहेछ । त्यसलाई भेटेर कुरा गर्न पऱ्यो । गाउलेहरू हो ।"

सबैले भने "हो हाम्रा बच्चाहरूले पनि त्यसका कामको बारेमा बताएका छन् । राम्रो गतिलो काम होला जस्तो छ । एक पटक स्कूलमा जाँउ र उसलाई भेटेर कुरा गरौँ ।"

तिनीहरू सबै मिलेर सहजकर्तालाई भेटेर कुरा गरे । सहजकर्ताको कुरा सुनि सकेपछि तिनीहरूले स्वावलम्बनका (क्याटलिष्टिक) अभियानकर्ता लाई भने - "हेर्नुस सर ! पहिले तपाईलाई हामीले चिनेनौ । अब तपाई हामीहरूसित हाम्रो गाउँमा हिड्नुस् । सबैलाई तपाइको कुरा भन्नुस । तिनीहरू सित कार्यकर्ता (क्याटलिष्टिक) गाउँमा गए । कार्यकर्ताले आफ्नो लक्ष्य र उदद्देश्य बारेमा बताए । तिनीहरू सित व्यापक छलफल गरे । सहजकर्ताले तिनीहरूलाई समूहको महत्व, सानो सानो रकमको बचत गर्ने तरिका, बैठक गरेर परेको समस्यामा छलफल गरेर समाधान गर्ने बारेमा जानकारी गराए । समुदायका मानिसहरू खुसि भएर आफ्नो समूह बनाए । बैठक गर्न सिके । स्वस्थ्य रहनका लागि धुवारहित चुल्हो, चर्पी, स्वस्थ खाना खान र कृषि उत्पादन बढाउने तरिका, तरकारी खेती र अन्य खेतीका तरिका तथा उन्नत पशुपालन गर्ने बारे सिके । समूहमा अन्धविश्वास हटाउन प्रौढ शिक्षा कक्षा चलाए । उन्नत चर्पी र चुल्हो अभियान चलाए । (High value low volume) बढि मूल्य पर्ने थोरै तौल हुने बीउ बिजन जस्तै गाजर, मूलाको बीउ उत्पादन गर्न सिकाए । त्यसबाट उनीहरूको आम्दानी बढ्यो । स्वास्थ्य समस्या कम भयो वातावरण स्वच्छ हुन थाल्यो ।

परम्परागत अन्धविश्वास हटाउने काममा पनि ध्यान दिइयो । जारी प्रथा, बालबिवाह हटाउन प्रयत्न गरियो । सामाजिक जागरणको लागि समूहमा रूपान्तरणको वातावरण सुरू भयो । समुदायका मानिसहरूमा आत्मबल र आत्मविश्वास बढ्यो । तिनीहरू सचेत भएर समूहमा संगठित भए । आफूले उत्पादन गरेका तरकारी र खाद्यान्न बेच्न सक्ने भए । अरू ठाउँमा कति भाउ छ र त्यहाँ कसरी कुन तरिकाबाट पठाएर तोकिएको प्रतिस्पर्धात्मक मूल्य प्राप्त गर्न सकिन्छ भन्ने बारेमा सिके । सूचनाको आदान प्रदान गर्न सके । तिनीहरूमा एक प्रकारको जागरण आएको तिनीहरूले महसुस गरे । कार्यक्रम सुरूवात गर्दा त्यसरी आई परेको बिघ्नबाधा चुनौतिका पहाडहरूलाई एकएक गरी खनेर हटाउन सके ।

यो चुनौतिको सामना गर्न स्कूलका बालवालिकाहरूले बनाएको एक रोचक प्रसङ्ग हो । बच्चाहरूबाट विकासको वातावरणको लागि महत्वपुर्ण काम भयो ।

६ खाने मुखलाई जुँगाले छेक्दैन ।

२०४६ को प्रजातन्त्र पुनः स्थापना पछि देशमा व्यापक रूपमा विकासका लहरहरू चल्न थाले । बिभिन्न प्रकारका सरकारी र गैर सरकारी संस्थाहरूले काम गर्न थाले । स्वावलम्बन विकास

केन्द्र स्थापना भए पछि अर्थात यस्को कार्य गर्ने दूरदृष्टि, अभियान, ध्येय, लक्ष्य र उद्देश्य थाहा पाएर नेपालमा कृयाशील अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले स्थापित गैरसरकारी संस्थाहरू खोज्न थाले । स्वावलम्बन विकास केन्द्र एक सशक्त उर्जाशील संस्था भएकोले विभिन्न (INGO) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सम्पर्क राखे । गतिलो संस्था भएको कारणले क्यानडाको CECI ले CSD संग साँझेदारी गर्न सहमति जनायो । तिनीहरूको सहयोगमा CSD बाट पहिलो पटक जुम्ला जिल्लाको २ गाविसमा स्वावलम्बन सामुदायिक विकास कार्य सुरू गर्ने निर्णय भयो । सामुदायिक स्वावलम्बन विकास आयोजनामा CSDP को काम प्रारम्भ गरियो ।

यस प्रकारको कार्यक्रम ५ वर्षमा सफल भएपछि त्यसैको सिकाइबाट फाईदा लिएर सेसिले जुम्लामा CBED समूहमा आधारित विकास आयोजना CSD सित मिलेर संचालन गरे भने डडेल्धुरा र बैतडीमा अन्य नेपाली संस्थाहरू सँग मिलेर यसै प्रकारको (CBED) समुदायमा आधारित विकास आयोजना संचालन गरे ।

जुम्लामा सामुदायिक कार्यक्रम सफल भएकोले अन्य INGO हरूले CSD लाई सहयोग गर्न थाले -कालिकोट, सल्यान, संखुवासभा, गोरखा, ओखलढुङगा, जुम्लामा सामुदायिक विकास कार्यक्रमहरू धमाधम शुरू हुन थाले भने तराइको सिरहा, सप्तरी र उदयपुरमा GTZ चुरे केन्द्रको प्रोजेक्टको सहयोगमा स्वावलम्बन लघुवित्त परियोजना प्रारम्भ भयो । त्यो पछि स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. को रूपमा स्थापित भयो ।

७. सपना देख्न सक्नु ठूलो कुरा ।

स्वावलम्बन विकास केन्द्रले जन समुदायको मूर्छित सपनालाई विउझाउने काम गरेको छ । उपेक्षित, उत्पीडित, निम्न तथा विपन्न वर्ग र दलित जातिको उत्थानको लागि काम गरेको छ । जसरी बौद्ध दर्शनमा भनिएको पाईन्छ ।

बुध्दम् शरणम् गच्छामि
धम्मम् शरणम् गच्छामि
संघम् शरणम् गच्छामि ।

त्यसै गरी स्वावलम्बन विकास केन्द्रले समुदायको विकास गराउने सिद्धान्त लागु गरेको छ । समूहमा समुदायलाई आबद्ध पारेर चेतनशील पारेको छ । अर्थात

- सचेतना बढाएर जागरण गर्दै सपनालाई विपना बनाएको छ ।
- संगठन/समूहमा एकताबद्ध पारेर स्वावलम्बी पारेको छ ।
- सशक्तिकरण आफूमा नै भर पर्ने सोच र व्यवहार विकास गरेको छ ।

यसबाट समुदायले आफ्नो संथागत विकास गरेर आफ्नो लागि आवश्यकता र सम्भाव्यताको आधारमा विकास निर्माणको काम गर्न सकेको छ ।

८. कार्यक्रमको स्वरूपको स्मरण ।

स्वावलम्बन विकास केन्द्रले सेसि क्यानाडाको सहयोग र सहकार्यमा सुरूमा जुम्लाको २ गा.वि.स.मा सामुदायिक स्वावलम्बन विकास आयोजना Community Self Developed Project (CSDP) लागु गरी सुधारिएको चुल्हो, चर्पी स्वच्छ खानेपानीको लागि कलधारा, लघु जलविद्युत परियोजना स्थापना गऱ्यो कमतौल बढिमूल्य (Low volume High value) गाजर, मूला आदिको वीउ उत्पादन गरेर निर्यात गर्न सक्ने बनायो । कृषि उत्पादनमा उन्नत जातको खाद्यान्नबाली, तरकारीबाली, पशुपालन, खेतिको लागि नहर कुलो, प्रौढ शिक्षा, स्वास्थ्य कार्यक्रम आदि चलाएर विकासको लहर पैदा गरियो । ती सबै कार्यक्रमलाई दिगो रूपमा निरन्तरता दिन स्थानीय आवश्यक्ता र सम्भाव्यताको आधारमा पहिले देखि निर्माण गरिएका स्वावलम्बन समूहहरूलाई सहकारीमा परिणत गरियो (JAPEC) त्यसै गरी जुम्लामा कृषि सहकारी पनि दर्ता गरी संचालन गरियो ।

पहिले CSDP लागु गर्ने बेलामा सुरूका गा.वि.स का एक जना सदस्य किसानका भनाई स्मरणीय छ - "हाम्रो गाउँमा स्वावलम्बनका सर आउनु भयो । केही भन्नु भयो । पहिले त हामीलाई विश्वास लागेन । जब उहाँले स्कूलमा पढाएर विकासको काम गरेको बच्चाहरूबाट थाहा भयो । हामी गाउँलेहरू सबै मिलेर उहाँलाई भेट्न गयौं र भन्यौ - "लौ सर पहिले हामीले तपाइलाई चिन्न सकेनौं । अब हामीले तपाइलाई चिन्यौ । लै अब हामीले के गर्नु पर्छ भन्नोस । हामीलाई सिकाउनुहोस् भनेर उहाँलाई गाउँमा ल्यायौ । उहाँले सिकाए अनुसार समूह बनायौं । बैठक गर्न सिक्यौं । के गर्नु पर्छ भनेर योजना बनाएर कार्य गर्न जान्यौं ।"

सेसिको सहयोगमा तत्कालीन निर्देशक केसर बहादुर र म श्रीलंकाको अवलोकन भ्रमणमा गएका थियौ । हामी श्रीलंकामा गएर सिके जस्तै श्रीलंकाको संस्थाबाट पनि २ जना प्रतिनिधिहरू सुनिल सिल्भा र विजिता नेपालमा अध्ययन भ्रमणमा आएका थिए । तिनीहरू FORUM on Development (FOD) को प्रतिनिधिको रूपमा आएका थिए । तिनीहरूलाई हामीले कार्यक्षेत्र जुम्लामा लगेका थियौं । त्यस बखत उनीहरूलाई त्यहाँको सुरूको अवस्थाको बारेमा सोधखोज गर्दा त्यहाका सदस्य किसानहरूले माथि उल्लिखित कुरा व्यक्त गरेका थिए ।

सबभन्दा पहिले जुम्लामा सहजकर्ताहरू पठाउन पुर्व प्रशिक्षण दिइएको थियो । त्यसबेला तिनीहरूलाई भनिएको थियो - "समुदायमा जाँदा त्यहाका मानिसहरूको मन जित्नको लागि पहिला उनीहरूको कुरा सुन्ने, उनीहरूले जे खान्छन् त्यो खाने, उनीहरूले जसरी बोल्छन् त्यसरी बोल्ने, उनीहरूले जस्तो लुगा लाउँछन् त्यस्तै लगाउने । त्यसो गर्यो भने उनीहरूले तपाईलाई विश्वास गर्ने छन् । त्यस पछि उनीहरूको खराब चाल चलन खराब लालन पालनलाई बिस्तारै सम्झाएर परिवर्तन गराउनु पर्छ । त्यसमा तपाइहरूले क्याटलिष्ट (आफु परिवर्तन नभएर अरूलाई परिवर्तन गराउने) भएर काम गर्नु पर्छ । त्यो बुझ्नु होला ।"

तिनीहरूले समुदायलाई सिकाउने, मन जित्ने नाममा समुदायका मानिसले जसरी बोल्छन् त्यसरी बोले, तिनीहरूले जे लगाए त्यो लगाए । उनीहरूलाई फेर्न गएका झन उल्टो उनीहरू फेहोरी देखिन लागे । त्यो प्रत्युत्पाक ठहरियो । कहिकहि त यस्तोसम्म भयो कि एकजना सहजकर्ता मकवानपुरको समुदायमा खटिएका थिए-चेपाङ बस्तिमा । उनले त्यहाँ बस्दा चेपाङ्गको लुगा लगाए । चेपाङ्गको लुगा लगाएर उ काठमाडौंको सडकमै समेत घुमेर हास्यको पात्र बनेका थिए । यस बारेमा ती सहजकर्तालाई पुनः प्रशिक्षण दिएर सच्चा क्याटलिष्टको भूमिका निर्वाह गर्न भन्नु परेको थियो । स्वावलम्बन विकास केन्द्रले सेसि क्यानडाको सहयोग र सहकार्यमा जुम्ला जिल्ला CSDP/CBED/SNV Health Program लागु गरे जस्तै SNV को सहयोगमा कालिकोट जिल्लामा समुदायिक कार्यक्रम संचालन गरेर समुदायको जागरण, चेतनाकरण, संगठन गरी सशक्तिकरणको लागि काम गरेको थियो ।

नेपालमा कुन संस्थासँग काम गर्न पर्ला भनेर जापानको सल्पानीर संस्थाले खोजे । स्वावलम्बन विकास केन्द्र उपयुक्त छ भनेर सम्पर्क राख्न आए । CSD को अवधारणा, ध्येय, उद्देश्यसँग मिल्न सहमति सल्पानीरले जनाए । त्यस पछि मात्र CSD ले सल्पानीरसित मिलेर काम गर्ने निर्णय गऱ्यो र सल्यानको २ वटा गा वि स मा समुदायिक विकास कार्यक्रमको प्रारम्भ गरेको थियो । CSD ले त्यस भन्दा अगाडि क्यानाडाको एक संस्था IDRC को सहयोगमा सल्यानको एक र दाङ्गको एक गाविसमा समुदायिक विकास कार्यक्रम संचालन गरेको थियो ।

सल्यानको एक गाविसमा CSD को आयोजना कार्यालय थियो । त्यहाँ नियमित बैठक हुने गर्दथ्यो । महिला उत्प्रेरक कार्यालयबाट बैठकमा जान निस्केको बेलामा वारी पारी गाँउ घरबाट सदस्य महिलाहरूले चियाउथे र हत्तपत्त बैठकमा जाने चोलो सारी लगाएर बैठकमा हस्याङ्ग फस्याङ्ग गर्दै पुग्थे ।

एक पटक म त्यस गाँउमा जाँदै थिए । बाटोका मकै बारीमा केही महिला दिदि बहिनीहरू भेट भए । हामीसँग भएका महिला उत्प्रेरक शान्ति श्रेष्ठले भनिन-"आज सरहरू काठमाडौंबाट आउनु भएको छ , दिदीहरू बैठक घरमा आउनु होला है ।"

हामी बैठक स्थलमा पुग्यौ । त्यहाँ अघिका दिदी बहिनीहरू लुगा फेरेर सफा चोलो सारी लगाएर आई पुगेका थिए । बैठकमा सगौर जम्मा भएका थिए । त्यहाँ पनि खानेपानी धारा, उन्नत खेति, तरकारी बालि, पशुपालन, बृक्षारोपण र प्रौढ शिक्षा कार्यक्रम संचालन भएको थियो । केहि बर्षपछि सप्लानीर जापानको सहयोगमा सल्यानको २ गाविसमा कार्यक्रम संचालन गर्न (PRA) सहभागिता मूलक ग्रामीण (अनुसन्धान) (मूल्याङ्कन) लेखाजोखा विधिबाट समूहको बारेमा अध्ययन गरियो ।

सल्यानको ढोरचौर क्षेत्रमा कार्यलय राखि सकेको थिएन । त्यति बेला कर्मचारीहरूले PRA विधिबाट संकलन/जानकारीले संकलन गर्न जादाँ समुदायका मानिसहरूमा भ्रम परेछ भनेछन्:- ए यस्ता अध्ययन गर्न, हामीलाई सोध खोज गर्न कति NGO हरू आउछन । भएका कुरा यिनीहरूलाई किन भन्ने ?

भएको नभएको कुरा भनेर पठाई दिउन है ।

कर्मचारीले उनीहरूलाई छकाएर गाउँमा केही ठाउँमा बास्तवमा यस्ता गलत सूचना दिएको रहेछ । पछि ढौरचौरमा स्वावलम्बन विकास केन्द्रको सामुदायिक विकास कार्यक्रमको कार्यालयको साईनबोर्ड राखेर काम गर्न थालियो । त्यहाँ प्रचार भएछ कार्यालय खुलेको कुरा । त्यहाँ जजसले झुठो विबरण दिएका थिए, तिनीहरू कार्यालयमा आएछन् र भनेछन् -"लौ सर एउटा कुरा भन्न आएका छौ हामी सुन्नोस है । "

कार्यालय प्रमुखले सोधे छ " के भयो भन्नोस ।"

"हामीले त तपाईहरूलाई अरू गैर सरकारी संस्था जस्तो भन्ठानेर झुठा र गलत सूचना दियौँ । हामीले दिएको सूचनाले विकास गलत हुने भयो । तपाईहरू यसरी अफिस खोलेर बस्ला जस्तो लागेको थिएन । गल्ति भयो । अब फेरी तपाईहरू हाम्रो गाँउमा आउनु पऱ्यो र सहि सूचना संकलन गर्नु पर्ने भयो । सम्पर्क राख्न आउनेले भनेछ ।" पछि कार्यालयबाट त्यस स्थानमा गएर सहि सूचना संकलन गरेर काम प्रारम्भ गरेको देखियो ।

सल्पानीर जापानको नेपालमा देशीय प्रतिनिधि इईचु सदामात्सु थियो । म त्यस कार्यक्रमको कोअर्डिनेटर थिएँ । हामी सँगै सल्यानमा जान्थ्यौँ । महिलाहरूको समूहहरूको बैठकमा हामीले प्रशिक्षण दिनु पर्दथ्यो । बिचरा सदामात्सुले नेपालीमा बोल्थ्यो । बोल्दा बोल्दा अंग्रेजी "एण्ड" शब्द प्रयोग गर्दथ्यो । महिला सदस्यहरूले ठट्टा गरेर भन्थे- "यो जापानी सरलाई अण्डा कस्तो मन परेको होला ! अण्डा अण्डा मात्र भन्छ ।"

सल्यानको २ गाविसमा समूह निर्माण गर्नु पूर्व समूह प्रवेश पूर्व (Pre group training-PGT) दिने गरिन्थ्यो । समूह प्रवेश पूर्व तालिममा आफ्नो नाम लेख्न जान्नु पनि अनिवार्य थियो । त्यसको लागि प्रत्येक सहभागीहरूलाई एउटा कापी र सीसा कलम प्रदान गरिएको थियो । तालिममा सिसा कलमले कापीमा आफ्नो नाम लेख्न एकजना महिला सदस्यले नीकै प्रयास गरेछन् । लेख्न नसकेर हैरान भए पछि भन्न थालिछन -"यो सिसा कलम त एक भारी दाउरा भन्दा पनि गह्रुगो भारी छ बा । "

त्यहाँको सामुदायिक कार्यक्रमको समूहहरू पछि स्वावलम्बन लघुवित्त समूहमा आबद्ध हुन सहज भएको देखियो । सामुदायिक भवन पनि निर्माण भएकोले समूहगत बैठक गरी वन समूह, प्रौढ कक्षा संचालन गर्न सुगम भएको पाइयो ।

सामुदायिक कार्यक्रम सल्यानमा होस् वा जुम्ला, कालिकोट, संखुवासभामा होस वा ओखलढुङ्गामा होस जहा पनि महिला समूह गठन गरियो । समूहको एक महत्वपूर्ण उपलब्धि के भयो भने जब समूह बैठक हुन्छ त्यहा जातपातको भेदभाव हुन्न । एउटै लहरमा कामी, दमै सार्की, नेवार, बाहुन, क्षेत्री, राई, लिम्बु, तामाङ्ग सबै मिलेर बस्छन । बैठकमा छलफल गर्छन । यो ठूलो उपलब्धि हो । ओखलढुङ्गामा सिध्दिचरण कटारी राजमार्ग तयार हुनु अगाडि कटारीसम्म भारी बोक्ने भरियाहरूको ठूलो लहर हुन्थ्यो । कटारी, उदयपुर र सिराहा बाट मालसामान बोकेर ओखलढुङ्गा र सोलुसम्म भरियाले लग्थ्ये । बाटो खुले पछि भारी बोकेर जिविका गर्नेहरूको लागि यो चुनौती बन्यो । भारी बोक्ने काम घट्यो ।

स्वावलम्बन विकास केन्द्रले ओखलढुङ्गाको ५ गाविसमा सामुदायिक विकास कार्यक्रम लागु गऱ्यो । त्यहाँका समुदायले बैकल्पिक पेशा खास गरी कृषि उत्पादनमा तरकारी खेती, पशुपालन, फलफूल खेती गर्न थाले । आम्दानी बढाए । माने भञ्ज्याङ्ग वरपरका समुदायका समूह सदस्यहरूले आफ्नो प्याज, आलु, सुन्तला, तरकारी लगायत धेरै उत्पादनहरू माने भञ्ज्याङ्गको साप्ताहिक बजारमा लगेर बेच्न थाले ।

कार्यक्रम संचालन पछि त्यसको मूल्याङ्कन गर्न CSD बाट एक टोलिको अगुवाई गर्दै म पनि त्यहाँ पुगेको थिएँ । मूल्याङ्कन छलफलको क्रममा मैले एकजना सदस्यलाई सोधे -तपाइहरू स्वावलम्बनको कार्यक्रमले ठूलो काम भएको छ, फाईदा भएको छ भन्नु हुन्छ । त्यसको प्रमाण के छ ल भन्नोस् ? त्यस सदस्य (जो बचत तथा ऋण समूह/बन समूह/कृषि समूहमा थिए) ले आफ्नो तालु देखाउदै भने - हेर्नोस सर, पहिला हामीहरूले भारी बोक्दा बोक्दा यो तालु खुइलिएको थियो । अहिले भारी बोक्न परेको छैन । ल मेरो खुइलिएको टाउकोमा रौं उम्रिएको छ । के यो उपलब्धि हैन?"

म उनका कुरा सुनेर तालुमा रौं उम्रेको देखेर छक्क परे । भावुक भए । धन्यवाद भने ।

ओखलढुङ्गाको एक गाउँमा एक पटक कर्मचारीहरू समुदायमा भेटघाट गर्न गएछन् । त्यति बेला त्यस गाउँका मानिसहरू सबै ढोका थुनेर घर भित्र लुकेर बसेछन् । सहजकर्ता कर्मचारीहरूले गाउँका अलि कुरा बुझ्ने व्यक्तिलाई भेटेछ । कुरा बुझाए छ । उनले कुरा बुझे पछि उ गाउँका एउटा ठूलो, अग्लो ढुङ्गामा गएर उभिएछ र कराएछ - "ए गाउँलेहरू हो ! तिमीहरू किन घर भित्र लुकेका हौ ? सरहरू हाम्रो भलो कामको लागि आएका हुन । हाम्रो लागि आएका सरहरू सित डराउनु पर्दैन । म तिमीहरू सँग बसेर कुरा गर्ने छु । सबै घरबाट निस्कनु । केही फरक पर्दैन । निस्कनु निस्कनु, बाहिर चौरमा जम्मा हुनु ।" उसको यो आवाज सुनेर सबै बाहिर निस्केछन् । र सबै जम्मा भएर स्वावलम्बनका कर्मचारीहरूले आफ्नो कुरा व्यक्त गरे पछि त्यसै दिन समूह प्रवेश पूर्व तालिमको कार्यक्रम बनाए छ र कार्यक्रम अगाडि बढाएछ ।

समूह तयार भएपछि समूहमा विभिन्न विषयमा छलफलको साथै बाटो नभएको स्थानमा सबै आफै मिलेर बाटो खन्ने विषयमा समूहको सदस्यहरू स्वतः स्फुर्त तरिकाले निस्केर बाटो निर्माण गरेछन । यस प्रकारको ज्ञान, बुद्धि र शिक्षा दिएकोमा समूहको सदस्यहरूले स्वावलम्बनलाई धन्यवाद दिए । त्यो बाटो निर्माण गर्न ५० हजार जति लाग्ने भएपनि समूहले स्वःस्फुर्त रूपमा श्रमदान गरेर बाटो बनाए । अपनत्व अपनाए । यो महत्वपूर्ण उपलब्धि हो ।

त्यसैगरी बन बाताबरण, शिक्षा (प्रौढ कक्षा) स्वास्थ्य, ऊर्जा आदिमा समेत समूहहरू संस्थागत रूपमा लागेका देखिन्छ । जुम्लाको CSDP कार्यक्रम संचालन गर्न प्रारम्भ गर्ने आयोजना प्रमुख जङ्ग बहादुर खड्काको महत्वपूर्ण योगदान छ । त्यति बेला २ जना महिला कार्यकर्ता पनि नियुक्ति पाएर त्यहाँ पुगेका थिए । त्यहाँ जारि प्रथा अर्थात अरुको श्रीमति लिएर गएकोले पैसा तिर्नु पर्ने प्रचलन रहेछ । एक पटक २ जना महिला कार्यकर्ताहरू कार्य क्षेत्रमा जाँदै थिए । बाटोमा जुम्लाका महिलाहरू भेट भएर कुरा गरे ती दुईजना अविबाहित महिला कर्मचारीलाई सोधेछन् -"ए तिमीहरू अहिलेसम्म पोईल गएकी छैनौ ?" तिनीहरू आपसमा हाँसेछन् । CBED को समयमा कीर्ति देवकोटा, मन थापा लगायतको महत्वपूर्ण योगदान रहेको छ । त्यसैगरी कालिकोटमा आयोजना प्रमुख बि.आर.थापा, विष्णु कुमार श्रेष्ठ, सल्यानको विष्णु प्रसाद न्यौपाने, ओखलढुङ्गाका आयोजना प्रमुख र स्वावलम्बन लघुवित्त कार्यक्रमको शुभारम्भका आयोजना प्रमुख भूपति सुबेदी र अन्य साथीहरूको महत्वपूर्ण योगदान रहेको छ । सिराहा, सप्तरी र उदयपुरमा ग्रामीण मोडेलको स्वावलम्बन बैकिङ्ग कार्यक्रम सुरू गर्नमा GTZ- Chure Forestry Project को सहयोग थियो । लघुवित्तको कार्यक्रममा चुरे फरेष्ट्रिको सहयोग छ भन्ने कुरा समुदायले थाहा पायो भने कर्जा फिर्ता गर्दैन भनेर चुरे फरेष्ट्रिका पदाधिकारीहरू हाम्रो स्वावलम्बन बैकिङ्ग कार्यक्रममा प्रत्यक्ष देखा पर्दैनथे । स्वावलम्बनको कार्यक्रमले समुदायले बैकल्पिक पेशा पाउने छन् । चुरेको बन फाँडेर दाउरा बेच्न बाध्य हुने छैनन् भन्ने धारणा थियो । स्वावलम्बन लघुवित्त कार्यक्रमले (कर्जा/बचत कार्यक्रम) आफ्नो खुट्टामा उभिन महत्वपूर्ण सहयोग गरेको छ । जसरी यस परियोजनामा आयोजना प्रमुख भूपति सुबेदीको योगदान छ त्यसै गरी त्यस परियोजनालाई स्वावलम्बन लघुवित्त विकास बैंक लि. निर्माण गर्नमा प्रमुख कार्यकारी अधिकृत केसर बहादुर श्रेष्ठको महत्वपूर्ण योगदान रहेको छ ।

स्वावलम्बन बैकिङ्ग परियोजना अहिले स्वावलम्बन लघुवित्त वितीय संस्था लि. को रूपमा देशको एक महत्वपूर्ण संस्था लि. को रूपमा संचालित छ । यो CSD को ठूलो उपलब्धि हो । यस बैंकको स्थापना गर्न CSD को साथै व्यक्तिगत संस्थापक शेयर धनी र अन्य बाणिज्य बैंकहरू नविल बैंक, हिमालयन बैंक, नेपाल इन्भेष्टमेण्ट बैंक लि. तथा सर्व साधारण शेयर धनिको सहभागिताले संस्था संचालन भई रहेको छ । स्वावलम्बन विकास केन्द्रको प्रारम्भ ३ विषयमा ध्यान केन्द्रित भएर अगाडि बढेको हो ।

क सामुदायिक विकास कार्यक्रम
ख स्वावलम्बन बैकिङ्ग (लघुवित्त)कार्यक्रम
ग तालिम कार्यक्रम

क. सामुदायिक विकास कार्यक्रम- जुम्ला, कालिकोट, दाङ्ग, सल्यान, ओखलढुङ्गा, संखुवासभामा परियोजनाको रूपमा लागु भयो र समूहहरू सहकारीमा परिणत भएका छन् ।

ख. स्वावलम्बन बैकिङ्ग कार्यक्रम सिरहा, सप्तरी, उदयपुरबाट प्रारम्भ भयो । पछि लघुवित्त वितीय संस्था लि.मा परिणत भए पछि हाल नेपालको ६१ जिल्लामा १४० शाखामा ६७७ जना कर्मचारीहरू कार्यरत छन् भने १२६३७ केन्द्रमा कुल सदस्य संख्या २५०८२७८ र ऋणी संख्या १६७३५५ पुगेको छ ।

ग. तालिम कार्यक्रम- स्वावलम्बन विकास केन्द्रले प्रारम्भ देखि नै संस्थागत विकास गर्ने उद्देश्य राखेर विराटनगर, पोखरा,

जनकपुर, चितवनको वीरेन्द्रनगर, झापाको कलबन्जगुडी, जुम्ला, काभ्रेको धुलिखेल, बाँकेको कोहलपुर, ईलाम, लहान केन्द्रिय कार्यलय काठमाडौं, ललितपुर, महिला प्रशिक्षण केन्द्र र जाउलाखेल स्टाफ कलेज प्रशिक्षण केन्द्र लगायत स्थानमा विभिन्न संस्थाहरूको लागि तालिम सहयोग कार्यक्रम संचालन गरेर प्रशिक्षित पारेको इतिहास छ । CSD को तालिम लिएका धेरै लघुवित्त संस्थाहरू चलाएका छन् । अहिले विभिन्न संस्थाहरू CSD को सदस्य भएर लघुवित्त कार्यक्रम संचालन गरिरहेका छन् । स्वावलम्बन विकास केन्द्रको संस्थागत सदस्य भएर धेरै संस्थाहरूले लघुवित्त कार्यक्रमलाई तीब्रता दिएको बर्तमान अवस्था खुसी र गौरवको विषय बनेको छ ।

अन्तमा

कुनै पनि कार्यक्रम सफल पार्नको लागि अत्यावश्यक विषयहरू (शर्तहरू) हुन्

१. प्रणालि विकास गर्नु Develop System
२. पारदर्शिता अपनाइनु Transparancy
३. प्रतिबद्धता कायम राख्नु Commitment

मेरो व्यक्तिगत धाराणमा यी ३ शर्तहरू पुरा गर्न सकियो भने हामी अगाडि बढ्न सफल हुन्छौ । म आफ्नो गाउँको मिडिल स्कूललाई हाइस्कूल बनाउन बि.ए पास गर्न भनेर हिडेको थिएँ । कृषि विकास बैंकको सेवामा यतिबिघ्न प्रतिबध्द भएर लागे कि त्यसैलाई आफ्नो सहारा ठानेँ । २५ वर्षको जीवन ऊर्जालाई बैंकप्रति इमान्दार भएर प्रतिबद्धताका साथ सेवामा लागें । स्वैच्छिक अवकाश लिए । केही समयको लागि भनेर स्वावलम्बन विकास केन्द्र (CSD) मा प्रवेश गरेँ त्यहाँ पनि यति बिघ्न सेवामा डुबेँ कि म खुसी राजिले प्रतिबद्ध भएर सेवामा लागे । कृषि विकास बैंकमा हुदाँ त्यो नै विकासको संसार हो भन्ने लाग्थ्यो । त्यहाबाट निस्के पछि संसार त्योभन्दा फरक रहेछ भन्ने जानकारी भयो । खासगरी ग्रमीण मोडल अध्ययन गर्न बंगलादेशमा, सामुदायिक कार्यक्रम बुझ्न श्रीलंका, सहभागिता मूल्याँङकन (Participatory Rural Research Appraisal) (PRA) तालिम लिन बैंगलोर, भारत, कार्यक्रम बारे प्रवचन दिन जापान भ्रमण गर्न जादाँ संसार बुझ्न पाइयो ।

यस अघि कृषि विकास बैंकबाट फिलिपिन्स, थाइलैण्ड, सिंगापुरमा तालिममा गएको पनि स्मरण छ । कुनै पनि कार्यक्रमको सफलता उत्प्रेरणा, सदभावपूर्ण सहयोगको लागि अगुवाको भूमिका महत्वपूर्ण हुन्छ । CSD बाट संचालित कार्यक्रमको उपलब्धि पनि त्यसैमा आधारित छ । स्वावलम्बन विकास केन्द्रको प्रगति भै रहोस । दिगो विकासको पाइला अगाडि बढि रहने छ । नयाँ पुस्ताले पनि यसको अग्रगतिको अभियानलाई परिमार्जित ढङ्गबाट अर्थात सङ्गलो पाइला चालेर आफै बलेर अरूलाई उज्यालोतिर चम्किन सकोस । शुभकामना छ ।

(राम कुमार श्रेष्ठ (राम बिनय) स्वावलम्बन विकास केन्द्रमा २०४९ बैशाख १४ देखि २०७० माघ २२ सम्म कार्यरत । उपनिर्देशक बाट निर्देशक पदमा बढुवा भै सेवा निबृत्त । हाल साधारण सदस्य । २०६६ देखि २०६८ मा स्वावलम्बन लघुबित्त बित्तीय संस्था लि. मा प्रमुख कार्यकारी अधिकृत । हाल संचालक समितिमा अध्यक्ष पदमा हुनुहुन्छ ।)

❖❖❖

वातावरणमैत्री गाँउको विकास
ग्रामीण प्रबिधि केन्द्र

डा. पुरुषोत्तम श्रेष्ठ

१. वातावरणमैत्री गाउँ

वातावरणमैत्री गाउँ एउटा यस्तो परिकल्पना हो जहाँ, नवीकरणीय ऊर्जा तथा जलवायुमैत्री क्रियाकलाप मार्फत् स्थानीय समुदायको जीवनस्तरमा सुधार ल्याउनको लागि नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन, पानी, कृषि, करेसाबारी, तथा गृह व्यवस्थापन मार्फत् गरिने ग्रामीण विकासको एकिकृत प्रयास हो ।

वातावरणमा बढ्दो कार्वन उत्सर्जनका कारण उत्पन्न जलवायु परिवर्तनका असरहरूलाई न्यूनिकरण गर्दै प्रदूषण नियन्त्रण सहित अनुकूलनका विभिन्न विकल्पहरूको प्रवर्द्धन तथा विस्तारमार्फत गरिवी घटाउनका लागि गरिने समग्र ग्रामीण विकास नै "वातावरणमैत्री गाऊँ विकास" हो ।

"वातावरणमैत्री गाऊँ स्थानीय समुदायहरूको एउटा यस्तो विशिष्ट सामाजिक अवस्थिति हो, जहाँ उनीहरूका पर्यायवरणीय, सामाजिक एवं भावनात्मक मूल्य-मान्यताहरूबीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । साथै उनीहरूले धर्तीलाई दिने भन्दा धर्तीबाट लिने धेरै नहोस भन्ने सामान्य सिद्धान्त सहित कार्य गर्दछन् ।"

वातावरणमैत्री गाउँमा स्थानीय श्रोत, साधन, श्रम एवं सीपको अधिकतम परिचालनमार्फत जीविकोपार्जनका उपयुक्त विकल्पहरू पहिल्याई तिनीहरूलाई व्यवहारमा कार्यान्वयन गर्ने खालका प्रयासहरू अन्तर्गत सर्वसुलभ रूपमा उपलब्ध हुन सक्ने नवीकरणीय ऊर्जा, माटो तथा जलवायु सुहाउंदो खेती तथा कृषि प्रणाली, वन तथा वातावरण संरक्षण, सरसफाई एवं फोहोर व्यवस्थापन लगायत स्थानीय समुदायको क्षमता विकासद्वारा गरिने विभिन्न उत्पादनमूलक कार्यहरू पर्दछन्, साथै अवसरहरूबाट बञ्चित समुदायहरू (खासगरी महिला तथा विपन्न वर्ग) लाई मूल प्रवाहीकरणमा सरीक गराई सामाजिक, आर्थिक उन्नति सहित उनीहरूको सशक्तिकरण एवं समान लैंङ्गिक सहभागिताका लागि विशेष जोड दिइन्छ । यसअर्थ वातावरणमैत्री गाउँको आवश्यकता रहेको छ ।

२. वातावरणमैत्री गाऊँ विकास अवधारणा

- वातावरणमैत्री गाऊँ विकास अवधारणा एउटा यस्तो खोजमूलक नयाँ विकास सोच हो, जुन नेपाल जस्तो बढ्दै गरेको अर्थतन्त्र भएका मूलुकहरूको उन्नतिका लागि अन्य विकास लक्ष्यहरू सहित प्रदूषण नियन्त्रण एवं गरिवी घटाउने उत्तम विकल्प हुन सक्छ ।

- गरिबी न्यूनिकरण एवं जीवनस्तर सुधारका विभिन्न विकल्पहरू मध्ये हरित गृह ग्याँसको न्यूनतम उत्सर्जन वा नवीकरणीय ऊर्जा प्रविधिहरूको प्रवर्द्धन, पानी, कृषि, करेसाबारी तथा गृह-व्यवस्थापन मार्फत् गरिने ग्रामीण विकास सम्बन्धी वातावरणमैत्री एकीकृत प्रयास हो ।
- गाउँहरूको भौगोलिक अवस्था, प्राकृतिक स्रोत, जलवायु, हावापानी लगायत उनीहरूको आर्थिक-सामाजिक जीवनस्तरको अध्ययनमार्फत् आवश्यकताहरू पहिचान गरी उनीहरूकै सक्रिय सहभागितामा विकास सम्बन्धी योजना तर्जुमा एवं कार्यान्वयन गर्ने नयाँ विधि हो ।
- वातावरणमा बढ्दो कार्वन उत्सर्जन एवं जलवायु परिवर्तनका असरहरूलाई न्यूनिकरण गर्दै अनुकूलनका प्रयासहरूलाई सहयोग पुऱ्याउने प्रभावकारी विकल्प हो ।
- अनुदानमुखी एवं आपूर्तिमा आधारित प्रविधिहरूको विकल्पमा स्थानीय समुदायहरूको ज्ञान, सीप तथा क्षमता विकास मार्फत उनीहरूकै रोजाइका विकल्पहरू एवं उनीहरूसंगै भएका साधन-श्रोतहरूको परिचालनद्वारा गरिने दिगो विकास सम्बन्धी सोच हो ।

३. वातावरणमैत्री गाउँको बिशेषता

वातावरणमैत्री गाउँका बिशेषताहरू निम्नानुसार रहेका छन्

- स्थानीय रूपमा प्राङ्गारिक खेती उत्पादन
- नवीकरणीय ऊर्जा प्रविधिहरूलाई दैनिक जीवन यापनसंग समायोजन
- सहकारिता मार्फत् सामाजिक-आर्थिक विकास
- स्थानीय स्रोत तथा साधनको अधिकतम प्रयोग
- स्थानीय स्तरमानै रोजगारीको अवसर
- समावेशी एवं सामुहिक निर्णय प्रक्रिया
- स्थानीय विविधताहरूको संरक्षण
- पानी मुहान संरक्षण तथा यसको व्यवस्थापन
- प्रत्येक घरमा कमोट (प्यान) सहितको शौचालयको निर्माण
- चेतना अभिवृद्धि एवं क्षमता विकास
- महिला सशक्तिकरण
- फोहोर व्यवस्थापन तथा सर-सफाई
- वित्तीय संस्थाहरूमा पहुँच

४. वातावरणमैत्री गाउँको आवश्यकता तथा अवसर

बढ्दो जनसंख्याको बृद्धिसंगै आवश्यक भौतिक पूर्वाधारका तीव्र विकासका कारण विश्व पर्यावरणमा परिरहेको नकारात्मक प्रभाव र यसले सिर्जना गरेको विभिन्न प्राकृतिक समस्याहरूको साथै हरितगृह ग्याँसको अधिक उत्सर्जनबाट पृथ्वीको तापमानमा भइरहेको वृद्धि, घटिरहेको हिमक्षेत्र, जलवायुमा देखिएको अनपेक्षित परिवर्तन लगायत प्रायः नियमित जसो भोग्नु परिरहेका विभिन्न प्राकृतिक विपत्तिहरू को केही हदसम्म निराकरण गर्नको लागि वातावरणमैत्री गाउँको आवश्यकता रहेको छ ।

जलवायु परिवर्तनका कारण वर्तमानमा सिर्जित समस्याहरू र अझ यसले भविष्यमा पार्न सक्ने प्रभावलाई अनुमान गर्दा "वातावरणमैत्री विकास अवधारणा" नेपाल जस्तो सानो हिमाली देशका लागि अति सान्दर्भिक देखिन्छ Nationally Determined Contribution Published by Government of Nepal २०१६[1] अनुसार विश्वको कार्वन उत्सर्जनमा करिब ०.०२७ प्रतिशत मात्र जिम्मेवार रहेको नेपाललाई कार्वन उत्सर्जन न्यूनिकरण गर्नु पर्ने कुनै वाध्यता छैन । तर यहाँको भौगोलिक, पर्यावरणीय एवं जीविकोपार्जनको अवस्था भने जलवायु परिवर्तनसंग अति संवेदनशील छ । केन्द्रिय तथ्यांक विभागको सन् २०११ को तथ्यांक अनुसार करिब ८३ प्रतिशत ग्रामीण समुदायहरूको बसोवास रहेको र जसमध्ये आर्थिक सर्वेक्षण सन् २०१८/१९ को अनुसार अधिकांश समुदायहरू (करीब १८.७ प्रतिशत) गरीब तथा विपन्न वर्गमा पर्दछन् भने, जलवायु परिवर्तनको प्रत्यक्ष असर आनुपातिक रुपमा यहि वर्गमा बढी पर्दछ[2] । त्यसै गरी भौगोलिक विकटता, प्राकृतिक तथा खाद्य सुरक्षा, ऊर्जा संकट, शिक्षा तथा जनचेतनाको कमी प्रमुख चुनौतिहरू हुन् । यिनै कारणहरूले गर्दा जीविकोपार्जनका लागि उपयुक्त अवसरहरूको खोजीमा अधिकांश पुरुषहरू गाउँ बाहिर जाने र गाउँ घरमा केवल बुढा-बुढी, महिला, अशक्त तथा बालबालिकाहरू मात्र रहने हुनाले उनीहरूको जीवन झनै कष्टकर बन्दै गएको अवस्था छ । हाल कोभिड-१९ को कारण वैदेशिक रोजगारमा विदेशिएका युवा जनशक्ति गाउँ फर्किएका छन् । यसै अवसरमा वातावरणमैत्री अवधारणा अन्तर्गत रोजगारीको सिर्जना गर्ने एक अवसर हो । वातावरणमैत्री गाउँ विकासबाट प्राप्त हुन सक्ने अन्य अवसरहरू निम्नानुसार छन् ।

आय आर्जनको लागि स्थानीय स्रोत साधानको उपयोग : बाँसको डोको बुन्दै

[1] https://www4.unfccc.int/sites/ndcstaging/PublishedDocuments/Nepal%20First/Nepal%20First%20NDC.pdf
[2] https://unstats.un.org/unsd/demographic/sources/census/wphc/Nepal/Nepal-Census-2011-Vol1.pdf

- **स्थानीय स्रोत साधनको प्रयोग :** जलवायु परिवर्तनको प्रभाव न्यूनिकरण कार्यका लागि वित्तीय सहयोगको ज्यादै कमि भएका कारण उपलब्ध स्रोतहरूको् अधिकतम उपयोग जरुरी रहेको छ । यस कार्यका लागि स्थानीय रूपमा जहाँ जस्तो निर्माण सामाग्रीको उपलब्धता र सम्भावना छ, निर्माणमा तीनै स्थानीय सामाग्रीहरूको उपयोग गरिनु पर्दछ जस्तो : ईट्टाको सट्टामा बाँसको प्रयोग गर्न सकिन्छ । नवीनताको लागि प्रक्रिया र डिजाइनले पनि लागत घटाउन मद्दत पुऱ्याउँछ ।
- **आयआर्जन :** वातावरणमैत्री विकास अन्तर्गत नवीकरणीय ऊर्जा प्रविधिहरू सम्बन्धि क्षमता अभिबृद्धि जस्ता कुराहरू समावेश गरिएका छन् । जसमा वातावरणमैत्री विकासले प्राङ्गारिक खेती लगायतका आयआर्जन हुने सीप विकास तथा प्याकेजिङ्ग र बजारीकरणको लागि सम्बन्धि तालिम प्रदान गराउँदछ ।

सुधारिएको घट्टबाट पिठो पिस्दै स्थानीय

- **महिलाहरूको कार्यबोझमा कमी :** वातावरणमैत्री गाउँमा खाना पकाउनका लागि प्रयोग गरिने परम्परागत ऊर्जाहरु तथा खाना पकाउने परम्परागत विधि अन्त गरी सुधारिएका प्रविधिहरूको प्रयोग गरिन्छ । जसले गर्दा महिलाहरूको कार्यबोझ हटी बचत भएको समयमा अन्य आयमूलक कार्यहरू गर्न सकिन्छ ।

स्थानीय समुदायमा आकाशे पानी संकलन

- **ऊर्जा पहुँचमा अभिबृद्धि :** लक्षित समुदायहरू दुर्गम क्षेत्रका स-साना गाउँमा बसोबास गर्दछन् साथै उनीहरू विद्युत वितरण सञ्जालबाट बाहिर हुन्छन्, उनीहरूलाई अन्य वैकल्पिक ऊर्जामा पहुँच बृद्धि गरेमा उनीहरूको जीवन स्तरमा उल्लेख्य सुधार आउँछ ।

सोलार बत्तीको प्रयोगबाट विद्यार्थी अध्ययन गर्दै

- **कार्बन उत्सर्जनको न्यूनिकरण :** नवीकरणीय ऊर्जा प्रविधिहरू जस्तैः सौर्यऊर्जा, वायुऊर्जा तथा गोवरग्याँस प्रविधिहरूको जडान गरेर बढि कार्बन उत्सर्जन गर्ने परम्परागत ऊर्जाका स्रोतहरूलाई विस्थापन गर्न सकिन्छ ।

ठाउँ सार्न मिल्ने सुधारिएको चुलो

५. वातावरणमैत्री गाउँ बिकास गर्ने योजना चक्र

वातावरणमैत्री गाउँ बनाउनको लागि आवश्यक योजना निर्माणगर्नु पर्ने हुन्छ । हामीलाई थाहै छ, हाम्रा आवश्यकताहरू असीमित छन र स्रोतहरू कम हुँदै गएका छन । त्यस कारण स्रोतहरूको उत्तम उपभोग र व्यवस्थापन हुने गरी हाम्रा आवश्यकताहरूको प्राथमिकीकरण र छनौट गर्नु पर्दछ । सरल रूपमा भन्नु पर्दा

प्राथमिकताहरूको आदर्श/उपयुक्त छनौट गर्न सहयोग पुऱ्याउने प्रक्रिया नै योजना निर्माण हो । लक्षित उद्देश्यहरू हासिल गर्न पूर्व तयारीहरूको आवश्यकता पर्दछ ।

वातावरणमैत्री गाउँ निर्माण गर्न योजना बनाउँदै स्थानीय समुदाय

योजना निर्माणको सान्दर्भिकता राष्ट्रियस्तरको योजनाको सूक्ष्मतह देखि विकास हुँदै समुदाय र व्यक्तिगत तहसम्म रहेको हुन्छ । तथापि ठूलो वा सानो सबै प्रकारका आयोजनाहरूको लागि योजना निर्माण सामान्य र अनिवार्य भइसकेको छ ।

योजना निर्माणको पहिलो चरण भनेको उद्देश्यहरूको सूची तयार पार्नु हो, जुन तल्लो स्तर अर्थात गाँउहरूबाट प्रवाह हुन्छ । वातावरणमैत्री विकास कार्यक्रमको सन्दर्भमा यसका उद्देश्यहरू समुदायको स्वच्छ ऊर्जामा पहुँचवृद्धि देखिलिएर जलवायु परिवर्तनका प्रभावहरूको ज्ञानमा वृद्धिसम्म हुन सक्दछ । योजना निर्माण प्रक्रिया चत्रीय रूपमा हुने भएको हुनाले यसलाई योजनाचक्र पनि भनिन्छ । यस चक्रका हरेक चरणहरू एक अर्कोसंग अन्तर सम्बन्धित रहेका हुन्छन् जसलाई तल प्रस्तुत गरिएको छ ।



चित्र १ : वातावरणमैत्री गाउँ बिकास गर्ने योजना चक्र[3]

[3] https://www.inforse.org/asia/Pub_EcoVillageDev_TOT_Manual_SouthAsia.htm

चरण नं	चरण	व्याख्या
१ .	वर्तमान अवस्थाको आँकलन	वर्तमान अवस्थामा परिवर्तन ल्याउनको लागि योजना निर्माण गरिन्छ । जुन पक्षको विस्तार, परिमाण वा प्रकृतिमा परिवर्तन चाहेको हो, सोको आधारभूत तथ्याङ्कको आवश्यकता पर्दछ ।
२	समस्याको पहिचान	समस्या भनेको वर्तमान अवस्था र आशा गरिएको अवस्था बीचको सन्तोषजनक नभएको अथवा नकारात्मक अवस्था हो । यदि सकारात्मक रूपमा त्यस अवस्थालाई हेरिन्छ भने त्यो सम्भावना अथवा विकासको अवसर हो ।
३	समस्याको विश्लेषण	समस्या पहिचान भएपछि यसका विभिन्न कारणहरूको बारेमा विचार गर्नु पर्दछ । समस्या आउनुमा सम्भावित सबै कारकहरुको बारेमा उपयुक्त समाधान सहित सूचीकरण गर्नु पर्दछ ।
४	उद्देश्यको पहिचान	समस्याग्रस्त वर्तमान अवस्थालाई परिवर्तन गरेपछि आशा गरिएको अवस्था नै उद्देश्य हो ।
५	पहिचान भएका उद्देश्यको प्राथमिकीकरण	समस्या समाधान गर्न आवश्यक स्रोतहरुको अभावले गर्दा उद्देश्यहरूको प्राथमिकीकरण गर्नु पर्ने हुन्छ । बैज्ञानिक ढङ्गबाट स्रोतहरूको न्यूनतम प्रयोगबाट अधिकतम फाइदा दिने उद्देश्यको छनौट गर्नु पर्दछ ।
६	उद्देश्य हासिल गर्ने रणनीतिको पहिचान	उद्देश्य हासिल गर्न रणनीतिहरू तयार गर्नु पर्दछ । यस अन्तर्गत गरिने क्रियाकलापहरू र जिम्मेवार व्यक्ति, आवश्यक स्रोतहरूको बारेमा व्याख्या वा जानकारी, समय तालिका तथा समीक्षा र मूल्याङ्कन जस्ता प्रक्रियाहरू रहेका हुन्छन ।
७	कार्यान्वयन	पर्याप्त मात्रामा जनशक्ति भएका संस्थाले योजनालाई समन्वयकारी ढङ्गबाट कार्यान्वयन गर्ने जिम्मेवारी बहन गर्न सक्दछन ।
८	मुल्याङ्कन	विभिन्न सूचकहरूमा आधारित भएर योजनाको निरन्तर मूल्याङ्कन हुनु पर्दछ । कार्यान्वयनको चरणमा, क्रियाकलापहरू उद्देश्य अनुरूप भई रहेको छ/छैन हेर्न तथा नभएको वा अर्कै तरिकाबाट भएको खण्डमा सच्याउनको लागि मूल्याङ्कन हुन एकदम जरुरी छ । त्यसैगरी कार्यान्वयन पछि गरिने विश्लेषणले आशा गरिएका उद्देश्य के कति हासिल भयो थाहा पाउन, सफलता र असफलताका कारणहरू तथा सिकाइहरू पत्ता लगाउन मदत गर्दछ ।

६. वातावरणमैत्री अवधारणाको पैरवी तथा प्रबर्द्धन

वातावरणमैत्री गाउँ विकास अवधारणाको ग्रामीण प्रविधि केन्द्रले सन् २०१५ देखि नै सुरुवात गरेको हो । यस कार्यक्रमको पहिलो चरणमाकाभ्रे जिल्लाको बेथानचोक गाउँपालिकाका वडा नं १,२,३,र ४ वडाका च्यामराङबेसी, चलाल गणेश स्थान, लडकु र चनौटे गाउँमा संचालन गरिएको थियो । यसै गरी यस कार्यक्रमको पहाडी जिल्लाको सफलता पछि तराइका जिल्लाहरूका वातावरणमैत्री कार्यक्रम संचालन गर्ने उद्देश्यले सिन्धुली जिल्लाको मरिण गाउँपालिकाको वडा नं ३ भालुमारामा संचालन भइरहेको छ ।

माथि उल्लिखित कार्यक्रमहरूको सफलता पश्चात स्वावलम्बन विकास केन्द्रद्वारा श्रावण २८,२०७६ मा आयोजना गरिएको समारोह "Current Challenges in Microfinance and Way Forward" मा ग्रामीण प्रविधि केन्द्रद्वारा काभ्रेपाल्चोक जिल्लाको बेथानचोक गाउँपालिकाको विभिन्न स्थानमा संचालन गरिएको वातावरणमैत्री नमुना गाउँ कार्यक्रमबारे प्रस्तुति भए पश्चात् वातावरणमैत्री स्वावलम्बन गाउँ विकास कार्यक्रमको अवधारणा अगाडि आएको हो । यसै कार्यक्रमलाई अगाडि बढाउने क्रममा ग्रामीण प्रविधि केन्द्र, स्वावलम्वन बिकास केन्द्र र मानुषी लघु वित्त वित्तीय संस्था बीच भएको छलफल अनुसार मानुषी लघुवित्त वित्तीय संस्थाले बाह्रबिसे नगरपालिकाको वार्ड नं ३ धार्पा गाउँमा वातावरणमैत्री स्वावलम्बन गाउँविकास अवधारणा अनुरूप कार्यक्रम संचालन गर्न सक्ने अवस्था रहेको निष्कर्ष निकाली त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरी यसै अनुरूप हालका दिनमा बाह्रबिसे नगरपालिका वार्ड नं.३ धार्पा गाउँमा मानुषी लघुवित्त वित्तीय संस्थाको साझेदारीमा वातावरणमैत्री स्वावलम्वन गाउँ विकास कार्यक्रम शुरु भई कार्यक्रम संचालन भइरहेको छ ।

ग्रामीण क्षेत्रहरूमा बसोबास गर्ने समुदायका लागि ऊर्जा, खाद्यान्न, पानी कृषि तथा जीविकोपार्जन सुरक्षाका लागि उपयुक्त देखिएको वातावरणमैत्री तथा एकीकृत रूपमा गाउँ विकास, नेपालको विभिन्न ग्रामीण भेगमा अति उपयोगी र प्रभावकारी देखिएकोले यस अवधारणालाई नेपालका थप पाँच गाउँमा संचालन गर्नका लागि स्वावलम्वन बिकास केन्द्रद्वारा प्रत्येक गाउँलाई रु ५,००,०००

को दरले कुल रु२५,००,००० आर्थिक सहयोग उपलब्धहुने मौखिक जानकारी गराइएको थियो । यसै अनुरूप अन्य चार गाउँहरूको खोजी तथा छनौट कार्य पनि अन्तिम चरणमा रहेको छ ।

यस स्वावलम्बन नमुना गाउँ विकास कार्यक्रम स्वावलम्वन विकास केन्द्रको आर्थिक सहयोग ग्रामीण प्रविधि केन्द्रको प्राविधिक सहयोग र लघुवित्त वित्तीय संस्थाको साझेदारीमा सम्पन्न हुनेछ । यस कार्यक्रममा कार्यक्रम कार्यान्वयनको मुख्य भूमिका लघुवित्त वित्तीय संस्थाको हुनेछ, साथै सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका वडा नं ३ धार्पा गाउँमा मानुषी लघुवित्त वित्तीय संस्थाको साझेदारीमा यो कार्यक्रम संचालन भईरहेको छ ।

यसैगरी वातावरणमैत्री स्वावलम्बन गाउँ विकास अवधारणा अन्तर्गत विद्यालयका विद्यार्थीहरूलाई वातावरणमैत्री विकल्पहरू सम्बन्धी स्कुल तथा स्कुल टु फार्म कार्यक्रम संचालन गर्ने क्रियाकलाप रहेको छ । क्रियाकलापहरू निम्नानुसार रहेका छन् ।

- स्कुलका विद्यार्थीहरूलाई वातावरणमैत्री गाउँ विकास अवधारणाको बारेमा जनचेतना जगाउने ।
- विद्यार्थीहरुलाई स्थानीय समुदायमा वातावरणमैत्री अवधारणाको बारेमा जानकारी दिने माध्यमको रूपमा प्रयोग गर्ने ।
- कार्यक्रमको अवधारण अन्तर्गत विद्यार्थीहरूलाई आय आर्जन हुने कृषि व्यवसाय तथा अन्य प्रविधिहरू संम्बन्धी सीपमूलक तालिम प्रदान गरी भविष्यमा वैदेशिक रोजगारीमा जान रोक लगाउने ।
- पुरानो तथा नयाँ पुस्ताका व्यक्तिहरूमा आत्मियता बढाउनमा मद्दत पुऱ्याउने ।

७. निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा वातावरणमैत्री गाउँ विकास कार्यक्रम एक नविनतम एकीकृत गाउँ निर्माण गर्ने परिकल्पना हो ।यस अवधारणाको मुख्य उद्धेश्य ग्रामीण विकासमा विभिन्न वातावरणमैत्री विकल्प र समाधानका उपायहरू अपनाई हरित गृह ग्याँसको उत्सर्जन र जलवायु परिवर्तनको प्रभाव तथा असर न्यूनीकरण गरी ग्रामीण समुदायको जन-जीवनमा सुधार ल्याउनु हो ।साथै यसलाई मध्यनजर गर्दै वातावरणमैत्री प्रविधि तथा विकल्पहरू जडान, उत्पादन र आय-आर्जनमूलक कार्यमा आवश्यक लगानी सहजताको लागि ग्रामीण जनतामा वित्तीय पहुँच हुनु आवश्यक देखिन्छ । त्यसै कारण यस अवधारणको सफलताको लागिस्थानीय लघुवित्त वित्तीय संस्थाहरुसंग समन्वय गर्दै स्थानीय स्रोत, साधन र सीपलाई परिचालन गरी, वैदेशिक रोजगारको लागि विदेश पलायन हुने जनशक्तिलाई निरुत्साहित गर्न नेपालमा नै आय-आर्जन हुने अवसरको सिर्जना गर्नको लागि यो अवधारणाले मद्दत पुऱ्याउन सक्ने देखिएको छ । यसको साथै यस अवधारणा अन्तर्गत विद्यालयका विद्यार्थीहरुमा व्यवहारिक ज्ञान बारेमा जनचेतना जगाउदै सीप हस्तान्तरण गरी बिद्यार्थीहरूलाई स्वतः स्फुतरूपमा स्वावलम्बी बनाई अगामी दिनमा वैदेशिक रोजगारका लागि विदेशिनु पर्ने बाध्यतालाई घटाउन मद्दत पुऱ्याउँछ ।

❖❖❖

लघुवित्तमा अढाई दशक

रामचन्द्र जोशी

वि.सं २०४५/०४६ को जनआन्दोलनको समाप्ति र बहुदलीय व्यवस्थाको आगमन सगैं नेपालमा गैरसरकारी सस्थाहरू स्थापना गर्ने क्रम शुरु भएको पाइन्छ। विभिन्न उद्देश्यहरू राखि गैरसरकारी सस्थाहरू स्थापना गरेपनि विपन्न वर्गको आयस्तर वृध्दि गर्ने प्रमुख उद्देश्य राखि खोलिएका गैरसरकारी सस्थाहरूमा निर्धन सस्था , स्वाबलम्बन विकास केन्द्र, छिमेक समाज सेवा सस्था र विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स सस्था) नेरुडे, जीवन विकास समाज , फरवार्ड जस्ता संस्थाहरूको स्थापना भयो। आजभन्दा करीब ३० वर्ष अगाडि अर्थात् २०४७/४८ सालतिर नेपालको कुल जनसख्याँको करीब ८५ प्रतिशत जनता ग्रामीण भेगमा बसोबास गर्दथे। ग्रामीण क्षेत्रका विपन्न तथा न्यून आय भएका घरपरिवारको अवस्था अत्यन्त नाजुक थियो। यस्ता वर्गका व्यक्तिहरूको बैकं तथा वित्तीय सस्था सगँको पहुचँ थिएन। उनीहरूलाई कुनै कामको लागि रकम आवश्कता परेमा गाउँका ठुलाठालु एवं साहू महाजनहरूसगँ ऋण लिएर गुजारा चलाउनु पर्दथ्यो। यसरी साहू महाजनहरुसगँ ऋण लिएर कारोबार गर्दा कतिपय अवस्थामा ऋण तिर्न नसकेर तथा किर्ते कागजात बनाई विपन्नलाई घरबार बिहीन बनाएका घटनाहरू यत्रतत्र सुनिने गरिन्थ्यो।

सन् १९७६ तिर छिमेकी देश बङ्गलादेशमा प्रोफेसर मोहम्मद युनूसले विपन्न वर्गमा वित्तिय पहुँच पुचाउनकालागि विना धितो कर्जा उपलब्ध गराउने उद्देश्यले ग्रामीण बैकं स्थापना गरी विपन्नवर्गको जीवनस्तर उकास्न सफलता पाएको कुराले नेपालमा पनि चर्चा पायो। नेपाल राष्ट्र बैकंका तत्कालीन डेपुटि गर्भनर डा. हरिहरदेव पन्तज्यूले नेपालमा पनि ग्रामीण विकास बैकंको अवधारणा भित्राउन ठुलो भूमिका खेल्नु भयो। नेपाल राष्ट्र बैकंकै पहलमा नेपालमा सरकारी स्तरबाटै ग्रामीण विकास बैकंको स्थापनाभयो। डा. हरिहरदेव पन्तको पहलमा२०४७ सालमा स्थापनाभएको निर्धन सस्थाले २०४९ सालबाट ग्रामीण अवधारणा अनुसार लघुवित्त कार्यक्रमको शुरुवात गचो। शकंर मान श्रेष्ठको पहलमा खोलिएको स्वाबलम्बन विकास केन्द्रले पनि ग्रामीण अवधारणाको अनुसरण गरी लघुवित्त कार्यक्रम संचालन गचो। त्यस लगत्तै छिमेक समाज सेवा सस्था, विकास आयोजना सेवा केन्द्र जस्ता सस्थाहरूले पनि ग्रामीण अवधारणा अनुरुप नै लघुवित्त कार्यक्रम संचालन गरे। यी सस्थाहरूले वित्तीय मध्यस्थताको कारोबार गर्ने अनुमतिलिई ग्रामीण अवधारण अनुरूप लघुवित्त कार्यक्रम संचालन गरि नेपालको ग्रामीण एवं दुर्गम भेगलाई आफ्नो कार्यक्षेत्र बनाए। जसले गर्दा दुर्गम एवं ग्रामीण भेगमा रहेका विपन्न तथा न्यून आय भएका घरपरिवारले विनाधितो सामूहिक जमानीमा कर्जा लिई व्यवसाय संचालन गर्ने अवसर पाए। तत्कालीन अवस्थामा गरीब तथा विपन्न परिवारले चाहेर पनि बिना धितो कर्जा पाउने अवस्था थिएन। बैकं तथा वित्तीय सस्थाहरू शहर बजार र सदरमुकाम केन्द्रित थिए भने धितो भएका व्यक्तिहरू सगँ धितो लिएर मात्र कर्जा दिने गर्दथे। विपन्नलाई विना धितो कर्जा दिदाँ उनीहरूले कर्जा तिर्दैनन भन्ने मानसिकताले काम गरेकोले यस्ता वर्गहरु वित्तीय पहुचँ भन्दा बाहिर थिए। UNDP ले ई.सं २०१५ मा गरेको सर्वेक्षण अनुसार ६१ प्रतिशत ब्मगति ले मात्र औपचारिक क्षेत्रबाट (FormalSector) बाट बैकिङ्ग सुविधा पाएको देखिन्छ भने २१ प्रतिशत Adult हरुले Informal Sector बाट वित्तीय सेवा लिने गरेको देखिन्छ।

विकास बैकं ऐन ,२०५२ अन्तर्गत रहेर काम गर्ने गरी क्रमशः निर्धन सस्थाको पहलमा निर्धन उत्थान बैंक, स्वाबलम्बन विकास केन्द्रले स्वावलम्बन विकास बैकं, छिमेक समाज सेवा सस्थाले छिमेक विकास बैकं लगायतअन्य गैर सरकारी सस्थाहरूले पनिआ–आफ्नो पहलमा लघुवित्त बैकं स्थापना गरी आफुले संचालन गर्दै आएको लघुवित्त कार्यक्रम हस्तान्तरण गरी हाल

यी गैर सरकारी सस्थाहरूले विशुध्द गैर वित्तीय सेवा संचालन गर्दै आएका छन् । यी गैर सरकारी सस्थाहरूले आज पनि यिनै वित्तीय सस्थाका विपन्न सदस्यहरूलाई प्राथमिकतामा राखि उनीहरूको ,स्वास्थ्य, शिक्षा एवं सिप तथा रोजगारी वृध्दिमा सहयोग पुग्ने कार्यक्रमहरू संचालन गरीरहेका छन् ।

नेपाल मावि.सं २०४७/४८ को समयमा करीब ८३ प्रतिशत जनसख्याँ ग्रामीण क्षेत्रमा बसोबास गर्दथे । ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायको आर्थिक अवस्था मात्र कमजोर होइन सामाजिक अवस्था समेत अत्यन्त दयनिय अवस्थामा थियो । आर्थिक विकासका लागि आवश्यक पूर्वाधार, रोजगारीको अभाव, वित्तीय पहुचँको अभावले गर्दा ग्रामीण विपन्नहरू झन् झन् गरीबिको दलदलमा पर्दै गइरहेका थिए । निजिस्तरमा लघुवित्तको स्थापना पश्चात् स्व–रोजगारको अवसर सृजना हुन गई विपन्नहरूको आर्थिक अवस्था क्रमशः सुदृढ हुँदै गएको पाइन्छ । निजिस्तरमा संचालित लघुवित्त सस्थाहरूको विस्तारले वित्तीय पहुँचमा ठुलो सहयोग पुचाएकोछ । यस क्षेत्रमा नेपाल राष्ट्र बैकंको र रुरल माइक्रो फाईनान्स डेभलपमेन्ट सेन्टर (RMDC) को ठुलो योगदान रहेकोछ । नेपालका लघुवित्त सस्थाहरू शुरुवातमा वित्तीय मध्यस्थता सम्बन्धी ऐन, विकास बैकं ऐन हुदैं हाल बैकं तथा वित्तीय सस्था सम्बन्धी ऐन अन्तर्गत रहि आफ्नो कार्यक्रम संचालन गरिरहेका छन् ।

लघुवित्त कार्यक्रमले विषेश गरी महिलाहरूलाई वित्तीय पहुँचमा ठुलो सहयोग पुचाएको छ । यसकार्यक्रमले महिलाहरूलाई समूहमा आबध्द गराई बिना धितो ऋण उपलब्ध गराउने भएकोले महिलाहरूले पनि आफु सगँ भएको सीप र जागँरको सदुपयोग गरी आयआर्जन गर्न सफल भएका छन् । हाम्रो जस्तो पितृ सत्तात्मक सोच भएको समाजमा महिलाको नाममाजग्गा, जमिन लगायतका अचल सम्पत्ति राख्ने गरेको पाइदैन । अचल सम्पत्ति माथिको अधिकार नभएकोले महिलाहरूले कुनै पनि व्यवसाय गर्न चाहेमा धितो राखेर ऋण उपलब्ध गराउने बैकं वित्तीय सस्थाबाट ऋण लिने अवसर नै पाउँदैनन् । हाम्रो समाजमा पुरुष नै घरमुलिको रूपमा रहने गरेकाले आफ्नो घरको आर्थिक व्यवस्थापन देखि अन्यसबै कार्यमा घर मुलिले नै हालि मुहालि गर्ने प्रचलन पाइन्छ । तर लघुवित्त कार्यक्रममा आबध्द भएका महिलाहरूले विना धितो ऋण लिई आयआर्जन गर्न सक्ने बनाई सकेपछि महिलाहरू पनि घरमुलि बन्दै आएको र यस्तो सख्याँ क्रमशः बढदै गएको पाइन्छ ।

लघुवित्त कार्यक्रम विस्तार हुनु पूर्व समाजमा महिलाहरू माथि प्रशस्तै घरेलु हिसां हुने गरेको उदाहरणहरू पाइन्छ । सामाजिक कुरीति एवं रुढिवादि परम्पराका कारण महिलाहरूले विभिन्न किसिमका अप्ठचाराहरूको सामना गर्नूपर्ने अवस्था रहेको पाइन्छ । घरमा पुरुषले मात्र कमाउने र महिलाले घरको काममात्र गरेर बसेका महिला आफ्नो श्रीमानको मृत्यु पछि बेसहारा भइ घरको खर्च चलाउन नसकि मृत्युवरण गर्न समेत बाध्य भएका घटनाहरू प्रशस्तै सुनिन्थे । लघुवित्त कार्यक्रमले महिलाहरूलाई नै केन्द्रित गरी समूह बनाउने, मासिक रूपमा बैठक संचालन गर्ने व्यवस्थाले गर्दा महिलाहरुलाई घरबाहिर निस्कने अवसर मिलेको आर्थिक उपार्जनले आत्मबल बढाएकोछ । घर बाहिर निस्केर मासिक बैठकमा सामाजिक कुरीति र रुढिवादि परम्परालाई हटाउनुपर्ने सम्बन्धमा छलफल गरिदा उनीहरूलाई यसबाट बाहिर निस्कन सहयोग मिलेकोछ । समूहमा आबध्द महिलाहरूको सामाजिक सचेतना र आर्थिक उपार्जनले गर्दा आत्मबल बढन गई कतिपय ठाउँमा घरेलु हिंसा हटाउन अभियान नै संचालन गरेको पाइन्छ ।

आर्थिक पक्ष सबल भए पछि आफ्ना बालबालिकाहरूलाई राम्रो स्कूलमा गुणस्तरीय शिक्षा दिलाउन सकेका छन् । मासिक बैठकमा हुने छलफलले शिक्षा ,स्वास्थ्य लगायत अन्य जीवनोपयोगी पक्षको बारेमा पनि राम्रो ज्ञान हासिल गर्नसफल भएकाछन् । यिनै कर्मशील महिलाहरूको मेहनतले समाजमा प्रतिष्ठित परिवारको रूपमा स्थापितभई समाजलाई नै परिवर्तन गर्न सहयोगी भूमिका निर्वाह गरेको पाइन्छ । ८।१० बर्ष देखि लघुवित्त कार्यक्रममा वसेर व्यवसाय गरेका महिलाहरू आजआफुलाई लघुउद्यमीको रूपमा रुपान्तरण गर्न सफल भएकाछन् । यिनीहरुले अन्य ८, १० जना व्यक्तिलाई रोजगारी समेत दिएकाछन् । लघुवित्त कार्यक्रमको समूहमा आबध्दभई समूह संचालन गरेका महिलाहरूका क्षमतामा भएको विकासले गर्दा समाजमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन् भने केहि महिलाहरू स्थानिय, केन्द्रियस्तरको राजनीतिक नेतृत्वलिन समेत सक्षम भएका प्रशस्तै उदाहरणहरू छन् । तसर्थ नेपालको आर्थिक सामाजिक विकासमा लघुवित्त कार्यक्रमको ठुलो योगदान रहेको छ । हुन त आज सम्म सरकारी वा निजि दुवै स्तरबाट यस कार्यक्रमको प्रभावकारीताको आधिकारिक रूपमा अध्ययन गरीएको छैन । तथ्याङ्कीय रूपमा यकिन साथ भन्न नसके पनि लघुवित्त कार्यक्रममा आबध्द भएका घरपरिवारको आर्थिक र सामाजिक रूपान्तरणलाई नजिकबाट नियाल्दा यसको प्रभावकारिता अत्यन्त राम्रो देखिएको छ । २०७८ पौष मसान्तसम्म नेपालमा लघुवित्तका करीब ४९ लाख सदस्यहरू छन् भने करीब ३ खर्ब २२ लाख रूपैयाँ लगानीमा रहिरहेको रकम छ । यस तथ्याङ्कबाट पनि लघुवित्त कार्यक्रमको लोकप्रियता र प्रभावकारितालाई प्रष्टचाउँदछ । त्यस्तै समग्र लघुवित्तमा ३.७४ प्रतिशत मात्र निष्कृय कर्जा हुनुले पनि लघुवित्तमा आबध्द विपन्न तथा न्यून आयभएका घरपरिवारको ईमान्दारिता र लगनशीलतालाई प्रमाणित गर्दछ ।

❖❖❖

लघुवित्त मार्फत युवा उद्यमशीलता अभिबृद्धि

गोकुल प्याकुरेल

१. पृष्ठभूमिः

लघुवित्त गरिबी निवारणमा प्रभावकारी औजार साबित भएको कुरा राष्ट्रिय अन्तर्राष्ट्रिय अध्ययनहरूले समेत देखाएकाछन् । नेपालको सन्दर्भमा गरिबी निवारणमा बिशेषत शिक्षा, आवास, उपभोग, आम्दानी र सम्पत्तिको सञ्चयका क्षेत्रमा लघुवित्तले सकारात्मक प्रभाव पारेको देखिएको छ ।

नेपालमा १९९०को दशकबाट ग्रामीण बैंक पद्धति अनुशरण गरी लघुवित्त सेवा विस्तार भएको देखिन्छ । बर्तमान अवस्थासम्म आईपुग्दा लघुवित्तको पहुंच ४६ लाख सदस्य तथा अठाईस लाख सदस्यहरूमा पुगेको र ऋण लगानी तेह्र खर्ब पुगेको तथ्यांक प्रकाशनमा आइरहेका छन् । गरीब परिबारलाई आर्थिक जीविकोपार्जनबाट माथि उठ्न लघुवित्तको योगदान यसको कार्य पद्धति, गरीब तप्कासंग घरदैलोमै सेवा प्रवाहको संयन्त्र आफैंमा ज्वलन्त उदाहरण हो । बिना धितोको ऋण गरीबमा लगानी गर्नु लघुवित्त संस्थाका लागि आफैंमा एक ठुलो चुनौती हो । तर बिगत ४० बर्ष देखि निरन्तर प्रवाह गरिरहेको लघुवित्त सेवाको कार्य प्रगति नियाल्दा यसको सफलताका पछाडि लघुवित्त संस्थामा कार्यरत जनशक्तिको परिचालन, ऋणीसदस्यहरूको ऋण प्रतिको सामुहिक जवाफदेहिता, निरन्तर अनुगमन र असुली ताकेता अनि सानो आकारको ऋणको किस्ताबन्दी असुली प्रकृया जस्ता पक्षहरूले ठुलो भूमीका निर्वाह गरेको देखिन्छ ।

यसै परिप्रेक्षमा नेपालको कुल जनसंख्या मध्ये युवाको संख्या ४० प्रतिशत भन्दा बढिरहेको देखिन्छ । लघुवित्त क्षेत्रमा आवद्ध ४६लाख सदस्यको अनुपात हेर्ने हो भने १८ लाख भन्दा बढी लघु वित्त सदस्यहरू युवा रहेको देखिन्छ । राष्ट्र निर्माणका लागि युवा शक्ति देशको जनशक्ति हो । सक्षम युवा राष्ट्रको सम्पत्ति हो भने उद्यमशील युवा आर्थिक समुन्नतिकोलागि प्रारम्भिक आधार हो । अवसरको खोजीमा रहेका युवालाई घरदैलो मै उपलव्ध हुने लघुवित्त सेवाले व्यवसाय शुरु गर्न ठुलो अवसर उपलव्ध गराएको छ ।

राष्ट्रले जनशक्तिको उपयोग कसरी गरिरहेको छ र श्रम बजारमा युवा जनशक्तिको सीप, दक्षता कस्तो रहेको छ भन्ने कुरा देशका लागि एक ठुलो चुनौतीका रूपमा रहेको छ । देशभित्र उपयुक्त अवसरहरूको अभावमा ५० लाखको हाराहारीमा युवाशक्ति विदेशी श्रम बजारमा आफ्नो ऊर्जावान समय खेर फालिरहेको अवस्था छ । राष्ट्रले यति ठुलो जनशक्तिको उपयोग गर्ने अवसरबाट बञ्चित भइरहेको अवस्था छ । बिदेशी श्रम बजारमा रहेको युवा जनशक्ति मध्ये ७५ प्रतिशत जनशक्ति विशेष सीप नभएका कारण श्रमको उचित मूल्य पाउन सकिरहेका छैनन् । यस्तो अवस्थामा स्थानीय स्तरमा उपलव्ध वित्तीय सेवा सुविधा लगायतका अवसरहरूको सहि मूल्यांकन गरी उपलव्ध प्रविधि पहिचान गरी कृषिजन्य क्षेत्रमा व्यावसायिक रूपमा लगानी गरेर उदाहरणका रूपमा व्यवसाय गरिरहेका युवाबाट देशभित्रै गर्न सके हुने रैछ भन्ने पाठ सबैले सिक्न समेत आवश्यक देखिन्छ ।

व्यावसायिक ज्ञान, वित्तीय साक्षरता र उद्यम शीलताको विकासबाट युवाशक्ति दक्ष जनशक्तिका रूपमा परिवर्तित भई आर्थिक सम्मुन्नतिकालागि स्थानीय स्तरमा उपलव्ध लगानीका अवसरहरू मार्फत युवा ऊर्जाको सदुपयोगगरी युवाले राष्ट्र निर्माणका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने निश्चित छ ।

२. उद्यमशीलता र लघुवित्तको सम्वन्ध

कर्जा एक सशक्त औजार हो जस्ले युवा लगायत सम्पूर्ण ऋणी सदस्यलाई व्यवसाय गर्न जागरुक बनाउंदछ । ऋण लिए पश्चात ऋणीमा एक छटपटाह शुरु हुन्छ । ऋणको अधिकतम सदुपयोग कसरी गर्ने, अधिकतम प्रतिफल कसरी प्राप्त गर्ने, ऋणको किस्ता साँवा ब्याज कसरी समयमा बुझाउने जस्ता पक्षहरूले

झकझक्याइरहेको हुन्छ जुन उद्यमशीलताको एक विशिष्ट गुण हो । उद्यमशीलता नै सफल उद्यमको आधार हो । उद्यमका लागि लगानीको आवश्यकतालाई कर्जाले पूरा गरिरहेको हुन्छ । तसर्थ कर्जाको अधिकतम सदुपयोग र उद्यमको सफलता ऋणी सदस्यमा निहित उद्यमशील क्षमतामा निर्भर रहेको हुन्छ । उद्यमशीलताको अभिबृद्धि कर्जा एक्लो सम्भागले मात्र सम्भव नहुने देखिन्छ । कुनैपनि उद्यममा ऋण लगानी र यसको सफल प्रतिफलका लागि उद्यमीले व्यवसायका लागि आवश्यक पूरक पक्षहरूलाई समेत ध्यान दिन अति आवश्यक छ ।

३. लघुवित्तको समग्र विकासका लागि उद्यमशीलताको महत्व

लघुवित्त क्षेत्रमा कार्यरत फिल्ड कर्मचारीहरू जो दैनिक जसो लघुवित्त सदस्यहरूको सम्पर्कमा आएका हुन्छन् । केन्द्र बैठकहरु मा दिनहुं जसो एक देखि दुई घण्टासम्म सदस्यहरूसंग विताउंछन् । ऋण वितरण, व्याज, किस्ता असुली, बचत संकलन, ऋणमाग फारम, ऋण निरीक्षण आदि सवालमा केन्द्र सदस्यहरुसंग निरन्तर छलफल गरिरहेका हुन्छन् । यसबाट लघुवित्त सदस्यहरू बैंकको नियम र सुविधाहरु सम्वन्धमा अध्यावधिक हुने र शतप्रतिशत ऋण असुलीमा समेत उल्लेख्य योगदान पुगेको छ । तर कर्मचारी र लघु वित्त सदस्यहरूमा व्यावसायिक सूचना, उद्यमशीलता र बजार जस्ता व्यवसाय विस्तारका क्षेत्रमा आवश्यक व्यावसायिक ज्ञान कम भएको अवस्था पाईन्छ । जसको फलस्वरूप केन्द्र बैठक लगायत सदस्य र कर्मचारी बिचमा उद्यमशीलता, वित्तीय साक्षरता सम्वन्धमा छलफल बिरलै हुने गर्दछ । फलतः एकातिर लघुवित्त सदस्यहरूको ऋण ग्रहणशील क्षमता र व्यवसाय विस्तार हुन सकिरहेको अवस्था छैन भने अर्कातिर लघुवित्त संस्थाको समेत वित्तीय आकार अपेक्षा अनुरूप बृद्धि हुन सकिरहेको देखिदैन । ऋणीहरूले लिएको ऋणको कसरी नियमित किस्ता बैंकमा बुझाउने, भाखा नाघ्नबाट कसरी जोगिने, ऋणलाई कसरी र कहाँ सहि सदुपयोग गर्ने भन्ने ध्याउन्न कर्मचारीमा सधैं रहेको हुन्छ जुन ऋण असुलिका लागि अति महत्वपुर्ण समेत छ । यसका साथसाथै व्यवसाय शिक्षा, उद्यमशीलता, बजार सम्वन्ध र समन्वयका साथै व्यवसायको दिगोपन र विस्तारका लागि आवश्यक एकिकृत सेवाका क्षेत्रमा फिल्ड कर्मचारीको आवश्यक मात्रामा क्षमता विकास गर्न सके सो क्षमता र दक्षता भएको फिल्ड कर्मचारीहरूबाट लघु वित्त सदस्यहरूलाई यसतर्फ सशक्तिकरण गर्दा एकातिर लघुवित्त संस्थाबाट लिएको ऋणबाट सञ्चालित आर्थिक कारोवारको अपेक्षित विकास र विस्तार हुने अपेक्षा गर्न सकिन्छ भने अर्कोतिर ऋणी सदस्यहरूले लिएको ऋणको उचित व्यवस्थापन गरी आय आर्जनमा बढोत्तरी गर्नमा महत्वपूर्ण योगदान पुग्नेछ ।

आर्थिक जीविकोपार्जनबाट माथि उठेको अर्थतन्त्रमा लघुवित्तको सेवा उत्पादनमुखी, व्यवसायमुखी बनाउन र यसको विस्तार गर्न सदस्य तथा बिशेष गरी युवा बर्गमा उद्यमशीलताको विकासका लागि अझबढी प्रयास गर्नुपर्ने देखिन्छ।

राज्य अवको परिप्रेक्षमा संघीय संरचनामा प्रवेश गरि सकेको र दिगो विकास लक्ष अनुसार सन २०३० पश्चात नेपालले पनि दिगो विकासका लक्षहरू हांशिल गरी गरिबीबाट माथि उठ्ने लक्ष लिएको छ । दिगो विकास लक्ष हांशिल गरेपश्चात राज्यले हाल लघुवित्तको क्षेत्रको लागि प्रावधान गरेको विपन्न बर्ग कर्जाको निरन्तरतामा समेत सवाल उत्पन्न हुने प्रशस्त सम्भावना देखिन्छ । यसका लागि लघुवित्त सेवाग्राही सदस्यहरूमा उद्यमशीलताको विकासलाई प्राथमिकता साथ अगाडि बढाई लघुवित्त सेवाका उपजहरू (Service Products) मा समय सामेक्ष परिमार्जन गर्दै जानु लघुवित्त संस्थाहरूका लागि आजको आवश्यकता भएको छ ।

देशमा बर्तमान अर्थ व्यवस्थाको ठुलो हिस्सा रेमिट्यान्सले धानिरहेको अवस्था छ । श्रमबजारमा आउने उथलपुथलले जुनसुकै बेलापनि आर्थिक संकट आउन सक्ने सम्भावना देखिन्छ । विगत एक बर्षदेखि महामारीको रूपमा देखापरेको कोभीड १९ उत्पादन र आर्थिक परनिर्भरताको सम्वन्धलाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन ल्याएको छ । यस्तो अवस्थामा उत्पादनमूलक उद्यम व्यवसायको विस्तारबाट मात्र देशको आर्थिक बिकास हुन सक्दछ । उत्पादनमूलक व्यवसायमा लगानी गर्न जनसंख्याको ठुलो तप्कामा पुगेको लघुवित्त सेवामार्फत युवा सदस्यहरूमा उद्यमशीलताको बिकास गरी ग्रामीण अर्थतन्त्र उकास्न र आयात प्रतिस्थापन गर्न लघुवित्त क्षेत्रले ठुलो भूमिका खेल्ने कुरामा कुनै शंका छैन ।

संघीय शासन प्रणाली अनुरूप केन्द्र, प्रदेश र स्थानीय तहमा स-साना लगानीका श्रोत र साधनको उपलब्धता, सुनिश्चितता, समन्यायिक बांडफांड र श्रोत साधनको परिचालनमा युवा लक्षित लघुवित्त सेवालाई विस्तार गरी कृषि, बन, पर्यटन र अन्यक्षेत्रमा उद्यम व्यवसायहरूको प्रवर्द्धन गरी उच्च र दिगो आर्थिक बृद्धिदर हांसिल गर्न सकिन्छ । तसर्थ लघुवित्त संस्था आर्थिक जीविकोपार्जनका लागि बैकिङ्ग मात्र नभई समय सापेक्ष माग र आवश्यकता अनुसार यो क्षेत्रलाई परिमार्जन गर्दै जान आवश्यक देखिन्छ ।

लघुवित्त संस्थाहरू मार्फत युवा वर्गमा बचत तथा ऋण लगानी तथा वित्तीय साक्षरता लगायत प्रविधि, शीपमूलक वा प्राविधिक तालिम, बजार सम्वन्ध, उपयुक्त प्रविधि परिचालनका क्षेत्रमा आवश्यक ज्ञान र शिप बढाई उद्यमशीलता अभिबृद्धि गर्न त्यति कै आवश्यकता छ । जसबाट उत्पादन र उत्पादकत्व बढाउने, व्यवसायको आकार बिस्तार गर्न मदत पुग्दछ । व्यवसाय विस्तार, बजार सम्वन्ध, व्यावसायिक योजना जस्ता क्षेत्रमा उपयुक्त ज्ञान र आवश्यक शिप विना लघुवित्त क्षेत्र दिगो र व्यवसायमुखि हुन सक्दैन ।

न्यून आर्थिक बृद्धि, गरिबी, असमानता, कमजोर आन्तरिक उत्पादन, न्यून गार्हस्थय बचत तथा लगानी, कमजोर लगानीमैत्री वाताबरण, अनौपचारिक आर्थिक क्षेत्र, उच्च व्यापार घाटा, प्रतिभा पलायन, बिप्रेशणमुखी अर्थतन्त्र र बेरोजगारी लगायतका आर्थिक समस्या भोगिरहेको अहिलेको परिप्रेक्षमा लघुवित्त क्षेत्रले उद्यमशीलताको विकास र प्रवर्द्धनबाट अर्थिक बृद्धि र रोजगारीलाई जोड्न सक्नुपर्दछ जसबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा बढी रोजगारी सिर्जना गरी, उत्पादन, आम्दानी र समग्रमा आर्थिक बृद्धि गर्न सकिनेछ र यस क्षेत्रमा लघुवित्तक्षेत्रले महत्वपूर्ण योगदान दिने निश्चित छ ।

नेपालको कुल ग्रार्ह्यस्थय उत्पादनमा कृषि क्षेत्रको योगदान ३० प्रतिशतको हाराहारीमा छ। बिश्व बैंकले सन २०१६ मा प्रकाशित गरेको तथ्यांकका आधारमा नेपालको कुल रोजगारीको करिब ६७ प्रतिशत हिस्सा अझै कृषि क्षेत्रले ओगटेको छ लघुवित्त संस्थाहरुबाट लिएको ऋणको ठुलो हिस्सा समेत कृषिक्षेत्रमा गएको छ। तर प्रविधियुक्त उत्पादनमूलक कृषि क्षेत्रमा यसको उपयोग हुनुभन्दा पनि खासगरी परम्परागत निर्वाहमुखी उपयोग प्रणालीमा यो ऋण बढीमात्रामा परिचालित भएको पाइन्छ। लघुकर्जा ऋणीसदस्यहरूमा उद्यमशीलताको क्षमता बढाई सम्भाव्यताका आधारमा लघुवित्त मार्फत व्यावसायिक तरकारी खेती, पशुपालन, कृषि उत्पादन, कृषि प्रशोधन उद्यमहरू, तुलनात्मक लाभका क्षेत्रका कृषि तथा बनमा आधारित उद्यमहरू, निर्यातजन्य व्यवसायहरूको प्रवर्द्धन गर्ने तर्फ लगानीका अवसर पहिचान गरी नेपालको कुल रोजगारीको ६७ प्रतिशत आधार मानिएको कृषि क्षेत्रमा उत्पादकत्व बढाउन, रोजगारी सिर्जना गर्न र अन्ततोगत्वा आर्थिक अभिबृद्धि गर्न लघुवित्त क्षेत्रको योगदान अति महत्वपूर्ण हुने निश्चित छ।

४. लघुवित्तक्षेत्रमा उद्यमशीलताको अवस्था

स्वावलम्बन केन्द्रले सन २०१७ मा नेपालमा कार्यरत १४ वटा लघुवित्त संस्थाहरूमा उद्यमशीलताको अवस्था सम्वन्धमा गरेको एक अध्ययन अनुसार ५० प्रतिशत भन्दा बढि संस्थाहरू मा जम्मा ऋणी सदस्यहरूमध्ये २ प्रतिशत सदस्यले मात्र उद्यममा लगानी गरेको देखिन्छ। जम्मा लघुवित्त संस्था मध्ये २९ प्रतिशत संस्थाहरूले उद्यमबिकासका क्षेत्रमा कुनै पनि तालिमहरू प्रदान गरेको देखिदैन। अन्य २९ प्रतिशतले आफ्ना ऋणी सदस्यहरूमध्ये १०० भन्दा कम सदस्यहरूलाई उद्यमशीलता विकासका क्षेत्रमा तालिमहरू प्रदान गरेको देखिन्छ। उद्यमका क्षेत्रमा लगानी गर्ने सदस्यहरूको औसत ऋण १ लाख २५ हजार देखिन्छ। यसबाट समेत सामान्य ऋणको प्रतिऋणी औसत ३५ हजार भन्दालघुउद्यम ऋण ३५० प्रतिशतले बढी देखिन्छ। यसरी उद्यमशीलताबाट सदस्यहरूको ऋण ग्रहणशील क्षमता (Credit Absorption Capacity) बढेको प्रष्ट देखिन्छ। उक्त अध्ययन यद्यपी ४ बर्ष अघिको भए तापनि परम्परागत प्रणालीबाट अझै पनि लघुवित्त क्षेत्रले उद्यमशीलता विकासका क्षेत्रमा संरचनागत सुधारका साथ नीतिगत वाताबरण सिर्जना गर्न ढिला भैसकेको छ। जसवाट लगानीको दायरा बढाइ बढ्दो संख्यामा युवाबर्गलाई समेट्न सकिने छ।

५. लघुउद्यम सम्वन्धि नीतिगत व्यवस्था

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०७६अन्तरगत लघु उद्यमलाई निम्नानुसार परिभाषित गरेको छः

(क) घर जग्गा बाहेक बढीमा २० लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(ख) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(ग) उद्यमीसहित बढीमा नौजनासम्म कामदार रहेको,

(घ) वार्षिक कारोबार एक करोड रुपैयाँ भन्दा कम रहेको, र

(ङ) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको

नेपाल राष्ट्रबैंकले जारी गरेको आर्थिक बर्ष २०७७/७८ को मौद्रिक नीतिले व्यावसायिक परियोजनाको लागि स्वीकारयोग्य धितो लिई तोकिएका कृषि, लघु उद्यम तथा व्यवसाय गर्ने विपन्न तथा न्यून आय भएका व्यक्ति, फर्म वा समूहलाई प्रदान गरिने कर्जा सीमा रु. ७ लाखबाट बढाई रु. १५ लाख कायम गरेको छ। यसै गरी स्थानीय तहका सबै वडाहरूमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले लघुवित्त वित्तीय संस्थाहरूको शाखा नभएका वडाहरुमा मात्र शाखा खोल्न पाउने व्यवस्था मिलाएको छ। यसबाट समेत स्थानीय स्तरमा युवाका लागि आफ्नो क्षमता सीपको सदुपयोग गरी व्यवसाय शुरु गर्न लगानी तथा पहुंचको क्षेत्रलाई विस्तार गर्ने नीतिगत वाताबरणको सिर्जना भएको छ।

६. लघुवित्तबाट उद्यमशीलता अभिबृद्धि कसरी गर्ने ?

नेपालको कुल जनसंख्याको झण्डै पच्चिस प्रतिशत जनसंख्या अझैपनि गरिबीको रेखामुनि रहेको अवस्था छ। राज्यले महिला, दलित, अल्पसंख्यक जातजाति, मधेशी लगायत दुर्गम तथा पिछडिएका क्षेत्रमा बसोबास गर्ने समुदायमा गरिबीको गहनता हटाउने तर्फ अधिकतम ध्यान पुऱ्याउन आवश्यक छ। यसैलाई मध्यनजर गर्दै लघुवित्त सेवाले नेपालको परिप्रेक्षमा एउटा महत्वपूर्ण वित्तीय औजारको रूपमा कार्य गरिरहेको छ। यसले विपन्न तथा सीमान्तकृत समुदायहरूमा वित्तिय सेवाको पहुंच बनाउन र उनीहरूको आर्थिक जीवनयापनमा सुधार ल्याउनुका साथै बिनाधितो लघुकर्जा उपलब्ध गराएर उत्पादनशील क्षेत्रमा लगानी गर्न र सम्भाव्य क्षेत्रमा लघु उद्यम व्यवसाय सञ्चालन गर्न उत्प्रेरित समेत गरिरहेछ।

भौगोलिक विकटता, विकासका पूवार्धारहरूको कमिका कारण समेत विभिन्नप्रदेशहरुमा बिशेषत ग्रामीण इलाकामा बसोबास गर्ने जनसमुदाय पछि परिरहेको अवस्था छ। लघुवित्त संस्थाहरूले यस्ता चुनौतिका बिचमा समेत लघुवित्त सेवा प्रवाह गरिरहेका छन् तर यसको परिमार्जनका लागि लघुवित्त संस्थाहरूले दिइरहेको सेवालाई अझै प्रभावकारी बनाउनका लागि लघुवित्तमा उद्यमशीलता विकासको प्याकेजलाई समावेश गर्नु पर्ने आवश्यकताको महशुस सबै पक्षहरूबाट भईरहेको छ।

लघुवित्तका लागि आधारभूत उद्यमशीलता विकास प्याकेज अन्तरगत यस क्षेत्रमा कार्यरत कर्मचारीहरूको क्षमतामा विकास गर्न आवश्यक हुन्छ। यसले उद्यमशीलता विकासमा कर्मचारीहरूको ज्ञान र दक्षताको विकास भई ऋणीसदस्यहरूलाई तालिम तथा सहजीकरण प्रकृया मार्फत सदस्यहरूमा व्यावसायिक योजना, बजार सम्पर्क, प्रविधि, मूल्य निर्धारण जस्ता पक्षहरूमा जानकारी हुने जसले ऋणको सहि सदुपयोग गर्न र व्यवसाय विस्तार गर्ने तर्फ सदस्यहरूको क्षमता बिकास गर्न मद्दत पुऱ्याउंदछ। उद्यमशिलता प्याकेजको कार्यान्वयनले ऋणी सदस्यहरूले लिएको

ऋणलाई आफ्नो शिप/चाहना/क्षमता बमोजिम, बजारको मागमा आधारीत तथा उपलव्ध स्थानीय कच्चा पदार्थको अधिकतम परिचालन गर्न सकिने उद्यमहरूमा लगानी गरी उचित प्रतिफल लिने तर्फ सचेत गराउंछ भने लघुवित्त सेवा प्रदायकहरूका लागिसमेत लगानीको सुनिश्चितता, लगानीको आकार बढाउन र समयमा साँवा तथा व्याज प्राप्त गर्न समेत सहज हुने अपेक्षा गर्न सकिन्छ। यस संभावनाहरूलाई मध्यनजर गरी लघु वित्त सञ्चालन प्रकृयामा उद्यमशीलता विकासको प्याकेजलाई लघुवित्त संस्थाहरूले प्राथमिकताका साथ सञ्चालन गर्न आवश्यक छ।

Wall Less Business Incubationको अवधारणामा लगानीका लागि सदस्यहरूलाई प्रोत्साहन गर्ने र सो अनुरूप सहजीकरण गर्न आवश्यक छ। सदस्यहरूलाई आवश्यक पर्ने लगानीको सुनिश्चतता प्रदान गर्ने लघुवित्त संस्थाले लगानीको उचित प्रतिफल र सदस्यहरूका लागि आवश्यक उद्यमशील क्षमताको अभिबृद्धि गर्न उद्यमको स्थापना र सफल सञ्चालनका लागि महत्वपूर्ण शिपमूलक तालिम, प्रविधिको प्रयोग, आवश्यक संस्थागत समन्वय र बजार सम्पर्कका लागि सहजीकरण गर्न उद्यम बिकास सहजकर्ता जस्ता जनशक्ति र उचित संयन्त्रको बिकास गर्न आवश्यक छ।

७. सुझावहरू

समग्र लघुवित्त क्षेत्रमा उद्यमशीलताको विकास र समय सापेक्ष लघुवित्त सेवाका उपजहरू (Microfinance Products)को आवश्यक परिमार्जन र लघुवित्त सेवा प्रदायकहरूको संस्थागत दिगोपन तथा सेवाग्राहीको लगानी क्षमता अभिबृद्धिका लागि निम्न पक्षहरूमा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ :

क) लघुवित्त फिल्ड कर्मचारीहरुकालागि आधारभूत उद्यमशीलता विकास तालिम पाठ्यक्रमको बिकास गर्ने।

ख) उद्यमशीलता तालिम प्याकेज कार्यक्रम लघुवित्तमा बिशेषत कर्मचारी मार्फत ऋणी सदस्यहरूमा पुऱ्याई उनीहरूको उद्यमशील क्षमता अभिबृद्धि गर्ने।

ग) लघुवित्त सेवा प्रदायकहरूले लघुकर्जाको लगानी सुनिश्चितता र उचित प्रतिफलका लागि आवश्यक प्राविधिक तालिम, आधारभूत व्यावसायिक ज्ञान (व्यावसायिक योजना), प्रविधि, बजार जस्ता अति आवश्यक पक्षहरूकम सहजीकरण गर्ने संयन्त्रको बिकास गर्ने।

घ) लघुवित्त सदस्यहरूले उत्पादन गरेका बस्तुहरूको स्वदेशी उद्योगमा आवश्यक कच्चा पदार्थका रूपमा खपत हुन सक्ने सम्भावनालाई औपचारिक रुपमा स्वदेशी उद्योग आफैंले त्यस्ता उद्यमीहरूसंग कच्चापदार्थ किन्ने सम्झौता (Buy Back Guarantee)को अभाव रहेको छ। जसबाट स्वदेशी उद्योगहरूले आफ्नो उद्योगलाई चाहिने आवश्यक कच्चा पदार्थ विदेशबाट आयात गरि अरबौं रुपैया बिदेशीइ रहेको अवस्था छ। यसका लागि सम्वन्धित सरोकारवालाहरू नेपाल सरकार, राष्ट्र बैंक, निजिक्षेत्र तथा लघुवित्त संस्थाहरू बिच सहकार्य गरी उपकरार नीति मार्फत लगानी र स्थानीय उत्पादनको बजार सुनिश्चित गर्न आवश्यक छ।

ङ) लघु उद्यम क्षेत्रमा लगानी अभिबृद्धि गर्न लघु उद्यम नीति र विपन्न बर्ग कर्जाका बिच नीतिगत तालमेल बढाउन उद्योग मन्त्रालय र नेपाल राष्ट्र बैंक बिच सहकार्य गर्न आवश्यक देखिन्छ।

च) नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थाहरुसंगको सहकार्यमा लघुवित्तको क्षेत्रको लगानीलाई बन, कृषि, पर्यटन तथा सेवामा आधारित उत्पादनशील क्षेत्रमा लगानी गर्नका लागि अनुसन्धान तथा विकास (Research andDevelopment) का क्षेत्रमा बिशेष बजेटको व्यवस्था गरी नेपालमा श्रोत सम्भाव्यता अध्ययन गर्ने र लगानीको सम्भावना भएका उद्यम व्यवसायहरूको पहिचान गर्ने र लगानीका लागि लघुवित्त संस्थाहरूलाई प्रोत्साहित गर्ने।

छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) बाट उत्पादित तालिम प्राप्त बेरोजगार जनशक्तिलाई लघुवित्त सेवा मार्फत उद्यम व्यवसायमा लगानी गर्न सहकार्य गर्ने।

ज) स्थानीय उपलव्ध श्रोतका आधारमा कृषि, बन, पर्यटन जस्ता उच्च सम्भावना भएका क्षेत्रका उद्यमहरूको पहिचान गरी सघन प्रभाव पार्न सक्ने (Mass Impact) उद्यमहरूमा लगानी गर्न प्रोत्साहन गर्न आवश्यक देखिन्छ।

झ) समय सान्दर्भिक प्रविधि र सीपको पहिचान गरी ऋणमात्र व्यवसायका लागि पर्याप्त नहुने हुंदा परिणामुखी एकिकृत अवधारणाबाट संस्थागत रूपमा आवश्यक जनशक्तिको व्यवस्था गरी युवा लक्षित लगानी कार्यक्रमहरू सञ्चालन गर्न लघुवित्त क्षेत्रमा उद्यमशीलता विकासका लागि युवालाई बढ्दो संख्यामा आकर्षण गर्न आवश्यक देखिन्छ।

सन्दर्भ सामग्रीहरु

१. औद्योगिक व्यवसाय ऐन २०७६

२. https://www.nrb.org.np/

३. Micro-Enterprise Development Programme vol I, II, 2013, MOICS, UNDP

४. Desktop Manual for Micro-Enterprise Development Model, MEDEP, 2018

५. Building Social Business, Prof. Muhammad Yunush, 2011

६. Nepal Labour Forece Survey, 2017/18, NPC/CBS

७. आर्थिक गतिविधि अध्ययन, वार्षिक प्रतिवेदन, २०७४/७५, नेपाल राष्ट्र बैंक

❖❖❖

लघुवित्तको हिजो, आज र भोली :
एक अभ्यासीको अनुभव

✍ उदय राज खतिवडा

पृष्ठभूमि :

विपन्न तथा न्यून आय भएको वर्ग, समुदायलाई सामाजिक, आर्थिक र साँस्कृतिक रूपमा अग्रगामी दिशातर्फ उन्मुख बनाउनका लागि विभिन्न प्रकारका माध्यम हुन सक्छन् । त्यसमध्ये दिगो रूपमा र आफ्नो विकास आफै गर्न सक्ने र व्यावसायिक कृयाकलापहरूबाट व्यक्तिलाई स्वावलम्बी बनाउने कार्य/कृयाकलापको खोजी गर्दा लघुवित्त सेवालाई पहिलो नम्बरको रूपमा हेर्न सकिन्छ ।

विपन्न वर्गका आफ्नै चाहना र आवश्यकता हुन्छन र त्यस्ताचाहना र आवश्यकता सरकारले वा दातृ निकायहरूले दीर्घकालीन रूपमा पूरा गर्न सक्दैनन् । आफ्नाचाहना र आवश्यकता विपन्न वर्ग आफैले पूरा गर्न सक्छन् तर त्यस्को लागि उनीहरूलाई विभिन्न औजारहरूको आवश्यकता पर्दछ । उनीहरूलाई आय आर्जनका लागि वित्तीय औजारको रूपमा रहेको पूँजीको अभाव हुन्छ । पूँजीको अभावमा उनीहरू आफ्ना आवश्यकताहरूलाई खुम्च्याउन बाध्य हुन्छन । लघुवित्त नै त्यस्तो माध्यम हो, जसले विपन्न वर्गको लागि पूँजीको उपलब्धता सहज बनाउछ र उनीहरूलाई विभिन्न किसिमका आयआर्जनमूलक कृयाकलापमा संलग्न गराउन प्रेरित गर्दछ । आय मूलक कृयाकलापले पूँजीको अभावमा रूमल्लिएको विपन्न वर्गको आर्थिक, सामाजिक अवस्थामा सुधार ल्याउन मद्दत पुग्ने हुनाले लघुवित्त सेवालाई सामुदायिक विकास, गरिवी न्यूनिकरण र महिला सशक्तिकरणको एक उत्कृष्ट माध्यमको रूपमा लिन सकिन्छ ।

स्थापना काल :

नेपालमा लघुवित्तको इतिहास पल्टाएर हेर्दा ढुकुटी, धर्मभकारी,आमा समूहको बचत र ऋण, कुनै निश्चित उद्देश्य लिएर गरिने बचत र ऋण कार्यक्रम, सहकारीमार्फत गरिने बचत र ऋण भएपनि आधुनिक स्वरूपको लघुवित्त वि.सं.२०४८ तिरबाट सुरू भएको हो । सरकारी स्तरबाट ५ विकास क्षेत्रमा स्थापना भएका ५ वटा ग्रामीण विकास बैंक र गैर सरकारी क्षेत्रबाट निर्धन उत्थान संस्था, स्वावलम्बन विकास केन्द्र, डिप्रोक्स संस्था, छिमेक समाज सेवा जस्ता संस्थाहरू लगायतको स्थापना भएपछि औपचारिक रूपमा लघुवित्त कार्यक्रमको शुरूवात भएको मानिन्छ । सबै लघुवित्त संस्थाहरू गैर सरकारी संस्थाको रूपमा सामाजिक उद्देश्य लिएर स्थापना भएका थिए । लघुवित्तको स्थापना कालमा लघुवित्त भन्ने शब्द प्रचलनमा थिएन । कसैले यसलाई लघुकर्जा कार्यक्रम, कसैले स्वावलम्बन कार्यक्रम र कसैले आयमूलक कार्यक्रम भनी चलाएतापनि यी सबैको समानता भनेको समूह निर्माण, बचत कार्यक्रम, समूह जमानीमा सानो कर्जा, आवधिक किस्ता, विपन्न वर्गलाई प्राथमिकता, ग्रामीण क्षेत्रमा कार्यक्रम बिस्तारलाई लिएका थिए । नेपालमा लघुवित्तको स्थापनाकालको चर्चा गर्दा यस क्षेत्रका आदरणीय शीर्ष व्यक्तित्वहरू स्वः डा.हरिहर देव पन्त, श्री शंकर मान श्रेष्ठज्यू, श्री पिताम्बर आचार्यज्यू, श्री रामचन्द्र जोशी ज्यूलाई स्मरण गर्नुपर्ने हुन्छ ।

विकासक्रमः

नेपालमा लघुवित्तको विकास क्रम हेर्ने हो भने ५ वटा ग्रामीण विकास बैंक र गैर सरकारी संस्थाहरू र उक्त गैर सरकारी संस्थाहरूबाट संस्थापित लघुवित्त वित्तीय संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको छ ।

यो विकास क्रम विभिन्न आयामबाट हेर्न सकिन्छ । जुन तल उल्लिखित छ ।

संस्था स्थापनाको आधारमा :

सुरूवातमा ५ वटा ग्रामीण विकास बैंकहरू विकास बैंक ऐन

अन्तर्गत संचालित थिए भने अन्य सबै खालको लघुवित्त संस्था दर्ता ऐन २०३४ अनुसार स्थापित गैर सरकारी संस्थाको रूपमा संचालित थिए। हाल सबै लघुवित्त वित्तीय संस्थाहरू कम्पनी ऐन २०६३ अनुसार लघुवित्त वित्तीय संस्थाको रूपमा संचालित छन्।

भौगोलिकताको आधारमा :

सुरूवातमा ५ वटा ग्रामीण विकास बैंकहरूले तराईका विभिन्न ग्रामीण क्षेत्रहरू, निर्धन उत्थान संस्थाले रूपन्देही जिल्ला र यसका आसपासका जिल्लाका ग्रामीण क्षेत्रहरू, स्वावलम्बन विकास केन्द्रले सिरहा, सप्तरी र उदयपुर जिल्लाको ग्रामीण क्षेत्रहरू, डिप्रोक्स संस्थाले मोरङ्ग जिल्लाको ग्रामीण क्षेत्रहरू र छिमेक संस्थाले चितवन र महोत्तरी जिल्लाको ग्रामीण क्षेत्रबाट सुरू गरेको कार्यक्रम अव भौगोलिकताको आधारमा राष्ट्रव्यापी भएको छ। हाल आएर बिभिन्न लघुवित्त संस्थाका धेरै शाखाहरू मार्फत यो कार्यक्रमले तराई, पहाड र हिमाली क्षेत्रहरूलाई समेत समेटिसकेको छ।

संस्थाहरूको संख्याको आधारमा :

सुरूवातमा थोरै संस्थाहरूबाट फरक फरक कार्यक्षेत्रमा लघुवित्त कार्यक्रम संचालन भएकोमा पछि आएर कार्यक्षेत्र खप्टयाएर कार्यक्रम संचालन गर्ने लघुवित्त वित्तीय संस्थाको संख्या ९२ वटा पुग्न गयो भने हाल आएर यी संस्थाहरू एक आपसमा गाम्ने गाभिने कार्य भएसगै ७४ वटामा झरेको अवस्था छ। तर यो पनि आफैमा ठूलो संख्या हो जसले अस्वस्थ्य प्रतिस्पर्धालाईनै अझै बढावा दिनसक्ने देखिन्छ।

सदस्य विस्तारको आधारमा :

वि.सं.२०५० को दशकमा केही हजार सदस्यहरू बिस्तार भएको लघुवित्त क्षेत्रले हाल ५१ लाख सदस्यहरूलाई सेवा दिइरहेको छ। यो संख्या आफैमा एउटा ठुलो उपलब्धिको रूपमा मान्न सकिन्छ। यसरी हेर्दा कुल जनसंख्याको आधारमा १६% जनसंख्या प्रत्यक्ष रूपमा लघुवित्त कार्यक्रममा आवद्ध भएको देखिन्छ।

कार्यक्रम संचालन गर्ने सेवाहरूको आधारमा :

सुरूवातमा लघुवित्त कार्यक्रम भित्र बचत र ऋण कार्यक्रमलाई मात्र सेवा प्रवाहको रूपमा बुझिन्थ्यो भने हाल आएर सदस्य बीमा, सिपमूलक तालिम, पशु बिमा, बालीबिमा, रेमिट्यान्स आदि जस्ता सेवा समेत प्रवाह भइरहेका छन्।

ब्याजदरको आधारमा :

सुरूवातमा नेपालमा लघुवित्तहरूको फरक फरक ब्याजदर रहे पनि औसतमा २०% को दरमा कर्जाको ब्याजदर कायम थियो। जुन नेपाल राष्ट्र बैंकले १८% कायम गऱ्यो र हाल १५% कायम गरेको छ। व्याजदरको सीमाको कारणले नेपालको ब्याजदर निरन्तर घटदै हाल सम्मकै कम बिन्दु १५% कायम छ र यो बिश्वको लघुवित्तको बजार भरिको सबै भन्दा सस्तो व्याजदर भन्न सकिन्छ।

नाफाको आधारमा :

विगतमा सबै लघुवित्त संस्थाहरू अति विपन्न वर्गमा लघुवित्त बैकिङ्गकार्यक्रम संचालन गरी विपन्न वर्गको सामाजिक आर्थिक अवस्थामा क्रमश सुधार ल्याउने मुख्य उद्देश्य लिएर कार्यक्रम संचालन एवं बिस्तार गर्दै अगाडि बढिरहेका थिए। यी संस्थाहरू सुरूको अवस्थामा गैर नाफामुखी वा आत्मनिर्भर मात्र हुने उद्देश्यका साथ संचालनमा थिए भने हाल सबै संस्थाहरू कम्पनी ऐनको प्रभावको कारणले गर्दा नाफामुखी हुदै पूँजी बजारमा आवद्ध र प्रतिस्पर्धा गर्दै अगाडि बढिरहेको अवस्था छ।

नियमनको आधारमा :

वि.सं.२०५० बाट स्थापना भएका लघुवित्त गर्ने गैर सरकारी संस्थामार्फत कार्यक्रम संचालन हुँदा नियमन थिएन भने हाल सबै लघुवित्त वित्तीय संस्थाहरू नियमनको दायरामा छन्। हाल सबै लघुवित्त वित्तीय संस्थाहरू मुख्यतया नेपाल राष्ट्र बैंकको प्रत्यक्ष नियमनमा छन्। साथै यो नियमन नै लघुवित्त वित्तीय संस्थाको दिगो संचालन र विकासको आधार हो भन्न सकिन्छ। यो नियमनले संस्था स्वयं, ग्राहकवर्ग र अन्य सबै सरोकारवालाहरूलाई नियमनको दायरामा ल्याएको छ भन्न सकिन्छ। यो नियमन विभिन्न शीर्षकमा एकीकृत निर्देशनमार्फत नेपाल राष्ट्र बैंकले गरिरहेको छ।

वर्तमान अवस्था :

नेपालको लघुवित्तको अभ्यास हेर्दा केही बूँदामा सन्तोषजनक प्रगति छ भने केही बूँदामा अझै काम गर्नुपर्ने देखिन्छ। जुन निम्नानुसार रहेका छन्।

सेवा प्रवाहको संख्यात्मक आधारमा :

नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार आ.व.२०७७/०७८ को तेस्रो त्रयमाससम्मको लघुवित्त संस्थाहरूको तथ्याङ्क यस प्रकार रहेको छ। यसमा ४ वटा थोककर्जा प्रदायक संस्था सहित ७४ वटा संस्थाहरू रहेका छन्।

सि.नं.	विवरण	संख्या
१	सेवा पुगेको जिल्ला	७७
२	कुल कर्मचारी संख्या	२०,७५६
३	कुल शाखा संख्या	४,४८८
४	कुल सदस्य	५१,१८,६९०
-	पुरूष	१,०८,८३०
-	महिला	५०,०९,८६०
५	निष्क्रिय सदस्य	३,०४,४३३

सि.नं.	विवरण	संख्या
६	कुल ऋणी संख्या	२९,८१,२३६
७	कुल बाँकी कर्जा (रू. हजारमा)	३५,७९,५४,४१०
८	भाखा नाघेको ऋणी संख्या	५,१६,५७४
९	कुल बचत रकम (रू.हजारमा)	१२,७२,०८,३०८
१०	कुल बचत/कुल कर्जा (प्रतिशत)	३५.५४
११	लघु उद्यम कर्जा/धितो कर्जा	१६.३८
१२	शेयर पूँजी (रू. हजारमा)	२,४२,४५,१२०

माथिका तथ्याङ्कहरूले वर्तमान अवस्थामा पहुँच बारे स्पष्ट गर्न खोजेको छ । माथि उल्लिखित विवरण अनुसार जम्मा ५१,१८,६९० कुल सदस्य, २९,८१,२३६ कुल ऋणी, कुल बाँकी कर्जा रू.३,५७,९५,४४,१०,०००/- र कुल बचत रू.१,२७,२०,८३,०८,०००/- पुगेको देखिन्छ । यसरी बचत र कर्जाको तुलना गर्दा कुल बचतले ३५.५४प्रतिशत कर्जालाई धानेको देखिन्छ जुन राम्रो पक्ष हो ।

नियमनको आधारमा :

नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरेको एकीकृत निर्देशन, २०७७ ले सबै लघुवित्त वित्तीय संस्थाहरूलाई नियमनको दायरामा ल्याएको देखिन्छ । यस एकीकृत निर्देशन, २०७७ मा २० वटा निर्देशनहरूबाट नियमन भैरहेको छ । ती निम्न बमोजिम छन् ।

१. न्यूनतम पूँजीकोष तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था ।
२. कर्जा/सापटको बर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था ।
३. कर्जा तथा सापटको सीमा ।
४. लेखानीति तथा वित्तीय विवरणहरूको ढाँचा सम्बन्धी व्यवस्था ।
५. जोखिम वर्गीकरण सम्बन्धी व्यवस्था ।
६. संस्थागत सुशासन सम्बन्धी व्यवस्था ।
७. सुपरीवेक्षकीय निर्देशन लागु गर्ने कार्य तालिका सम्बन्धी व्यवस्था ।
८. लगानी सम्बन्धी व्यवस्था ।
९. तथ्याङ्क विवरण सम्बन्धी व्यवस्था ।
१०. संस्थापक शेयर नामसारी वा खरिद/बिक्री वा हक हस्तान्तरण सम्बन्धी व्यवस्था ।
११. कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था ।
१२. अनिवार्य मौज्दात/बैधानिक तरलता सम्बन्धी व्यवस्था ।
१३. शाखा कार्यालय सम्बन्धी व्यवस्था ।
१४. व्याजदर सम्बन्धी व्यवस्था ।
१५. वित्तीय श्रोत संकलन सम्बन्धी व्यवस्था ।
१६. विपन्न वर्ग तथा तोकिएका क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था
१७. कार्यक्षेत्र विस्तार वा संकुचन तथा गाभ्ने/गाभिने सम्बन्धी व्यवस्था ।
१८. सम्पत्ति शुद्धिकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था ।
१९. वित्तीय ग्राहक संरक्षण सम्बन्धी व्यवस्था ।
२०. विविध व्यवस्था सम्बन्धमा ।

माथिका निर्देशनहरूले लघुवित्त वित्तीय संस्थाहरूलाई दिगो रूपमा अगाडि बढ्न सहयोग पुऱ्याएको छ ।

पूँजी बजारको आधारमा :

कम्पनी ऐन २०६३ अनुसार लघुवित्त संस्थाहरूले अनिवार्य रूपमा न्यूनतम ३०% देखि ४९% सम्मको शेयर सर्वसाधारणलाई प्रवाह गरेको हुनुपर्छ । यो शेयर प्रवाहको कारणले नेपालको लघुवित्तको क्षेत्र पूँजी बजारसंग जोडिन पुगेको छ । विगतमा संस्थाहरूको शेयर पूँजी कम भएको, कोषको लागत कम भएको र प्रशासनिक खर्चको भार कम भएकोले अन्य "क" "ख" र "ग" वर्गका संस्थाहरूको तुलनामा नाफाको दर राम्रो देखिएको हुनाले लघुवित्त क्षेत्रलाई लगानीकर्ताले आकर्षक रूपमा लिई शेयरको माग बढेको हुनाले शेयरको बजार मूल्यमा उच्चदरले बढोत्तरी भएको छ । तथापि यो शेयर मूल्यको बढोत्तरीले गर्दा लघुवित्त वित्तीय सेवाको विगतमा उल्लेख गरिदै आएको सामाजिक व्यवसाय र सेवा भन्ने सिद्धान्त ओझेलमा पर्दै गएको देखिन्छ । यसलाई सामाजिक व्यवसाय र सेवा भन्ने पहिचान पूनः दिलाउनु पर्ने देखिन्छ ।

कर्जा सूचनाको आधारमा :

विगतमा कर्जा सूचनाको प्रयोग लघुवित्त वित्तीय संस्थामा हुदैनथ्यो भने हाल नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार लघुवित्त संस्थाहरूले अनिवार्य रूपमा कर्जा प्रवाह गर्न, पूरानो कर्जा नवीकरण गर्न, पुनः संरचना वा पुनः तालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा कर्जा सूचना केन्द्रबाट अनिवार्य रूपमा कर्जा सूचना लिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । कर्जा सूचना नलिई लगानी गरेको कर्जा रकमको २% बिन्दुले थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने भन्ने व्यवस्थाले लघुवित्त संस्थाहरूले लगानी गर्ने कर्जाको नियमन हुन थालेको छ जसलाई लघुवित्त वित्तीय संस्थाहरूले सकारात्मक रूपमा लिनुपर्ने देखिन्छ ।

कार्यक्रमको गुणस्तरको आधारमा

लघुवित्त कार्यक्रमको मुख्य उद्देश्यको रूपमा विपन्न वर्गका मानिसहरूको घरदैलोमा पुगी लघुवित्त सेवाहरूको माध्यमबाट उनीहरूको सामाजिक आर्थिक अवस्थामा क्रमश सुधार ल्याउनुनै हो । यस्तो पबित्र उद्देश्य पूरा गर्ने सन्दर्भमा हाल आएर विपन्न वर्गको कार्यक्रममा आवद्धता र घरदैलो सेवामा कमी हुदै गइरहेको देखिन्छ । लघुवित्तको मुख्य मर्मको रूपमा रहेको ग्राहक सदस्यहरूको केन्द्र बैठक संचालन, भेला र कर्जाको गुणस्तरमा

क्रमशः ह्रास आउँदै गइरहेको छ। केन्द्र बैठकमा ग्राहक सदस्य उपस्थिति कम हुनु, सदस्य दोहोरोपना बढ्दै जानु र कर्जा अपचलन बढ्दै जानुले समग्र लघुवित्त कार्यक्रमको गुणस्तर घट्दै गइरहेको देखिन्छ।

लघुवित्तको आगामि दिनको अवस्थाको आकलन :

१) **संख्याको आधारमा**

नेपालमा हाल लघुवित्त संस्थाहरू ७४ वटा रहेतापनि आगामि दिनमा २५ देखि ३५ वटा सम्म संस्थाहरू मात्र रहने देखिन्छ। नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्थाले लघुवित्त वित्तीय संस्थाहरूको सेवा प्रवाहलाई गुणस्तरीय र विश्वासिलो बनाई दिगो लघुवित्त कार्यक्रमको निर्माण गर्न संस्थालाई एक आपसमा गाभ्ने गाभिने प्रकृयालाई प्रोत्साहित गरेकोले लघुवित्त संस्थाहरूको संख्या घट्न सक्ने देखिन्छ।

२) **राष्ट्रव्यापी पहुँचको आधारमा**

नेपालमा अबको ५ वर्ष भित्रमा हरेक स्थानीय निकायको हरेक वडामा सेवा पुग्नेछ। चाहे त्यो शाखा विस्तार गरेर होस वा अन्य कुनै माध्यमबाट होस। यसरी लघुवित्तको पहुँच नेपाल भरी हुनेछ। शाखा कार्यालय खोल्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्थाले स्थानीय निकायको कुनै पनि वडामा लघुवित्तका शाखा कार्यालय नभएको खण्डमा स्वीकृति लिनुनपर्ने प्रावधानले समेत सबै स्थानीय निकायका सबै वडाहरूमा निकट भविष्यमा लघुवित्त कार्यक्रम पुगेको हुनेछ।

३) **पूँजीको आधारमा**

आगामि दिनमा नेपालमा रहने धेरै जसो लघुवित्तहरू हाराहारी १ अर्बको पूँजी पुऱ्याएर बस्नेछन्। धेरै जसो यो अवस्था मर्जरबाट हुनेछ।

नियामक निकायले समेत संस्थाको दिगोपनाका लागि पूँजी बृद्धि योजना ल्याउन सक्ने अनुमान गर्न सकिन्छ।

४) **नियमनको आधारमा**

आगामि दिनमा लघुवित्तहरूको नियमन अझै व्यापक हुने अनुमान गर्न सकिन्छ। नियमनको आधारमा स्प्रेड दर लागु हुन सक्नेछ। बढ्दो लघुवित्त बैंकिङ्गको लोकप्रियता र संख्यात्मक रूपमा बृद्धि हुदै गएका लघुवित्त संस्थाहरूको नियमन छुट्टै निकायबाट गर्ने सम्बन्धमा चलेको चर्चाले समेत नियमनको दायरा फराकिलो र सूक्ष्म हुने निश्चित प्राय देखिन्छ। वित्तीय अनुशासन कायम राख्न अत्यन्त जरूरी रहने भएकोले पनि यसको स्थलगत तथा गैर स्थलगत नियमन र सुपरिवेक्षण आवश्यक छ।

५) **नाफाको आधारमा**

नाफाको आधारमा नेपालका लघुवित्तहरूको अवस्था आगामि दिनमा थोरै खस्किने देखिन्छ। वाणिज्य बैंकहरूबाट प्राप्त हुने विपन्न वर्ग कर्जा अन्तरगत उनीहरूले लघुवित्तमा प्रवाह गर्नुपर्ने निश्चित कर्जा प्रवाहमा स्वयं बैंकहरूले नै प्रत्यक्ष लगानी गर्न सक्ने व्यवस्थाले विपन्न वर्ग कर्जा सापटको व्याजदर बृद्धि हुने सक्ने भएको कारण नाफामा यसको असर पर्ने देखिन्छ। तर पनि लघुवित्तहरूको प्रतिशेयर आम्दानी वाणिज्य बैंकहरू भन्दा बढी नै हुनेछ।

६) **समुदायमा पुऱ्याएको प्रभावको आधारमा**

लघुवित्तहरूले समुदायमा पुऱ्याएको प्रभावको आधारमा लघुवित्तको आयाम फराकिलो हुन जाने देखिन्छ। किनभने यस्ले जनजीवनका धेरै पक्षलाई छुने हुन्छ। लघुवित्तको ब्यापक सेवा प्रवाहले गर्दा महिलाहरू र उनीहरूको समग्र परिवारमा नै सामाजिक, आर्थिक र सांस्कृतिक उन्नति हुने अनुमान गर्न सकिन्छ। जस्तो ग्रामीण महिलाहरूले स्थानिय निकायमा नेतृत्व लिन सक्ने भएकाछन्।

७) **प्रविधिको प्रयोगको आधारमा**

प्रविधि प्रयोगको आधारमा लघुवित्तहरूको दायरा आफै व्यापक हुनेछ। लघुवित्त संस्थाहरू सबैले कोर बैंकिङ्ग सफ्टवेयरको साथ साथै अन्य थुप्रै प्रविधिहरू प्रयोग गर्ने छन्। प्रविधिको प्रयोगले लघुवित्त सेवालाई अझ सरल र छरितो बनाउने छ जस्ले गर्दा कर्मचारीहरूको उत्पादकत्व बढन सक्छ। प्रविधिको प्रयोगको दायरालघुवित्त संस्थाहरूको दायराबाट विस्तार भई ग्राहक सदस्यहरूको घरपरिवारसम्म पुग्नेछ। जस्को फलस्वरूप ग्राहक सदस्यहरूले आगामि दिनमा मोबाइल बैंकिङ्गको प्रयोग मार्फत आफ्नो कारोवार सहज रूपमा गर्नसक्नेछन्।

८) **कर्मचारीहरूको क्षमताको आधारमा**

आगामि दिनमा लघुवित्त क्षेत्रमा पनि योग्य व्यक्तिहरूको प्रवेश हुनेछ। जस्ले गर्दा लघुवित्त संस्थाहरूमा कार्य कुशलता बढने छ। लघुवित्त संस्थाहरूले राम्रो सेवा सुविधा दिने भएकोले कर्मचारीहरूको आकर्षण बढनेछ। यस बाहेक लघुवित्त संस्थाहरूले कर्मचारीहरूको वृत्ति विकासमा पनि यथेष्ट लगानी गर्नेछन्। जस्ले गर्दा सक्षम कर्मचारीहरूको विकास गर्न मद्दत पुग्नेछ।

९) **सरकारलाई करदाताको आधारमा**

आगामि दिनमा सबै लघुवित्त संस्थाहरूको ठूला पूँजी आधार, ठूलो कार्यक्रम आधार र ठूलो नाफाको आधार हुने हुँदा संस्थाहरूले सरकारलाई ठूलो मात्रामा कर बुझाउने छन्।

१०) **कार्यक्रमको आधारमा**

लघुवित्तको आगामि दिनको कार्यक्रम बृहत हुनेछ। यस्मा धितोमा आधारित कर्जा र बिना धितो कर्जा दुवैको सीमा समेत वृद्धि हुदै जानेछ भने कर्जा लिने सदस्यको अवस्थामा समेत सुधार हुदै जाने भएकोले कार्यक्रमसंगै उद्यमशीलता बृद्धि हुनेछ।

११) **कर्जा सूचनाको आधारमा**

आगामि दिनमा सबै लघुवित्त सेवा प्रवाह कर्जा सूचनाको आधारमा हुनेछ र यो प्रयोगले अन्ततोगत्वा लघुवित्त प्रदायक संस्था र सेवाग्राही दुवैलाई फाइदा पुऱ्याउने छ ।

निष्कर्ष

लघुवित्त सेवाको अवधारणा न्यून आय भएको वर्गलाई स्थानीय श्रोत र साधनको भरपूर उपयोग गरी आय आर्जन कृयाकलापमा संलग्न गराई आर्थिक, सामाजिक अवस्थामा सुधार ल्याउन आएको हो । शुरूवाततताका विशुद्ध गैर नाफामूलक र सामाजिक सेवाको रूपमा कार्यान्वयनमा रहेका लघुवित्त संस्थाहरूको मूल मर्म र उद्देश्य भन्नु नै विपन्न वर्गको आर्थिक सामाजिक उत्थान रहेको थियो ।

नेपालमा संस्थागत रूपमा लघुवित्त कार्यक्रमको शुरूवात भएको तीन दशक भन्दा बढि भएको छ । तीन दशकको अवधिमा लघुवित्त क्षेत्रमा ठूलो परिवर्तन आएको छ । शुरूवातमा गरीव तथा विपन्न वर्ग खास गरी महिलाहरूको आर्थिक, सामाजिक अवस्थामा सुधार ल्याउने उद्देश्यले स्थापना भएका लघुवित्त संस्थाहरूको विकास र विस्तारले व्यापकता पाएसंगै संस्था ऐन अन्तरगत स्थापना भएका गैरसरकारी संस्थाहरूको कारोबारलाई कानूनी तथा संस्थागत रूपमा नियमन गर्न कम्पनी ऐन अन्तरगत रहने गरी व्यवस्था गरिएको छ ।

शुरूमा एक प्रकारको नाफा रहित सामाजिक उद्देश्य अनुरूपको कानून अन्तरगत रही कारोबार गरिरहेका संस्थाहरूलाई नाफा मूलक संस्थाको रूपमा परिवर्तन गरी कार्यान्वयनमा ल्याउदा कार्यक्रममा केही न केही परिवर्तनहरू आउनु स्वभाविकै हो । संचालक समितिको निर्माणको क्रममा प्रत्यक्ष रूपमा देखिएको संरचनाले संस्थालाई विशुद्ध गैरनाफामूलक संस्थाबाट नाफा आर्जन गर्ने र नाफा बाँडफाँड गर्ने संस्थाको रूपमा प्रस्तुत हुन बाध्यकारी अवस्था आयो । नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्थाका कारण वित्तीय मध्यस्थता गर्ने गैरसरकारी संस्थाहरू कम्पनी ऐन अन्तरगत आउनु पर्ने बाध्यात्मक व्यवस्थाले लघुवित्त संस्थाको उद्देश्यलाई परिवर्तन गऱ्यो । तथापि हालसम्म लघुवित्त सेवा प्रदायक संस्थाहरूले विशुद्ध नाफामूलक रूपमा नभई सामाजिक व्यवसायको रूपमा लघुवित्तलाई अगाडि बढाएको पाइन्छ ।

आगामि दिनमा बढ्दो बजार प्रतिस्पर्धा, नाफा कमाउने होडबाजी, लगानीकर्ताहरूको नाफा कमाउने स्वार्थ बाझिएमा लघुवित्तको मूल मर्म र उद्देश्य माथि व्यापक परिवर्तन आउन सक्ने आंकलन गर्न सकिन्छ । विगतका दिनमा विनाधितो सानो सानो कर्जा लगानी गर्ने अभ्यास हाल आएर व्यापक परिवर्तन भई धितोमा आधारित र ठुला ठुला रू.१५ लाखसम्मका कर्जा प्रबाह गर्न सक्ने व्यवस्था निर्माण भैसकेको छ । यसमा कमी नभई वृद्धि हुने निश्चित प्राय छ । जसले भविष्यमा सामाजिक उद्देश्यलाई क्षयीकरण गर्दै नाफामूलक संस्थाको रूपमा लघुवित्त वित्तीय संस्थाहरूलाई रूपान्तरण गर्नेछ । नीतिगत रूपमा हालको प्रवृत्तिलाई अंकुश नलगाउने हो र लघुवित्तलाई लगानीको राम्रो अवसरको रूपमा परिचित गराउँदै लैजाने प्रवृत्ति मौलाउदै जाने हो भने भावनात्मक रूपमा सामाजिक व्यवसायको रूपमा परिचित यस क्षेत्रको मूल मर्म मान्यता हराउँदै जानेछ ।

ग्राहक सदस्यको अधिकतम हितका लागि उनीहरूको आर्थिक उत्थानका लागि लघुवित्तकर्मी चनाखो भै रहनुपर्ने आवश्यकता छ । लघुवित्त कार्यक्रमले महिलाहरूको सामाजिक, आर्थिक र सास्कृतिक उन्नतिको लागि ठूलो भूमिका खेलेको कुरालाई हृदयंगम गर्दै हाल ५० औं लाख सेवाग्राहीहरूलाई सेवा दिन सफल भएको यस क्षेत्रलाई सामाजिक व्यवसाय कै रूपमा स्थापित गर्न हामी तत्पर रहनु आजको आवश्यकता हो । भोलिका दिनमा लघुवित्त सेवाको प्रभाव कायमै राख्न र गरिवी न्यूनिकरण तथा विकासका लागि समेत यसको भूमिकालाई स्थान दिइराख्न लघुवित्त स्थापनाको मुख्य उद्देश्यबाट लघुवित्तकर्मी चुक्नु हुदैन । सरकार तथा नेपाल राष्ट्र बैंकबाट नीतिगत रूपमा वाणिज्य बैंक लगायतबाट प्रवाह हुने कर्जालाई लघुवित्तको वर्गीकरणमा राखी सिधै कर्जा प्रवाह गर्ने व्यवस्थाले समेत यस क्षेत्रको मूल मर्म र मान्यतामा असर गर्दै आएको छ । समग्रमा भन्नुपर्दा, भोलिको परिवर्तित समयमा लघुवित्त क्षेत्रको उद्देश्य निर्धारण नेपाल सरकार र नियामक निकायको भूमिकामा निर्भर देखिन्छ ।

❖❖❖

नेपालमा लघुवित्त स्थापना र यसको विकास र विस्तारमा स्वावलम्बन विकास केन्द्रको भूमिका

राजेन्द्र धिताल

नेपालमा लघुवित्तको औपचारिक अभ्यास वि.सं.२०३० को दशकबाट शुरुवात भएको पाइन्छ। वि.सं.२०३१ सालमा नेपालको केन्द्रीय बैंक, नेपाल राष्ट्र बैंकले प्राथमिक क्षेत्र कर्जा कार्यक्रम लागु गरेपछि संस्थागत रूपमा विपन्न वर्गमा लघुवित्त कार्यक्रमको थालनी भएको थियो। नेपालमा लघुवित्त अभ्यासको प्रार्दुभाव भने वि.सं २०१३ सालमा चितवन जिल्लामा स्थापना भएको सहकारी संस्थाबाट भएको पाइन्छ। त्यसैगरी, वि.सं. २०२० सालमा स्थापित सहकारी बैंकलाई २०२५ सालमा कृषि विकास बैंकमा रुपान्तरण गरेपछि उक्त बैंकले वि.सं. २०३२ सालदेखि साना किसान विकास आयोजना कार्यक्रम मार्फत लघुवित्त सेवा सुरु गरेको थियो।

लघुवित्त विस्तारको क्रममा सरकारी तथा गैरसरकारी क्षेत्रको पहलमा वि.सं.२०३६ सालमा सघन बैंकिङ्ग कार्यक्रम, वि.सं.२०३९ सालमा ग्रामीण महिलाहरूको लागि उत्पादनशील कर्जा कार्यक्रम, वि.सं.२०४७ सालमा ग्रामीण स्वावलम्बन कोष र वि.सं.२०४९ सालमा महिलाहरुका लागि लघुकर्जा कार्यक्रम लगायतका विभिन्न लघुवित्त कार्यक्रम/परियोजना संचालनमा आउनुले लघुवित्त क्षेत्रको विकास र विस्तारमा थप प्रयासहरु भएको पाइन्छ। बंगलादेशको ग्रामीण बैंकिङ्ग पद्यतीमा आधारित छ। दुइवटा ग्रामीण विकास बैंकहरु पूर्वाञ्चल ग्रामीण विकास बैंक र सुदूर पश्चिमाचल ग्रामीण विकास बैंकको वि.सं. २०४९ सालमा स्थापना भए पश्चात लघुवित्तको विस्तारले गति लियो।

वि.सं.२०४८ सालमा गैर सरकारी स्तरबाट केही विकासप्रेमी व्यक्तित्वहरुको पहलमा स्वावलम्बन विकास केन्द्र र २०४९ सालमा निर्धन संस्थाको स्थापना पछि लघुवित्त कार्यक्रमले व्यापकता पायो। सामुदायिक विकास, गरिवी निवारण र महिला सशक्तिकरण मुख्य उद्देश्य लिई स्थापना भएको स्वावलम्बन विकास केन्द्रले शुरुवातताका जुम्ला जिल्लामा समुदायमा आधारित आर्थिक विकास आयोजना, सामुदायिक स्वास्थ्य कार्यक्रम, कालिकोट, ओखलढुंगा, सल्यान र संखुवासभा जिल्लामा सामुदायिक विकास कार्यक्रम, सिरहा, सप्तरी र उदयपुर जिल्लामा सामुदायिक गरिवी निवारण कार्यक्रम र स्वावलम्बन बैंकिङ्ग कार्यक्रम कार्यान्वयनमा ल्याएसंगै लघुवित्तको माध्यमबाट विपन्न परिवारको आर्थिक-सामाजिक अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने कुरा प्रमाणित भयो।

लघुवित्त अभियन्ता श्री शंकमान श्रेष्ठको पहलमा स्थापना भएको स्वावलम्बन विकास केन्द्रले वि.सं.२०५० सालदेखि सिरहा, सप्तरी र उदयपुर जिल्लाको एक एक गा.वि.स. क्रमशः राजपुर, जण्डौल र पञ्चावतीबाट बंगलादेशको ग्रामीण बैंकिङ्ग पद्यतीमा आधारित लघुवित्त कार्यक्रम शुरुवात गरेको हो। देशका बिभिन्न क्षेत्रमा बसोबास गर्ने न्यून आए भएका व्यक्तिहरूलाई लघुव्यवसायमा सहभागी बनाई तिनीहरूको आर्थिक स्थितिमा सुधार गर्नको निमित्त संस्थागत रूपमा लघु वचत सङ्कलन गर्न तथा लघुकर्जा उपलव्ध गराउन वित्तीय मध्यस्थताको काम गर्ने संस्थाहरुको सम्बन्धमा व्यवस्था गर्न वि.सं.२०५५ सालमा वित्तीय मध्यस्थता ऐन, २०५५ लागु भयो। सोही ऐन बमोजिम स्वावलम्बन विकास केन्द्र र निर्धन संस्थाले वित्तीय मध्यस्थताको काम काज गर्न अनुमति प्राप्त गरे।

नेपालमा लघुवित्त कार्यक्रमको वीजारोपण, विकास र विस्तारमा अत्यन्तै अहम् भूमिका निर्वाह गर्न सफल अग्रणी संस्था स्वावलम्बन विकास केन्द्रले कार्यान्वयनमा ल्याएको स्वावलम्बन बैंकिङ्ग कार्यक्रमको लोकप्रियता जनमानसमा अत्यन्तै बढ्यो। नेपालका विभिन्न स्थानमा कार्यालयहरु स्थापना गर्ने र लघुवित्त सेवा विस्तार गर्ने कार्यलाई केन्द्रले निरन्तरता दियो। समुदायमा

स्वावलम्बन बैंकिङ्ग कार्यक्रमको लोकप्रियता बढेसंगै यसलाई अझ बढी व्यवस्थित र विश्वसनीय बनाई कार्यक्रमको विकास र विस्तार गर्न केन्द्रको पहलमा २०५८ सालमा स्वावलम्बन लघुवित्त विकास बैंकको स्थापना भयो । नेपालमा लघुवित्त कार्यक्रमको इतिहासमा स्वावलम्बन विकास केन्द्रको अत्यन्त महत्वपूर्ण नेतृत्वदायी भूमिका रहेको छ । विपन्न खासगरी महिलालाई विनाधितो सानो सानो कर्जा उपलब्ध गराई लघुउद्यमी बनाई आयश्रोत बढाउन र उनीहरूलाई भविश्वमा आवश्यक पूँजी निर्माणमा सहयोग पुग्ने हेतुले सानो सानो बचत गर्ने बानी बसाल्ने कार्यमा केन्द्रको ठूलो भूमिका रहको छ । हाल केन्द्रको पहलमा प्रवर्द्धित स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.ले नेपालको अग्रणी लघुवित्त संस्थाको रूपमा २ लाख ५० हजार भन्दा बढी महिला सदस्यलाई प्रत्यक्ष लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ ।

नेपालको लघुवित्त कार्यक्रमको करिव ५० वर्षको इतिहास र यसको विकास क्रममा केन्द्रको भूमिका अहम् छ । समुदाय विकास, गरिवी निवारण र महिला सशक्तिकरणका लागि २०४८ साल श्रावण २८ गते स्थापना भई अविच्छिन्न रूपमा करिव ३ दशकसम्म लघुवित्तको विकास र विस्तारमा केन्द्रले पुऱ्याएको योगदान सुनौलो अक्षरले लिपिवद्ध छ । केन्द्रले लघुवित्त कार्यक्रममा आवद्ध ग्राहक सदस्यहरूको उद्यमशीलता विकासका लागि गरेको प्रयास र लघुवित्त संस्थाहरूका कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिमा ठूलो योगदान पुऱ्याएको छ । लघुवित्त क्षेत्रलाई अझ परिस्कृत ढंगले अगाडि बढाई ग्राहक सदस्यलाई बढि भन्दा बढि सेवा प्रवाह गर्न कर्मचारीहरूमा सीप विकास गर्न एउटा knowledge sharing platform र microfinance industry catalyst को रूपमा आफुलाई स्थापित गर्न केन्द्र सफल भएको छ ।

नेपालमा लघुवित्तको करिव आधा शताब्दि लामो इतिहास भएता पनि संगै अनेकन समस्या तथा चुनौतिहरू समेत रहेका छन, जसले यस क्षेत्रको समग्र विकास र विस्तारमा अवरोध सृजना गर्ने गरेको छ । अति विपन्न वर्गमा पुग्न नसक्नु, लक्षित वर्गको व्यावसायिक विकासमा सीपको कमी, श्रोतको अभाव, बढ्दो संचालन लागत, समय सापेक्ष प्रविधिमैत्री हुन न सक्नु, संस्थागत क्षमतामा कमी, कार्यक्षेत्रको भौगोलिक अवस्था, जनशक्तिको व्यावसायिकतामा कमी जस्ता समस्या तथा चुनौतीहरू रहेका छन । पछिल्ला वर्षहरूमा लघुवित्तमा देखिएका विचलनका कारण यस क्षेत्रमा थप चुनौतिहरू देखिएका छन । लघुवित्तलाई सेवामूलक भन्दा पनि बढि नाफामूलक रुपमा केही संस्थाहरू प्रस्तुत हुन थालेपछि यसमा विभिन्न खालका विकृति र विसंगतिहरु समेत देखापर्न थालेका छन । लघुवित्तको मूल मर्म र उद्देश्य अनुरूप सेवा प्रवाहमा विचलन देखा पर्न थालेको छ, फलस्वरुप यसमा विभिन्न चुनौती समेत थपिएका छन । लघुवित्तमा अस्वस्थ प्रतिस्पर्धा, ग्राहकलाई अधिक कर्जा प्रवाह, संस्थाहरू लघुवित्तको मूल मर्म र मान्यता विमुख हुदै जानु मुख्य समस्या तथा चुनौतीहरू हुन । यसका अतिरिक्त राजनैतिक अस्थिरता, कतिपय विषयहरुमा केन्द्रीय बैंकको अस्पष्ट नीति, लघुवित्त कार्यक्रम प्रति सरकारी निकायको भ्रमपूर्ण हेराई, संस्थाहरूको गुणात्मक भन्दा संख्यात्मकमा जोड, लघुवित्तकर्मीबीच स्वःअनुशासन र स्वःनियमनको कमी आजका जल्दाबल्दा चुनौतिहरू रहेका छन ।

देशमा कृयाशील लघुवित्त संस्थाहरूलाई ग्राहकमूखि बनाउदै न्यून आय भएको वर्गको आर्थिक-सामाजिक अवस्थामा सुधार ल्याउन केन्द्रले लघुवित्तलाई अझ बढि गतिशील, सदस्य प्रति जिम्मेवार र दिगो लघुवित्त सेवा प्रवाह गर्न महत्वपूर्ण र गहकिलो योगदान गर्दै आएको छ । "स्वच्छ लघुवित्त, हाम्रो अभियान" मूल नारा लिएर यसको विकास र विस्तारमा अग्रसर संस्था स्वावलम्बन विकास केन्द्रले लघुवित्तमा देखिएका चुनौती तथा समस्याहरूको समाधानका लागि सम्बन्धित निकाय, सरोकारवाला पक्षसंग समय समयमा विभिन्न किसिमका सभा, सम्मेलन, तालिम, अन्तरकृया, गोष्ठीहरू आयोजना गर्दै दक्ष जनशक्तिको विकास गरी लघुवित्त सेवालाई प्रभावकारी बनाउन निरन्तर कृयाशील रहेको छ । लघुवित्त विकास र विस्तारको लागि अध्ययन, अनुसन्धानमा समेत केन्द्रको अहम् भूमिका रहेको छ ।

नेपालमा लघुवित्त कार्यक्रम शुरु गरेको केन्द्रको लामो अनुभवलाई उपयोग गर्दै हाल केन्द्रले नेपालमा कार्यरत लघुवित्त संस्थाहरूको नेटवर्कको रूपमा कार्य सम्पादन गर्दै आएको छ । अहिले लघुवित्तमा आवद्ध लघुवित्तकर्मीहरूको क्षमता अभिवृद्धि, क्षमतावान लघुवित्तकर्मी उत्पादन, लघुवित्त संस्थाहरूका क्रियाकलाप बीच समन्वय र सामञ्जस्य ल्याउने कार्यमा र लघुवित्तको विकास र विस्तारमा आफुलाई नेपालको सक्षम अग्रणी संस्थाको रूपमा उभ्याउन सफल भएको छ । केन्द्रले लघुवित्त सेवा प्रदायक संस्थाका नीति निर्माण तह, व्यवस्थापन तहका पदाधिकारी लगायत प्रत्यक्ष फिल्डमा सेवा प्रदान गर्ने कर्मचारीहरूलाई उपयुक्त र समसामयिक विषयमा आधारित तालिम कार्यक्रमहरू आयोजना गरी सबै तह र तप्काका पदाधिकारीको सीप, ज्ञान र क्षमतालाई तिखार्ने काममा विभिन्न खालका सहयोग पुऱ्याउदै आएको छ । केन्द्रले लघुवित्तमा दक्ष जनशक्ति निर्माणका लागि तालिम कार्यक्रमहरू ल्याएर आफुलाई एक तालिम प्रदायक सशक्त संस्थाको रूपमा प्रस्तुत गरेको छ ।

केन्द्रले स्वच्छ लघुवित्त प्रणाली निर्माण एवं विकासको वातावरण सृजना गर्न नेपालमै पहिलो पटक लघुवित्तमा आवद्ध ग्राहक सदस्यको सम्मेलन आयोजना गर्दै आएको छ । प्रत्येक २-२ वर्षमा प्रत्यक्ष रूपमा लघुवित्त ग्राहक सदस्यको सहभागितामा आयोजना गर्ने गरिएको सम्मेलन ग्राहक सदस्यका अनुभव आदान प्रदान गर्ने उत्तम थलो बन्न पुगेको छ । लघुवित्तमा आवद्ध नीति निर्माण तह, व्यवस्थापकीय तह लगायत कर्मचारीको अन्तर्कृयाबाट मात्र सेवाग्राहीको आवाज प्रस्फुटन अपुरो हुने महशूस गरी स्वयं सदस्यको उपस्थितिमा उनीहरूको भावना, सोंच, विचार, समस्या तथा अनुभव अनुभूतिको आदान प्रदान गरी राष्ट्रिय नीति निर्माण तथा कार्यक्रम तर्जुमाका लागि पृष्ठपोषण र मार्गचित्र निर्माण गर्न सहज हुने देखिनुको साथै समग्र कार्यक्रमको गुणात्मक पक्षमा ह्रास आउन नदिन लघुवित्तमा देखिएका विचलन र विकृति घटाई अझ बढि सेवामूलक, दिगो एवम् प्रभावकारी रूपमा लघुवित्त कार्यक्रमलाई संचालन गर्न सकिने देखिएकोले राष्ट्रिय

स्तर तथा प्रदेश स्तरका कार्यक्रम आयोजना गर्दै आएको छ। जसले विभिन्न लघुवित्त संस्थामा आवद्ध ग्राहक सदस्यहरूका लागि राष्ट्रिय स्तरमा भै रहेका अभ्यास, अनुभवहरूको आदान प्रदान, घरदैलोमा लघुवित्तको सकारात्मक सन्देश दिन साथै लघुवित्तका पदाधिकारीका लागि सिक्ने र सिकाउने अब्बल थलोको रूपमा सावित गरेको छ।

केन्द्रले लघुवित्त संस्थामा आवद्ध उत्कृष्ट ग्राहक लघुउद्यमी सदस्यहरूलाई प्रोत्साहन स्वरूप नगद पुरस्कार वितरण गर्दै आएको छ। त्यसैगरी, उत्कृष्ट ग्राहक सदस्यका सफलताका कथाहरू आफ्नो प्रकाशन/प्रसारणमा उचित स्थान दिंदै आएको छ। यस प्रकारका कार्यक्रमले लघुवित्तमा आवद्ध ग्राहक सदस्यलाई उद्यमी बन्न प्रोत्साहित गर्दछ। यस प्रकारका प्रयासहरूबाट केन्द्रले लघुवित्त संस्था, कर्मचारीको सीप र क्षमता विकासमा मात्र होइन, लघुवित्तका प्रत्यक्ष सरोकारका पात्र ग्राहक सदस्यको सीप, क्षमता विकासका लागि समेत भूमिका पूरा गर्दै आएको प्रमाणित हुन्छ।

राष्ट्रिय स्तरका अलावा केन्द्रले समय समयमा विभिन्न अन्तर्राष्ट्रिय स्तरमा संचालनमा रहेका विभिन्न लघुवित्त संस्थाका अभ्यासकर्ता/विज्ञहरूलाई श्रोतव्यक्तिको रूपमा, अतिथिको रूपमा, वक्ताको रूपमा आमन्त्रण गरी अन्तर्राट्रिय संस्थाहरूले अवलम्बन गरेका लघुवित्त अभ्यासहरूका बारेमा अन्तरकृया गर्दै आएको छ। यसका साथै, विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा अध्ययन/अवलोकन भ्रमण र अनुभव आदान प्रदानका कार्यक्रमहरु समेत संचालन गर्दै आएको छ, जसले नेपालमा लघुवित्त संस्थामा कार्यरत कर्मचारीहरुले अन्तर्राष्ट्रिय लघुवित्त अभ्यासहरू प्रत्यक्ष रूपमा अवलोकन गर्ने अवसर पाउनुका साथै नयाँ नयाँ कार्यप्रणालीहरू आफ्नो संस्थामा अंगीकार समेत गर्ने मौका प्राप्त गर्न सफल भएका छन। हाल केन्द्रले लघुवित्त सम्बन्धी कार्य गर्ने विभिन्न अन्तर्राट्रिय संघ संस्थासंग एक असल नेटवर्क सदस्यको रूपमा समेत आफ्नो स्थान सुरक्षित गर्न सफल भएको छ। हाल केन्द्रका देशभर ४३ वटा संस्थागत सदस्य, १२ जना व्यक्तिगत सदस्य तथा १२ वटा अन्तर्राट्रिय साझेदार संस्थाहरू रहेका छन।

हाल कोभिड-१९ ले निम्त्याएको विषम परिस्थितिमा समेत केन्द्रले भर्चुअल माध्यमबाट समेत सदस्य तथा कर्मचारी, नीति निर्माता, नियामक निकायसंग विभिन्न अन्तर्कृया, सेमिनार, गोष्ठी, छलफल कार्यक्रम आयोजना गर्दै आएको छ। यस प्रकारका कृयाकलापले जस्तो सुकै अवस्थामा समेत स्वच्छ लघुवित्तको विकास र विस्तार साथै लघुवित्त सदस्य तथा लघुवित्तकर्मीको क्षमता तथा दक्षता अभिवृद्धिका लागि केन्द्र अग्रसर रहेको देखाउछ। यसका साथै केन्द्रले नेपालको संघीय स्वरूपमा लघुवित्त संस्थाहरूको सेवा विस्तार र पहुँचको अवस्था अध्ययन साथै "स्वच्छ लघुवित्त, हाम्रो अभियान" को सन्देश गाउँ स्तरसम्म पुऱ्याउन प्रदेश स्तरीय लघुवित्त सदस्य सम्मेलन समेत आयोजना गर्नुले दिगो र गतिशील लघुवित्त सेवा प्रवाहका लागि केन्द्रले अहम् भूमिका खेल्दै आएको बुझ्न सकिन्छ।

अन्तमा, तीन दशकको अवधिमा लघुवित्तको माध्यमबाट समुदाय विकास, गरिवी निवारण र महिला सशक्तिकरणका लागि अहोरात्र लागि परेको स्वावलम्बन विकास केन्द्र र केन्द्रका परिकल्पनाकार लघुवित्त अभियन्ता श्री शंकरमान श्रेष्ठ लगायत स्वावलम्बन विकास केन्द्र परिवारलाई तीसौं वार्षिकोत्सवको अवसरमा मेरो तर्फबाट हार्दिक बधाई तथा आगामि दिनमा अझ दिगो, गतिशील र परिस्कृत लघुवित्त सेवा प्रवाहका लागि लघुवित्त संस्थाहरूलाई मार्गदर्शन भैरहोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

❖❖❖

लघुवित्त संस्था र आन्तरिक लेखापरीक्षण

✍ कृष्ण प्रसाद न्यौपाने

परिचय

आन्तरिक नियन्त्रण प्रणाली एक हो । व्यबस्थापनले संस्थाको लक्ष्य एवं उदेश्य हासिल गर्न, व्याबसायिक जोखिमको व्यवस्थापन गर्ने गतिशील पद्धति हो । जसबाट कर्मचारी बर्गको यथास्थितिको अवस्थामा समेत परिवर्तन आउन मद्दत गर्दछ । यस प्रणालीमा संगठनात्कम ढांचा, नीति, नियम, प्रकृया, वास्तविक संचालक तरिका सम्पत्ति एवं कर्मचारी संरक्षण आदि पर्दछन । आन्तरिक नियन्त्रणको योजना नै गल्ती अनियमिततताहरूलाई निरुत्साहित गर्नु तथा सो भएको भए कुनै निश्चित समय सीमामा भित्र पत्ता लगाउने गर्नु पर्दछ । Internal Controls system includes a set of Rules policies and procedures an organization implements to provide direction increase efficiency and strengthen adherence to policies. It maintains checks & balance in the firm.Internal Control = Internal Check+ Internal Audit

लेखापरीक्षण र यसको महत्व

लेखापरीक्षण ऐन २०४८ अनुसार लेखापरीक्षण भन्नाले कारोवार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख खाता किताब आदि र सो कारोवारलाई प्रामाणित गर्ने अन्य कागजात समेतलाई जनाउछ र परीक्षण भन्नाले लेखाको जांच र त्यसको आधारमा गरिने मूल्याङकन तथा विश्लेषण समेतलाई जनाउछ । कुनै व्यवसायमा राखेको आर्थिक कारोवारको अभिलेख भए नभएको भनी स्वतन्त्र लेखापरीक्षकले वित्तीय विवरण अभिलेख भौचर तथा कागजातको परीक्षणको परीक्षण गरी प्रतिवेदन पेश गर्ने कार्यलाई लेखापरीक्षण भनिन्छ । लेखापरीक्षण गर्नु कानूनी आवश्यकता रहेको छ । हरेक आर्थिक बर्ष समाप्त भए पछि लेखापरीक्षण गराउनु पर्छ । लेखापरीक्षण गराउने समयसीमामा कम्पनी ऐन, आयकर ऐन तथा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐनमा तोकिए बमोजिम हुनेछ । नेपाल सरकारको पचास प्रतिशत भन्दा बढी स्वामित्व रहेका संघ संस्थाहरूको लेखापरीक्षण माहालेखा परीक्षकको कार्यालयले गर्ने प्राबधान रहेको छ । अन्य संस्थाहरूको नेपाल चाटर्ड एकाउन्टेड संस्थाले लेखापरीक्षण गर्ने पेशागत प्रमाणपत्र प्राप्त गरेका विज्ञहरूबाट गराउनु पर्दछ ।

कुनै संस्था भित्रको वित्तीय तथा आर्थिक पक्षमात्र नभई प्रशासनिक प्राविधिक,कानूनी, भौतिक, लगायतसमग्र पक्षको चेक जांच गरि संस्थाको लक्ष्य र उद्देश्य प्राप्ति गर्न बैककै कर्मचारीहरूद्वारा गरिने परीक्षणलाई आन्तरिक नियन्त्रण भनिन्छ । समग्रमा आन्तरिक लेखापरीक्षण र आन्तरिक चेकजांचको समष्टिगत रूप नै आन्तरिक नियन्त्रण प्रणाली हो ।

लेखापरीक्षणको प्रकार

१. बाह्य अन्तिम लेखापरीक्षण

बाह्य लेखापरीक्षणलाई अन्तिम लेखापरीक्षण समेत भनिन्छ । संस्थाले आर्थिक बर्षको लागि तयार गरेको वित्तीय विवरणले आर्थिक कारोवारको यथार्थ अबस्था चित्रण गर्दछ वा गर्दैन भनी वित्तीय विवरण उपर आफ्नो राय प्रकट गर्ने कार्य अन्तिम लेखापरीक्षणमा हुन्छ । अन्तिम लेखापरीक्षण कुनै बाह्य स्वतन्त्र लेखा विज्ञबाट गराउनु पर्दछ । अन्तिम लेखापरीक्षकको नियुक्ति साधारण सभाले गर्दछ ।

शेयरधनीलाई कति लाभाश वितरण गर्ने भन्ने बाह्रय लेखापरीक्षण कार्य सम्पन्न भए पछि तय गरिन्छ । बाह्रय लेखापरीक्षण कार्य सम्पन्न गर्नु कानूनी रूपमा अनिवार्य हुन्छ ।

२. आन्तरिक लेखापरीक्षण

व्यवसायले गरेको कारोवार तथा संस्थाले प्रयोगमा ल्याएको आन्तरिक नियन्त्रण प्रणाली ठीक छ वा छैन भनी मूल्याङकन गर्ने, जोखिम, जोखिम व्यवस्थापन र संस्थागत सुशासनको अबस्थाको मूल्याङकन गरी कमजोरी औल्याउने र प्रतिवेदन पेश गर्ने कार्य आन्तरिक लेखापरीक्षणमा गरिन्छ । यस किसिमको लेखा परीक्षण कार्य गर्न संस्थाभित्र लेखापरीक्षण विभागमा विभाग गठन गरेर समेत गर्न सकिन्छ । नेपाल चार्टर्ड एकाउन्टेट संस्थाबाट लेखापरीक्षण गर्ने पेशागत प्रमाणपत्र प्राप्त गरेका विज्ञहरूबाट समेत आन्तरिक लेखा परीक्षण कार्य गराउन सकिन्छ । आन्तरिक लेखा परीक्षकको नियुक्ति व्यबस्थापनले गर्दछ र यसको प्रतिवेदन लेखापरीक्षण समितिमा पेश गरिन्छ ।

३. कर लेखापरीक्षण

संस्थाको अन्तिम लेखापरीक्षण सम्पन्न भए पछि आर्थिक बर्षमा आर्जन गरेको आम्दानीको आधारमा भुक्तानी गर्नुपर्ने करको निर्धारण गर्न कर लेखापरीक्षण गरिन्छ । बाह्य लेखापरीक्षणबाट करलेखा परीक्षण गर्ने गरिन्छ ।

४. प्रणाली लेखापरीक्षण

कुनै व्यवसायमा प्रयोगमा ल्याएको सफ्टवेयरले गरेका हिसाब किताब तथा प्रदान गरेका प्रतिवेदनहरू ठीक छन् वा छैनन् भनी लेखापरीक्षण गर्ने कार्यलाई प्रणाली लेखा परीक्षण गरिन्छ । यसबाट सिष्टमको सुरक्षाको अबस्था डेटा एक्सेस, डेटा व्याकअप लगायतका विषयमा समेत परीक्षण गरिन्छ । यसले प्रयोग कर्ता माझ विश्वास दिलाउने काम गर्छ ।

आन्तरिक नियन्त्रण प्रणाली २ किसिमको हुन्छ ।

१. Preventive Internal Control
   यस बिधि अनुसार पहिले नै नीति निमार्ण गरेर त्यस अनुरूप कर्मचारीलाई कार्यान्वयन गराइन्छ । नीति निर्माण अन्तर्गत अन्तर्गत Policy Development, Delegate Authority, job Rotation job Segregation setting standard पर्दछन् ।

२. Detective internal Control बनाइएको नीति नियम अनुसार काम भयो वा भएन त्यस अनुसारको चेक जांच गरिन्छ । Preventive Internal Control भन्दा बढी प्रयोगात्मक हुन्छ ।

आन्तरिक नियन्त्रण प्रणालीका तत्वहरू

१. नियन्त्रण वातावरण
२. जोखिम विश्लेषण
३. नियन्त्रण गतिबिधि
४. सूचना र संचार
५. सुपरिवेक्षण

आन्तरिक नियन्त्रण प्रणालीको अबश्यकता

भरपर्दो वित्तीय प्रतिवेदन
प्रभावकारी तथा कुशल सच्चालन
कानूनको पालना
सम्पत्तिको सुरक्षा
हिनामिनामा नियन्त्रण
बैज्ञानिक खर्च प्रणाली व्यबस्थित गर्न
समयबद्धताको पालन

आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणाली बीच सम्बन्ध

आन्तरिक लेखापरीक्षण होस वा वाह्य लेखापरीक्षण यी कुनै पनि कार्य गर्नु भन्दा पहिला लेखापरीक्षकले लेखापरीक्षण गर्नुपर्ने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङकन गर्ने गर्दछन् । यसरी मूल्याङकन गर्दा आन्तरिक नियन्त्रण प्रणालीको मजबुतीको अबस्था र सोबाट जोखिम न्यूनिकरण हुन सक्ने अबस्था के छ भनी विश्लेषण गरिन्छ । आन्तरिक नियन्त्रण प्रणाली मजबूत नभएको संस्थाहरूमा निरन्तर आन्तरिक लेखापरीक्षण गराइए पनि जोखिमको अबस्था मौजुदा नै रहने गर्दछ । जहाँ जोखम रहिरहन्छ । त्यहा नोक्सानी व्यहोर्ने पर्ने अवस्था पनि रहन्छ । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीको मजबूती हरेक संस्थाको लागि अपरिहार्य छ ।

माथि उल्लेख गरिएका विविध पक्षहरूको विश्लेषणबाट हामी के निष्कर्षमा पुग्न सक्छौ भने आन्तरिक नियन्त्रण प्रणाली आन्तरिक लेखापरीक्षणको एक अभिन्न अंग हो । यसको साथ जहाँ आन्तरिक नियन्त्रण प्रणाली मजबुत रहन्छ त्यहा जोखिम व्यबस्थापन कुशल रूपमा भई न्यून जोखिमको अवस्था रहन्छ भने संस्थागत सुशासनको पालनाको स्तर पनि बृद्धि हुन जान्छ । त्यस अर्थले आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण बीच गहिरो र मजबूत सम्बन्ध छ । जहां यी दुबै पक्षको मजबूती छ त्यहाँ संस्थाले लिएको लक्ष्य अवश्य हासिल हुन जान्छ । साथै जोखिम न्यूनिकरण तथा संथागत सुशासनको परिपालना पनि अवश्य हुन्छ ।

लेखापरीक्षणका उद्देश्यहरू

क. प्राथामिक उद्देश्य

लेखापरीक्षणको मुख्य तथा प्राथमिक उद्देश्य भनेको व्यवसायको तयार गरेको खाता एवम् हिसाब किताब खर्च आम्दानीको आधार तथा वित्तीय विवरणको परीक्षण गर्नु र उक्त विवरणहरूले व्यवसायहरूले व्यवसायको यथार्थ अवस्था चित्रण गर्दछ वा गर्दैन भनेर आफ्नो राय प्रकट गर्नु हो ।

ख. सहायक उद्देश्य

१. गल्तीहरूपत्ता लगाउनु र रोकथाम गर्नु ।

२. जालसाँजी वा छलकपटहरू पत्ता लगाउनु र रोकथाम गर्नु ।

वित्तीय संस्थाको व्यवसायिक गतिविधि सञ्चालन, वित्तीय प्रणाली र आन्तरिक नियन्त्रण प्रणाली लगायत सम्पूर्ण आर्थिक तथा गैह्रआर्थिक गतिबिधिहरूलाई सुव्यवस्थित रूपले सञ्चालन गर्नको लागि आन्तरिक लेखापरीक्षण अपरिहार्य हुन्छ । आन्तरिक लेखापरीक्षण आन्तरिक नियन्त्रण प्रणालीको एक महत्वपूर्ण कार्य अन्तर्गत पर्दछ । आन्तरिक लेखापरीक्षणलाई व्यवस्थापनको तेश्रो आँखा पनि भनिन्छ । आन्तरिक लेखापरीक्षण कार्यलाई सुव्यवस्थित तथा प्रभावकारी वनाउन सञ्चालक समितिबाट आन्तरिक लेखापरीक्षण निर्देशिका स्वीकृत गरी कार्यान्वयन गरिन्छ । आन्तरिक लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्न एक जना गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा ३ जनाको एउटा लेखापरीक्षण समिति गठन गरिन्छ । आन्तरिक लेखापरीक्षण कार्यको लागि संस्थामा एउटा छुट्टै आन्तरिक लेखापरीक्षण विभाग समेतरहेको हुन्छ । आन्तरिक लेखापरीक्षण विभागको प्रमुख उक्त समितिको सदस्य सचिवको रूपमा रहन्छ । लेखापरीक्षण समितिको बैठक प्रत्येक त्रयमास समाप्त भएको एक महिना भित्र अनिवार्य बस्नु पर्ने व्यवस्था रहेको हुन्छ ।

आन्तरिक लेखापरीक्षण विभागको उत्तरदायित्व

आन्तरिक लेखापरीक्षण विभाग अन्तर्गत रहने कर्मचारीहरू प्रशासनिक रूपमा संस्थाको प्रमुख कार्यकारी अधिकृतप्रति र कार्यगत रूपमा लेखापरीक्षण समितिप्रति उत्तरदायी रहनेछन् । आन्तरिक लेखापरीक्षण कार्य व्यवस्थित तथा प्रभावकारी ढंगबाट संचालन गर्ने जिम्मेवारी आन्तरिक लेखापरीक्षण विभागको हुन्छ । आन्तरिक लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूको कार्य वित्तीय संस्थाको व्यावसायिक कृयाकलाप संचालन, वित्तीय प्रणाली तथा आन्तरिक नियन्त्रण प्रणाली तथा प्रकृयाहरूमा नियमितता, मितव्ययिता, औचित्य, प्रभावकारिता जस्ता कुराहरू अवलम्वन भएको/नभएको सम्बन्धमा स्वतन्त्र बिश्लेषण तथा समीक्षा गरी वित्तीय संस्थाकोश्रोतहरूको सदुपयोगिताको सुनिश्चितता प्रदान गर्नु रहेको हुन्छ ।आन्तरिक लेखापरीक्षणले कार्यक्रम सञ्चालनको क्रममा कर्मचारीबाट हुने गल्ती तथा अनियमितताको पहिचान गरी गल्तीलाई समयमै सुधार गर्ने गराउने तथा अनियमितता तथा बेरुजूहरू तत्काल तिर्न/व्यहोर्न लगाई थप प्रशासनिक कार्यबाही गर्नु पर्ने भएमा संस्थाको प्रमुख कार्यकारी अधिकृत समक्ष शिफारिश गर्नु पर्दछ ।

लेखा परीक्षकले आफ्नो राय, सुझावहरू प्राप्त प्रमाणहरूको आधारमा तय गर्दछ । संकलित प्रमाणहरू पर्याप्त, सान्दर्भिक तथा उपयोगी हुनुपर्छ । प्रमाणहरूको अध्ययन जसले गरे पनि एउटै निष्कर्षमा पुगिने हुनुपर्छ । आन्तरिक लेखापरीक्षण गर्दा प्राप्त प्रमाणहरू फाइलमा परीक्षण प्रतिवेदनसँग खोजेको बेलामा तत्काल भेटिने गरी सुरक्षित तथा गोप्य राखिन्छ ।

आफ्नो पेशागत दक्षतालाई अद्यावधिक गर्न लेखा परीक्षक आफ्नो अध्ययन तथा पेशागत तालिमहरूमा निरन्तर सहभागी हुन्छ । नियमनकारी निकाय वा बाह्य लेखा परीक्षक वा अन्य निकायबाट वित्तीय संस्थाको कृयाकलाप तथा कर्मचारीहरूको बारेमा अनुसन्धान गर्दा सहयोगको माग भएमा उक्त अनुसन्धानमा आन्तरिक लेखापरीक्षण विभागले सहयोग गर्नु पर्दछ ।

आन्तरिक लेखा परीक्षकहरू सामान्यतः प्रकृयाहरूको निर्धारण तथा विकास, निर्णय प्रकृया, अभिलेख तयार गर्ने कार्य, दैनिक कृयाकलाप जस्ता समीक्षा तथा अनुगमन गरिने विषयबस्तुहरूमा संलग्न हुदैनन् । तथापि नयाँ प्रणाली तथा प्रकृयाको तर्जुमा गर्दा आन्तरिक नियन्त्रण प्रणालीलाई पर्याप्त सम्बोधन गर्न आन्तरिक लेखापरीक्षण विभागको राय माग भएमा दिन सकिन्छ । लेखा परीक्षक हरेक विषयबस्तुहरूमा तटस्थ हुनु पर्दछ । लेखा परीक्षकको प्राथमिक उद्देश्य लेखापरीक्षण मापदण्ड अनुसार लेखापरीक्षण कार्य सञ्चालन रहेको हुन्छ । लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरूको आधारमामात्र आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता, स्थापित नीति तथा प्रकृयाको पालनाको अवस्था, संगठनात्मक लक्ष्य प्राप्तिका लागि आवश्यक प्रभावकारिता तथा दक्षताका सम्बन्धमा उच्च व्यवस्थापन तथा लेखापरीक्षण समितिलाई सान्दर्भिक सूचना तथा राय प्रस्तुत गर्नु पर्दछ ।

गोपनीयताः

लेखा परीक्षकले परीक्षणको क्रममा प्राप्त सूचनाहरूको स्वामित्व ग्रहण गरी आधिकारिक निकायको स्वीकृति वा कानूनले बाध्य पारेको अवस्थामा बाहेक सूचनाहरू सार्वजनिक गर्नु हुंदैन । सूचनाहरू अति गोप्य रूपमा प्रमुख कार्यकारी अधिकृत/लेखा परीक्षण विभाग समक्ष पेश गर्नुपर्छ । प्राप्त सूचनाहरूको गोप्यता कायम गर्नु सम्बन्धित सवैको दायित्व हुन्छ ।

लेखापरीक्षकले जस्तोसुकै परिस्थितिमा सन्तुलित मूल्यांकन गर्नुपर्छ । व्यक्तिगत चासोबाट अनुचित प्रभावमा परी निर्णय प्रभावित गर्नु हुदैन । आफ्नो बुद्धि, विबेक, चातुर्य, श्रृजनशीलता, उच्च मनोवल तथा सावधानीको प्रयोगबाट संस्थाको प्रतिनिधिको हैसियतमा सवै तहहरूको सम्बन्धमा विश्वास आर्जन गर्नुपर्छ । लेखापरीक्षकले निरन्तरको अध्ययन, ज्ञान, सीप र अनुभवको प्रयोग गरी आफ्नो कार्यको गुणस्तर तथा कामको प्रभावकारी सम्पादन गर्न सक्षम हुनुपर्छ ।

लेखापरीक्षकको व्यवहार पेशागत तथा वित्तीय संस्थाको हितमा हुनुपर्छ । व्यक्तिगत आग्रह तथा पूर्वाग्रहबाट प्रेरित हुनु हुदैन । लेखापरीक्षकले नमुनायोग्य उच्च नैतिकता कायम गर्नुपर्छ । सेवाग्राहीबाट विना मूल्य कुनैपनि सामान, सेवा तथा सुविधा स्वीकार गर्नु हुदैन ।

लेखापरीक्षण कार्यमा सहयोग :

लेखापरीक्षक कार्यालयमा आएपछि लेखापरीक्षण अवधिभर सम्भवभएसम्म लेखापरीक्षकले खोजेको समयमा उपलब्ध भई लेखा परीक्षकबाट मागहुने लगत, तथ्याङ्क विवरण, विद्युतीय माध्यमबाट सृजना गरिएका कार्यक्रम, विवरण र तथ्याङ्कहरू वा आवश्यक अन्य कुनै कागजातहरू तोकेको समय भित्र उपलब्ध गराउने, हेर्न वा जाँच्न दिने जिम्मेवारी र कर्तव्य सम्बन्धित कार्यालय प्रमुख लगाएत अन्य कर्मचारीहरूको हुन्छ । निजहरूले लेखापरीक्षणको सीलसिलामा लेखापरीक्षकले सोधेको प्रश्नको जवाफ र मागेको विवरण सही सत्य तथ्य इमान्दारिपूर्वक दिनु पर्दछ । साथै लेखापरीक्षण कार्यलाई

व्यवस्थित तवरले सम्पन्न गर्न कार्यालय प्रमुखले आवश्यक प्रशासकीय व्यवस्था मिलाउँनु पर्दछ ।

लेखापरीक्षण विधिः

आन्तरिक लेखापरीक्षण गर्दा कुनै एउटा मितिको वित्तीय बिवरणलाई आधार मानी सोही मितिबाट निरीक्षण गर्न शुरु गर्नु पर्दछ । लेखापरीक्षण गर्दा अनियमितता, अपचलन तथा हिनामिना गरेको फेला परेमा उपलब्ध भएसम्म कैफियत नोटमा सम्बन्धित कर्मचारीको दस्तखत गराई राख्नुपर्छ । सम्बन्धित कर्मचारी नभएमा अन्य कर्मचारीहरूको रोहवरमा सोको मुचुल्का उठाई राख्नुपर्छ । तत्काल सुधार गर्न सकिने गल्ती तथा त्रुटीहरू लेखापरीक्षकको रोहवरमा तत्काल सुधार गराउनु पर्दछ । अनियमितता, अपचलन तथा हिनामिनाको विषयहरू भए तत्काल तिर्न ब्यहोर्न लगाई गराइएका कुराहरूको बिवरण प्रतिवेदनमा उल्लेख गर्नुपर्छ । लेखापरीक्षकले छड्के परीक्षणसमेत गर्ने हुँदा लेखापरीक्षण गरिने कार्यालयमा बिना सूचना जानु पर्दछ ।

लेखापरीक्षकको सुरक्षाः

आन्तरिक लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूलाई कर्तव्य पालनाको सिलसिलामा कुनै पनि प्रकारको डर, त्रास, धाक, धम्की, लोभ, लालच, मोलाहिजाको अवस्था आइपरेमा सम्बन्धित कर्मचारीले कार्यकारी प्रमुख वा विभागीय प्रमुख समक्ष जानकारी गराउनु पर्दछ । आन्तरिक लेखापरीक्षणको क्रममा सुरक्षा सम्बन्धी जोखिम उत्पन्न हुने भएमा कार्यकारी प्रमुखले सम्बन्धित कर्मचारीलाई सो कार्य सम्पन्न नहुँदै त्यस्तो कार्यबाट फिर्ता बोलाउन सकिन्छ ।

आन्तरिक लेखापरीक्षणमा संलग्न अधिकृत तथा कर्मचारीले आन्तरिक लेखा परीक्षकको दायित्व निर्वाह गर्दा उत्पन्न हुने कुनै पनि प्रकारको कानूनी दायित्व निजले व्यक्तिगत रूपमा व्यहोर्नु पर्दैन । साथै, संस्थाले पेश गरेका सूचना, तथ्याङ्क, विवरण, प्रतिवेदन तथा कागजातहरू सही, यथार्थपरक एवं वास्तविक नभई फरक पर्न गएमा गलत सूचना सम्प्रेषणका कारण उत्पन्न हुने जोखिम प्रति आन्तरिक लेखा परीक्षक जवाफदेही हुँदैन । आन्तरिक लेखापरीक्षण तथा सो सम्बन्धी कर्तव्य पालनाको सिलसिलामा अन्य पक्षबाट हुने कानूनी कारवाहीको प्रतिरक्षा वित्तीय संस्थाले गर्दछ ।

लेखापरीक्षणको योजनाः

आन्तरिक लेखापरीक्षणको बार्षिक कार्ययोजना, आन्तरिक लेखापरीक्षण विभागले श्रावण महिनाको तेश्रो हप्ताभित्र तयार गरी लेखापरीक्षण समितिसमक्ष स्वीकृतिको लागि पेश गर्दछ ।लेखापरीक्षण कार्ययोजना बनाउँदा सामान्यतया एउटा कार्यालयमा एक आर्थिक वर्षको एक पटक लेखापरीक्षण सम्पन्न हुने गरी कार्ययोजना तयार गरिन्छ । वार्षिक आन्तरिक लेखापरीक्षण कार्ययोजना, लेखापरीक्षण समितिले सामान्यतः श्रावण मसान्त भित्रमा स्वीकृत गरी कार्यान्वयनको लागि आन्तरिक लेखापरीक्षण विभागलाई उपलब्ध गराउँदछ । स्वीकृत कार्ययोजना गोप्यरूपमा राखी विभागले कार्यान्वयन गर्दछ ।

गम्भीर विषयवस्तु, आर्थिक हिनामिना, आदिको वारेमा व्यवस्थापनले अध्ययन अनुसन्धान गर्न खटाएमा यस्तो कार्य स्वीकृत कार्ययोजनामा नपरे पनि आन्तरिक पहिलो प्राथमिकतामा राखि कार्यान्वयन गरिन्छ ।

लेखापरीक्षणका किसिमः

संस्थाका कार्यालयहरूको आन्तरिक लेखापरीक्षण गर्दा अवस्था हेरी आवश्यकता अनुसार पूर्ण लेखापरीक्षण (Total Auditing) विधि वा नमुना परीक्षण (Sample Auditing) विधि अपनाई गर्न सकिनेछ । पूर्ण लेखापरीक्षणमा कार्यालयको सबै कारोवार लगायत ग्राहकसदस्यका सबै पासबुक भिडान गरिन्छ भने नमुना परीक्षणमा केहि कारोवार र पासबुकको परीक्षण गरी शुद्धताको जाँच गरिन्छ ।

लेखापरीक्षण विधिः

लेखापरीक्षण गर्दा नगद मौज्दात, सानो नगदी कोष, बैंक मौज्दात, हाजिरी रजिष्टर, फिल्ड रजिष्टर, सफ्टवेयर इन्ट्री जस्ता कुराहरू तुरुन्त जाँच गरिन्छ । शाखा/उपशाखा कार्यालयहरूको लेखापरीक्षण गर्दा न्यूनतम २ वटा केन्द्र तथा ५ जना सदस्यहरूको परियोजना समेत नमूना निरीक्षण गरिन्छ । सम्भव भएसम्म लेखापरीक्षण कार्य गर्दा सम्बन्धित कार्यालयको लेखा हेर्ने कर्मचारी, कार्यालय प्रमुखमध्ये कुनै एकजना वा दुवै जनालाई राखिन्छ । लेखापरीक्षण समितिबाट स्वीकृत कार्ययोजनाको आधारमा लेखापरीक्षण गर्ने कार्यालयको चयन गरिन्छ । यदि कारणवश कुनै कार्यालयको लेखापरीक्षणलाई प्राथमिकता दिनुपर्ने भई स्वीकृत कार्ययोजनामा हेरफेर गर्न आवश्यक परेमा सो को जानकारी लेखापरीक्षण समितिमा गराइन्छ । परीक्षण गरिने कार्यालयमा जानुभन्दा अगावै आन्तरिक लेखापरीक्षण टोलीबीच आवश्यक छलफल गरी के कस्ता कुराहरू के कसरी र कसले परीक्षण गर्ने भन्ने कार्यक्रम तयार गरिन्छ । योजना तयार गर्दा ब्यवस्थापनको मार्गदर्शन, आन्तरिक तथा बाह्य तत्वहरू तथा जोखिम आँकलनमा समेत ध्यान दिइन्छ ।

लेखापरीक्षण पूर्वको बैठकः

लेखापरीक्षकहरू परीक्षण गरिने कार्यालयमा पुगेपछि सबै कर्मचारीहरूलाई सहभागी गराई लेखापरीक्षणको क्षेत्र तथा उद्देश्य, लाग्ने समय, लेखापरीक्षण प्रकृयामा कर्मचारीहरूको जवाफदेहिता जस्ता विषयहरूमा कार्य शुरु गर्नु पूर्व बैठक आयोजना गरी छलफलबाट निचोडमा पुगिन्छ ।

लेखापरीक्षण गर्दा कर्मचारीहरूसँग अन्तर्वार्ता, बयान, नीति नियमको समीक्षा प्रचलित नियम कानून, नीति निर्देशनको परिपालना, आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता र अभिलेखहरूको यथार्थता परीक्षण गरिन्छ । यस क्रममा पुष्टिको लागि चाहिने आवश्यक कागजात आदि लिई सुरक्षित राखिन्छ । आन्तरिक

लेखापरीक्षकले गल्ती कमजोरी पत्ता लगाउने मात्र नभई ती गल्तीहरू किन भइराखेका छन, संस्थाका नीति, नियम, परिपत्र आदिमा कुनै कमजोरी, त्रुटी बाधा, समस्या भए ती कुराहरूलाई व्यवस्थापन समक्ष पेश गरिन्छ । साथै सवैजसो कार्यालयमा एउटै प्रकृतिका गल्ती पाईएमा सोको सुधार गर्न सवै कार्यालयहरूमा परिपत्र गरिन्छ ।परीक्षणमा देखिएका गल्ती, कमी कमजोरी बारेमा स्पष्ट जानकारी गराउनुको साथै सिकाउने प्रयत्न गर्नु पर्दछ । तत्काल सुधार गर्न सकिने गल्ती त्रुटीहरू तुरुन्त सुधार गर्न लगाइन्छ ।

आन्तरिक लेखापरीक्षणको प्रतिवेदनः

आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी कार्यालय फर्केको १५ दिन भित्रमा सम्बन्धित कार्यालयको परिचय,आन्तरिक लेखापरीक्षणको उद्देश्य,आन्तरिक लेखापरीक्षणको क्षेत्र,आन्तरिक लेखापरीक्षणको विधि, अघिल्लो आन्तरिक लेखापरीक्षणमा औंल्याइएका कैफियतहरू सुधारभए/नभएको, नीति नियम परिपत्रहरूको पालना,बजार अवस्थाको विश्लेषण/बजार सम्बेदनशीलता,कार्यालयको सेवा तथा कारोवारहरूको प्रबृर्ति विश्लेषण,सदस्य, समूह र केन्द्र व्यवस्थापन, कर्मचारी व्यवस्थापन, नगद तथा बैक व्यवस्थापन, कर्जा व्यवस्थापन भाका नाघेको कर्जा, कर्जाको वर्गीकरण र नोक्सानी व्यवस्था, बचत व्यवस्थापन, विनियोजन खर्च, वजेट र हालसम्मको खर्चको विश्लेषण, लेखा तथा अभिलेख, कार्यालय प्रशासन, कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन, स्थिर सम्पत्ति, जोखिमको विश्लेषण र व्यवस्थापन, व्यवस्थापन सूचना प्रणाली आदि विषयबस्तु समेटिएको प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयमा पठाइन्छ लेखापरीक्षण प्रतिवेदन तयार गरी आन्तरिक लेखापरीक्षण विभागले सम्बन्धीत कार्यालयमा कार्यान्वयनको लागि पठाउनु पर्नेछ । सोको बोधार्थ प्रति कार्यकारी प्रमुखलाई दिनु पर्नेछ । सम्बन्धित कार्यालयमा प्रतिवेदन पठाइसकेपछि सोको एक प्रति आन्तरिक लेखापरीक्षण विभागले अभिलेखको रूपमा सुरक्षित राख्नु पर्दछ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले १ (एक) महिनाभित्र सम्बन्धित कार्यालयले प्रतिवेदनमा दिएका निर्देशन बमोजिम सुधार गरी जवाफ आन्तरिक लेखापरीक्षण विभागमा पठाउनु पर्दछ । अनुगमन तथा निरीक्षण विभागले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरू सुधार भएको नभएको सम्बन्धमा नियमित अनुगमन गरी सुधार गराउनु पर्दछ ।

❖❖❖

वित्तीय पहुँच अभिवृद्धिमा

स्वावलम्बन बैंकिङ्ग कार्यक्रमको भूमिका

✍ राजन प्रसाद भट्टराई

पृष्ठभूमि :

स्वावलम्बन विकास केन्द्र (CSD) २०४८ साल श्रावण २८ गते संस्था दर्ता ऐन २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भई सामुदायिक विकास कार्यक्रम, तालिम सहयोग कार्यक्रम र स्वावलम्बन बैंकिङ्ग कार्यक्रम (SBP) संचालन गरिरहेको गैर सरकारी संस्था हो । यस केन्द्रले नेपाल राष्ट्र बैंकबाट मिति २०५० साल असोज २३ गते देखि लघुवित्त कार्यक्रम (Micro finance) संचालन गर्न अनुमति प्राप्त भएको संस्था हो ।

यस केन्द्रद्वारा संचालित स्वावलम्बन बैंकिङ्ग कार्यक्रम २०५० साल असोज २३ गते पश्चात सिरहा जिल्लाको राजपुर, सप्तरी जिल्लाको जण्डौल र उदयपुर जिल्लाको पंचावती भन्ने ग्रामीण क्षेत्रबाट सुरु गरेको हो । स्वावलम्बन बैकिङ्ग कार्यक्रमको स्थापना कालदेखिनै अति न्यून तथा मध्यम आय स्तर भएका अति विपन्न बर्गका घरपरिवारका महिलाहरूलाई आयमूलक कार्यक्रममा सहभागी गराउन र यी घरपरिवारको घरदैलोमानै लघुवित्त बैंकिङ्ग सेवा प्रदान गर्दै उनीहरूको सामाजिक आर्थिक अवस्थामा क्रमशः सुधार ल्याउने अठोटका साथ अगाडि बढेको थियो । यी घरपरिवारको आवश्यकता र उद्देश्य अनुसारको घरदैलोमा बिना धितो लघुवित्त वित्तीय सेवा अन्तर्गत स-साना आकारको ऋण वितरण गर्नु, छोटो समयमा असुली प्रकृया हुनु नियमित र व्यवस्थित केन्द्र बैठक संचालन गर्नु, वित्तीय अनुशासन कायम गर्नु, बचतको बानी विकासको लागि सानो आकारको बचत संकलन गर्नु, अन्य वाणिज्य बैंक तथा वित्तीय संस्थाको पहुंच भन्दा टाढा रहेका घरपरिवारलाई पहिलो प्राथमिकता दिएर यस केन्द्रले स्वावलम्बन बैंकिङ्ग कार्यक्रम संचालन गर्दै आएको थियो ।

यस केन्द्रको लघुवित्त कार्यक्रमको विकास र विस्तारको अवस्थालाई मध्यनजर राख्दै र संस्थागत गर्दै स्वावलम्बन बैंकिङ्ग कार्यक्रमअन्तर्गत संचालित लघुवित्त कार्यक्रमलाई अझ प्रभावकारी र व्यवस्थित रूपले संचालन गर्न वि.सं. २०५८ आश्विन १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०५८ पौष १९ गते ईजाजतप्राप्त गरी स्वावलम्बन विकास बैंक नामाकरण गरी सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, बारा, पर्सा र मकवानपुर गरी ८ वटा जिल्लामा संचालितलघुवित्त कार्यक्रमलाई हस्तान्तरण गरी २०५८ माघ १ गते देखि स्वावलम्बन विकास बैंकको नामबाट लघुवित्त कारोबार सुरु गरेको हो । लघुवित्त कार्यक्रमलाई २०५८ माघ १ गते देखि स्वावलम्बन विकास बैंकको नाममा हस्तान्तरण गर्दा त्यस बेलाको नीतिनियमानुसार दाङ्ग जिल्लामा रहेको कार्यक्रमलाई हस्तान्तर गर्न नमिलेकोले केन्द्रबाटनै पुनः दाङ्ग जिल्लाको कार्यक्रमलाई स्वालम्बन बैकिङ्ग कार्यक्रमको रूपमानै संचालन भइरहेकोमा अझ त्यस कार्यक्रमलाई बिस्तार गर्दै १२ वटा जिल्लामा शाखा खोली कार्यक्रम अगाडि बढाइरहेको अवस्थामा कार्यक्रमलाई विश्वसनीय रूपमा अगाडि बढाउन केन्द्रले ती १२ वटा जिल्ला दाङ्ग, काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक काभ्रेपलाञ्चोक, अर्घाखाँची, धादिङ्ग, गोरखा, तनहुँ, स्याङ्गजा र गुल्मी जिल्लामा संचालन गर्दै आएको स्वावलम्बनबैंकिङ्ग कार्यक्रम पुनः दोश्रो पटक मिति २०६८ साल श्रावण १ गतेबाट स्वावलम्बन विकास बैंक लि.मा हस्तान्तरण गरेको थियो ।

स्वावलम्बन बैंकिङ्ग कार्यक्रमको विकासक्रम

स्वावलम्बन विकास केन्द्रले दातृ निकायको सहयोगमा सामुदायिक विकास कार्यक्रम, तालिम सहयोग कार्यक्रम र स्वावलम्बन बैंकिङ्ग

कार्यक्रम (SBP) संचालन गर्दै आएको थियो । गरीबी निवारण र महिला सशक्तिकरणको प्रमुख उद्देश्य राखी ग्रामीण पद्धतिमा आधारित बैकिङ्ग कार्यक्रमको रूपमा स्वावलम्बन बैंकिङ्ग कार्यक्रम कार्यान्वयनमा ल्याएको थियो । सर्बप्रथम यो कार्यक्रम २०५० साल असोज २३ गते पश्चात सिरहा जिल्लाको राजपुर, सप्तरी जिल्लाको जण्डौल र उदयपुर जिल्लाको पंचावती भन्ने ग्रामीण क्षेत्रको सानो गाँउबाट सुरु गरेको हो । स्वावलम्बन विकास केन्द्र स्वावलम्बन बैकिङ्ग कार्यक्रमको स्थापना कालदेखि नै अति विपन्न वर्गका घरपरिवारका महिलाहरूलाई समूहमा आवद्ध गराई आयमूलक कार्यक्रममा सहभागी गराउन र यी घरपरिवारको घरदैलोमानै लघुवित्त बैंकिङ्ग सेवा प्रदान गर्दै उनीहरूको सामाजिक आर्थिक अवस्थामा क्रमशः सुधार ल्याउने अठोटका साथ अगाडि बढेको थियो । सोहि अठोटका साथ कार्यक्रम संचालन गर्दै अगाडि निरन्तर बढ्दै जाँदा यसको प्रभावकारिता र लोकप्रियताको कारण यसको विकास र विस्तार शीघ्ररूपमा भयो । छोटो समयमानै यसले आफ्नो कार्यक्षेत्र ३ जिल्लाको १/१ वटा गा.वि.स. अन्तर्गतको सानो ग्रमीण टोलबाट संचालित कार्यक्रमलाई विस्तार गर्दै सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, बारा, पर्सा र मकवानपुर गरी ८ वटा जिल्लामा कार्यक्रम विस्तार गर्न सफल भयो । ति जिल्लाहरूका ग्रामीण क्षेत्रहरूमा विपन्न वर्ग/गरीबहरूको बसोबास अत्यन्त धेरै भएको तथा उनीहरू शोषित पिडीत रहेको र पुँजी पाए केहि गर्छौं भन्ने भावना भएकोले ती जिल्लाका बिभिन्न स्थानमा २७ वटा शाखा/उपशाखा कार्यालयहरू मार्फत सेवा उपलब्ध र बिस्तार गर्न सफल भयो । यसको विकास, प्रभावकारीता र बिस्तारको लागि स्वावलम्बन विकास केन्द्रको नेतृत्व गर्ने आदरणीय सरहरू श्री शंकरमान श्रेष्ठ, मुकुन्द बहादुर बिष्ट, केशर बहादुर श्रेष्ठ र राम कुमार श्रेष्ठ सरको प्रमुख योगदान रहेको छ भने आयोजना कार्यालयको रूपमा फिल्ड स्तरको नेतृत्व गर्ने तत्कालीन लहान आयोजनाका प्रमुख श्री भूपति सुवेदी जस्तो अनुभवी सर लगायत अन्य आयोजनका सरहरू र आयोजना कार्यालय बर्दिबासका आयोजना प्रमुख श्री बिनोद बाबु पौडेल सरको नेतृत्वदायि भूमिकालाई लिन सकिन्छ । अर्को तर्फ केन्द्रबाट कर्मचारी छनौट गर्दा ग्रामीण क्षेत्रमा रहेर काम गर्न सक्ने कर्मचारीलाई आदरणीय सरहरूले दिने Orientation कार्यक्रम, परिपक्कता, उत्प्रेरणा, उज्वल भविष्यको सुनिश्चितता र आयोजना कार्यालयमा गरिने प्रस्तुतिकरण, अनुभव आदान प्रदान, सिक्ने सिकाउने तरिका र अनुशासन तथा गैह्र जिम्मेवारी पूर्णकाम, नियतवस गर्ने कमिकमजोरीको विरुद्धमा गरिने प्रशासनिक कडाई आदिले गर्दा उक्त समयमा फिल्ड कार्यालयमा कार्यरत सबै कर्मचारीहरू अत्यन्तै अनुशासित, इमान्दार, मेहनती र आफ्नो कामप्रति सक्षम हुने भएकोले स्वावलम्बको प्रगतिको लागि असम्भव भन्ने शब्दै थिएन । **"कर्मचारीहरूले जहिल्यै पनि सदस्यहरूको उन्नति प्रगतिनै संस्था र हाम्रो उज्जल भविष्य हो भन्ने कुरालाई आत्मासात गरी कार्य गरिन्थ्यो"** । यसैको परिणाम स्वरूप संस्थाले दिन प्रतिदिन प्रगतिको फड्को मार्न सफल भएको थियो ।

अर्को तर्फ शाखा कार्यालयहरूको स्थापनाको लागि क्षेत्र छनौट लगायत पारदर्शिता र विपन्न वर्गका महिला सदस्यमुखि कार्यक्रम, सेवा सुविधा र नीतिनियमको कारणले गर्दा कार्यक्रम विकास एवं विस्तारमा प्रमुख भूमिका खेलेको थियो । त्यस बेलाको समयमा सदस्यहरूमा स्वावलम्बनले जे भन्छ त्यो गर्छ भन्ने छाप परेको थियो । जति बेला स्वावलम्बन बैंकिङ्ग कार्यक्रम सुरु गरियो अन्य सरकारी स्तरबाट खोलिएका र केहि गैर सरकारी संस्थाको रूपमा स्थापित संस्थाहरूले लघुवित्त कार्यक्रम संचालन गरिरहेको अवस्था थियो तथापि ती संस्थाको तुलनामा स्वावलम्बन बैकिङ्ग कार्यक्रम अन्तर्गतका विपन्न वर्गका महिलासदस्यहरूलाई दिइने घरदैलो सेवा सुविधा, स्पष्ट र पारदर्शी नीतिनियम, केन्द्र बैठक संचालन प्रकृया, केन्द्रको गुणस्तर, केन्द्रका सदस्यको अनुशासन, कर्जाको सदुपयोगिता, सतप्रतिशत किस्ता असुली र अन्य सामुदायिक विकास कार्यक्रमको तुलना गर्दा स्वावलम्बनको कार्यक्रमको गुणस्तर ज्यादै राम्रो थियो ।

मेरो अनुभवमा २०५८ साल भन्दा अगाडिको अवस्थामा स्वावलम्बन बैकिङ्ग कार्यक्रम संञ्चालन गरिरहेका शाखा कार्यालयहरूको कार्यक्रमको अध्ययन अवलोकनको लागि स्वदेशी र बिदेशी लघुवित्त कार्यक्रम संचालन गर्ने संस्थाहरूबाट कर्मचारीहरू नआएको बिरलै होला जस्तो मलाई लाग्दछ । त्यस समयमा स्वावलम्बनका शाखा कार्यालयहरूले केन्द्र बैठक संचालनका लागि सदस्यहरूकै सहभागितामा निर्माण गरिएका केन्द्रघरहरूको बारेमा लघुवित्त कार्यक्रमको उद्गम स्थल बंगलादेशको ग्रामीण बैंकका उच्च स्तरका कर्मचारीहरूबाट समेत प्रशंसा हुने गरेको थियो । उक्त समयमा शाखा कार्यालयका प्रमुखहरूको आयोजना कार्यालयमा र केन्द्रीय कार्यालयमा हुने बैठकबाट सदस्य तथा संस्था दुबैको लागि हितहुने कुनैपनि नयाँ नीतिनियमको निर्माणको लागि सिफारिस भएमा केन्द्रबाट समेत तुरुन्त स्वीकार गरी नीतिनिर्माण हुने भएकोले कार्यक्रम बिस्तार तथा सुधारको लागि अझ बल पुगेको अनुभव हुन्थ्यो । त्यस समयमा हामी कर्मचारीहरूमा पनि एक किसीमको सकारात्मक धारणाका साथ आफु कार्यरत शाखा कार्यालयले के कति प्रगति गरेको छ र अन्य शाखा कार्यालयहरूले के कति प्रगति गरेका छन् प्रतिस्पर्धाको भावनाका साथ कार्य गरिन्थ्यो जसको परिणाम स्वरूप संस्थाले निर्धारण गरेको लक्ष्यलाई हरेक वर्ष शतप्रतिशत पूरा गरेको ईतिहास छ । समय क्रमसंगै केन्द्रको लघुवित्त कार्यक्रमको विकास र विस्तारको अवस्थालाई मध्यनजर राख्दै र संस्थागत गर्दै स्वावलम्बन बैंकिङ्ग कार्यक्रमअन्तर्गत संचालित लघुवित्त कार्यक्रमलाई अझ प्रभावकारी र व्यवस्थित रूपले संचालन गर्न प्रथम पटक २०५८ साल माघ १ गते स्वावलम्बन विकास बैंकमा हस्तान्तरण गरेको थियो भने २०६८ साल श्रावण १ गते पुनः दोश्रो पटक हस्तान्तरण गरी जम्मा ५९ वटा इलाका/शाखा/उपशाखा कार्यालय, ९२६०६ जना सदस्य, बाँकी कर्जा तर्फ रु.७० करोड ५६ लाख ५८ हजार र बाँकी बचत तर्फ रु.३१ करोड २३ लाख २८ सहित एक आन्मनिर्भर कार्यक्रम स्वावलम्बन विकास बैंकमा हस्तान्तरण कार्य भएको थियो ।

नेपालमा लघुवित्त कार्यक्रमको बिस्तारको लागि स्वावलम्बन विकास केन्द्र स्वावलम्बन बैकिङ्ग कार्यक्रमको प्रमुख भूमिका रहेको छ । आज संचालित केहि लघुवित्त संस्थाहरू बाहेक अधिकांश लघुवित्त वित्तीय संस्थाहरूका कर्मचारीहरू त्यस बेलाको

स्वावलम्बन बैकिङ्ग कार्यक्रम अन्गर्तका शाखा कार्यालयहरूमा प्रत्यक्ष सहभागी भई कार्यक्रम संचालन गर्न सुरु देखि अन्त्य सम्मको प्रकृया हेर्ने, बुझ्ने, प्रत्यक्ष कर्मचारीहरूको रूपमा कार्यालयमा नै बसी काम गर्ने, लेखा सम्बन्धिका सम्पूर्ण कार्यहरू सिक्ने हु-बहु नीतिनियम, परिपत्रहरू लैजाने र प्रयोग गर्ने, फारामहरू हु-बहु लैजाने र आफ्नो संस्थामा हु-बहु लागु गर्ने र केन्द्रको निर्देशानुसार हाम्रो कर्मचारीहरू समेत अर्को संस्थामा गई ती संस्थाका कर्मचारीहरूलाई प्रत्यक्ष रूपमा काम गरी सम्पूर्ण कुरा सिकाउने र तालिम दिने आदि कार्यले गर्दा आज अन्य लघुवित्त संस्थाहरू प्रतिस्पर्धी र सक्षम संस्थाको रूपमा विकास गरेको उदाहरण घाम जस्तै हामी सबैमा छर्लङ्ग छ । यसैको परिणाम स्वरूप भन्न सकिन्छ की वित्तीय पहुँच अभिवृद्धिका लागि स्वावलम्बन बैंकिङ्ग कार्यक्रमको भूमिका कति महत्वपूर्ण छ ।

स्वावलम्बन बैकिङ्ग कार्यक्रमको विगत

स्वावलम्बन बैकिङ्ग कार्यक्रमको विगतको अवस्थालाई मध्यनजर गर्दा विपन्न वर्गको उत्थान र गरीबी न्यूनीकरणको लागि महिलाहरूको जीवनस्तर उकास्ने तथा उनीहरूमा रहेको श्रम र सीपलाई पूँजीको माध्यमबाट अधिकतम् परिचालन गरी लक्षित वर्गका समुदायको सामाजिक-आर्थिक अवस्थामा सुधार गर्दै लैजाने उद्देश्यका साथ संचालन गरिएको कार्यक्रम हो । विगतमा यो कार्यक्रम संचालन गर्नुपूर्व अनिवार्य रूपमा सहभागितामूलक ग्रामीण लेखाजोखा (Participatory Rural Appraisal) बिधिबाट कार्यक्रम संचालन गर्नुपूर्व लक्षित वर्ग पत्ता लगाउने कार्य गरिन्थ्यो । यसबाट यस क्षेत्रमा कार्यक्रम संचालन गर्नु उपयुक्त छ छैन साथै कार्यक्रम विस्तार गर्न सकिने सम्भाव्यता स्पष्ट रूपमा जानकारी प्राप्त हुने गर्दथ्यो । शाखा कार्यालयहरूको स्थापना गर्दा लक्षित वर्गमा कार्यक्रम संचालन गर्ने प्रमुख उद्देश्य लिई अधिकांश शाखा कार्यालय त्यस्तै क्षेत्रहरू छनौट गरी स्थापना गरिएका थिए । संस्था तथा सम्पूंर्ण कर्मचारीहरूमा सेवामुलक भावना थियो । किनकि संस्थाले बनाउने जतिपनि नीतिनियमहरू थिए ती विपन्न वर्गका महिलाहरूलाई सेवादिने उद्देश्य राखी बनाएका थिए ।

विपन्न बर्गका महिलाहरूलाई समूह सदस्यको रूपमा मान्यता दिंदा अनिवार्य रूपमा ११ दिने समूह प्रवेशपूर्व तालिम संचालन गरी सम्बन्धित कार्यालय भन्दा माथिल्लो कार्यालयबाट चेक जाँच गरी मान्यता दिने काम गरिन्थ्यो । उक्त चेक जाँचमा आउने कर्मचारीहरूको मुख्य ध्यान समूह सदस्यको रूपमा आवद्ध हुने महिला विपन्न वर्गको हो होईन त्यसप्रति रहन्थ्यो । त्यसै गरी उक्त ११ दिने समूह प्रवेशपूर्व तालिममा सहभागी महिलाहरूलाई हरेक दुई देखि साढे दुई घण्टासम्म संस्थाका नीति नियम बारेमा पूर्ण रूपमा जानकारी गराउने, सहभागीलाई नाम लेख्न सिकाउने, सदस्यको घरघरमा गई व्यक्तिगत विवरण भर्ने, अभिभावक भेटघाट र प्रतिक्रिया लिने, कम्तीमा एक दिन अभिवावकलाई पनि लघुवित्त कार्यक्रम बारेमा प्रशिक्षण दिने, बचत गर्ने बानीको विकास गर्ने, सामुहिक जिम्मेवारी तथा भावनाको विकास गर्ने, समूहमा मिलेर बस्ने, कसैलाई दुख नदिने, घर आगन सफा सुग्घर राख्ने, कुलतमा नलाग्ने, छोराछोरीलाई स्कुल पढाउने, चर्पी बनाउने कर्जाको सदुपयोग गर्ने, अन्याय आफु कहिल्यै नगर्ने र अरुले गरे नसहने आदी जस्ता सामाजिक चेतनाका भावहरूलाई अगाडि बढाइन्थ्यो । **"आजको दिनमा स्वावलम्बन लघुवित्त वित्तीय संस्थामा रहेको अरबौ समूह बचत यसै गरी विपन्न वर्गका महिला सदस्यलाई संचालन गरिएको समूह प्रवेशपूर्व तालिम अवधिको र साप्ताहिक केन्द्र बैठकमा प्रति सदस्य रु.२ का दरले संकलन गर्दै सुरुवात गरेको बचतबाट संकलन भएको रकम हो जुन संस्था तथा विपन्न वर्गका महिलाहरूको लागि ऐतिहासिक उपलब्धीको रूपमा लिन सकिन्छ ।"**

लघुवित्त कार्यक्रमको मुटुको रूपमा केन्द्रबैठकलाई लिने गरिन्थ्यो । केन्द्र बैठकको समय निर्धारण गर्दा सदस्यहरूको हितलाई ध्यानमा राखेर निर्धारण गरिन्थ्यो । उक्त केन्द्र बैठकमा अनिवार्य रूपमा तोकिएको समयमा कर्मचारी र सदस्य उपस्थित हुनै पर्ने व्यवस्था थियो । सदस्यको उपस्थितिलाई अत्यन्तै संबेदनशीलताका साथ अनुगमन र मूल्याङ्कन गरिन्थ्यो । केन्द्र बैठक संचालनको प्रकृयालाई स्पष्ट रूपमा संस्थालेनै निर्धारण गरेको कारणले गर्दा सोहि अनुरूप कर्मचारीले संचालन गर्ने भएकोले केन्द्रहरूको गुणस्तर अत्यन्त र नमुनायोग्य थिए । एक किसीमले भन्दा त्यसबेलाका केन्द्रहरूलाई स्वावलम्बनका बैकिङ्ग कार्यक्रमको मिनी कार्यालयनै भनिन्थ्यो ।

"स्वावलम्बनले आज भन्दा करिब २५ वर्ष भन्दा अगाडि गरीब विपन्न वर्गका महिलाहरूलाई समूहमा आवद्ध गराई उनीहरूको सामुहिक जमानीमा बिना धितो रु.२ हजारबाट कर्जा लगानी सुरु गर्नु भनेको ज्यादै महान कार्य जस्तो लाग्दछ" किनकि त्यस क्षेत्रमा विपन्न वर्गका मानिसहरूले हाट बजारमा सानो तिनो ब्यापार व्यवसाय गर्नको लागि पैसा लगानी गर्ने साहु महाजनबाट हाटबजारको दिन बिहान रु.१ हजार लिएमा बेलुका ब्यापार व्यवसाय गरी सकेपछि पुनः साहु महाजनलाई उक्त साँवा रकम रु.१ हजारमा रु. १ सय थप गरी बेलुका अनिवार्य रु.१ हजार १ सय बुझाउनै पर्ने अवस्था थियो । त्यो पनि सबै विपन्न वर्ग त्यसमा पनि महिलाहरूले त ऋण रकम पाउने अवस्थानै थिएन किनकि मालिक, ठुला ब्यापारी र साहु महाजनहरूले जसलाई विश्वास गर्दथे तिनीहरूले मात्र उक्त रकम प्राप्त गर्दथे । गाँउघरमा सम्पत्ति नभएका विपन्न वर्गका मानिसहरूले कर्जा पाउने अवस्थै थिएन भने वाणिज्य बैंकहरूको सेवा शहरमुखी र धनीवर्गमा मात्र सीमित थियो । गाँउघरमा सयकडा मासिक १० रूपैयासम्म र खेपी ब्याजको चलन थियो । जब संस्थाबाट बिनाधितो सदस्यहरूको सामुहिक जमानीको आधारमा घरदैलोमा गई कर्जा लगानी गर्ने कार्यको थालनी भयो ती क्षेत्रमा स्वावलम्बनको नाम र काम अझ ब्यापक रूपमा प्रचार प्रसार हुन पुगेको थियो । हरेक ग्रामीण क्षेत्रका गाँउगाँउ टोलटोलबाट र स्थानिय निकायका जनप्रतिनिधिबाट समेत कार्यक्रम संचालनको लागि माग गर्ने र लिखित पत्र मार्फत अनरोध गर्ने गरिन्थ्यो ।

समूहमा आवद्ध विपन्न बर्गका महिलाहरूलाई गरिने कर्जा लगानी सम्बन्धिका नीतिनियम तथा सीमाहरूबनाउँदा उनीहरूको

क्षमतालाई ध्यान दिई बनाइएका थिए । कर्जाको माग गर्दा केन्द्र बैठकमानै गर्ने गरिन्थ्यो । कुनै पनि सदस्यको कर्जा माग तथा सिफारिसमा त्यस केन्द्रका सम्पूर्ण सदस्यले केन्द्र बैठकमानै निजलाई कर्जा दिने नदिने कति दिने आदिबारे ब्यापक छलफल गरेर मात्र दिन सक्ने अवस्थामा मौखिक सहमति र तालिको गर्जनबाट सिफारिस गराई माग पत्र भरी केन्द्रका पदाधिकारीहरूबाट लिखित दस्तखतका साथ सिफारिस गर्न लगाईन्थो । उनीहरूले लिएको कर्जालाई के कार्यमा सदुपयोग गर्दछन् र आम्दानी गरी किस्ता तिर्नेछन् भन्ने विषयलाई प्रमुख रूपमा लिइन्थ्यो । त्यसैलाई प्रमुख आधार लिई साप्ताहिक केन्द्र बैठक गरी किस्ता किस्तामा असुली गर्ने नीतिनियम बनाइएको हो जस्तो लाग्दछ । कर्जा माग र लगानी गर्दा समेत एकै पटक सबै सदस्यलाई नगरी सुरुमा प्रत्येक समूहका २ जना सदस्यलाई त्यसको २८ दिनमा अन्य २ जना सदस्य र त्यसको २८ दिनपछि बाँकी १ जनालाई लगानी गरिने ब्यवस्थाले गर्दा कर्जा लगानी गरिएका सदस्यहरूले कर्जालाई के कार्यमा सदुपयोग गरेको हो र आम्दानी गरेको छ छैन भन्ने स्पष्ट जानकारी प्राप्त गर्न सकिन्थ्यो । कर्जाको सीमा निर्धारण गर्दा एकै पटक Jumping नगरी क्रमशः वृद्धि गरिन्थ्यो । जसले गर्दा सदस्यहरूको कर्जा संचालन गर्ने क्षमतामा क्रमशः वृद्धि हुदै जाने र आवश्यकता अनुसारको मात्र कर्जा लिने भएकोले कुनै पनि सदस्यलाई कर्जा तिर्न कठिनाई हुदैन थियो । अझ कर्जा तिर्नको लागि साप्ताहिक रूपमा आफ्नै गाँउघरमा संचालन हुने केन्द्र बैठकमा उपस्थित भई लिएको कर्जा रकमलाई १२ किस्तामा भाग गरी सावाँ बुझाउनु पर्ने र दिन गन्तीको दरले पाकेको ब्याज बुझाउनु पर्ने व्यवस्थाले गर्दा दैनिक रूपमा हाटबजारमा गई व्यापार व्यवसाय गर्ने विपन्न वर्गका महिलाहरूको लागि अतिनै सजिलो र उपयोगी सावित भएको थियो । **"त्यसैको फलस्वरूप आजको अवस्थामा आइपुग्दा हिजोका दिनमा रु. २ हजार कर्जा लिएर व्यापार व्यवसाय र पेशा संचालन सुरु गरेका विपन्न वर्गका महिलाहरू आज व्यापार व्यवसाय र कर्जा अनुशासनको ख्याल राख्दै करोडौ रूपैयाको कारोवार गर्ने र रोजगारदाताको रूपमा विकास गरेका ज्वलन्त उदाहरण हाम्रै सामु धेरै छन्"क** । संस्थागत रूपमा भन्ने हो भने आजको दिनमा आइपुग्दास्वावलम्बन लघुवित्त वित्तीय संस्थाको करिब १८ अर्बको कर्जाको कारोवार देखिन्छ जुन स्वावलम्बन बैकिङ्ग कार्यक्रमको मुख्य योगदाननै हो ।

यति मात्र नभएर सदस्यहरूको नेतृत्व विकासको लागि सदस्यहरूलाई विभिन्न गोष्ठी तालिममा सहभागी गराइन्थ्यो । हरेक वर्ष नेतृत्व विकासको लागि केन्द्र प्रमुख गोष्ठी, नेतृत्व विकास तालिम र अवलोकन भ्रमण जस्ता कार्यक्रम संचालन गरिन्थ्यो । सबै सदस्यहरूको नेतृत्व विकास गर्न सबै केन्द्रका प्रमुखहरूलाई प्रत्येक वर्ष परिवर्तन गरी केन्द्रका सम्पूर्ण सदस्यको सहमतिमा अर्को सदस्यलाई केन्द्र प्रमुखको जिम्मेवारी दिईन्थ्यो । जसबाट नेतृत्व विकासमा ठुलो उपलब्धि भएको जस्तो लाग्दछ । नेतृत्व विकासको ज्वलन्त उदाहरणको लागि हिजोका दिनमा ग्रामीण क्षेत्रका महिलाहरू घुम्टो ओडीघर भित्र मात्र सिमित रहेकोमा आज हजारौ महिलाहरू स्थानिय निकाय देखि माथिसम्म जनप्रतिनिधी भएका छन् ।

बैकिङ्ग कार्यक्रम सञ्चालन गर्दा वित्तीय अनुशासनलाई प्रमुख रूपमा लिनुपर्ने हुन्छ । स्वालम्बनका बैकिङ्ग कार्यक्रम अन्तर्गत कारोवार गर्ने सदस्यहरू र कर्मचारीहरूमा वित्तीय अनुशासन अत्यधिक रूपमा कायम थियो । सदस्यहरूबाट एक अर्काको कर्जा चलाउने, ठग्ने ढाट्ने, अपचलन गर्ने प्रवृत्ति पटक्कै थिएन । आर्थिक कारोवारसंग सम्बन्धित सबै कुराहरू पारदर्शि थिए । सदस्यहरूसंग गरिने कारोवारहरू मध्ये अधिकांश कारोवार केन्द्र बैठकमानै सबै सदस्य सामु छलङ्ग कारोवार गरिने भएकोले आर्थिक विषयमा त्रुटीहुने कुनै सम्भावनानै थिएन । कर्मचारीहरूको सन्दर्भमा कुरागर्ने हो भने सबै कर्मचारीहरूमा गरीब विपन्न वर्गका महिलाहरूसंग कारोवार गरिने भएकोले आर्थिक कारोवार गर्दा शुद्ध र पारदर्शि बनाउन प्रत्येक कारोवार गर्दा सदस्यलाई सुनाउने, बुझाउने र सोहि अनुसार प्रमाणहरू दिने गरिन्थ्यो । संस्थाले कर्मचारीहरूमा कुनै पनि किसिमको आर्थिक हिनामिना गर्नुहुदैन शून्य सहनशीलताको अवधारणालाई पूर्ण पालना गर्नु पर्दछ भन्ने कडा नैतिकछाप र नीतिनियम अवलम्बन गरेको हुनाले सबै कर्मचारीले सोहि अनुरूप कार्य गर्ने भएकोले सदस्य र निजका अभिभावकहरूमा स्वावलम्बनका सरहरूले कुनैपनि रकम हिनामिना गर्दैनन् भन्ने सतप्रतिशत विश्वासको भावना थियो । जुन भावनाले आज सम्म काम गरेको देखिन्छ ।

करिब २५ वर्ष देखि स्वावलम्बनमा काम गर्ने सन्दर्भमा देशमा ठुला ठुला राजनितिक परिवर्तनहरू प्रत्यक्ष रूपमा देख्न पाईयो । जसको प्रत्यक्ष प्रभाव देशका हरेक क्षेत्र, समुदायका मानिसहरूमा पर्‍यो । स्वावलम्बन बैंकिङ्ग कार्यक्रम सुरु गर्दा राजनितिक स्थिरता थियो । सोही कारणले पनि गरीब बिपन्न वर्गको लागि संचालन गरिने कार्यक्रम भएकोले अधिकांश शाखा कार्यालयहरू त्यसबेलाका ग्रामीण दुर्गम स्थानहरूमानै खोलिएका थिए । ती ग्रामीण क्षेत्रमा रहेर काम गर्दा संस्था तथा हामी कर्मचारीहरूलाई सबै मानिसहरूले अत्यन्त माया गर्ने, भरोसा गर्ने, इज्जत प्रतिष्ठा र सम्मान गर्ने गर्दथे । कार्यक्रम संचालन भएका क्षेत्रहरूमा स्वावलम्बन बैकिङ्ग कार्यक्रम हाम्रो उन्नति प्रगतिको लागि संचालन गरिएको कार्यक्रम हो भन्ने भावना थियो । तर देशमा राजनितिक अस्थिरतासंग सशस्त्र बिद्रोह र द्वन्द्वहरू सुरु भए । सुरुमा माओवादी सशस्त्र द्वन्द्वको प्रभावदेशका हरेक ग्रामीण क्षेत्र तथा कुनाकुनमा पर्न गयो । माओवादी द्वन्द्व नसकिदै तराई मधेशमा आन्दोलन सगै बिद्रोह द्वन्द्व सुरु भयो । हाम्रा अधिकांश शाखा कार्यालयहरू ग्रामीण क्षेत्रमा नै थिए । जब सशस्त्र तथा भूमिगत द्वन्द्व बढ्दै गयो सबै सरकारी कार्यालय र सुरक्षाको लागि खोलिएका प्रहरी चौकीहरूसमेत जिल्ला सदरमुकाममासर्न थाले र केन्द्रित हुन थाले । यस्तो अवस्थामा हाम्रो कार्यक्रम हरेक ग्रामीण क्षेत्रमा संचालन भएको र सदस्यहरूकै घरदैलोमा गई आर्थिक कारोवार गर्नुपर्ने भएकोले हामीहरूलाई पनि यसको प्रत्यक्ष प्रभाव पर्न थाल्यो । ठाँउ ठाँउमा केन्द्र बैठकबाट असुल गरिएको रकम लुट्ने, कर्मचारीहरू अपरहणमा पर्ने र चन्दा आतङ्क बढ्दै गए । हामीहरू पनि अपहरण, लुटपाटमा, धम्कीमा पर्‍यौ । म स्वयं पनि पटक पटक अपरहण र लुटपाटका घटनाहरू भोगेको व्यक्ति हुँ । यस्तो अवस्था सृजना हुँदा समेत हामी कर्मचारीमा काम गर्न सक्दैनौ भन्ने भावना विकास भएन । अझ म स्वंय शाखा कार्यालयको

प्रमुखको हैसियतले पनि डर मान्ने, आत्तिने, कमजोर भावना देखाउने, हिम्मत हार्ने अवस्थानै थिएन किनकी म कमजोर छु डराएको छु भन्ने भावना व्यक्त गर्न साथ मेरा सबै साथीहरूको काम गर्ने मनोबल र हिम्मत खस्किने छ । जसको प्रत्यक्ष असर संस्था र कार्यक्रममा पर्नेछ । सोहि कुरालाई आत्मासाथ गर्दै यस्तो अवस्थामा पनि हामी कर्मचारीहरूले कहिल्यै पनि हिम्मत हारेनौ गाँउगाँउमा गएर नियमानुसार केन्द्र बैठक संचालन गरी किस्ता असुली लगायतका कारोवारहरूलाई निरन्तर चलायौं । कार्यक्रलाई सुरक्षित रूपमा निरन्तर संचालनका लागि हाम्रा सदस्यहरूलाई संझाउन बुझाउन थाल्यौ । उनीहरूलाई हाम्रो संस्था तपाईहरू जस्ता गरीब विपन्न वर्गको उन्नति प्रगतिको लागि होभन्ने भावना विकास गर्दै गयौ । हामीहरू तपाईहरूका छोरानाती जस्ता मान्छे हौ । तपाईहरूले यो कार्यक्रम र हामी कर्मचारीहरूको सुरक्षा गर्नु पर्दछ । हामी सबै कर्मचारीहरूको मनमा के थियो भने स्वावलम्बनको कार्यक्रम विपन्न वर्गका मानिसहरूको सामाजिक तथा अर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम हो हामी यसका कर्मचारी हौ हामीले हाम्रो कार्यक्रमबाट कसैलाई अन्याय गरेका छैनौ, भ्रष्टाचार गरेका छैनौ, आर्थिक हिनामिना गरेका छैनौ, यसमा कुनै पनि राजनितिक भेदभाव छैन, गाँउ गाँउमा घरदैलोमा पुगेर विपन्न वर्गका मानिसहरूमा लघुवित्त सेवा दिएको छौ तसर्थ हामीले किन डराउनु पर्ने भावनाका साथ बरु हामी अझ साहसका साथ कार्यक्रममा केहि परिवर्तन गरी अगाडि बढ्दै गयौं । जसको फलस्वरूप हामीलाई हाम्रै सदस्यहरू र तिनका अभिभावकहरूबाट सुरक्षा दिन थालियो भरोसा दिन थालियो सरुहरूनडराउनुहोला हामी तपाईहरूलाई सहयोग र सुरक्षा गर्छौं कार्यक्रम र कारोवारलाई नरोकि दिनुहोला । यसबाट हामीमा थप हिम्मत र हौसला बढ्दै गयो ।

हामीले त्यस बेला माओवादी पार्टीका नेता तथा तराईमा रहेका सशस्त्र समूहसंग पनि भेटघाट गर्ने र कार्यक्रमको बारेमा बुझाउने कार्य गर्‍यौ । यो कार्यक्रम तपाईहरूको आन्दोलनको बिरुद्धमा छैन उल्टै गरीब/विपन्न वर्गका मानिसहरू त्यसमा पनि महिलाहरूको सामाजिक आर्थिक उन्नति र प्रगतिको लागि महिलाहरूको सामुहिक जमानीको आधारमा घरदैलोमा संचालित बैकिङ्ग कार्यक्रम हो भन्ने कुरा बुझाउदै गयौ जसको परिणाम स्वरूप हाम्रो कार्यक्रमको बारेमा उनीहरूले समेत बुझ्दै गए र कार्यक्रम संचालनमा कुनै पनि बाधा अवरोध गरेनन् । त्यस्तो असहज अवस्थामा पनि स्वावलम्बनका कुनै पनि कार्यालय बन्द गर्नुपरेन, सार्नुपरेन र संचालित कार्यक्रमलाई रोक्नु परेन । उल्टै हामीलाई गाँउले, भद्र भलादमी वुद्धिजीवी स्थानीय मानिसहरूले ठाँउठाउमा बोलाउने, चोक चौडाहमा भेट्दा तपाईहरूको कार्यक्रम राम्रो छ, प्रष्ट छ, पारदर्शी छ, गरीबहरूको लागि सेवामूलक छ त्यसैलेत अन्य सरकारी कार्यालय तथा संघसंस्थाहरू र तिनका कर्मचारीहरू आफ्नो ठाँउ छोडी भाग्दै जिल्ला सदरमुकाम केन्द्रित हुँदा समेत तपाईहरूको कुनै पनि कार्यालय सार्नुभएन, कर्मचारीहरू भाग्नु भएन निरन्तर हाम्रो ठाँउमा बसी घरदैलोमा बैकिङ्ग कार्यक्रम संचालन गरी यहाँको आर्थिक कारोवारलाई चलायमान बनाउनु भयो भनी प्रशंसा धन्यवाद् दिएको कुरा मेरो मनमस्तिष्कमा आज पनि ताजै छ । यो सबैको परिणामलाई मूल्याङ्कन गर्दा स्थापना कालदेखिनै स्वावलम्बन बैकिङ्ग कार्यक्रमले विपन्न वर्गका मानिसहरूको उन्नति प्रगतिको लागि घरदैलोमा कार्यक्रम संचालन गरेको, संचालित कार्यक्रमको गुणस्तर राम्रो रहेको, पारदर्शी रूपमा कार्य गरेको, सेवामूलक भावना रहेको, कार्यक्रमबाट ग्राहक सदस्यहरू सन्तुष्ट रहेको र कर्मचारीहरूले मेहनत र इमान्दार पूर्वक ग्राहकमुखि व्यवहारका साथ काम गरेको प्रतिफल जस्तो लाग्दछ ।

लघुवित्तको वर्तमान सेवाको अवस्था

नेपालमा कानुनी तथा नीतिगत व्यवस्थाले लघुवित्त सेवा खुकुलो बनाएको कारणले गर्दा संख्यात्मक वृद्धि हुदै गयो । नेपाल राष्ट्र बैंकको आ.व.२०७७/०७८ को तेस्रो त्रयमाससम्मको तथ्याङ्क अनुसार लघुवित्त संस्थाहरूको संख्यात्मक रूपमा हेर्ने हो भने ४ वटा थोककर्जा प्रदायक संस्था सहित ७४ वटा संस्थाहरू रहेका छन् । यि संस्थाहरूलेदेशका सम्पूर्ण ७७ वटा जिल्लामानै कार्यक्रम संचालन गरी जम्मा ५१,१८,६९० जना ग्राहक सदस्यहरूसंग प्रत्यक्ष कारोवार गरेको देखिन्छ । ग्राहक सदस्य मध्ये २९,८१,२३६ जना ऋणी सदस्यहरूमा कुल बाँकी कर्जा रु.३ खर्ब ५७ अर्ब ९५ करोड ४४ लाख १० हजार रहेको छ भने ग्राहक सदस्यहरूको कुल बचत रु.१ खर्ब २७ अर्ब २० करोड ८३ लाख ८ हजार रहेको देखिन्छ । निस्कृय कर्जा २.४९ प्रतिशत रहेको छ । त्यसैगरी बचत र कर्जाको तुलना गर्दा कुल बचतले ३५.५४प्रतिशत कर्जालाई धानेको देखिन्छ जुन लघुवित्त संस्थाको लागि राम्रो पक्ष हो । हाल देशमा कोरोना भाइरस (कोभिड-१९) को बढ्दो प्रभावसगै नेपाल सरकारले गरेको लकडाउनको कारणले गर्दा लघुवित्त वित्तीय संस्थाहरू फिल्डमा गई कार्यक्रम संचालन गर्न कठिनाई भए संगै आफ्नो कारोवारलाई निरन्तर संचालनको लागि डिजीटल प्रविधिहरूको विकास एवं प्रयोग बढ्दै गइरहेको छ यसलाई लघुवित्त क्षेत्रको लागि राम्रो प्रयत्न हो भन्न सकिन्छ ।

लघुवित्त संस्थाहरूको कार्यक्रम बिस्तार र हालको प्रगतिलाई हेर्दा राम्रो मानिएपनि यति धेरै संस्थाको कार्यक्रम बिस्तारले गर्दा संस्थाहरू बीच एक आपसमा अस्वस्थ प्रतिस्पर्धा बढ्दै गइरहेको अवस्था छ । जसको कारणले गर्दा ग्राहक सदस्य र संस्था दुबैमा लघुवित्तको मूल्य, मान्यताहरूजस्तैः विपन्न/गरीब वर्गको आय आर्जन बढाउने काममा सहयोग गर्ने, समाजमा स्वरोजगार सृजना गर्ने, उद्यमशीलता वृद्धि गर्ने, विपन्न/गरीब वर्गलाई स्वावलम्बी बनाउने, सचेतना वृद्धि गर्ने, गरीब तथा विपन्न वर्गको व्यक्तिगत, आर्थिक तथा सामाजिक स्तर माथि उठाउँन सहयोग पुर्‍याउँने आदि जस्ता मुख्य विषयहरूमा कमि हुदै गइरहेको छ । लघुवित्त कार्यक्रमको मुख्य मर्मको रूपमा रहेको ग्राहक सदस्यहरूको घरदैलोमा पुगी गरिने सेवाहरू जस्तैः समूह प्रवेशपूर्व तालिम, केन्द्र बैठक संचालन, सदस्यको क्षमता पहिचान, कर्जा विश्लेषण, कर्जा सदुपयोगिता र अन्य सामाजिक कार्यहरूमा कमी आइरहेको छ ।

अर्को तर्फ ग्राहक सदस्यहरूमा समेत आवश्यकता र क्षमता अनुसारको कर्जा लिई उद्देश्य अनुसारको कार्यमा सदुपयोग गरी

जसबाट आम्दानी गर्दै नियमानुसारको कर्जाको किस्ता (साँवा तथा ब्याज) तिर्नुको सट्टा धेरै संस्थाको ग्राहक सदस्य भई एक सस्थाबाट कर्जा लिने र अर्को संस्थाको कर्जा तिर्ने, पुनः अर्को संस्थाको कर्जा लिने र अर्को संस्थाको कर्जा तिने परिपाटीको विकास हुदै गएको छ। संस्थाहरूले यस्तो गर्ने ग्राहक सदस्यहरूलाई निरुत्साहित गर्नुको सट्टा आफ्नो संस्थाको कर्जा तिरीहाल्छ अरु संस्थाको कर्जा जेसुकैहोस भन्ने सोचाईले गर्दा ग्राहक सदस्यहरूमा बहुबैकिङ्ग कारोवार र कर्जा अपचलन गर्ने परीपाटी विकास भईरहेको छ। यस्तो परिपाटीको विकास हुदै गएको खण्डमा तत्कालको लागि कुनै संस्थालाई क्षणिक फाइदा भएपनि अन्ततोगत्वा सबै संस्थालाई यसको प्रत्यक्ष प्रभाव पर्न गरी खराब कर्जा वृद्धि संगै संस्था धारासाही हुने सक्ने देखिन्छ।

हाल आएर लघुवित्त कार्यक्रम संचालनको मुख्य जिम्मेवारी लिएका नेतृत्व तह देखि सबै कर्मचारीहरूमा समेतले लघुवित्तको मुल मर्महरूलाई बिर्सदै गएको आवास हुन थालेको छ। कर्मचारीहरूमा म लघुवित्तको कर्मचारी हुं मैले सोहि अनुसार लघुवित्तको सिद्धान्तलाई ध्यानमा राखेर अनुशासन, मेहनत र लगनशिलताका साथ काम गर्नुपर्छ भन्ने भावनाको सट्टा क्षणिक फाइदाका लागि मात्र सोचाई बनाई कार्य गरेको जस्तो लाग्दछ। लघुवित्त संस्थाको अस्वस्थ प्रतिस्पर्धाको फाइदा उठाउदै कर्मचारीहरूमा समेत संस्था परिवर्तन गर्ने कार्यले गर्दा समग्र लघुवित्त कार्यक्रमकोगुणस्तर कमजोर हुने देखिन्छ।

लघुवित्त कार्यक्रम संचालन गर्ने संस्थाहरूलाई कम्पनी ऐन अन्तर्गत संचालन गर्ने कानुनी व्यवस्था पछि नाफालाई प्रथम प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने परिपाटी सुरु भएको छ। लघुवित्त संस्थाहरूको मूल्याङ्कन गर्दा लघुवित्तका आधारभूत सिद्धान्तहरू, मूल्य र मान्यता अनुसार कार्यक्रम संचालन भइरहेको छ छैन, कार्यक्रमको गुणस्तर के कस्तो छ, कार्यक्रमबाट विपन्न वर्गको सामाजिक आर्थिक अवस्थामा के कति सुधार भयो भन्ने विषयहरू गौण हुदै गइरहेका छन्। लघुवित्त संस्थाको तुलना गर्दा "क" "ख" "ग" वर्गका बैंक तथा कम्पनीहरूसंग गरिने र यसमा पनि नाफा कति भयो, समकक्षी संस्थाको नाफा यति हुने यस संस्थाको नाफा किन यतिमात्र आदि जस्ता विषयले प्राथमिकता पाउन थाले पश्चात कार्यक्रम संचालनका लागि बनाइने नीतिनियमहरू समेत बढिभन्दा बढि नाफालाई प्राथमिकतामा राखी बनाउने गरेको देखिन्छ। जसको लागि बढी भन्दा बढी कर्जा लगानी गर्ने, सदस्यहरूले लिएको कर्जा समयमा तिर्न नसकेको खण्डमा सदस्यहरूलाई कर्जा तिराउनको लागिअधिकतम प्रयास तथा कोशिस र उपायाहरू जानकारी गराउनुपर्नेमा त्यस्तो तिर्न नसकेको कर्जाकोपुनर्तालीकरण गर्ने, तिर्न नसकेको कर्जालाई नयाँ कर्जा बनाई लगानी गर्ने परिपाटी सुरुवात भइसकेको जस्तो लाग्दछ। जसबाट सदस्यहरूमा समेत आफ्नो क्षमता अनुसारको कर्जा लिने, कर्जाको सदुपयोग गरी आम्दानी गरी किस्ता तिर्नै पर्दछ भन्ने भावनाबाट बिचलन भई क्षमता भन्दा बढी कर्जा लिने र कर्जा लिएर कर्जा तिर्ने, तिर्दै जाउला भन्ने र तिर्न नसकेको खण्डमा कर्जालाई पुर्नतालिकीकरण गरी भाका बढाउला भन्ने परीपाटी विकास भएको जस्तो लाग्दछ। समग्रमा भन्नुपर्दाहाल आएर लघुवित्त संस्थाहरू लघुवित्तका आधारभूत सिद्दान्तहरूलाई तोडमोड गरेर Social Motiveलाई कम प्राथमिकतामा राख्दै व्यावसायिक रूपमा कारोवार संचालन गर्दै बढी भन्दा बढी नाफा कमाउने Profit Motive तिर उन्मुख भएको जस्तो लाग्दछ।

अन्तमा, नेपाल सरकार,नियामक निकाय, संस्थाको सञ्चालक समिति, व्यवस्थापन र आम कर्मचारीहरूले लघुवित्तको मूल मर्म र सिद्धान्तलाई आधार मान्दै लघुवित्त क्षेत्रको उल्लिखित विकसित समस्याहरूको समाधान गर्नको लागि संख्यात्मक रूपमा वृद्धि भएका संस्थाहरूलाई गाम्भे गाभिने प्रकृया अगाडि बढाउने, नियामक निकाय र संस्थाले बनाउने नीतिनियमहरू ग्राहक सदस्य मैत्री र लघुवित्तको उद्देश्य अनुरूप बनाउने, उचित नाफा संगै संस्थाको दिगोपनाको लागि नियामक निकाय र स्वयं संस्थाले सोहि बमोजिम नीतिनियम बनाउने र कर्मचारीहरूले सेवामूलक भावना लिई ग्राहक सेवालाई पहिलो प्राथमिकता दिदै लघुवित्त कार्यक्रमको मुल मर्म र उद्देश्य अनुरूप कार्यक्रम संचालनमा विशेष ध्यानदिने प्रकृया तुरुन्त अगाडि बढाएमा लघुवित्त कार्यक्रम र यससंग सम्बन्धित सम्पूर्ण सरोकारवाला पक्षको भविष्य उज्ज्वल हुनुको साथै ग्राहक सदस्यको सेवा सुनिश्चिता र उनीहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार हुनेदेखिन्छ। फलस्वरूप देशमा रहेको गरीबी न्यूनिकरणमा ठुलो टेवा पुग्ने देखिन्छ।

चुनौती

नेपालमा लघुवित्तको लामो इतिहास भएता पनि यसको वृद्धि संगै अनेकौ समस्या तथा चुनौतिहरू रहेका छन। जसले यस क्षेत्रको समग्र विकास र विस्तारमा अवरोध सृजना गर्ने गरेको छ। पछिल्ला वर्षहरूमा लघुवित्तको मूल मर्म र उद्देश्य अनुरूप सेवा प्रवाहमा विचलन देखिएको छ। संस्थाहरूको एक आपसमा अस्वस्थ्य प्रतिस्पर्धा,ग्राहक सदस्यहरूको दोहोरोपना र बहुबैकिङ्ग कारोवारको कारण यस क्षेत्रमा थप चुनौतिहरू देखापरेका छन। लघुवित्तको मूल मर्म र सिद्धान्त अनुरूप अति विपन्न वर्गमा घरदैलो सेवामा कमि हुदै जानु, लक्षित वर्गको व्यवसायिक विकासमा सीपको कमि, श्रोतको अभाव, बढ्दो संचालन लागत, समय सापेक्ष प्रविधिमैत्री हुन नसक्नु, संस्थागत क्षमतामा कमी, कार्यक्षेत्रको भौगोलिक अवस्था, जनशक्तिको व्यावसायिकतामा कमी जस्ता समस्या तथा चुनौतीहरू रहेका छन्। लघुवित्तकार्यक्रमलाई सेवामूलक भन्दा पनि बढि नाफामूलक रूपमा केही संस्थाहरू प्रस्तुत हुन थालेपछि यसमा विभिन्न खालका विकृति र विसंगतिहरू समेत देखापर्न थालेका छन जसबाट समग्र लघुवित्तलाई हेर्ने दृष्टिकोमा नकारात्मक धारणा विकास भई कार्यक्रम संचालनमा चुनौती थपिएको छ। यसका अतिरिक्त राजनितिक अस्थिरता, कतिपय विषयहरूमा नेपाल राष्ट्र बैंकको अस्पष्ट नीति, लघुवित्त कार्यक्रम प्रति सरकारी निकायको अस्पष्ट र भ्रमपूर्ण हेराई, लघुवित्तकर्मीबीच स्वःअनुशासन र स्वःनियमनको कमी, संस्थाहरूको गुणात्मक भन्दा संख्यात्मकमा जोड आदि जस्ता आजका प्रमुख चुनौतिहरू हुन।

❖❖❖

Prioritizing Mental Well-being in the Dire Time of COVID-19 Pandemic

✍ **Dipendra Joshi**

A study incorporated to monitor the psychological health shows that 74.2% (always stressed 20.5% + sometimes stressed 53.7%) of the staffs working in MFIs Sector are suffering from excessive exhaustion due to the unprecedented effect of stress at work in time of COVID-19. A total of 45.7% significant responses from the staffs indicate that the stress has a negative impact on their performance. The institutions need to elaborate and implement a robust and effective stress management programs to help the employees perform much better. Findings of the study showcased the intervention area of those psychological problems which is affecting the mental health of staffs and it is all up to the MFIs to act rapidly or sit blindfolded. We have to admit it undoubtedly that the stress has a direct and indirect impact on the overall performance of an institution.

Out of the total staff who participated in this survey, 9.8% of them are always working under pressure and 90.2% are only sometimes working under pressure. 20.5% staffs were stressed at work, 53.7% staff were only sometimes stressed at work and 25.8% staff expressed they were not stressed at work. The stress at work automatically degrades the task performance of each individual staff. MFIs must perceive the factors triggering stress among the staffs and help in minimizing those stressors. Out of the total response, 28.5% staffs expressed that stress doesn't have an impact on their performance and 45.7% staffs expressed that stress does have a negative impact on their performance. Many of the staffs seem to realize that the stress is sapping out their performance. The staff expressed their point of view, that pressure thwarted upon them in managing their office works and balancing their personal life has put their mental health at risk.

The study revealed that 44.51% of the staffs are enduring excessive amount of stress from stressors *"Difficulty in collecting loan installment from their clients"*. The repayment rate thrashed downward rapidly during the time of COVID-19 which has produced stress among the MFIs staffs and they have been pressurized by the management to recover the due amount of loan in time. 28.49% of the staffs are stressed about *"Going in public relation with members and other stakeholders"*, and 21.66% of the staff are *"Having a hard time implementing the new policy of the organization due to COVID-19"*. Staffs were confused amid the new policies and strategies MFIs were adapting to as directed by the Nepal Rastriya Bank (NRB).

To reduce the stress produced from those stressors they were reconciling with coping mechanisms that this study discovered as in, 51.93% of the staff are *"Confronting their problem"* rather than running away from it or blaming others which is a form of problem-focused coping mechanism, 27.6% of the staff *"Watch funny videos or movies on YouTube and engage in other social media"* to relive themselves from stress, 16.02% of the staff *"Workout with exercise, yoga or meditation"* and 27% of the staff *"Talk with friends about the stressful situation that they are in"* so that they can ventilate their stress rather than compressing it inside them.

COVID-19 pandemic and lockdown had caused unimaginable changes in the lives of everyone in Nepal and around the world. It has taken a massive toll on the microfinance sector of Nepal as well. To monitor the mental well-being among the staffs of MFI's, Centre for Self-help Development (CSD) initiated a quick online survey from June 10 to 18, 2020 on the "Perceived Stress and Coping Strategy among the Staffs of MFI's in Time of COVID-19". The objective of the survey was to understand the mental health and attitude of the field staffs and branch heads of the microfinance institutions. The results of this survey helped us to understand the mindset and condition of microfinance workers in time of COVID-19 pandemic. The interpretation of the results further displayed the perceived stress among the staffs and various sort of coping strategy used by them to be relieved from stress. The simple random sampling technique was used with the sample size of 337 participants from 20 MFI's all over Nepal. Majority of the staffs of MFI who were respondents in this survey were from age group 18-30 years old. In this survey majority of the respondents were Male 76.3% because of the voluntarily self-assessment through digital platform and no restrictions in terms of proportionate sample size. Majority of the respondent 75.1% were operating from branch office. Majority of the staffs represented from Bagmati province. Majority of the 54.3% staffs were of Assistant Level. Out of the total staffs 32.9% of them have more than 10 years of experience in microfinance sector.

❖❖❖

स्वावलम्बन विकास केन्द्र कोट्याउँदा



भैरव रिसाल

वित्त भनेको धन हो, धन भनेको साधन हो । साधनले साध्यको नजिक पुर्‍याउँछ । यो आजको विश्वमा धनाढ्यहरुको संख्या सानो छ । तर उनीहरुको संगठन छ । धनीहरुको त्यो संगठन दरिलो छ र क्रियाशील पनि छ । यो भूगोलमा न धनीहरुको संख्या ठूलो मात्र छैन बृहद छ । त्यो ठूलो संख्या केही गरौं भन्छ, कमाऊँ भन्छ । तर कमाउन पनि शुरुमा नै लगानीत गर्नै पर्छ । किन्तु त्यो वर्गसँग कमाउनका निम्ति शुरुमै नै लगानी गर्ने आधारभुत पूँजी नै छैन । मन भएका धन नभएका जाँगरिला हात पाखुरा र तिघ्रा भएकाहरु बीउ पूँजीका निम्ति छटपटाई रहेका छन् । ती जाँगरिला पनि छन् । ती एकथरि जाँगरिलाहरुलाई अर्को थरी जाँगरिलाहरुले कमाउ खाउ भनि ऋण लगानी गरेर यो लघुवित्त परिचालनको कार्यक्रम प्रारम्भ भए झै लाग्छ । यसको नाम ठाउँ र संस्कृति हेरि अनेक थरी राखियो । जस्तो नाम दिए पनि काम भने लघुवित्त परिचालन नै हो । लघु भनेको थोरै वा सानो हो भने वित्त भनेको धन हो । थोरै धन बडो होशियारीपूर्वक प्रयोग गरी धेरै कमाउनु हो । तर त्यो प्रचालित नियम कानुन सम्मत हुनु पर्दछ । अहिले यस्ता लघुवित्त संस्था थोरै ऋण दिन्छन् । त्यसैलाई यता पल्टाउछँन्, उता पल्टाउँछन् र कमाउँछन् । जे भए पनि थोरैलाई धेरै पार्नु यसको केन्द्रिय तत्व हो । सारमा भन्दा यो लघुवित्त परिचालन भनेको थोरैलाई धेरै पार्नु हो । यो कला हो । यसका केही विधि र प्रकृया पनि आफ्नौ खाले हुन्छन् । लघुवित्तमा शोषण गर्न निषेध छ । विधि विधान खुकुलो हुदैन । गैर कानुनी शोषण र दोहन नितान्त नै निषेध छ । यही हो लघुवित्त संस्थाहरुको प्रमुख विशेषता ।

बचत अनुचित शोषणको अन्त्य

लघुवित्त संस्था गाँउ गाउँमा अनौपचारिक रुपमा धेरै छन् । यस्ता गाउँस्तरका संस्था अति अनौपचारिक जो दर्ता गरिएका पनि हुदैनन् । चार पाँच लाख रुपियाँको सम्म पनि कारोवार, सापटि, लेनदेन हुन्छ । आपसी विश्वास यसको मूल तत्व हो । अझै चलेको छ यो आपसी विश्वास गाँउघरमा । गाँउलेहरु आपसमा वचत पनि गर्छन् र प्राय बेइमानी हुदैन । मेरो गाँउका यस्ता कार्यक्रममा केही बर्ष अघिसम्म म पनि सहभागी भएको छु । एक आपसको विश्वास नै यस्ता अनौपचारिक कार्यक्रमको प्राणवायु हो, धुकधुकी हो । स्रोत र साधन जहाँ जहाँवाट जसरी जुटाए पनि सामाजिक दायित्व भने पूरा गर्नै पर्छ । लघुवित्त परिचालन प्रकृया एवं विधि फरक फरक ठाँउमा भिन्न हुन सक्छ । तर मूल उद्देश्य र मर्म भने अनुचित शोषणको अन्त्य गर्नु हो । यस्ता कामको नेतृत्व गर्न गाँउमा अनौपचारिक रुपमा सफलताका साथ सञ्चालन भएका छन् । यस पृथ्वीका ठाँउ ठाँउमा बस्ने सर्वसाधरण जनताले यस्ता ठूला कुरा पनि पूर्ण सफलताका साथ सञ्चालन गरेका छन् । यसै कारण गाँउमा सरसापटी गरी लिईने ऋणको व्याज ३६ प्रतिशत व्याज तिर्नु पर्ने चरम शोषणबाट पैसा नहुनेहरु मुक्त भएका छन् ।

अघिल्लो पुस्तासम्मको लेनदेनमा सयकडा दश रुपैया सम्म साहुले घ्यूखानेभनि कटाउथ्यो । फलस्वरुप सय रुपियाँ ऋण लिदा ९० रुपियाँ मात्र हात पर्थ्यो । ऋण दिदै घ्यूखाने नाममा पैसा पहिलै हजम गर्ने चलन थियो । समाजमा भएका यस्ता शोषकको विरुद्ध केही पढे लेखेका युवाहरुमा विद्रोहको आगो बल्यो । यी मध्ये कति विदेशमा पढेर आए । त्यसरी शिक्षा आर्जन गरी फर्केका युवा तथा अन्य अधवैसेहरु वित्तीय संस्थामा काम गर्न लागे । औपचारिक वा सरकारी या अर्धसरकारी वित्तीय संस्थाहरुबाट यस्ता काम सञ्चालन सम्भव नदेखिए पछि लघुवित्त संस्थाहरु स्थापना र सञ्चालन हुन लागे । यो दृष्टिकोण प्रागतिशील ठहरियो । यसै परिप्रेक्षमा यस्ता लघुवित्त संस्थाहरु सञ्चालन हुन थाले । यो कार्यक्रमले संस्थागत रुप लिन लाग्यो र भन्ने हो भने

अभियानकै रुप लियो । यस्ता भरपर्दा प्रकृयाको स्थापना र सञ्चालन भएपछि चरम शोषण क्रमशः अन्त्य हुन लाग्यो । भोलि ऋण लिनु पर्ने अवस्था आउला भनी आफ्नै गाँउका साहुको दास वन्ने चलनको पनि क्रमशः अन्त्य हुन लाग्यो । अन्ततः दास हुनु पर्ने एउटा पद्धति नै हरायो । मलाई थाहा भएसम्म मेरो वारी गाउँका साहुबाट १०० पाथी धान व्याज तिर्ने शर्तमा वारि किन्न रु २०० रुपीयाँ सापट लियका थियौँ ।

बचत थोरै भएपनि औधी उपादेय

साँच्चै भन्ने हो भने लघुवित्त परिचालनको सैद्धान्तिक पक्षमा म निरक्षर व्यक्ति हूँ । तर यस अवधारणाको भने शयका शय पक्षमा छु । म केटाकेटी हुँदा गाँउमा नगद पैसा भने पछि एक प्रकार को ठुलै हुने । प्राय गाउँको अर्थतन्त्र वस्तुविनिमय प्रथाबाट चल्थ्यो । काममा काम साटने गरिन्थ्यो । भनेको तपाइको घरको काम मैले सघाउने मेरो घरको काम तपाइले सघाउने गरिन्थ्यो । तसर्थ नगद पैसाको क्षेत्र सीमित थियो । नगद पैसा भनेको मट्टितेल, तमाखु, जिरा, मरिच, चुरोट, कपडा किन्न मात्र भए पुग्न्थो । हाम्रो वा सुपारी खानु हुन्थ्यो । हो सुपारी किन्न पनि पैसा चाहिने । एक पैसाको १२ टुक्रा, २ पैसाको २७ टुक्रा, सुपारी पाइने । जति धेरै किन्यो उती नै सस्तो । बिरामी, सुत्केरी हुँदा, तिथि श्राद्ध गर्दा, मर्दा र पर्दा र नानि जन्मदा भने नगदै चाहिन्थ्यो । त्यस्तो बेलामा भने गाउँको साहु कहाँ जान पर्थ्यो । सापटी नगद वा वस्तु जे लिए पनि ब्याज भने तिर्नै पर्थ्यो । कानून बमोजिमको कुरा नपाइने, सापटी लिएको व्याज साहु पिच्छे फरक पर्ने । यस प्रकारको समाज व्यवस्था थियो । म जन्मदा, हुर्कदा, पढदा ताकासम्म । आफूले पनि बुद्धि पुऱ्याएर मात्र नयाँ पाइला चाल्नु पर्ने । यसरी समाज उठ्नै नसकेको अवस्था थियो । अब नयाँ दृष्टिकोण आयो । गाँउ समाजमा नाम जेजे भए पनि पैसा जम्मा हुन लाग्यो । मान्छेहरुमा बचत गर्नु पर्छ भन्ने चेतना आयो र भोलिकालागि सोच्ने प्रवृती बढ्यो । विद्यालय खुले । नानी पढाउनु पर्ने भयो । यस्ता नियमित वचत थोरै थोरै जम्मा हुदा पनि धेरै हुन लाग्यो । अब घरमा हुँदा खर्च हुन लाग्यो । वचत संस्थामा गर्नु पर्ने भयो । यस्ता कामको लागि स्वावलम्बन जस्ता लघुवित्त संस्थाहरु पनि स्थापना हुन लागे । यसरी जम्मा भएको पैसा औधि नै उपयोगी हुन लाग्यो । तसर्थ यो वचतको औचित्य र उपादेयता असाधारण छ ।

नयाँ बाटो खोज्ने हो कि?

यो थोरैलाई धेरै बनाउने विधालाई विभिन्न धनि व्यक्तित्व एउटै ओतमुनी पसी नहुनेलाई हुने गराउने गम्भीर एवं भगीरथ प्रयत्न गरिए । त्यही मेसोमा स्वावलम्बन विकास केन्द्र नामको एउटा संस्था पनि गठन भयो । निकै जागर र अनुभव भएका व्यक्तिहरुले नेतृत्व गरेकोले आफ्नै घर समेत वनाई काम गरिरहेको छ । स्वावलम्बन विकास केन्द्र कति प्रतिशत स्वावलम्बी भएको छ सोको खरो मूल्यांकन गर्ने समय भै सकेको जस्तो लाग्छ, तपाई लाई लाग्दैन ? तथापि संस्था सुचार रुपले चले जस्तो लाग्छ । यो संस्था जनतामा पुग्ने इमान्दारीपूर्ण प्रयत्नमा क्रियाशील रहेको होला । अचेल कतिपय लघुवित्त संस्थाहरु नराम्रोसँग वदनाम नभएका पनि हैनन् । मैले पाएको सूचना अनुसार स्वावलम्बन विकास केन्द्र आफ्नो मर्यादा नितान्त सुरक्षित राखी सम्मानका साथ अघि बढि रहेको छ । सम्मान पाउन नै कठिन र पाए पछि सम्मान जोगाउन झन् कठिन हुन्छ । यो मुद्दामा स्वावलम्बन विकास केन्द्र अपवादमा रहेको छ । लघुवित्त परिचालन दशै दिशामा फिजाउने र आफ्नो सफलता एवं विसालताको निर्मम समीक्षा गर्न गोष्ठी, छलफल गर्न र लेखहरु एकीकृत गरी प्रकाशन गर्न जुन अग्रसरता देखाएको छ सो भनेको जनतामा जानु हो । जनतामा जानु भनेको एउटा चुनौती नै हो । यस्ता खाले गतिविधिहरुले संस्थालाई जीवन्तता प्रदान गर्छ । यसले आफ्नो भविष्य सुरक्षित मात्र राख्ने हैन सुन्दर समेत राख्छ । यसको निम्ति बहुवर्षीय वैकल्पिक वाटाहरु पनि पत्ता लगाउनु पर्ला । समाज गतिशील हुन्छ । सधै एउटै धारमा बस्दैन । समाजमा काम गर्ने मान्छेले यो गुह्य बुझेन भने वा ढीलो बुझ्यो भने परिस्थितिले विनाश ल्याउने छ । त्यसो हुन नदिन नयाँ नयाँ सोच एवं चिन्तनतिर लागी हाल्नु पऱ्यो ।

❖❖❖

हार्दिक नमन एवं बधाई

✍ **शंकर नाथ कपाली**

गरिवीको चक्रमा फँसेका वर्गको उद्धार गर्न
भोकालाई गाँस र बासको व्यवस्था अनि स्वाभिमानी बनाउन
लघुवित्त कार्यक्रमको जग बसाली, विकास एवं विस्तार गरी
"सेवानै परमोधर्म"को सिद्धान्त अनुसरण गर्ने
गरिबको आंसु पुछ्न अनवरत लाग्ने स्वावलम्बन विकास केन्द्र
तिमीलाई कोटी कोटी नमन गर्दछु ।

महिला वर्गको आत्मसम्मान अभिवृध्दि गर्न
गरिवीरुपी अंधकारको पर्दा च्याती उज्यालो फैलाउन
लघुवित्त संस्थाहरूको सक्षमता तथा आत्मबल बढाउन
सदा पथ प्रदर्शक बनेको स्वावलम्बन विकास केन्द्र
तिमीलाई कोटी कोटी नमन गर्दछु ।

समय, परिस्थिति र बाताबरण अनुकूल
खोज, अबसर तथा समाधानको पहिचान गर्ने
सेवाग्राहीको भविष्यसंग सेवा प्रदायकको
अस्तित्व गांसिएको चेतना फैलाउने
स्वदेश तथा विदेशको लघुवित्त सिकाई समेटि
बाटो विराउनेलाई खवरदारी गर्ने
चिन्तन मनन गरी विवेकशील बनाउने
सहकर्मी संस्था तथा कर्मचारीलाई
दत्तचित्त भई कार्यक्रममा अग्रसर गराउने
गरीवको मुटुको धडकन बन्न सफल
स्वार्थहिन स्वावलम्वी तिमीलाई
तीसौं जन्मजयन्तीको अवसरमा
हार्दिक नमन एवं बधाई अर्पण गर्दछु ।

❖❖❖

जीवन बदल्ने लघुवित्त सदस्यहरू

५ बर्षमा एउटा वाख्राको सन्तान

वढेर ६० वटा पुगे

लघुवित्तको सिद्धान्तले विपन्न वर्गका महिलाहरूलाई जागीर माग्ने होइन जागिर दिन सक्ने वनाउनु पर्छ भन्ने मान्यता राख्छ। आफ्ना ग्राहक सदस्यलाई कम्तिमा पनि स्वरोजगार सिर्जना गरी स्वावलम्बी वनाउन सक्नु पर्छ भन्ने लघुवित्तको मान्यता पनि हो। भद्रपुर १, झापाकी गंगा लुईटेलको कथाले विपन्न महिलाहरूलाई स्वारोजगार वनाउनु सकिने आधार पुष्टि गरेको छ।

गंगा लुईटेलको जन्म मोरङ्ग जिल्लाको भाउन्नेमा भएको थियो। उनको माईतीमा १२ विगाहा खेत थियो, खान लाउन दुःख थिएन। ७ जना दाजु र ३ जना दिदीहरू मध्ये गंगा कान्छि भएकोले माईतीमा हुन्जेल उनलाई घरायसि कामको वोझ उठाउनु परेन्। वाल्यकाल सुखसयलमै वित्यो। गंगाको दुःख तब शुरु भयो जब उनी १५ बर्षको उमेरमा विवाह गरेर झापाको भद्रपुर पुगिन्।

गंगाले विहे गरेर गएको घर भूमिहीन थियो। ज्याला गरेर छाक टार्नु पर्ने अवस्था थियो। गंगालाई घरधन्दा संगै वाहीरको काम गर्नु पर्ने वाध्यता आयो। "म कान्छि छोरी, माईतीमा ठाँट संग वसेको। आफ्नो लुगा धुन र कपाल कोर्न समेत भाउजुहरूले सघाउँथे। यता आए पछि त एकै पटक आकाश खसे जस्तो भयो। घर भित्र र घर वाहिरको सबै काम गर्नु पर्यो। निकै दुख भयो।" बिहे गरेर आउने वेलाको दुख सम्झदै गंगाले थपिन्।

एक्लो ज्यान हुदा कमै समस्या थियो तर छोराछोरी जन्मदै र हुर्कदै जाँदा गंगाको दुःख पनि पहाड वन्दै गयो। यता गंगाा एक्लैले तीन छोरी हुर्काउदै थिईन्। उता परिवार पाल्न रोजगारी खोज्दै श्रीमान भारतका विभिन्न सहर पुगेका हुन्थे। आफ्नो जग्गा नहुदा जेठाजु र देवरहरुको परिवार पनि घर वाहिरै हुन्थे। उ वेला श्रीमानको खवर पाउनै मुस्किल हुन्थ्यो। दुःख साँट्ने कोही थिएन। कताकताबाट दुई तीन महिनामा ४, ५ हजार पैसा पठाउँथे। मैले अरुको धान काटेँ, दाउरा वेचेँ, मल वोकेँ र त्यसरी गरेको कमाइले चराले वचेरालाई चारो दिए जस्तो गरी छोरीहरू हुर्काए। विगतको कठिन समय सम्झदै गंगा थप्छिन् "भारतको कमाइले उभो लागिदैन भन्ने भए पछि २०४२ साल तिर काठमाडौँ गयर काम खोज्ने योजना वनायौँ। काठमाडौँको एउटा धागो कारखानामा ८ बर्ष जति चर्खा घुमायौँ। छोरा उतै जन्मियो। खान वस्न पुग्ने राम्रै आम्दानी थियो। तर कारखानानै वन्द भयो र फेरी यतै फर्कनु पर्यो।"

गंगा लुईटेल आफ्नो बाख्रा फार्ममा

विक्रम संवत २०५० सालमा गंगाको गाउँमा हुलास चिया वगान खुल्यो। वगानले स्थानीयलाई रोजगारी दिने भयो र यसमा गंगा र उनका श्रीमानले पनि रोजगारी पाए। चिया बगानमा ४ बर्ष पछि दुवै जना स्थायी जागिरे भए। स्थायी जागीर भए पनि उ बेला चिया मजदुरको ज्याला निकै थोरै थियो। दुई जनाको कमाइले पनि जेन्तेन खान मात्रै पुग्ने अवस्था थियो। "शुरुमा त २-३ हजार तलब थियो। २०७२ साल सम्ममा जम्मा ८ हजार तलब आउँथ्यो। त्यसले ३ छोरी १ जना सहित ६ जनाको परिवार पाल्न समेत धौ धौ हुन्थ्यो। २०७२ सालमा बगानमै लडेर मेरुदण्ड भाँचेको कारण जागीर छाँडे। श्रीमान पनि हुलास वगानकै सरदार हुन। अलि अघि सम्म ७ हजार तलव आउँथ्यो। पोहोर मात्रै अवकाश हुँदा १० हजार आउँथ्यो" गंगाले भनिन्।

करिब दुई दशक दुबैले जीवनको उर्जाशील समय वगानको जागिरे भएर विताए। हातमुख जोर्न पुग्थ्यो तर वगानको आम्दानीले सारोगारो टार्नै पुगेन। छोरिहरूको विहे गर्दा, विरामि पर्दा वा अन्य जरुरत पर्दा सधै जसो आर्थिक अभाव भयो। त्यसैले गंगालाई जागीर संगै आम्दानीको अर्को वाटो जरुरी थियो। त्यसका लागि उनले कर्णाली वचत तथा ऋण सहकारी संस्थामा सदस्य वनेर वाखापालन गर्ने योजना वनाएकी थिइन्।

विक्रम संवत २०६५ सालमा भर्खरै कर्णाली बचत तथा ऋण सहकारी संस्थाले भद्रपुरमा शाखा विस्तार गरेको थियो। संस्थाका कर्मचारी आएर गंगालाई सदस्य वन्ने सल्लाह दिए। प्रकृया बुझेर उनले सोही साल रु २० हजार ऋण लिइन्। रु ३ हजारमा एउटा माउ वाखा किनिन्। वाखाको खोर वनाउन करिब १७ हजार रुपैयाँ खर्च गरिन्। पहिलो बर्ष बाख्रा दुई पटक व्यायो। एक पटकमा र्दुटावटा पाठा पाएको थियो। दोस्रो बर्ष उनले फेरी २० हजार रुपैयाँ लिइन्। यस पटक उनले दुहुनो गाई किनिन्। गाई र वाखा पाल्न गंगाका छोराछोरीहरूले पनि सघाउथेँ। विहान

बेलुका र विदाको दिन गंगाका श्रीमान र उनी आफैले पनि काम गर्थे । गंगाले दुध वेचेर किस्ता तिर्न थालिन । तेस्रो बर्षमा आइपुग्दा दोस्रो पुस्ताका पाठिहरु पनि व्याउन थाले । माउ तथा पाठी बाख्रा बर्षमा दुई पटक ब्याउने र एक बेतमा कम्तिमा पनि दुई वटा पाठा पाउँथे । गंगाले वोका बेच्ने र पाठीलाई माउँको रुपमा हुर्काउन थालिन् । यसरी बाख्रा वढ्दै जाँदा ५ बर्षमा जम्मा ६० वटा वाख्रा भए र माउ वाख्रा मात्रै २० वटा वनाउन सफल भईन । माउ वाखा सकेसम्म न वेच्ने गंगाको योजना थियो । खसि वोका मात्र वेचेर पनि उनले राम्रो आम्दानी गर्न थालिन् ।

हाल उनीसंग ५५ वटा बाख्रा छन् । जसमध्ये ३५ वटा माउ वाखा मात्रै छन् । एक दुईटा बाहेक सबै माउले एक बेतमा दुईवटा पाठा पाउँछन र बर्षमा दुईपटक व्याउँछन् । थप ६ वटा माउ वाखा गाउँकै मान्छेलाई अधियामा पाल्न दिएकी छिन् । बाख्रा अदियाँ पाल्नेले हरेक वेतमा दुईवटा पाठा पाए एउटा गंगालाई दिने गर्छन । यस विचमा उनले भैंसि, कुखुरा तथा माछा पालनमा पनि हात हालिन तर अरु व्यवसाय वाख्रा पालन जस्तो फस्टाएन ।

अहिले उनीसंग वाख्रा पालनको अव्वल ज्ञान पनि छ । वाख्रामा सानो तिनो रोग लागे कसैलाई गुहार्नु पर्दैन । उनले खोरलाई व्यवस्थित वनाउन सफल भएकी छिन् । हरेक वाख्राको बीमा गरेकी छिन् । बाख्रालाई चाहिने वकाइनो, किविजस्तो डाले घास आगनमै रोपेकि छिन् । यस वाहेक नेपीयर घास पनि छ र घास, दाना तथा चोकरको लागि आफ्नै खेतमा मकै पनि रोपेकी छिन् । नजिकै वनक्षेत्र हुँदा घाँसको जोहोगर्न थप सहज भएको छ । घरकै तीनजना सदस्यले सबै काम भ्याएका छन् । वाख्रा नविक्लाकी भन्ने चिन्ता गर्नु पर्ने अवस्था छैन । किन्ने मान्छे घरमै आएर लिने गरेका छन् ।

२०६६ सालमा एउटा माउ वाखाबाट शुरु गरेकी गंगाले हाल बार्षीक ४० देखि ५० वटा वोकाहरु वेच्छिन् । थप अहिले पोथिहरु पनि वेच्न शुरु गरेकी छिन् । उनीसंग एउटा वोएर र अर्को जमुनापारी जातको गरी दुईवटा विऊ वोकाहरू छन् । एकपटक भाडमा दिए वोएरको ८ सय र जमुनापारिको ६ सय रुपैया लिने गरेकी छिन् । यसबाट पनि उनले राम्रै आम्दनी गरेकी छिन् । विउँ बोका प्रत्येक ६ महिनामा फेर्नु पर्छ । एउटा गतिलो विऊ वोका किन्न अहिले कम्तिमा ७० हजार रुपैयाँ पर्छ । गंगाले अहिले बर्षमा कम्तिमा १० ट्रलि वाख्राको मल उत्पादन गर्छिन् । प्रति ट्रलि मल आठ हजार रुपैयाँमा विक्री हुन्छ । अहिले उनले बर्ष भरिमा सबै खर्च कटाएर करिब ६ लाख रुपैया मुनाफा गर्छिन् ।

हाल गंगा लुईटेलको आर्थिक अवस्था मजबुत भएको छ । सामाजिक अवस्था पनि फेरिएको छ । अहिले यहि व्यवसायबाट गरेको आम्दनीले २ विगाहा खेती किन्न सफल भएकी छिन् । बाख्राको खोर निर्माणमा पटक पटक गरी करिब १३ लाख खर्च भएको छ । तीन जना छोरीको धुमधाम विहे गर्न सफल भईन् ।

२०७२ सालमा गंगा लुईटेल चिया वगानमै लडीन र मेरुदण्डको एउटा हड्डी भाच्चियो । उपचारमा करिव १ लाख रुपैयाँ खर्च भयो । यसपछि उनले जागीर पनि छाड्नु पर्‍यो । ९७ हजार रुपैयाँ उपदान स्वरूप आउने थियो र जेन तेन उपचार खर्च जुट्यो । उनका श्रीमान पनि भर्खरै अवकास भएका छन् । उनको पनि उपदान वापत रु ८५ हजार आउनु पर्नेछ । उनीहरुले करीब दुई दशक लामो उर्जाशील उमेर खर्च गरेर कमाएको यहि नै हो । यसले उनीहरूको वाँकी जीवन चल्नेवाला छैन् । "वगानको जागिरले न त हिजो पुग्यो न त भोलिको लागि केहि नै वाँकी छ । जवानी वित्यो, अन्तमा निस्कदा खेरी अहिले रोग लिएर आएका छौं ।" गंगाले खिन्नता प्रकट गरिन् ।

त्यसो त हिजो पनि गंगालाई जागीरे जीवनको भर थिएन । त्यसैले विकल्पको रुपमा कर्णाली बचत तथा ऋण सहकारी संस्थाको सदस्य भएर आम्दानीको बाटो समातेकी थिइन् । पछिल्लो पटक गंगाले १ लाख ५० हजार ऋण लिएकी छिन् । अव उनको योजना भनेको वाखासंगै कुखुरा र हास पनि पाल्ने छ । शुरुमा बैकल्पिक आम्दानीको रुपमा लघुवित्त सदस्य वनेर उद्यम शुरु गरेकी गंगा अहिले लघुवित्तकै कारण स्वरोजगार र स्वावलम्बी भईन् । उनको वुढेशकालको सहारा नै लघुवित्त कार्यक्रम भएको छ ।

❖❖❖

गंगा लुईटेलको बाख्रा फार्म

वेरोजगारवाट

रोजगारी दिने भईन् टिका देवी

टिका देवी राई आफ्नो तरकारी बारीमा

अर्जुनधारा नगरपालिका ९, झापाकी टीका देवी राईको परिवार विक्रम संवत २०४८ सालमा इलाम जिल्लाको जीतपुरबाट झापा जिल्लामा बसाइ सरेको थियो । टीका देवीको माईतीमा दुःख गर्दा खान पुग्ने अन्न फल्थ्यो तर विहे गरेर गएको घरमा दुई छाक टार्न पनि समस्या थियो । सिँचाइको सुविधा नभएको पुर्ख्यौली पाखो बारी थियो । अरुकोमा ज्याला मजदुरी नगरी परिवार पाल्न सक्ने अवस्था थिएन । सहजै काम पाइन्छ होला र जीवन निर्वाह गर्न सहज होला भन्ने सोचेर टीका देवी र उनका श्रीमान् तराई झरेका थिए ।

झापा जिल्लाको अर्जुनधारामा बसाई सरे पछि पनि टीका देवीलाई सोचे जस्तो भएन । स्वाभाविक रूपमा नयाँ ठाउँ, नयाँ परिवेश, नयाँ छरछिमेक, बाँच्नको लागि निकै संघर्ष गर्नु पर्‍यो । उनीहरू सँग न धेरै शिक्षा थियो न त गतिलो सिप नै थियो । कृषक परिवारमा जन्मेका दुबै जनाले गर्न सक्ने भनेकै त्यही किसानी काम थियो । त्यसैले उनले तराई झरेकै वर्ष बाट स्थानीय जमिनदारको ८ कठ्ठा जग्गा ठेक्कामा लिए र कृषि कर्म शुरु गरे । ऊ बेला जग्गा ठेक्कामा लिदा दुई बाली आफूले राख्ने र एक बाली अन्न उठाएर जग्गा धनीलाई दिनु पर्थ्यो । यसले भोको बस्नु पर्ने अवस्थाको अन्त्य भयो तर बाली लाउन र भित्र्याउन निकै दुःख गर्नु पर्थ्यो । हल गोरु चाहिन्थ्यो, अर्मपर्म गर्न सहयोगी छरछिमेक चाहिन्थ्यो, बाली लाउने र उठाउने समयमा थप ज्यालादारीमा काम गराउन सक्ने आर्थिक हैसियत पनि हुनु पर्थ्यो । आर्थिक अवस्था गतिलो नभएको टीका देवीको परिवारलाई बिरानो ठाउँमा यो सबै जोहो गर्न सम्भव थिएन । यसको बदलामा उनी र उनका श्रीमानले थप पसिना बगाउनु पर्थ्यो ।

यही बिचमा टीका देवीको विक्रम संवत २०५० सालमा जेठो छोरा र २०५३ सालमा कान्छो छोरा जन्मिए । उनले सुत्केरी अवस्थामा समेत स्वास्थ्य दाउमा राखेर दुःखका साथ छोराहरू हुर्काउँदै लगिन् । परिवार बढ्दै जाँदा आवश्यकता पनि बढे । बिस्तारै जग्गा बढाउँदै लगिन् र कामको बोझ पनि थपिदै गयो । खेत जोत्न मागेको हल गोरुको पर्म तिर्न हिँडिन, आफैले हप्तौं सम्म फरुवा चलाएर बाली रोपिन् । टीका देवी र उनका श्रीमान्ले यसरी नै १५ वर्ष निरन्तर कडा संघर्ष गरे तर पनि जीवन सहज हुने कुनै छाँटकाँट थिएन । फेरी पनि उही दुःख, उही संघर्ष र उही अभाव ।

विक्रम संवत् २०६३ साल चैत्रमा टीका देवी सहारा बचत तथा ऋण सहकारी संस्थाको सम्पर्कमा पुगिन् । सहरा नेपालको कर्मचारीले उनलाई समूहमा बसेर ऋण चलाउने र कुनै उद्यम गर्ने सल्लाह दिईन् । "२०६४ सालको बैशाखमा के गर्ने कसरी गर्ने भनेर संस्थाबाट सल्लाह लिन भन्नु भयो । ऋण खाने भए पनि दिन्छ जाउँ भन्नु भयो । म खेत जोत्न जाँदै थिए । हुन्छ त एक छिन बस्छु भने । ऊ यहीँ अगाडिको आगनमै बैठक बस्यो । केही उद्यम व्यवसाय गर्ने विचार छ कि ? के व्यवसाय गर्न सकिन्छ ? भनेर सोध्यो । दोस्रो पटक फेरि ७ दिन तालिम दियो । कसरी गर्ने, के गर्ने, ऋण कसरी खाने, कसरी तिर्ने, वचत कस्तो र के हुन्छ भन्ने त्यस्तो सबै बुझाउनु भयो र म समूह"मा बसेँ । टीका देवीले समूहमा बस्दाको क्षण सम्झदै भनिन् ।

ऊ बेला टीका देवीको पहिलो जरुरत हल राँगा थियो । हल राँगाको आवश्यकता शुरु देखिनै महशुस भए पनि त्यसका लागि २० हजार रुपैयाँ जोहो गर्न सकेकी थिइनन् । "ऊ बेला ऋण पत्याउने कोही थिएन । आफूसँग न आम्दानी थियो न उपाय र हिम्मत नै थियो । आफू सँग हल राँगा नहुँदा कति दुःख भयो त्यो मलाई मात्र थाहा छ, खेत खन्न मात्रै कम्तिमा १५ दिन फरुवा चलाउनु पर्थ्यो, अरुको राँगा हात जोडेर माग्नु पर्ने । बल्ल बल्ल पाइहाले पनि उसको पर्म तिर्न त्यतिनै दुःख हुन्थ्यो" टीका देवीले भनिन् ।

विक्रम संवत २०६४ साल बैशाखमा टीका देवीले सहारा नेपालबाट पहिलो पटक रु १० हजार ऋण लिइन् । केही आफ्नो र केही

सापटी गरेर उनले एक हप्ता भित्र १९ हजार रुपैयाँमा हल राँगा खरिद गरिन । त्यही साल बाँकी १ हजारले मकै र अरु तरकारीको बिउ खरिद गरिन् । "त्यो बेला लगानीको निकै जरुरत थियो । सानो बारीमा तरकारी व्यवसाय गरेकी थिएँ । बैगन निकै राम्रो फलेको थियो, हप्तामा हजार पन्ध्र सयको तरकारी बेची रहेको मान्छे ५ सय किस्तालाई छुट्याएर बाँकीले चल्न सकिने रहेछ भन्ने अनुमानको आधारमा रु १० हजार ऋण लिने आँट आएको थियो ।" पहिलो पटक लिएको ऋण बारे सम्झँदै टीका देवी भन्छिन् ।

आफू सँग हल राँगा भए पछि टीका देवीलाई ढुक्क मात्रै भएन काम गर्न थप उर्जा पनि आयो । उनले क्रमशः खेती पनि बढाउँदै लगिन् । मुख्य कुरा नगदे बाली र व्यावसायिक तरकारी उत्पादन तर्फ जोड गरिन् । २०६४ कै माघ महिनामा उनले दोस्रो पटक रु १५ हजार ऋण लिइन् यसले हल राँगा किन्दा लागेको ऋण तिरिन् र व्यवसायिक तरकारी खेती पनि बढाइन् । पहिला आधा कठ्ठामा शुरु गरेको सब्जि खेती बिस्तारै १ कठ्ठा, दुई कठ्ठा गर्दै बढाउँदै लगिन् । खेतीपाती सँगै बाख्रा, कुखुरा, सुँगुरहरु पनि पालिन् । उनले वर्षेनी कर्जा बढाउँदै लगिन् र व्यवसया पनि विस्तार गर्दै गइन् । मुनाफाले आवश्यकता टार्ने र प्रत्येक पल्टको ऋणले तरकारी बारी विस्तार गर्ने क्रम निरन्तर चलिरह्यो ।

१४ वर्षको निरन्तर मेहनतले अहिले टीका देवीको जीवनले काँचुली फेरेको छ । उनले लोभ लाग्दो सफलता प्राप्त गरेकी छिन् । हाल उनले प्रति कठ्ठा रु ३० हजार तिरेर दुई बिगाहा जमीन भाडामा लिएर व्यवसायिक तरकारी खेती गरेकी छिन् । जसमध्ये ८ कठ्ठामा गोलभेडाको प्लट छ, ३ कठ्ठामा काका, अढाई कठ्ठामा पोथ्रे बोडी, दुई कठ्ठामा खुर्सानी छ । एउटा प्लटमा नर्सरी छ भने अरु केही प्लट खाली गर्नु पर्ने छ । यस बाहेक उनीसँग १० वटा बाख्रा, ७ बाट बंगुर र एउटा भैंसी पनि छ ।

अव टीका देवीसँग सीप पनि छ । तरकारी उत्पादनमा मलखाद तथा उत्पादन बढाउने ज्ञानदेखि रोग तथा किरा व्यवस्थापनका लागि कुनै विज्ञलाई गुहार्नु परेको छैन । श्रीमानले एकीकृत विषादि व्यवस्थापन तालिम पनि लिएका छन् । उनीहरू आफैँलाई कुन बेला के रोप्ने ? कसरी उत्पादन बढाउने ? र बजारमा राम्रो मूल्य लिने भन्ने बारे पनि राम्रो ज्ञान छ । उनी अहिले गाउँको अगुवा कृषक हुन् । गाउँका अरु किसानले उनलाई अनुशरण गर्ने गरेका छन् । कान्छो छोराले बजारीकरणमा सघाइ रहेका छन् । तरकारी विक्रिको लागि नजिकै बुधबारे, बुट्टावारी र विर्तामोड बजारहरु छन् । बजारको समस्या छैन । "बजार भाउ बुझेर मात्र विक्री गर्ने गरेका छौँ । भाउ पनि आफूले तोक्ने र थोक विक्रेतालाई मात्र दिने हो । बिचौलीयालाई नदिने । बिचौलीयालाई दिन थाल्यो त डुब्छ । न भनेको बेलामा आफ्नो हातमा पैसा आउँछ । न राम्रो दाम पाइन्छ ।" बजार व्यवस्थापन बारे उनले धारणा राखिन् ।

१४ बर्ष अघि १० हजार रुपैयाँ कर्जा लिन डराउने टीका देवीले पछिल्लो पटक रु ६ लाख कर्जा चलाएकी छिन् । कुनै बेला एक दशकसम्म हल राँगा जुटाउन नसक्ने टीका देवी राईले गत साल मात्रै रु १२ लाख रुपैयाँमा ट्याक्टर खरिद गरेकी छिन् । यसले आफ्नो फसल ढुवानी गर्ने, खेत जोत्ने सँगै भाडामा लाएर राम्रै आम्दानी हुन्छ । टीका देवीले अहिले चार जनालाई नियमित रोजगारी दिएकी छिन् । मासिक ६३ हजार तलबमा जान्छ । यस बाहेक तरकारी बाली लाउन, उठाउन तथा गोडमेल गर्न अरु ज्यालादारी कामदार राख्नु पर्छ । सबै खर्च कटाएर उनले एक बर्षमा १५ देखि २० लाख सम्म मुनाफा आर्जन गर्दै आएकी छिन् ।

अहिले उनको आर्थिक अवस्थामा सुधार आएको छ । समाजमा मान सम्मान पाएकी छिन् । उनले आफ्नै ३ कठ्ठा जग्गा जोडेकी छिन् । यस बिचमा उनले चार पटक घर बनाइन् । शुरुमा फुसको घरबाट बाँसको, बाँसको पछि काठको र अहिले ८ लाख रुपैयाँ खर्च गरेर पक्कि घर निर्माण गर्न सफल भएकी छिन् ।

यो सफलताको श्रेय टीका देवीले सहारा नेपाललाई दिने गरेकी छिन् । साथै आफ्नो इमानदारिता र कडा परिश्रमले पनि सफल भएको उनको बुझाइ छ । टीका देवीले सफल हुनको लागि लघुवित्तको ऋण लिने सदस्य आफूले एउटै समूहमा बसेर ऋणको सदुपयोग गर्ने, धेरै समूह चाहार्दै नहिड्ने र ऋण लिए पछि भने अनुसार लगानी गर्न सुझाव दिन्छिन् । साथै एकै रातमा प्रतिफल नखोजेर धैर्यताकासाथ निरन्तर मेहनत गरे लघुवित्तको सहयोगमा जीवन फेर्न सकिने टीका देवी राईको अनुभव छ ।

❖❖❖

टिका देवीको घर पहिले र अहिले

लघुवित्तको सहयोगमा संञ्चालित

ठेला व्यवसायले जनकको भाग्य निर्धरण गऱ्यो

भद्रपुर ५ झापाका जनक रायको विगत निकै समस्यामा वित्यो । उनले सानै उमेरमा धेरै थरी दुःखको सामाना गर्नु पऱ्यो । गरिबीका कारण आर्थिक र सामाजिक समस्या त छदै थियो वाल्यकामै आमा गुमाएर टुहुरो हुनुको पीडा ब्यहोरे । बुबाले दोस्रो बिवाह त गरे तर उनको दुःख कम भएन । जनकको ७ जनाको परिवार थियो न वस्ने आफ्नो घर थियो न जग्गा जमीन नै । बबवाले स्थानीय विद्यालयको जग्गा अधियाँ लिएर कृषि गर्थे । त्यही जग्गाको एउटा कुनामा उनको परिवार वस्थ्यो ।

१२ बर्षको उमेरमा उनले ठेला पसल शुरु गरे । आईतवार र बुधवार विद्यालय नगएर ठेला पसल संचालन गर्थे यसका लागि जनकले बिद्यालयका शिक्षक संग अनुमति लिएका थिए । उनका चार जना दिदीवहिनी सहित ७ जनाको परिवार थियो । परिवार पाल्ने आधार भनेकै बुबाले गर्ने अधियाँ खेती, पशुपालन र आफ्नो ठेला पसल थियो । परिवारको बोझ उठाउने वाध्यता वीच उनको पढाइ छुट्यो । तर पनि परिवार पाल्नु पर्ने र वढ्दा आवश्यकताहरु पुरा गर्ने जिम्मेवारी पूरा गर्नु थियो । उनको परिवारको लागि ४ जना छोरीको विहे गरेर पठाउनु पर्ने ठुलो चिन्ता र चुनौती थियो । दाइजो प्रथाको परम्परा रहेको समुदायमा यो चिन्ता स्वाभाविक थियो । २०५७ सालमा जेठो दिदी र २०६२ सालमा कान्छी दिदीको विहे भयो । यसका लागि नगद मात्र झण्डै ५ लाख रुपैया जुटाउनु पर्‍यो । लामो समय देखि मेहनत गरेर संगालेको धन विहे गर्दा सक्किए पछि फेरी घर चलाउन समस्या हुने अवस्था आयो ।

यतिवेला जनक स्वयंको पनि विहे गर्ने उमेर भएको थियो । तर विहे गरौँ भने उनीसंग दुलही भित्र्याउनको लागि न त आफ्नो घर थियो न त आफ्नो जग्गा नै । विहे गर्नु अघि उनलाई जसरी पनि आफ्नै घर जग्गा जोडनु जरुरी थियो । २०६३ सालमा जनकको परिवारले रु १ लाखमा एक कठ्ठा जग्गा किन्ने निधो गरे । रु ४० हजारको धान र रु २० हजारमा केहि वस्तु वेचेर ६० हजार रुपैयाँ जम्मा गरे । वाँकी ४० हजार कसैले पत्याएनन् । बल्ल बल्ल एक जना छिमेकि मासिक ५ प्रतिशत व्याजमा २५ हजार रुपैया ऋण दिन सहमत भए । त्यो वापत उनले आफ्नै नाममा जग्गा पास गर्नु पर्ने शर्त राखे । जनक यो शर्तमा मन्जुर

जनक राय

भए छिमेकिको नाममा जग्गा पास गरे । जग्गा छिमेकिको नाममा भए पनिसानो पुसको घर वनाए र त्यही साल उनले विहे गरे ।

समय वित्दै गयो । छिमेकिको पैसा तिरेर जग्गा आफ्नो नाममा पास गर्नु पर्ने वेला आयो । ठेला पसलको आम्दानी जोडजाम गर्दा २५ हजार रुपैयाँ त पुग्यो तर ब्याज तिर्ने पैसा पुगेन । यहि वेला कर्णाली बचत तथा ऋण सहकारी संस्थाका कर्मचारीले समूहमा वसे व्यवसाय गर्न कर्जा दिने कुरा सुनाए । उतिवेला जनकलाई ठेलामा वेच्ने सामान किन्न पनि समस्या भएको थियो । लघुवित्तले पुरुषलाई ऋण दिदैनथ्यो । जनकी आमा समूहमा वसिन । कर्णाली बचत तथा ऋण सहकारी संस्थाको दमक शाखाबाट ऋण कर्जा कसरी लिने, के मा सदुपयोग गर्ने, व्याज र किस्ता कसरी तिर्ने जस्ता कुराहरू पनि बुझायो । जनकको परिवारले पहिलो पटक १० हजार ऋण लियो । यो पैसावाट उनीहरुले ७ हजार रुपियाँ ऋण तिरे । वाँकी रहेको तीन हजारमा ठेला पसलकोलागि चाउमिन, म म, समोसा आदि वनाउने सामान किने । खानको लागि अधियाँ जग्गा वस्नको लागि आफ्नो घर भएपछि जनक रायले ठेला पसलबाट गरेको आम्दानी बचत हुन थाल्यो । अव लगानी वढाएर उनले यहि व्यवसायलाई ठुलो वनाउने निधो गरे । समूहबाट दोस्रो पटक उनले रु २० हजार तेस्रा पटक रु ३० हजार रुपिया लिए र हरेक बर्ष कर्जा वढाउदै लगे । यता ठेला पसलमा बेच्ने परिकारहरू पनि बढाउदै लगे र आम्दानी बढेर बिस्तारै जनक रायको आर्थिक अवस्था पनि सुधार हुदै गयो ।

ठेला पसलमा एक पटक लगानी गरे पछि वारम्बार लगानी गर्नु पर्दैन । दैनिक वेच्ने परिकार किने पुग्छ । स्थानीय हाट वजार लाग्ने दिन धेरै व्यापार हुने हुँदा उनको मुख्य योजना आफ्नो गाउँ वरिपरि लाग्ने हाटबजारहरूमा ठेला पसल संचालन गर्ने थियो । त्यसको लागि आफुसंग भएको एउटै ठेला गुडाएर बजार बजार डुल्न सम्भव थिएन । प्रत्येक वजारको लागि एउटा छुट्टै ठेला किन्नु पर्ने थियो । राम्रो ठेला किन्न ४५ देखि ६० हजार रुपैया सम्म लाग्थ्यो । यसैको लागि जनकको परिवारले निरन्तर समूहबाट ऋण लिएर ठेला पसल थप्दै जाने निर्णय गरेको थियो ।

जनक राय आफ्नो लक्ष अनुसार आफ्नो गाउँ नजिकका सबै हाटवजारमा व्यवसाय विस्तार गर्न सफल हुदै गए । २०६५ सालमा उनले मंगलवारे हाट वजारमा ठेला पसल विस्तार गर्न सफल भए । यसै गरी २०६८ सालमा गोलधाप वजारमा २०७०मा हल्दिवारीमा र २०७२ सालमा वोरावारीमा र कञ्चनवारिमा ठेला पसल विस्तार गर्न सफल भए । अब उनले हप्तामा सातै दिन सातवटै हाट बजारमा पसल चलाउन थाले । आर्थिक अवस्था कमजोर रहेको छिमेकी भतिजोलाई समेत रोजगारी दिएर राखे । यसले उनलाई सोचे जस्तै आम्दानी हुन थाल्यो । “शनिवारमा दुईवटा पसल चल्छ । भतिजो भद्रपुरमा चलाउछ म हल्दिवारि जान्छु । सोमवार र शुक्रवार भतिजो छुट्टिटी म गोलधाप जान्छु । आइतवार म ज्ञानचोक जान्छु उसलाई कञ्चनश्री पठाएको छु । बुधवार म छुटिटी वस्छु सामान किन्छु उसले यहि अगाडि भद्रपुर वजारमा ठेला चलाउँछ । त्यसरी मिलाएर चलाउने हो अहिले ।” ठेला पसल संचालनको तालिकाबारे जनकले भने ।

एउटा ठेला पसल चलाउदा दैनिक ३ देखि १० हजार रुपैयाँ सम्मको व्यापार हुन्छ । अहिले उनले सातवटै ठेलाबाट सबै खर्च कटायर महिनामा १लाख ५० हजार रुपैयाँ वचत गर्ने गरेका छन् ।

अहिले उनको आर्थिक र सामाजिक अवस्थामा निकै सुधार आएको छ । यहि विचमा उनले दुईवटा बहीनिको बिहे गराए । भतिजो र आफ्नो विहेको सबै खर्च ठेला पसल वाट उठाएका छन् । अहिले उनीसंग पक्कि घर छ । भर्खरै मात्र रु १० लाखमा ८ धुर जग्गा किनेका छन् । त्यो भन्दा अगाडी मंगलवारेमा किनेको जग्गाको मुल्य अहिले करिब २० लाख रुपैया पुगेको छ । अहिले भतिजो र आफ्नो लागि दुइवटा मोटरसाइकल किनेका छन् । “पहिला साइकलमा जान्थ्यौँ, निकै दुख हुन्थ्यो, ढिलो पनि हुने । अहिले त दुबैको मोटर साईकल छ । काम फटाफट हुन्छ ।” जनकले थपे ।

विक्रम संवत २०७३ साल देखि आमा अशक्त भएको कारण जनकको श्रीमती सिरा राय सहकारीमा समूहको सदस्य भएकी छिन् । सिरा रायले हरेक दिन ठेला पसलमा वेच्न आवश्यक पर्ने सामाग्री पकाउन र तयार गर्न सघाउँछिन् । मुख्यतया उनले म म, चाउमिन, छोला र सिंगडा गरी चारवटा परिकार बेच्छन । “ वेच्ने सामान घरबाटै वनाएर लान्छौँ । भाँडाकुडा सबै त्यही हुन्छ । भाडामा कोठा लिएको हुन्छ । बेलुका सबै भाँडा मस्काएर राख्यो दिउँसो वजार खुल्न थाले पछि ठेला लगेर पकाउन शुरु गर्‍यो ।” जनक भन्छन् ।

जनक रायका श्रीमान श्रीमती दुबै जनाले चाहेर पनि गरिबीको कारण पढ्न पाएनन् । सिराको माईती पनि भूमिहिन सकुम्बासी परिवार थियो । आमा मारवाडीको घरमा काम गर्थिन भने बुबा कालिगड थिए । परिवारको आम्दानी गतिलो नहुदा ६ कक्षामा पढाइ छोडिन र विहे गरिन् । श्रीमान जनक रायलाई परिवार पाल्ने बोझले पढने अवस्था रहेन । तर यो दम्पतिले आफ्नो एक छोरा र एक छोरीको शिक्षामा कुनै कमि हुन दिएका छैनन् । दुवै जनालाई धेरै पढाउने र ठूलो मान्छे वनाउने लक्ष लिएका छन् । छोराछोरीको शिक्षामा राम्रै लगानी पनि गरेका छन् ।

अहिले उनको समाजिक अवस्थामा पनि सुधार आएको छ । उनीसंग समाजमा दाम र सम्मान दुबै छ । पहिला जस्तो समाजमा एक्लो महशुस हुदैन । “ पहिला गाउँमा बिहे, ब्रतबन्ध, पार्टी हुदा कसैले बोलाउदैनथ्यो । अहिले त सबैले निम्तो गर्छन । आई दिओस भन्ने सोच्छन ।” समाजको हर्ने दृष्किोण बारे सिरा रायले आफ्नो धारणा राखिन् ।

वितेको चौध बर्षमा यो परिवारले कर्णाली वचत तथा ऋण सहकारी संस्थाको सहयोगमा सुकुम्वासिबाट स्थापित उद्यमी र आत्मनिर्भर भएको छ । कर्णाली वचत तथा ऋण सहकारी संस्थाको सहयोगले नै यहाँसम्म आएको उनको धारणा छ । पछिल्लो १४ बर्षमा राय दम्पतिले १४ पटकनै कर्जा लिए । पछिल्लो पटक रु ४ लाख कर्जा लिएका छन् । विगतको असहज अवस्था सम्झदै जनक राय भन्छन, “विशेष गरी अभाव र समस्या भएको वेला गाउँ छिमेक कसैले नपत्याएको वेला समूह र संस्थाले सधै साथ दियो । घरैमा आएर भर पर्दो अभिभावकका रूपमा निरन्तर १४ बर्ष कर्णालीले सहयोग गर्‍यो । यसकै कारण म सफल भएको हो ।”

जनक रायको ठेला पसल

❖❖❖

लघुवित्तले चुलाचौकामा सीमित अम्बिकालाई

विदेशिएका श्रीमान्‌लाई घर फर्काउन सक्ने वनायो

शिवसतासी नगरपालिका ८ झापाकी अम्बिका प्रधानको वाल्यकाल निकै दुःखमा वित्यो । अम्बिका सानै छँदा वुबाको स्वर्गारोहण भयो । आमाले अर्को विबाह गरिन् । उनको लालनपालन ठूलो आमाले गरिन् । अभिभावक विहीन अवस्था र गरिबीको कारण अम्बिकाले धेरै पढ्न सकिनन् । १० कक्षा पढ्दा पढ्दै भागेर बिवाह गरिन् । बिवाह गरेर आएको घरमा पनि आर्थिक अवस्था कमजोर थियो । शासु शसुरा थिएनन्, उनका श्रीमान् परिवारकै जेठो थिए । दुईवटा देवर र एउटा नन्दको पालन पोषण साथै घरको सम्पूर्ण जिम्मेवारि उनैको काँधमा आइपर्‍यो । श्रीमान्‌ले ज्यामी काम गर्थे । जेनतेन बर्षभरी खान पुग्ने खेत थियो तर परिवारको खर्च जुटाउन निकै समस्या थियो । देबर र नन्दको पढाइ खर्च जुटाउन धौ धौ हुन्थ्यो । बेला बेलामा उनीहरूको बिहेवारि र भविष्यको चिन्ताले पनि सताउथ्यो ।

कुनै व्यवसाय नगरी गंगाका आवश्यकता पूरा हुने अवस्था थिएन । तर उनीसंग त्यसका लागि न सीप थियो न त लगानी गर्ने पूँजी नै । गाउँमा कसैसंग सापट मागौँ भने उनको गरिबी देखेकाहरूले पत्याउने अवस्था थिएन । अम्बिकाले धेरै बर्ष अभावमै विताइन् । श्रीमान् विदेश भासिनु पर्‍यो । आफुले पनि ज्याला मजदुरी गर्न थालिन् । मेहनत गर्दै जाँदा आर्थिक अवस्था सुधियो र मानिसहरूले उनीहरूलाई ऋण पत्याउने सम्म भए । आफ्नो मेहनत, श्रीमान्‌ले खाडीमा पसिना वगाएर गरेको आम्दानी र केहि ऋण लिएर देवर र नन्दहरूको बिवाह गराई दिइन् । तर उनको आवश्यकता अझै कम भएन । “उति वेला छोरछोरी पनि हुर्कदै थिए । एउटा जिम्वेवारी पुरा गर्न पाएको छैन अर्को आई हाल्ने । एकातर्फ ऋण लागेको थियो अर्कातिर छोरा छोरी हुर्कदै थिए । उनीहरुलाई राम्रो संग पढाउन पाए हुने जस्तो लाग्थ्यो । हामीले चाहादा पनि पढ्न पाएका थिएनौँ ।” अम्बिकाले भनिन् ।

जीवन सहज बनाउन भरपर्दो आम्दानीको खोजिमा रहेकी अम्बिका प्रधान २०७३ सालमा नवोदय वहुउद्देश्यीय सहकारी संस्थाको सदस्य वन्न पुगिन । साथिहरूले व्यवसाय गर्न चाहानेलाई नवोदयले ऋण दिने र समूहमा वसेर व्यवसाय गर्दा राम्रो हुन्छ भन्ने सल्लाह दिए पछि उनी समूहमा वसेकी थिइन् ।

अम्बिका प्रधान

संस्थाले उनलाई शुरुमा कस्तो व्यवसाय गर्ने ? कसरी गर्ने ? ऋण कसरी चलाउने ? समूहमा कसरी वस्ने ? भन्ने वारे सिकायो । उनले किराना पसल गर्ने योजना वनाइन् र रु ५० हजार ऋण लिइन् ।

पहिलो पटक लिएको ऋणबाट उनलाई पसलमा सामान राख्ने फर्नीचर वनाएर दाल, चामल, विस्कुट, चिनी, साबुन जस्तो थोरै सामान राख्न पुग्यो । “पसल त पुरै खालि देखिन्थ्यो । यो एउटा कुनामा मात्र सामान थियो । सामान राखेको पहिलो दिन वेच्न वस्दा निकै डर लागेको थियो । घर वाहीर न निस्केको मान्छे ग्राहकलाई सामान दिने वेला हात खुट्टा नै थुरथुर काप्थ्यो । डरले सामानको मूल्य पनि याद नहुने ।” अम्बिकाले शुरुका दिन सम्झिइन् ।

अम्बिकालाई विस्तारै वानि पर्दै गयो र सहज अनुभूति हुदै गयो । पहिलो ऋण किस्ता किस्तामा एक बर्ष भित्र चुक्ता भयो । दोस्रो पटक उनले ७० हजार ऋण लिएर सामान थपे पछि वल्ल पसल जस्तो देखिन थाल्यो । समय संगै उनको आम्दानी पनि विस्तार विस्तारै वढ्दै गयो । शुरु देखिनै किस्ता तिर्न समस्या भएन । यो पाँच बर्षमा उनले ६ पटक ऋण लिएकी छिन् । पछिल्लो कर्जा पाँचलाख रुपियाँको छ । हरेक १५ दिनमा अम्बिकाले नियमित १२ हजार किस्ता तिर्छिन् ।

अहिले उनको आर्थिक अवस्थामा निकै सुधार आएको छ । साथै पारिवारिक र सामाजिक जीवन पनि सुखमय भएको अनुभुति रहेको छ । उनले सहकारी मै केही रकम बचत गर्न सफल भएकी छिन् । उनको किराना पसलमा अहिले करीब १३ लाख

रुपैयाँ जतिको सामान छ । एक दिनमा सरदर १० देखि १५ हजार रुपैया वरावरको कारोवार हुन्छ र मुनाफामा मात्रै कम्तिमा १५ सय वस्छ ।

अम्बिकाले पसलमा अन्तको पैसा लगानी गरेकी छैनन् । शुरुका ३ बर्ष उनले नवोदयबाट ऋण लिदै सामान थप्दै गईन् । पसलको मुनाफाबाट पनि सामान नै वढाउदै गईन । पछिल्लो दुई बर्ष यता उनले मुनाफा वाट घर चलाउन थालेकी छिन् । छोरी काठमाडौ वसेर पढ्छिन् भने छोरालाई स्थानीय राम्रै विद्यालयमा पढाएकी छिन् । अहिले किस्ता तिरेर छोरछोरीको पढाई खर्च र घरको अन्य सम्पूर्ण खर्च पसलको अम्दानीले नै धान्छ । यो संगै अहिले उनले समाजमा पनि सम्मानित भएको अनुभव गरेकी छिन् । हिजो सामान दिन न पत्याउने होलसेल पसलेहरु अहिले ढुवानी सुविधा सहित पसलमै सामान पठाइ दिन्छन । हिजो मतलव नगर्ने छरछिमेक र नातागोता पर्नेको अहिले उनी रोजाइमा पर्छिन ।

उनका श्रीमान अझै विदेशमा छन् । आफुले गरिबीकै कारण पढ्न नपाएकी अम्बिकासंग छोरा र छोरी दुबैले धेरै पढेको हेर्ने सपना छ । त्यसैले छोराछोरिको शिक्षा र लानपालनमा कुनै कमि हुन दिएकी छैनन् । त्यसोत अम्बिका अव घर वाहीरको सम्पूर्ण जिम्वेवारि वहन गर्न सक्षम भएकी छिन् । अम्बिकाको वुझाईमा लघुवित्तले उनलाई विना धितो ऋण लगानी गर्न पत्यायो । साहुले भन्दा सस्तो व्याजदर र किस्ता किस्तामा सहज तरिकाले तिर्न मिल्ने गरी ऋण दियो । त्यसैले आर्थिक उन्नति पनि भयो । तर सबै भन्दा ठूलो कुरा लघुवित्तको कारण उनको आफ्नो नीजी जीवनमा परिवर्तन आयो । उनका अनुसार यो नै लघुवित्तले अम्बिकालाई दिएको सबै भन्दा ठूलो कुरा हो । जसका कारण हिजो चुलोचौको र खेतवारीमा सीमित अम्बिकासंग अहिले समाजमा निर्धक्क भएर वाँच्ने क्षमता र साहस छ । "४ बर्ष अघिसम्म म केन्द्र बैठकमा जाँदा वोल्न सक्दैनथे । उ बेला एक्लै वाटो हिड्न समेत डर लाग्थ्यो । पसलका सामान बेच्दा डरले हातखुट्टा कापेर कुन सामान दिने अलमल भएको थियो । तर अहिले त्यस्तो डर सबै हरायो । चाहिने कुरा सबै गर्न सक्छु जस्तो लाग्छ । केन्द्र बैठकमा नयाँ नयाँ कुरा हुन्छन । त्यहाँ कसरी अगाडि वढ्ने भन्ने छलफल पनि हुन्छन् । त्यसले बाहिर दुनिया देख्ने र बुझ्ने वातावरण बन्दै गयो । अहिले वाहिर चासो राख्दै जाँदा जे पनि गर्न सक्छु भन्ने आँट आएको छ ।" अम्बिकाले थपीन् । अहिले उनी फोनकै भरमा सामान मगाउने र पसल चलाउने सक्ने भएकी छिन् ।

अम्बिकाले दुई बर्ष यता श्रीमान्लाई पैसा माग्नु परेको छैन् । नातागोता, गाउँ समाज, घरपरिवार सबै व्यवहार मिलाएर श्रीमान्को भन्दा राम्रो आम्दानी गर्छिन् । श्रीमानको आम्दानी चोखै बचत हुन्छ । हिजो सबै कामको लागि श्रीमानलाई हात थाप्नु पर्थ्यो । तर हरेक पैसाको हिसाव दिनु पर्ने हुँदा बेला बखत अम्विकालाई निकै दुःख लाग्थ्यो । त्यति वेला उनीसंग मन अमिलो पारेर चुप चाप सहनुको विकल्प हुदैनथ्यो । अहिले त्यस्तो दुःखि भएर वाच्नु परेको छैन । उनले श्रीमानको विश्वास जीतेकी छिन् । अव उनी आफुले चाहेको ठाउँमा लगानी र खर्च गर्न स्वतन्त्र छिन् ।

अझै पनि उनका श्रीमान् विदेशमा छन् । रोजगारीको लागि विदेश जाने धेरै युवा जस्तै उनलाई पनि न विदेश वस्ने रहर छ न त फर्केर केहि गर्ने आँटनै छ । यस्तो दोधारमा रहेका धेरै युवालाई साथ र सहयोग गरेर वाटो देखाउने कोही छैन । यो दोधारमा वसेका श्रीमानको लागि अम्बिकाले उपाय निकालेकी छिन् । श्रीमान्संग नेपाल फर्केर आफ्नै गाडि किन्ने र पसलको सामान आफैले ढुवानी गर्ने प्रस्ताव राखेकी छिन् । यो योजनामा अम्बिकाका श्रीमान खुशिको साथ सहमत भएका छन् । निकट भविष्यमा नै कहिल्यै विदेश नजाने गरी अम्बिकाको श्रीमान् नेपाल फर्कदै छन् ।

अहिले गाउँका अरु महिलाहरूलाई पनि उनलाई देखेर व्यवसायमा लाग्न प्रेरणा मिलेको छ । उनले आफै पनि अन्य छिमेकिलाई सहकारीसंग जोडेर उद्यम गर्न सल्लाह दिएकी छिन् । ५ बर्षको छोटो अवधिमा अरुको जीवन कसरी परिवर्तन गर्न सकिन्छ भन्ने पात्र वन्न सफल भएकी छिन् । साथै उनि लघुवित्तले सामान्य चुलोचौकोमा सीमित एऊटा महिलालाई कसरी समाजमा स्वतन्त्र भएर वाँच्न सक्ने ऊर्जा, सहास र क्षमता प्रदान गर्छ भन्ने अनुकरणीय उदाहरण पनि हुन् अम्बिका प्रधान ।

❖❖❖

अम्बिका प्रधान आफ्नो पसलमा

सहाराको सहयोगले

लखपति वनिन् एकसरी

अर्जुन धारा ५ झापाकी एकसरी मेचेको जन्मघरमा मनग्य खान पुग्ने जग्गा थियो । ज्याला मजदुरीबाट हुने आम्दानी र घरमा पालेको बंगुर बेच्दा सहजै अरु खर्च टर्थ्यो । सामान्य जीवन यापनका लागि खान लाउनको समस्या थिएन । तर बिहे गरेर आएको घरमा भने आर्थिक समस्या थियो । के खाउ के लाउँ भन्ने चिन्ता थियो । जम्मा एक कठ्ठा पुर्ख्यौली जमिन थियो । त्यसमा तिन जना दाजुभाईको हक लाग्थ्यो । त्यसैमा बनाएको एउटा सानो झुप्रो घरमा बसेर ज्याला मजुदुरी गर्दै जीवन चलाउनु पर्ने बाध्यता थियो । श्रीमान्को पनि अरु आम्दानी थिएन । जीवन निर्वाहको लागि ज्याला मजदुरीकै भर थियो । काम नभएको दिन भोकै बस्नु पर्ने बाध्यता हुन्थ्यो । विहे गरेर आएको करिब एक दशकसम्म एकसरीलाई यस्तै अभाव र समस्याल सताई रह्यो ।

अभावहरू सँग लड्ने उपाय खोज्दै भौतारी रहेकी एकसरीले विक्रम संवत् २०६३ सालमा साहारा बचत तथा ऋण सहकारी संस्थाका कर्मचारीको सल्लाहमा संस्थाको लघुवित्त सदस्य बनिन् । सात दिनको तालिम पछि कर्जा लिएर व्यवसाय गर्ने निधो गरिन् । व्यवसाय गर्न संस्थाले शुरुमा रु ५ हजारसम्म लगानी पनि गर्ने भयो तर उनीसँग त्यसबाट के गर्ने र कसरी गर्ने भन्ने अन्यौल थियो । "व्यवसाय गर्ने भने पछि के गर्ने कसरी गर्ने भन्ने ठोस योजना थिएन । ऋण कसरी तिर्ने भन्ने डर पनि थियो । जानेको केही थिएन । पछि सरहरुले आफैले गरी रहेको व्यवसाय छान्दा सजिलो भनेपछि मैले माईतीमा देखेको बंगुर र चियापानीको चलन थियो त्यही सक्छु जस्तो लागेर त्यही गर्ने निधो गरे ।" एकसरीले शुरुमा व्यवसाय छनौट गर्दाको अनुभव सुनाइन् ।

पहिलो पटक ५ हजार रुपैयाँ कर्जा लिएर एकसरीले चिया बनाउने सामान र दुईवटा बंगुर किनिन् । चिया व्यवसायले घरखर्च धान्न र किस्ता तिर्न पुग्ने भयो । ६ महिना पछि एउटा बंगुरले १४ वटा र अर्कोले १३ वटा पाठा पाए । यसले एकसरीलाई थप उर्जा प्रदान गऱ्यो ।

ऊ बेला एकसरीको मुख्य समस्या भनेको आफू सँग जग्गा नहुनु थियो । एक कठ्ठा पुर्ख्यौली जग्गामा ३ भाई बसेका थिए ।

एकसरी मेचे

व्यवसाय गर्न ठाउँ थिएन । त्यसैले उनले दोस्रो वर्ष नै रु. ६० हजारमा एक कठ्ठा जग्गा खरिद गरिन् । त्यही जग्गाको एउटा कुनामा फुसको घर बनाइन् र अर्को भागमा व्यवसाय शुरु गरिन् । बंगुरको खोर विस्तार गरिन् । पछिल्लो समय उनले कुखुरा पनि शुरु गरिन् । पहिला ३ सय चल्ला राख्न मिल्ने गरी रु. २० हजार खर्च गरेर खोर निर्माण गरिन् । पछि त्यसमा थप ६० हजार रुपैयाँ खर्च गरेर करिब एक हजार चल्ला अट्ने खोर विस्तार गरिन् ।

एकसरीले यस बिचमा सहारा नेपालबाट क्रमशः १० हजार, २० हजार, ६० हजार गर्दै नियमित ऋण लिने र असल सदस्यको रूपमा नियमित किस्ता तिर्ने काम गरिन् । अरु कुनै पनि संस्था वा व्यक्तिबाट ऋण लिइनन् । संस्थाले पनि विश्वास गर्दै गयो । उनलाई किस्ता तिर्न कहिल्यै समस्या भएन् । शुरुवात देखिनै आम्दानी नियमित बढेर आर्थिक अवस्था सुधार हुँदै गयो । १४ वर्षे सहारा नेपालसँगको यात्रामा एकसरीले १७ पटक ऋण लिएकी छिन् । पछिल्लो पटक रु ११ लाख ऋण लिएकी छिन् ।

हाल एकसरी मेचे सँग ११ वटा बंगुर छन् । ७ सय कुखुरा हालेकी छिन् र चिया व्यवसाय छ । बंगुर बेचेर उनले बर्षमा करिब ६ लाख मुनाफा गर्छिन् । यसै गरी कुखुरा बाट करिब ३ लाख र त्यती नै आम्दनी चियाबाट हुने गरेको छ । यसरी मुनाफा मात्रै वर्षमा १२ लाख रुपियाँ जति हुने गरेको छ ।

एकसरी मेचेको बंगुर फार्म

अहिले एकसरी मेचेले लघुवित्त सँगको १४ वर्षे सहकार्यमा सबै कुरा प्राप्त गरेको अनुभव गरेकी छिन् । बिगतमा जस्तो कुनै कुराको अभाव छैन । उनीसँग यही व्यवसायबाट गरेको आम्दानीले प्रति धुर ३ देखि ४ लाख रुपैयाँ पर्ने ३ कठ्ठा ३ धुर जग्गा छ । अहिले पक्कि घर बनाएकी छिन् । दुई छोराको शिक्षा, लालन पालन तथा अन्य चाहाना पुरा गर्न कुनै कसर बाँकी राखेकी छैनन् ।

समाजमा पनि उनले राम्रो हैसियत बनाएकी छिन् । अहिले छरछिमेक तथा आफन्तहरू सरसहयोग माग्न आउँछन् । हिजो १०० रुपैयाँ नपत्याउनेहरू अहिले आफूलाई पर्दा पनि सहयोग गर्न सहजै तयार हुन्छन् ।

लघुवित्तले उनलाई मेहनत गर्न पनि सिकायो । यस बीचमा उनले निकै मेहनत गरिन् ज्याला रोजगारी नराखी आफ्नै निरन्तर मेहनतले एकसरी सफल भइन् । एकसरीले भने आफ्नो सफलताको श्रेय सहारा नेपाललाई दिन्छन् । अहिले आफू सँग हुँदा त सबैले सम्झन्छन् । तर समस्या पर्दा सहाराले सहयोग गऱ्यो । यदि त्यो बेला सहयोग नपाएको भए अहिले यस्तो प्रगति हुने सम्भावनै थिएन । उनी सहाराको देनलाई सम्झन्छिन् ।

❖❖❖

कमैया देखि आन्तरिक लेखा परीक्षक सम्म

महिला शक्तीकरण तथा समाज रूपान्तरणका लागि आर्थिक सबलीकरणका सवालमा ग्रामीण महिला उत्थान केन्द्र दाङको लघुबित्त कार्यक्रम तथा ग्रामीण महिला उत्थान केन्द्र दाङबाट प्रबर्द्धित भएको आत्मनिर्भर लघुबित्त बित्तीय संस्था लिमिटेडमा कार्यरत तुलसीपुर उपमहानगरपालिका वार्ड नम्बर १५ गबदह्वा निबासी नेप बहादुर चौधरी बिगत १३ बर्षदेखि कार्यरत हुनुहुन्छ । फिल्ड प्रशिक्षाथीबाट जागिरे जीवनमा प्रबेश गर्नु भएका चौधरी अहिले आत्मनिर्भर लघुबित्त बित्तीय संस्था लि. मा आन्तरिक लेखा परीक्षकको पदमा कार्यरत हुनुहुन्छ । बिगत १३ बर्षदेखि आत्मनिर्भर लघुबित्त बित्तीय संस्था लि. मा कार्यरत चौधरीको अनुभव र अनुभूतिलाई तपाईहरूको माझमा राख्ने कोशिस गरेका छौं ।

नेप बहादुर चौधरी

१. आजभोलि कहाँ हुनुहुन्छ र कसरी काम भइरहेको छ ?

➢ कोरोनाको त्रास कम हुदैछ । तर अझै पनि हरेकले सुरक्षा सतर्कता अपनाउन जरुरी नै छ । आत्मनिर्भर लघुबित्त बित्तीय संस्था लि.को शाखा अहिले बर्दियामा पनि खुल्यो । तर्सथ शाखा बिस्तार सँगै समुदायलाई आत्मनिर्भर तथा उद्यमी बनाउने ध्याउन्नमा ब्यस्त भएरै नँया शाखाहरुमा पुग्ने, केही कुरा सिकाउने र आफूले पनि केही अनुभवहरु बटुल्दै जाने गरी काम गरिरहेको छु ।

२. ग्रामीण महिला उत्थान केन्द्र दाङ र अहिलेको आत्मनिर्भर लघुबित्त बित्तीय संस्था लि. मा तपाई कसरी जोडिनु भएको थियो ?

➢ म यो ठाँउमा जोडिन पाएकोमा आफुलाई निक्कै नै भाग्यशाली ठान्छु । यो संस्थामा जोडिनका लागि मेरो आफनै पारिवारिक कथा छ भन्दा पनि हुन्छ । किनकि म गरीब परिवारको छोरा हुँ । मेरा ३ वटी बहिनी र २ वटा भाई छन् । बुबा र आमा अर्काको घरमा कमैँया बस्नु हुन्थ्यो । हामीसँग आफ्नो जग्गा थिएन । जमिनदारकोमा कमैयाँ वसेर काम गर्ने र खान लाउनलाई पनि जमिन्दारको भर पर्नु पर्थ्यो । बुबाले आफुले दुःख भोगरै होला जहिले पनि मलाई पढ्नु पर्छ भनेर सम्झाउनु हुन्थ्यो, बालमस्तिष्क न हो कहिलेकाहि खेल्न जान्थे तर बुबाले त्यत्ति बेला छोरा कि बसेर पढ कि भने हामीसँगै काम सघाउन हिड, समय खेर फाल्नै हुदैन भन्नु हुन्थ्यो । बुबाले भनेका ती वाक्यहरु अझै पनि कानमा गुन्जिन्छन् । गरिबीको चरम अवस्थाले गर्दा बुबा आमाका पट्पटि फुटेका खुट्टाहरु, अनि आफुभन्दा साना भाई बहिनीहरु त्यो जिम्मेवारीले पनि मलाई पढ्न सिकायो । कापि कलम किन्नलाई पैसा हुदैन थियो । त्यो समयमा तुल्सीपुरमा रहेको

बेस नेपाल नामक संस्थाले मलाई कापी, कलम र ड्रेसमा सहयोग गर्थ्यौं । आफनै गाँउ नजिकै रहेको बाल मितेरी माध्यामिक बिद्यालयबाट मैले २०५९ सालमा १० कक्षा पास गरेँ । त्यस पछिको उच्च शिक्षा पढ्नका लागि मलाई तुल्सीपुर आउनु पर्‍यो । पढ्नका लागी मैले यो सानो काम, यो ठुलो काम कहिल्यै भनिन । तसर्थ गाँउकै नाता पर्ने दिदीको घरमा बसेर काममा सघाउदै आई.ए. तह पास गरे । त्यसपछि अगाडिको पढाईका लागी बुबाले मलाई बिराम लगाउनु भयो । तेरा भाई बहिनिहरु पनि छन् । बाबु मैले तलाई अब पढाउन सक्दिन । पढ्नका लागि त आफैले कोशिस गर भन्नुभयो । मलाई पढ्नु पर्छ । पढेपछि मात्रै केही गर्न सकिन्छ भन्ने मनमा हुटहुटि थियो । अनि मैले काम खोज्न थालेँ, महिनाको ५सय मात्रै दिने काम भेटिए पनि हुन्थ्यो भन्ने लाग्थ्यो । किराना पसलमा काम सोधेँ । उद्योग बाणिज्य संघमा पिउनको जागिर खुलेको थियो । त्यहाँ निबेदन दिए तर धेरैले बि.ए. पढ्ने मान्छेले पिउनको काम किन गर्नुहुन्छ नी भने । त्यहाँ पनि नाम निस्किएन । समय घर्किरहेकै थियो । एकदिन पत्रिकामा ग्रामीण महिला उत्थान केन्द्रको लागि फिल्डमा काम गर्ने कर्मचारी भनेर आवश्यकता सम्बन्धी सुचना देखेँ । त्यसमा साईकल चलाउन जान्नेलाई बिशेष ग्राह्यता लेखेको थियो । यह कुरालाई आधार मानेर निबेदन दिए । परीक्षा पनि भयो । ५५ जनाले परीक्षा दियौँ । मैले कसैलाई चिनेको थिईन । मेरो भनसुन गर्ने पनि कोहि थिएन । त्यहि भएर मेरो नाम निस्किन्छ भन्ने आश पनि थिएन । परीक्षा दिई सकेपछि नतिजा थाहा पाउनका लागि मैले अफिसमा फोन गरेँ । नतिजामा को-को पास हुनु भयो मेडम भनेर सोधेँ । मेडमले तपाइँको नाम भन्नुहोस भन्नुभयो । नाम भनेँ, मेरो नाम त तेस्रो नम्बरमा पो निस्किएको रहेछ । त्यो क्षण सम्झिदा अझैपनि सपना जस्तो लाग्छ । बि.स.२०६५ साल फाल्गुण देखि म ग्रामीण महिला उत्थान केन्द्र दाङको परिवार सँग जोडिन आएको हुँ ।

३. जागिर खान थालेपछि स्वयम आफुमा के परिवर्तन आयो र तपाइँलाई गाँउ समुदायले हेर्ने दृष्टिकोणमा के फरक पाउनुभयो ?

➢ गरिबी र अभावमा हुर्किएको मलाई पढ्नकै लागि पैसाको खाचो थियो र मैले जागिर खोजेको थिए । महिनाको २ हजार तलब हुन्छ भनेपछि मेरो पढाई खर्च मज्जाले टर्छ भनेर म निक्कै खुसी भएँ । समाजशास्त्र बिषय लिएर ब्याचलर पढदै गरेको थिएँ । त्यसैमाथि समुदायका दिदिबहिनीलाई नै सशक्तीकरण गर्ने र उद्यमी बनाउने काम पाउदा अझ नजिकबाट समुदायलाई चिन्ने र बुझने अबसर मिल्यो । त्यत्ति मात्रै होईन मैले आफुलाई समुदायका अगाडि कसरी प्रस्तुत गर्ने भन्ने कुराहरुसमेत सिक्न पाएँ । जिवन र जगतलाई बुझन तथा अनुभव गर्नका लागी कुनै औपचारिक कक्षा त हुदैन् तर यो संस्थाले मलाई यी सबै कुराको ज्ञान दिएको छ । साथै काम गर्दा गर्दै मैले आफनो बि.ए.को पढाईलाई पनि पुरा गर्न सफल भएँ ।

➢ फिल्डको प्रशिक्षार्थी कर्मचारी रहेर काम गर्दा पुरानो साईकल किनेर शुरुवात गरेको मेरो जागिरे जीबनमा फिल्ड सहायक, लेखापाल हुँदासम्म ४ वटा नयाँ साईकल फेरेको हु । त्यसपछि शाखा प्रबन्धक अनि अहिले आन्तरिक लेखा परीक्षकसम्म आईपुग्दा समय परिस्थितिको माग र आवश्यकता अनुसार आफुलाई ढाल्नु पर्ने भएकाले बाईक चढ्न थालेको छु । बिगतलाई फर्केर हेर्ने हो भने अझै पनि सपना जस्तै लाग्छ । त्यो समय चौधरी समुदायको छोराछोरी कमै पढेलेखेका हुन्थे । त्यसमाथि म त जागिरे भएको थिएँ । समुदायले मलाई सम्मान गर्थ्यो । केही कुरा आइपरे मलाई सोध्ने गर्थ्यो । गाँउमा सबैको लागि उदाहरणीय पात्र बनेको थिएँ । जमिन्दारहरुले समेत हेपेर बोल्न छोडेका थिए । कमैया बस्ने मेरा आमा बुबाको शीर ठाडो भएको थियो ।

४. तपाइँको परिवारमा यो जागिरे जीवन पछि के परिवर्तन भयो ?

➢ अर्काको काम गर्ने भएर होला सधै कामको मात्रै चाप हुन्थ्यो । म पढ्ने भए । त्यसकारण घरको काममा सघाउन भ्याउदिन थिएँ । घरमा बुबा आमालाई सघाउनका लागि भनेरै घर परिवारको सल्लाहमै ९ कक्षा पढ्दा पढदै मेरो बिहे भएको हो । मेरो श्रीमतीले प्रौढ कक्षा मात्रै पढ्नु भएको छ । मेरो १२ कक्षा पढ्ने १छोरा अनि ८ कक्षामा पढ्ने १ छोरि छिन् । मेरा भाई बहिनीहरु सबैजना आफनो आफनो काममा ब्यस्त छन् सबैले १० कक्षा उतिर्ण गरेका छन् । महिला सशक्तीकरण तथा आर्थिक रुपान्तरणका लागि काम गर्न थाले पछि सधै ब्यस्त भईन्छ तर समाज रुपान्तरण गर्ने काम त्यत्ति सजिलो पनि त होईन् ।

मेरो काम देखेर मेरो परिवार एकदम खुसी छ । जग्गा बिहीन हामीहरु अहिले सबै भाई बहिनीहरुको बस्ने आफनो घर बनेको छ । मेरो हकमा कुरा गर्ने हो भने ५ हजार तलब पुगेपछि मैले आँटेरै ५ कट्ठा धान फल्ने खेत किनेको हुँ । बिस्तारै अरु जग्गा जोड्न थालेँ । अहिले मेरो ढलान गरेको ४ कोठाको घर छ । श्रीमती स्वयमले पनि ब्यावसायिक रुपमा बाखा पालन गर्ने भनेरै १७ वटा बाखा पाल्नु भएको छ । केही बगुंरहरु पनि छन् । विगतमा आफुले खानका लागि मात्रै गरिने तरकारी खेती आजभोलि बजारसम्म बेच्न लाने गरेका छौँ । यो सबै काम श्रीमतीले गर्दै आउनु भएको छ । मैले गर्ने कामले मेरो श्रीमतीलाई पनि आफु उद्यमी बन्नुपर्छ भन्ने इच्छा पलाएको देख्छु । यो हुनु भनेकै मैले गर्दै आएको काम प्रतिको सम्मान हो । त्यत्तिमात्रै होईन संस्थाले मलाई २०७४सालमा बंगलादेशमा १० दिने भ्रमण तथा अवलोकन गर्नका लागी जाने सुनौलो अवसर दिएको थियो । उक्त भ्रमणले पनि मेरो परिचयलाई थप उचाइँमा पुऱ्याउनु भएको छ । तसर्थ मेरो काम र हाम्रो ब्यवसायबाट हामी सबैजना खुसी छौँ ।

५. ग्रामीण महिला उत्थान केन्द्र दाङको लघुबित्त कार्यक्रममार्फत शुरुवात गरेको तपाइँको जागिरे जीवन, अहिले घ वर्गको बैंकको रुपमा परिणत भएको छ। यसरी बैंकको रुपमा परिणत भएपछि पहिला गर्दै आएको काम र अहिले गर्नु पर्ने काममा के फरक हुँदो रहेछ ?

➢ ग्रामीण महिला उत्थान केन्द्र दाङद्वारा लघुबित्त कार्यक्रम संचालन हुँदा सामाजिक कामसँगै महिलाहरुलाई आर्थिक रुपमा सशक्त तथा आत्मनिर्भर बनाउने तथा अन्य सामाजिक कामहरु बढि नै हुने गर्थ्यो । तर अहिले बैंकको रुपमा परिणत भएपछि सामाजिक कामहरु पनि हुन्छन् नै तर बढि हिसाबसँग खेल्नुपर्छ। अनि बैंकले निर्धारण गरिदिएका नीति नियमहरुमा बाँधिएर काम गर्नुपर्छ। तर जसरी काम गरे पनि एउटा महत्वपूर्ण कुरा भनेको महिलाहरुलाई आत्मनिर्भर बनाउने अर्थात महिलाहरुलाई केन्द्रबिन्दु मानेर उनीहरुको परिवारको समेत आर्थिक बृद्धि गर्नका लागि काम गर्ने नै मुख्य उद्देश्य हो। यस्ले गर्दा काममा केही फरकपन भएपनि धेरै नै फरक भन्ने चाही छैन् ।

६. अन्त्यमा केहि भन्न चाहनुहुन्छ ?

➢ यो संस्थामा प्रबेश गरेपछि मैले धेरै कुराहरु सिक्ने र बिदेश घुम्ने अवसर समेत पाएको हुँ। जन्मदिने मेरा बुबा आमा पछिको कर्म दिने आमा र बुवाको रुपमा मैले यस संस्थाका सिईओ सोगतवीर चौधरी सर र ग्रामीण महिला उत्थान केन्द्र दाङका अध्यक्ष आदरणीय आशमानी चौधरी म्यामलाई नै मान्ने गरेको छु । मलाई यस संस्थामा काम दिएर सामाजिक रुपमा आफनो स्थान माथि बनाउन अत्यन्त सहयोग गर्नु भएको छ । यो गुण जीबन रहदासम्म पनि तिरिसक्ने छैन । साथै यो १३ बर्षको अवधिमा मैले सिकेको अर्को कुरा भनेको मान्छेले ब्यापार तथा ब्यावसाय र आफनो कारोवारलाई मिलाउन नजानेपछि नै गरिबी अभाव जस्ता समस्याले पिरोल्ने रहेछ । त्यसकालागी संस्थाले उद्यमी बन्नलाई प्रेरित गर्नका लागी आयोजना गर्ने बिभिन्न तालिमहरु र बिना धितो सहजै प्राप्त हुने कर्जाले आम दिदीबहिनीहरुको जीबन आर्थिक रुपमा उकासिएको देख्दा अत्यन्त खुसी लाग्छ। तसर्थ मेरो जीबनकालमा मेरो शरीरले भ्याउँदा सम्म हरेक दिदी बहिनीहरुलाई उद्यमी बनाउन र पारिवारको आर्थिक अवथा सुधार्न मैले तनमनबाट नै यहि संस्थामा रहेर काम गर्ने छुँ। हिजोका दिनमा मैले काम माग्नालाई धेरैसँग गुहार मागेको थिए तर अहिले यहि संस्थामा काम गरिरहदा मसँग काम माग्नेहरु धेरै छन् । फेरि हाम्रो नेपालको मुख्य समस्या भनेकै आर्थिक समस्या हो। समाजलाई आर्थिक उन्नतितर्फ अघि वढाउदै सु-संस्कृत समाजको सिर्जना गर्ने मेरो उद्देश्य रहेकाले यही संस्थासँग जोडि रहनेछु । साथै मेरा कुरा राख्न दिनुभएकोमा पनि यहाँहरु सबैलाई हार्दिक धन्यवाद छ ।

❖❖❖

हरियो बजारले मञ्जु घिमिरेलाई सफल उद्यमी वनायो

विमला योगी

घोराही उपमहानगरपालिका वडा नं. ४ निवासी वर्ष ४२ कि मञ्जु घिमिरे एक सफल उद्यमी हुन् । महिला सामुदायिक लघुवित्त वित्तीय संस्था लि. (हाल जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.) शाखा कार्यालय घोराहीमा २०७२ सालबाट समूहमा आवद्ध भई गाई तथा भैंसी पालन व्यवसाय शुरुवात गर्नु भएकी मञ्जु घिमिरेले पछिल्लो समय उक्त व्यवसायलाई थप बिस्तार गर्दै छिन् ।

मञ्जुले रु ४०, ००० ऋण लिएर २ वटा उन्नत जातको गाई खरिद गरी गाई पालन व्यवसायलाई व्यावसायीक रुपमा शुरुवात गरेकी थिइन् । उँनको व्यवसाय प्रवर्द्धन गर्न जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाले गोठ निर्माण गर्न, दाना तथा घाँस उत्पादन गर्न, पशुको स्याहार, औषधि उपचार तथा प्रविधिमैत्री व्यवस्थापन गर्न पशु प्राविधिकहरू मार्फत नियमित सेवा तथा परामर्श प्रदान गरिरहेको छ । उनको हाल रू ५ लाख ऋण लिएर २२ वटा गाई तथा भैंसी पालन गरी दैनिक १६० लिटर दुध उत्पादन गर्दै आएकी छिन् । उक्त दूधलाई हरियो बजारमा बिक्री गरी उँनले व्यक्तिगत बचत खातामा मासीक रुपमा दुध विक्री गरे वापतको रकम रू ३,१२,०००।– भुक्तानी गरिदै आएको छ । उनले २ जनाको लागि रोजगारी सृजना गरेकी छिन् । मञ्जुको फर्मबाट सम्पुर्ण खर्च कटाउँदा मासीक ४५ हजार रुपैया सम्म वचत गर्न सफल भएकि छिन् । वैदेशिक रोजगारमा रहनु भएका उँहाका श्रीमान् देवनारायण भण्डारी अहिले स्वदेश फर्केर मञ्जुलाई सघाउन थालेका छन् । मञ्जु घिमिरेको गाई/भैंसी पालन व्यवसाय थप विस्तार गर्दै लैजाने योजना रहेको छ । हरियो बजार बाट प्रदान गरिएको प्राविधिक सहयोग, तालिम तथा दूध बिक्री गर्न सहयोग पुर्‍याए पश्चात सहज रुपमा दुध विक्री हुनुका साथै दुधको उचित मुल्य समेत प्राप्त हुँदा आम्दानीको श्रोतको सुनिश्चितता भएको छ । हरियो बजार मार्फत मञ्जु घिमिरे जस्तै हजारौँ कृषक सदस्यहरुको आम्दानीको श्रोतमा वृद्धि हुन जाँदा घर घरमा रोजगार श्रृजना भएको छ ।

भैंसी दुहुँदै मञ्जु र उनका श्रीमान्

नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने साथै बैंक र वित्तीय संस्थाको पहुच भन्दा टाढा रहेका अति विपन्न परिवारका महिला तथा युवाहरुलाई समूहमा आवद्ध गरी लघुवित्त संस्थाहरु मार्फत बिनाधितो ऋण प्रवाह गर्दै कृषि तथा पशु पालन व्यवसायलाई उन्नत प्रविधियुक्त सीप प्रदान गरी व्यावसायीकता तर्फ उन्मुख बनाउने तथा उत्पादित बस्तुलाई बजारी करण गर्ने सकारात्मक प्रयास हो हरियो बजार ।

ग्रामिण क्षेत्रमा बसोबास गर्ने कृषकहरुको मुख्य व्यवसाय कृषि तथा पशुपालन रहेको छ । स्थानिय क्षेत्रमा परम्परागत उत्पादन प्रणाली अवलम्बन गर्दा उत्पादन वृद्धि न्युन रहने, कृषकले उत्पादनको उचित मुल्य प्राप्त गर्ने तथा बजारको मागबमोजिमको उत्पादन नहुँदा छिमेकी देशबाट हुने आयात वृद्धि रोक्न सकिएको छैन । उत्पादनको बजारीकरण गर्न हाल मुख्य समस्या रहेको छ ।

❖❖❖

उत्कृष्ट लघुउद्यमी सदस्य पुरस्कार २०७६ का विजेताहरू

१. मनु थापा मगर

एक दशक अघिसम्म नेपालगञ्ज उप-महानगरपालिका वडा नं १९ की मनु थापा मगरले चार जनाको परिवार पाल्न दिनहुँ संघर्ष गर्थिन । मनु संग सिँचाई सुविधा नभएको एक विगाहा खेत थियो । त्यसमा फलेको अन्नले चार जनाको परिवारलाई खान पुग्थ्यो । श्रीमानले अरुको ग्रील पसलमा काम गर्थे । त्यसबाट आएको पैसाले जेन तेन घर खर्च चल्थ्यो । घरायसी उपयोगका लागि एउटा गाई अनि केहि कुखुरा हुन्थे । विगत सम्झँदै मनु भन्छिन् "मलाई के खाउँ के लाउँ भन्ने चिन्ता थिएन तर गतिलो आम्दानी नभएर ढुक्क हुन नसक्ने, अनि भविष्यको चिन्ता भई रहने ।" हुन पनि दैनिक १६ घण्टा गरेको कामले मनुलाई मुस्किलले माम मात्रै दिन्थ्यो । चाहेर पनि दाम अनि सम्मान पाउन सकेकी थिइनन् । आफ्नै गाउँ भित्र समेत कसैले वास्ता गर्दैनथे । पहिचानको प्रसंगमा मनु थप्छिन् "घरको कामले कति वेला रात पर्छ थाहै हुदैन्थ्यो, कस्ले चिन्नु नी त्यो वेला ?"

परिवारको सुरक्षित भविष्यको लागि भौतारी रहेकी मनु थापा मगर विक्रम संवत २०६८ सालमा यूनिक नेपाल लघुवित्त वित्तीय संस्थाको सदस्य बन्न पुगिन् । घरायसी काम घटाएर उद्यमी बन्ने योजना अनुसार रु ८ हजार ऋण लिएर कुखुरा पालन शुरु गरिन् । यस पछि उनलाई यूनिक नेपाल लघुवित्त वित्तीय संस्थाले बंगुरपालन तालिम दियो । तालिम संगै रु २० हजार ऋण पनि लिइन् र बंगुरपालन शुरु गरिन् । मेहनत गर्दै जाँदा बंगुरपालन व्यवसाय फस्टाउँदै गयो, उर्जा पनि बढ्दै गयो । नियमित व्याज र किस्ता तिर्न समस्या भएन । सफल हुँदै जाँदा गर्ने साहस र उर्जा आउन थाल्यो । यता संस्थाले पनि उनलाई विश्वास गर्न थाल्यो । मनुले नयाँ ऋण बढाउँदै लगिन् साथै बंगुरपालन व्यवसाय पनि विस्तार गर्दै लगिन् ।

अनुभवले खारिदै गर्दा मनुको बंगुर पालन पनि बर्षेनी फस्टाउँदै गयो । छोरा र बुहारीले पनि व्यवसायमा सघाउन थाले । श्रीमानले अरुकोमा काम गर्न छाडे र मनुलाई सघाउन थाले । घरको मानिसले मात्रै काम गर्न नसक्ने भए पछि बाहिरकालाई रोजगारी दिन पुगिन् । अहिले मनुकोमा हरेक बर्ष कम्तिमा ३ जनाले नियमित रोजगारी पाएका छन् । यता मनुले बंगुरको संख्या पनि बढाउँदै लगिन् । खोर पनि व्यवस्थित र आधुनिक बनाइन् ।

मनुले एउटा बंगुरबाट शुरुवात गरेर अहिले ६० देखि ७० वटा वयस्क बंगुर पाल्न सफल भएकी छिन् । उनले पछिल्लो समय एक बर्षमा २०० वटा सम्म बंगुरका पाठा बिक्री गरिन् । यसबाट सबै लागत कटाएर बार्षिक कम्तिमा रु ७ लाख मुनाफा हुने गरेको छ । त्यस बाहेक मासु किन्नेहरु दैलोमै आउँछन् र प्रतिकिलो रु २६० को भाउमा किनेर लान्छन् । मासुबाट मनुले बार्षिक करिब रु ४ लाख रुपैयाँ मुनाफा गर्छिन ।

बंगुरपालन व्यवसायबाट भएको मुनाफाबाट उनले तीन बर्ष अघि करिब १० लाख खर्च गरेर कुटानी पिसानी मिल स्थापना गरिन् । मिलको कारण बंगुर पाल्न सहज भयो । मिलले गाउँमा सेवा संगै कम्तिमा बर्षको ३ लाख रुपैयाँ मुनाफा दिन्छ । यस बाहेक मनुले ३ कठ्ठा घडेरी पनि जोडेकी छिन् ।

अहिले मनु थापा मगर संग दाम संगै समाजमा नाम पनि छ । उनी आफ्नो क्षेत्रको अग्रणी उद्यमी हुन् । अरुको लागि प्रेरणाको स्रोत हुन् । उनको सिको, सल्लाह र सहयोगले अरुले पनि उद्यम शुरु गरेका छन् । अहिले मनु अरुका लागि गाउँमा ऐचो पैचो आवश्यक पर्दा मात्र होइन व्यवसायिक सरसल्लाह गर्न समेत भरपर्दो व्यक्ति भएकी छिन् ।

हाल उनले आफ्नो व्यवसाय विकास तथा उत्पादन संगै बजारीकरणमा अव्वल सीप हासिल गरेकी छिन् । उन्नत जातका बंगुरपालन गर्ने देखि स्वस्थ र सुरक्षित तरिकाले बंगुरपालन गर्न आवश्यक पूर्वाधार बनाएकी छन् । यसले उनको व्यवसायमा जोखिम घटाएर दिगोपना बढाएको छ । उनी बजारको माग तथा बदलिंदो परिवेशलाई आत्मसात गर्न सफल भएकी छन् ।

मनुले आफ्नो सफलताको श्रेय यूनिक नेपाल लघुवित्त वित्तीय संस्थालाई दिन्छिन् । संस्थाले दिएको सीप अनि पटक पटक पत्याएको ऋण उनी आफ्नो सफलताको सिढी ठान्छिन् । मनुको यो सफलताले उनी केवल आफ्नो परिवार र समाजको लागि मात्र उदाहरणीय पात्र होइनन् । लघुवित्त क्षेत्रले गरिबी तथा विपन्न समुदाय तथा महिला वर्गलाई गरिबीको चंगुलबाट कसरी माथि



श्रीमानका साथ मनु

उठाउन सक्छ भन्ने उदाहरण प्रस्तुत गरेकी छिन् । यसको साथै लघुवित्तले गरिबहरुका लागि केहि गर्दैन भन्नेहरुको लागि पनि गतिलो जवाफ हुन्, मनु थापा मगर ।

२. गीता चौधरी

दाङ जिल्लाको लमही कि गीता चौधरीको विगत थुप्रै अभाव र दवावका कथा व्यथाले भरिपूर्ण छ । आफुले भोगेका घटना सम्झेर गीता चौधरी अझै झसंग हुन्छिन्, भावुक हुन्छिन्, आँखा रसाउँछन् । ७ बर्ष अघि उनका छिमेकी पसलेले उनलाई एक किलो चिनी उधारो पत्याएनन् । गीता संग पैसा थिएन, नत आम्दानीको भरपर्दो बाटो नै थियो । 'किन्ने पैसा म संग थिएन, कमाउने श्रीमान विरामी थिए' गरिबीका कारण ७ बर्ष अघि पटक पटक लज्जित र दुःखी हुनु परेको घटना सम्झँदै उनले थपिन् "माइती जाने गाडी भाडा नभएर कति पटक रोएर बसेकी छु ।"

१० बर्षे ससस्त्र द्वन्द्वको वेला गाउँमा बस्ने वातावरण नभए पछि गीता ८ कक्षाको पढाइ छाडेर दाजुहरु संग भारत जान बाध्य भइन् । फर्केर आउँदा उमेर पुग्यो । विद्यालय जाने भन्दा विहे गरेर घरजम गर्ने दवाव आयो । सामान्य किसान परिवारमा घरजम गरेर गएकी गीताको समय चुलोचौको र घर धन्दामै बित्न थाल्यो । जेनतेन खान पुग्ने जग्गा जमिन थियो । घर खर्च चलाउन भने ज्यालादारीको भर पर्नु पर्थ्यो । यहि बिचमा गीता परिवारबाट अलग भईन् । अंश नपाउँदा उनी संग खानलाई अन्न, बस्ने घर तथा लाउने लुगा सबैको चरम अभाव भयो । "सानो बच्चा थियो । घरमा आगो बाल्ने ठाउँ सम्म नभएर बारीमा चुलो बनाएर अरुसंग मागेको आलु पकाएर छाक टारे ।" भावुक हुँदै गीता आफ्नो विगत सुनाउँछिन् ।

विवाह पछि कमाएर ल्याउने श्रीमान पश्चिम नेपालको थारु समुदायमा मानव संकटको रुपमा रहेको सिकलसेल एनिमिया रोगले थला परे । श्रीमानको उपचारमा भएको जायजेथा सक्कियो । औषधि किन्न पैसा नपुग्ने भयो । गीतालाई घर चलाउन दिनहुँ कठिन हुँदै गयो । आर्थिक अवस्था नाजुक भयो । उनको यो अवस्था देख्नेले अर्को विहे गर सम्म भने । गीता भन्छिन् "तर मैले हिम्मत हारिन, केहि गरेर देखाउनु पर्छ भन्ने सोचेँ ।"

अभावको जीवनबाट कसरी छुटकारा पाउने भन्ने सोचमा भौतारिदै गरेकी गीताको जिवनले त्यो वेला नयाँ मोड लियो जब उनको दैलोमा ग्रामिण महिला उत्थान केन्द्र पुग्यो । विक्रम संवत २०७० सालमा संस्थाका कर्मचारीले उनलाई समूहमा बसेर बचत गर्न, उद्यम गर्न र आत्मनिर्भर बन्न सुझाव दिए । औषधि खाने पैसा नभएको वेला आफुलाई बचत गर्न असम्भव हुने भएकाले शुरुमा त गीताले समूहमा बस्न इन्कार गरिन् । समूह प्रवेश पूर्वको तालिममा बसे पछि गीतालाई केहि उपाय निकालेर समूहमा बस्नु पर्छ जस्तो लाग्यो । त्यहि वेला गीताले माईतीबाट १५ सय रुपैयाँ मागेर आफु सुत्ने कोठामा किराना पसल शुरु गरेकी थिइन् । त्यो पसलले लगानी अनुसारको मुनाफा त दिन्थ्यो तर यसले मात्रै उनका दुःखका पहाड फोर्न सक्ने अवस्था थिएन ।

विक्रम संवत २०७० साल असोजमा ग्रामिण महिला उत्थान केन्द्रले व्यवसाय गर्न सीप सिकायो र ऋण लगानी गर्‍यो । उनले पहिलो पटक रु ५ हजार ऋण लिइन् । 'ऋण अलि अलि गरेर विस्तारै तिरे पनि हुन्छ भन्नु भयो, त्यो वेला म निकै खुशी भए' गीता सम्झिन्छिन् । उनले पहिलो पटक लिएको ऋण मध्ये रु ३ हजारमा एउटा भाले र २ वटा पोथी बंगुर किनिन् । बचेको २ हजार रुपैयाँले किराना पसल विस्तार गरिन् । बंगुरले उत्पादन दिने बेलासम्म किराना पसलले घर खर्च धान्यो । पहिलो पटकमा दुईवटा बंगुरले ९ वटा पोथी र ६ वटा भाले पाठा पायो । यो क्षण गीताको लागि निकै खुशीको क्षण थियो । पहिलो बर्षबाटै गीताले किराना पसल र बंगुरबाट राम्रो आम्दानी लिन थालिन् । किस्ता तिर्ने, घर खर्च चलाउने समस्या भएन । थप व्यवसाय विस्तार गर्ने आधार पनि बन्यो । समय बित्दै गयो, उनको मुनाफा निरन्तर बढदै गयो । किस्ता तिर्दै फेरी ऋण थप्दै निरन्तर व्यवसाय विस्तार पनि गर्न थालिन् । यो बिचमा उनले हाँस र कुखुरा पाल्न पनि शुरु गरिन् । दुई विगाहा जग्गा भाडामा लिएर तरकारी खेती गरिन् । सिजनमा तोरी मकै जस्तो नगदेवाली उत्पादन गर्न थालिन् । गाउँमै व्यवसाय विविधिकरणको एक सफल उदाहरण बनिन । गीताले व्यवसाय विकास र विस्तारका लागि हाल सम्म ९ पटकसम्म कर्जा चलाइ सकेकी छिन् । पछिल्लो पटक उनले ६ विगाहामा खुर्सानी खेती गरेकी छिन् ।

आफ्नो तरकारी बारीमा गीता चौधरी

अहिले गीताको बंगुर, हाँस तथा कुखुरा, तरकारी र अन्य कृषि उपजबाट बर्षमा २५ लाख बरावरको व्यापार हुन्छ । धेरै जसो उत्पादन घरबाटै बिक्री हुन्छ । घोराही, बुटवल र चितवनबाट समेत व्यापारीहरु आउने गरेका छन् । अहिले उनले सबै खर्च कटाएर बर्षमा कम्तिमा १० लाख रुपैया मुनाफा गर्छिन । यस बिचमा उनले रु १५ लाख खर्च गरेर ८ कोठे पक्की घर बनाएकी छन् । ६ कट्ठा १० धुर जमिन किनेकी छिन् । करीव १२ लाख खर्चेर हाँस, कुखुरा तथा बंगुरको खोर निर्माण गरेकी छिन् । रु १५ लाखमा ट्याक्टर पनि किनेकी छिन् ।

कुनै वेला कस्ले काम देला र एक छाक टर्ला भन्ने चिन्तामा हुने गीता चौधरीले अहिले २ जनालाई नियमित रोजगारी दिएकी छिन् । यस वाहेक सिजनका वेला थुप्रै ज्यालादारी कामदार लगाउँछिन् ।

अहिले उनको सामाजिक अवस्था पनि फेरिएको छ । समुदायमा गीता चौधरी अब सफल उद्यमी भनेर चिनीने स्थापित नाम हो । परिवार, छरछिमेक तथा समाजमा उनलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छ । व्यवसाय गर्नेहरु उनीसित सल्लाह माग्न आउँछन । उनी अन्य महिलाको लागि प्रेरणाको पात्र हुन । उ वेला १ किलो

चिनी न पत्याउने समाजमा आज गीता चौधरीको नाम र सम्मान छ । उनी भन्छिन् "धन हुनेको सबै हुन्छ, धन नहुनेको कोही हुँदैन भन्छ नि सर, त्यो साँच्चिकै रहेछ ।"

३. लक्ष्मी देवी खड्का

लक्ष्मी देवी खड्काको जन्म विक्रम संवत २०२० सालमा सुर्खेत जिल्लाको तेलापानीमा भएको थियो । उनको वाल्यकाल वर्दियाको सानोश्रीमा वित्यो । २०३९ सालमा वर्दिया राष्ट्रिय निकुञ्ज विस्तारको क्रममा सरकारले उनको परिवारलाई एक विघा १० कट्ठा जमिन दिएर वर्दियाकै तारातालमा पुनर्वास गरायो । परिवार ठूलो हुँदा सरकारले उपलब्ध गराएको जग्गाले हातमुख जोर्न धौ धौ हुन्थ्यो । परिवारमा आम्दानीको गतिलो बाटो थिएन । आम्दानीको बाटो खोज्दै २०६६ सालमा लक्ष्मीको परिवार वाँकेको नेपालगञ्ज आएर तरकारी बेच्न शुरु गर्‍यो । गरिबीले गर्दा नै लक्ष्मीले छोराछोरी धेरै पढाउन सकिनन् । विद्यालय तह सम्म मात्र पढेका छोराछोरी संग रोजगारीका लागि न हातमा सिप थियो न त पढाइनै । आफै उद्यम शुरु गरौँ भने लगानी गर्न पूँजी थिएन ।

परिवारलाई गरिबीबाट उकास्ने उपायको खोजिमा रहेकि लक्ष्मीदेवी खड्का विक्रम संवत २०७३ सालमा उपकार लघुवित्त वित्तीय संस्थाको सदस्य भईन । उपकार लघुवित्त वित्तीय संस्थाले उनलाई व्यवसायिक तरकारी खेती गर्न सीप र पूँजी दियो । लक्ष्मीले पहिलो पटक रु २०हजार ऋण लिएर १२ कठ्ठा भाडाको जग्गामा तरकारी खेती शुरु गरिन् । पहिलो प्रयासमै उनलाई सफलता मिल्यो । 'पहिलो पटकमा फाइदा धेरै हुने भन्दा पनि घाटा भएन, घर खर्च चल्यो, व्याज र किस्ता तिर्न पुग्यो र केहि फाइदा पनि भयो' लक्ष्मी भन्छिन् 'सबै भन्दा ठुलो अब गर्न सक्छु भन्ने आँट आयो ।' उनले पहिलो पटकमा राम्रो अनुभव पनि वटुलिन । हौसला र अनुभव बढेपछि दोस्रो पटक लक्ष्मीले थप ४० हजार रुपैया कर्जा लिएर व्यवसाय विस्तार गरिन् । सफल हुदै गईन र व्यवसाय पनि बढाउँदै लगिन् ।

अघिल्लो बर्षको दुबै कर्जा तिरी सकेर तेस्रो पटकमा उनले रु १ लाख कर्जा लिइन र स्थानीय विद्यालयको ४ विगाहा जमिन लिजमा लिएर तरकारी वालिहरु पनि बढाइन् । यो पटक उनले तरकारी संगै गाई पालन पनि शुरु गरिन । तरकारीको लागि मल र गाईको लागि घाँसपात जुटाउन सहज हुने हुँदा लक्ष्मी देवी खड्काले एकीकृत खेती प्रणाली अनुसार व्यवसाय गर्ने योजना बनाएकी थिइन् । यस पछि उनले निरन्तर लोभ लाग्दो व्यवासायिक सफलता प्राप्त गर्दै गईन् । समयमै सावाँ र व्याज चुक्ता गर्दै गइन् र संस्थाले पनि विश्वास गर्दै गयो । पछिलो पटक रु तीन लाख लिएकी लक्ष्मी देबी खड्काले यो विचमा करीव १० पटक कर्जा लिई सकिन् । पछिल्ले पटक लक्ष्मीले रु पाँचलाख कर्जा लिएकी छिन् ।

अहिले लक्ष्मी देवी खड्का जानकी गाउँपालिका ३, ठटेनपुरमा कृषि व्यवसाय गर्दै आएकी छिन् । उनी संग ७ वटा दुहुना गाई छन् । दिनमा ४० लिटर दुध उत्पादन हुन्छ र प्रतिलिटर रु ४४को दरमा दुध बिक्री हुन्छ । तरकारी वारी बढाउँदै लगेर ८ विगाहा जमीनमा खेति गरेकि छिन् । उनको वारीमा सिमी, लौका, भिण्डी, करेला, गोलभेडा, काको लगायतका तरकारी छन् । दैनिक १० देखि ५५ हजार रुपैयाँ सम्मको तरकारी बिक्री हुन्छ । 'जतिनै उत्पादन भए पनि बिक्री भै हाल्छ, वजारको कुनै समस्या छैन ।' लक्ष्मीले भनिन् 'किन्ने मान्छे घरैमा पनि आउँछन तर हामी आफ्नै अटो रिक्सामा राखेर नेपालगञ्ज पुऱ्याउने गर्छौं ।'

लक्ष्मी देवी खड्का उनको टमाटर बारीमा

लक्ष्मी देवीको व्यवसायमा परिवारका छोरा बुहारी सहित ५ जना सदस्य र वाहिरका ५ जनाले नियमित रोजगारी पाएका छन् । सिजनका वेला ८, १० जना ज्यालादारी कर्मचारी थप्नु पर्छ । रु २० हजारबाट शुरु गरेको उनको यो व्यवसायमा हाल रु २० लाख आफ्नै र रु ५ लाख ऋण लगानी गरेर रु २५ लाखको पूँजी लगानी छ । पूँजी संगै खड्काले आफ्नो व्यवसायको स्वरुप विस्तार गरेर हाल ८ विगाहा जग्गा लिजमा लिएर व्यवसाय फैलाउन सफल भएकी छिन् ।

लक्ष्मीले आफ्नो व्यवसाय आधुनिक बनाउदै लगेकी छिन् । उनी आफैले र उनका छोराले कृषि तालिम लिएर सीप र ज्ञान हासिल गरेका छन् । बेमौसमी तरकारी खेती लगायत उच्च मुल्य कृषि उत्पादनमा जोड दिएकी छिन् । कम्पोष्ट मल आफैले उत्पादन गरेर अर्ग्यानिक अर्थात जैविक उत्पादनमा लागेकी छिन् । उनको जैविक खेतीले वातावरणमा तथा जैविक विविधतामा सकारात्मक प्रभाव पारेको छ । हाम्रा खेतवारीमा प्रयोग हुने र रासायनिक मल तथा विषादीका कारण माटो र नजिकको नदिनालाको जलिय जैविक विविधतामा पर्ने असर कम गर्न उनले गरेको जैविक खेती अनुशरण योग्य छ ।

यसै गरी टनेल खेती तथा थोपा सिचाईको माध्यमबाट गरेको खेतीका कारण पानीको कम प्रयोगबाट धेरै आम्दानी लिन सक्ने उदाहरण प्रस्तुत गरेकी छिन् । तरकारी खेतीको लागि हाते ट्याक्टर, टनेल, तरकारी गोड्ने मेसिन लगायत आधुनिक सिचाई प्रविधिको पनि प्रयोग गरिएको छ । व्यवसायिक तरकारी खेतीबाट उनले गरेको प्रगतिले तथा सामाजिक र आर्थिक परिवर्तनले गर्दा गाउँका अन्य महिलाहरु पनि यस तर्फ आकर्षित भएका छन् ।

❖❖❖

CENTRE FOR SELF-HELP DEVELOPMENT (CSD)

Maitighar, Height

CSD Member Organizations

- Microfinance Institution
- Cooperative
- NGO

स्वावलम्बन विकास केन्द्र (CSD)

-Institute of Microfinance & Cooperative Development

पो.ब.नं. ८८५२, माइतीघर हाईट, काठमाडौं, नेपाल, फोन : ९७७-१-५३६५६३५, ५३५६७८६

Email: csd@mos.com.np, csdnepal1991@gmail.com

URL: www.csdnepal.org.np